# प्रथम परिच्छेद

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “गायत्री प्रसाद रिजालका निबन्धकारिताको अध्ययन” रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम नेपाली विभाग अर्न्तगत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

## १.३ विषय परिचय

नेपाली विषयको शोधका तीन क्षेत्र भाषा, साहित्य र लोकसाहित्य मध्ये मेरो रुची क्षेत्र साहित्य अर्न्तगत भएको हुँदा साहित्यकार गायत्री प्रसाद रिजालको निबन्धकारिताको अध्ययनलाई शोधको विषयका रुपमा लिएकी छु । मैले छनौट गरेको शोध नायक गायत्री प्रसाद रिजालको जन्म वि. सं. २०१९ साल वैशाख ९ गतेका दिन पिता स्वर्गीय मनोरथ रिजाल र माता गंगादेवी रिजालका दोस्रो सन्तानका रुपमा मेची अञ्चल पाँचथर जिल्लाको आङ्साराङ् गाविस वडा नम्बर ६ फाल्गुनन्द मेहेलबोटे पाँचथर हाल मिक्लाजुङ्ग गाउँपालिका वडा नम्बर १ उत्तरे बजारमा भएको हो । उनले गाउँकै श्री जयनारायण माध्यमिक विद्यालयबाट प्राथमिक देखि माध्यमिक शिक्षा उतीर्ण गरेका हुन् । (रिजालः २०७५/०३/१५) विद्यालय स्तरमै सामान्य साहित्यिक गतिविधिमा समावेश हुदै उनले उच्च शिक्षाका क्रममा लेखनको पाटो छोएका हुन् । शिक्षा क्षेत्रमा एम.ए., वि. एड., एल.एल.बी सम्मको अध्ययन गरी वि.स.२०४१ सालदेखि हालसम्म पनि शिक्षण पेशामा संलग्न छन् । रिजालले २०४८ सालदेखि नेपाली साहित्यमा औपचारिक रुपमा कलम चलाएका हुन् । हालसम्मका प्रकाशित उनका कृतिहरुमा पहिलो कृति “जनताका पक्षमा” कविता सङ्ग्रहको लेखन (२०६३) र प्रकाशन (२०६७), “नमस्कार हजुर भुखुण्डे ज्ञान” खण्डकाव्य लेखन (२०६३), प्रकाशन (२०६७), “मातृवियोग” कथासङ्ग्रह लेखन (२०६५) र प्रकाशन (२०६७), “पतनको वेदना” लेखन (२०६८/६९) र प्रकाशन (२०७०) हो भने “के छ ? “प्रजातन्त्र” मा” निबन्ध सङ्ग्रहको लेखन २०६९ देखि २०७१ सम्मको समयमा पाण्डुलिपी तयार गरी प्रकाशन भने (२०७४) मा गरेका थिए । यिनका प्रकाशित कृतिहरुलाई हेर्दा प्राय जसो कृतिहरुमा गरीबी, विपन्नता, सामाजिक वर्ग भेद, राजनैतिक अस्थिरता, प्रकृति चित्रण, राष्ट्रिय भावना, मानवतावादी सचेतना, जीवनवादी दृष्टीकोण, शान्तिको आकांक्षा र स्थानीय चित्रलाई प्रत्यक्ष उतारेको पाइन्छ । आङ्सराङ् साहित्य समाज पाँचथरका सस्थापक अध्यक्ष एवम् नेपाल राष्ट्रिय शिक्षक सङ्गठन पाँचथरका केन्द्रिय प्रतिनिधि, २०७० सालदेखि नेपाल राष्ट्रिय शिक्षक संगठनकै सल्लाहकार सदस्य, २०७२ फागुन देखि प्रगतीशिल लेखक संघ जिल्ला कार्यसमिति पाँचथरका लगातार सदस्यका रुपमा

रहेको र नेपाल बुद्धिजिवी परिषद् जिल्ला कार्यालय समिति पाँचथरको २०७२ देखि अध्यक्ष रहेर उनले सस्थागत योगदान पुऱ्याएका छन् (रिजालः २०७५/०३/१५) । साहित्यकार गायत्री प्रसाद रिजालका प्रकाशित कृतिहरु मध्ये निबन्ध कृतिका विस्तृत अध्ययन नभएकाले यो शोध यिनको निबन्धकरिताको विस्तृत अध्ययन, विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ ।

## १.४ समस्या कथन

नेपाली साहित्यमा वि.स. २०४८ देखि कलम चलाईसकेका यिनले उपन्यास, खण्डकाव्य, कविता, निबन्ध, कथा, गीतिकाव्य विधाका साथै विभिन्न लेख सङ्ग्रहहरुमा एक स्थापित साहित्यकारका रुपमा उभिसकेकाको रिजालले नेपाली साहित्यलाई सङ्ख्यात्मक तथा गुणात्मक दृष्टिले उत्कर्षता प्रदान गर्न कार्यमा निरन्तर लागिरहेका छन् । यसरी निरन्तर साहित्यिक साधनामा लागेका गायत्रीप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वका अध्ययन विषयमा शोधकार्य भएको तर यिनको निबन्ध सङ्ग्रहको छुट्टै रुपमा कृतिपरक अध्ययन भएको नदेखिएको, प्रारम्भदेखि नै साहित्यिक क्षेत्रमा योगदान गर्दै आएको रिजालको निबन्धकारिताको बारेमा सु–व्यवस्थित र विस्तृत रुपमा अध्ययन नभएको हुँदा प्रस्तुत शोधकार्य निम्न लिखित मुख्य शोध समस्यामा केन्द्रित रहेर शोधकार्य गरीएको छ । प्रस्तुत शोधपत्र आफ्नो साहित्यलेखनको प्रारम्भ देखि नै साहित्यिक क्षेत्रमा योगदान गर्दै आएका गायत्री प्रसाद रिजालको निबन्धकारिताकोबारेमा सु-व्यवस्थित र विस्तृत रुपमा अध्ययन नभएको हुँदा प्रस्तुत शोधकार्य निम्न लिखित मुख्य शोध समस्यामा केन्द्रित रहेर शोधकार्य गरिएको छ ।

**क**. साहित्यकार गायत्रीप्रसाद रिजालको जीवनी के कस्तो छ ?

**ख**. निबन्धकार गायत्रीप्रसाद रिजालको साहित्यिक यात्रा के कस्तो छ ?

**ग**. निबन्धको सैद्धान्तिक परिचयका साथै निबन्धकार रिजालको 'के छ ! "प्रजातन्त्र" मा' निबन्ध सङ्ग्रहको अध्ययन के कसरी गर्न सकिन्छ ?

**घ**. नेपाली निबन्धका क्षेत्रमा गायत्रीप्रसाद रिजालका विधागत प्रवृतिहरु के कस्ता रहेका छन् ?

## १.५ शोधको उद्देश्य

हरेक कार्यको वा कामको कुनै न कुनै उद्देश्य रहेको हुन्छ । कुनै पनि कामा उद्देश्य बिनाको हुदैनन् त्यसैले उद्देश्य नभएको जुनै पनि कार्य गरे अधुरो र अपुरो हुन्छ । अत शोधकार्य पनि एक गहन र जटिल कार्य हो । त्यसैले यसलाई औचित्यपूर्ण बनाउनमा उद्देश्यहरु किटान गरीनु अत्यन्त आवश्यक कुरा हो ।

विशेषतः शोध समस्याका क्रममा देखिएका प्रश्नहरुको उत्तर अथवा समाधान खोज्नु भनेकै शोध कार्यको उद्देश्य रहने हुनाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यवस्थित एवम् वैज्ञानिक ढंगले व्याख्या,

विश्लेषण र समाधान के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रही उपयुक्त शोध समस्याहरुलाई समस्याहरुलाई केन्द्रविन्दु बनाइ तयार पारिएको प्रस्तुत शोधकार्यका उद्देश्यहरु यसप्रकार रहेका छन् ।

**क**. साहित्यकार गायत्रीप्रसाद रिजालको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु ।

**ख**. निबन्धकार गायत्रीप्रसाद रिजालको साहित्यिक यात्राबारे कृतिगत जानकारी दिनु ।

**ग**. निबन्धको सैद्धान्तिक परिचय दिई गायत्रीप्रसाद रिजालको 'के छ ! "प्रजातन्त्र" मा' निबन्ध सङ्ग्रहको अध्ययन र विश्लेषण गर्नु ।

**घ**. नेपाली निबन्धको क्षेत्रमा गायत्रीप्रसाद रिजालका विधागत प्रवृतिहरुको निरुपण गर्नु ।

## १.६ पूर्व कार्यको समिक्षा

गायत्रीप्रसाद रिजालका सम्बन्धमा भएका पूर्वकार्यमा प्राप्त सामान्य चर्चाहरुको विवरण निम्नानुसार उल्लेख गर्न सकिन्छः–

**क**. समीक्षक बालकृष्ण लामिछानेले इलाम एक्प्रेस राष्ट्रिय दैनिक, वर्ष ५, अंक १८९ मा "जनताका पक्षमा उभिएका छन् कवि रिजाल" भनेर गरेको समिक्षामा "ग्रीकका प्रख्यात विचारक अरिस्टोटलले पनि कविले अपूर्ण वस्तु जगतलाई पूर्ण बनाएको कुरा बताएका छन् ।" उल्लेखित भनाइलाई हेर्दा कविता हृदयको मूल्यवान झङ्कृति भएको बुझिन्छ । कविताको यही मूल्य र महत्वलाई बुझ्नेहरु मध्ये कवि, गायत्रीप्रसाद रिजाल पनि एक हुन् भनी रिजालसँग जनकविको सन्दर्भ जोडिदिएका छन् (सुवेदी, २०७३ पृ.३) ।

**ख**. बालकृष्ण लामिछानेले नै इलाम एक्प्रेस राष्ट्रिय दैनिक वर्ष ५ अंक १८९ मा समिक्षामा "१०४ वर्ष लामो राणाशासन हुदै २००७ सालको प्रजातन्त्र, २०१७ सालको पञ्चायती एकतान्त्रिक निरङ्कुश शासन, २०४६ सालको बहुदलिय प्रजातन्त्र तथा २०६३ को जनक्रान्ति पश्चात गणतन्त्र युगमा मुलुक प्रवेश गरीसक्दा पनि जनताको मुहार उज्यालो बन्न नसकेको तथ्य नै साहित्यको मूल प्रतिपादक विषयका रुपमा आएको छ । त्यसैले वर्तमान युगमा आम नेपाली जनताको अनुभूति रिजालका कविताले समेटेका छन् ।" भने रिजालका वैचारिकता माथि टिप्पणी गर्दै उनलाई समसामयिक कविका रुपमा संकेत गरेका छन् (सुवेदी, २०७३ पृ.३) ।

**ग**. तेजप्रकाश सुवेदीले "साहित्यकार गायत्रीप्रसाद रिजालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन" अप्रकाशित शोधपत्र २०७३ मा, प्रकाशित कृतिहरु अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी गायत्री प्रसाद रिजाललाई सामाजिक यर्थाथवादी, राजनैतिक चेत, प्रकृति चित्रण, राष्ट्रिय भावना जीवनवादी दृष्टिकोण, शान्तिको आकांक्षा तथा मानवतावादी सचेतना भएको मौलिक निबन्धकारका रुपमा राखेका छन् (सुवेदी २०७३ पृ. ३) ।

**घ.** गायत्रीप्रसाद रिजालले "नमस्कार हजुर" खण्डकाव्यको आफ्नो भूमिका उल्लेखनमा "समाजमा विभिन्न अराजक तत्वहरु रहन्छन् जुन सामाजिक पक्षका अर्बुध रोग हुन् लुक्ने छिप्ने अपराधको पर्दाफासको जिम्मा साहित्यले लिनु पर्छ, साहित्यिक रचनामा न्याय र वास्तविकताको स्वरहरु सुसेलीनु पर्छ ।" भन्दै आफूलाई सत्यवादी लेखकका रुपमा अघि सारेका छन् (रिजाल, २०६७) ।

**ङ.** गायत्रीप्रसाद रिजालले "पतनको वेदना" गीतिकाव्यको आफ्नो भूमिका उल्लेखनमा राष्ट्रवादी स्वर सुसेल्दै विज्ञान प्रविधि तथा विभिन्न इमेल इन्टरनेटले भित्र्याएका नयाँ-नयाँ प्रविधिका कारण समाज र आजका मान्छेहरु साहित्यप्रति नै निरुत्साहित बन्दै गइरहेकोबारे चिन्ता व्यक्त गर्दै साहित्य प्रति न्याय गरीनु पर्छ, साहित्यलाई उजागर गरीनु पर्छ भन्दै आफूलाई एक सच्चा देशप्रेमीका साथै एक न्यायप्रेमी साहित्यकारका रुपमा अगाडी सारेका छन् (रिजाल, २०७०) ।

**च.** कञ्चनजङ्घा एफ. एम. ले २०६८/०९/१६ गते साहित्य सम्बन्धी अर्न्तवार्तामा गायत्रीप्रसाद रिजाललाई एक मानवतावादी, राजनैतिक चेत भएको, सामाजिक, समसामयिक साहित्यकारका रुपमा चर्चा गरेका छन् (रिजाल, २०७५/०३/१५) ।

**छ.** गायत्रीप्रसाद रिजालले "जनताका पक्षमा" कविता सङ्ग्रहको आफ्नो भूमिका उल्लेखनमा नेपालको राजनैतिक इतिहासको गतिविधि, उतावचडाव, नेतावादी निति साथै राजा देखि जनतासम्मको अन्यौल, समाजका विभिन्न गतिविधिहरु रहेका छन् भने आजसम्म पनि जनताले भोग्नु परेको विभिन्न उतावचडाव, अन्यौल, डर, त्रास, अभाव खेप्नु परेको छ । यस्ता गतिविधिलाई कवितात्मक रुपमा जनतालाई सजग गराउन पहल गरेका छन् (रिजाल, २०६७) ।

**ज.** गायत्रीप्रसाद रिजालले "मातृवियोग" कथा सङ्ग्रहको आफ्नो कुरो भन्ने भूमिका उल्लेखनको रुपमा आफ्नो भनाइहरुमा आफुले देखेका सुनेका समसामयिक परिस्थितिले जन्माएका, समाजमा उत्पन्न र राष्ट्रस्तरसम्मका उतावचडावको मनोव्याख्या गर्दै हाम्रो नेपाल टुक्रिदै तन्किदै गइरहेको मातृभूमिलाई "माता" को रुपमा व्याख्या गर्दै आफ्नो देश प्रति भक्तिभावपूर्ण भाव व्यक्त गर्दै आफूलाई एक सच्चा देशभक्त कथाकारको रुपमा चिनाएका छन् ।

यत्तिका चर्चा भए पनि गायत्रीप्रसाद रिजालका निबन्धहरुको स्पष्ट विश्लेषण र अध्ययन भएको छैन । त्यसकारण यस शोधपत्रमा निबन्धकारिताको विस्तृत चर्चा गरीएको छ ।

## १.७ शोधकार्यको औचित्य महत्व र उपयोगिता

गायत्रीप्रसाद रिजालले नेपाली साहित्यको क्षेत्रमा विविध विधामा कलम चलाएका छन् । गायत्रीप्रसाद रिजालले २०४८ सालदेखि साहित्य क्षेत्रमा औपचारिक रुपमा प्रवेश गरी विभिन्न विधा-कथा, कविता, खण्डकाव्य, गीतिकाव्य र निबन्ध विधाहरुमा झुल्किसकेका छन् (रिजाल २०७५/०३/१५) ।

प्रस्तुत शोधको औचित्य गायत्रीप्रसाद रिजाललाई निबन्धका माध्यमबाट चिनाउने प्रयासमा आधारित रहेको छ । वि.सं. २०६९ देखि २०७१ सम्मको समयवधिमा यिनले एक निबन्ध सङ्ग्रहको पाण्डुलिपी तयार गरेका यिनले निबन्धको शीर्षक “के छ ?“प्रजातन्त्र” मा” भन्ने शाीर्षक छनोट गरी २०७४ सालमा प्रकाशन गरेका थिए । यिनका निबन्ध सङ्ग्रहभित्र लगभग डेढ दर्जन जति निबन्धहरु रहेका छन् । प्रस्तुत यस शोधपत्रमा रिजालको “के छ !'प्रजातन्त्र'मा” (२०७४), निबन्धसङ्ग्रहको निबन्ध तत्वका आधारमा कृतिको अध्ययनमा केन्द्रित भई ती निबन्धहरुको तत्वका आधारमा विस्तृत वैज्ञानिक एवम् सैद्धान्तिक परिप्रेक्षमा उनका निबन्धहरुको सु–व्यवस्थित रुपमा अध्ययन र मुल्यान्कन यस शोधकार्यमा गरीएको छ भने हालसम्म पनि गायत्रीप्रसाद रिजालको निबन्धहरुको कुनै अनुसन्धान कार्य नभएको हुनाले आउने पिढीलाई उनका यी निबन्धहरुको बारेमा वस्तुगत एवम. प्रमाणिक जानकारी गराउने यस शोधकार्यको औचित्य रहने छ । साथै यस शोधपत्रको अध्ययनबाट उनको “के छ !'प्रजातन्त्र'मा” (२०७४), कृतिको बारेमा जान्न इच्छुक व्यक्ति, विभिन्न संस्थाहरुका लागि सैद्धान्तिक एवम् व्यवहारिक रुपमा तथ्य प्रस्तुत भएकोले अनुसन्धानका क्षेत्रमा यसको महत्व रहने छ । प्रस्तुत शोधपत्र “गायत्रीप्रसाद रिजालको निबन्धकारिताको अध्ययन” अध्ययनको लागि औचित्यपूर्ण हुनेछ । साथै सैदान्तिक परिप्रेक्षमा उनका निवन्धहरुको अध्ययन र मूल्याङ्कन प्रस्तुत शोधमा गरीने हुनाले यसका माध्यमबाट साहित्यप्रेमी पाठकहरुलाई उनको निबन्धकाबारेमा वस्तुगत ज्ञानको सञ्चार गराईएको छ । उपयुक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण र महत्वपूर्ण हुनेछ भन्ने कुरामा दुई मत छैन ।

## १.८ अध्ययन र विश्लेषण विधि

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र वस्तुगत रुपमा प्रस्तुत गर्नका लागि संकलित सामाग्रीहरुलाई वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरीने छ । यस रुपमा जीवनी र व्यक्तित्वको अध्ययनका लागि जीवनी परक र प्रभाव परक पद्धति तथा कृतित्व पक्षका अध्ययनका लागि समिक्षात्मक र विश्लेषणात्मक दृष्टिकोणको अवलम्वन गरीएको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा गायत्रीप्रसाद रिजालको जीवनी, साहित्यिक यात्रा तथा निबन्धको सैद्धान्तिक परिचय, निबन्धको विकासमा रिजालको उपस्थिति र उनको निबन्ध सङ्ग्रह 'के छ ! “प्रजातन्त्र” मा' निबन्धको अध्ययन र विश्लेषण यस शोधपत्रमा गरीएको छ ।

## १.१० सामग्री संकलन बिधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि सामाग्री संकलन गर्दा आवश्यकता अनुसार प्राथमिक तथा द्वितिय दुवै स्रोतको प्रयोग गरीनेछ । प्राथमिक स्रोतमा स्वयम व्यक्तिसँग भेटघाट, मौखिक रुपमा आवश्यक प्रश्नावली, अन्तरवार्ता तथा गायत्रीप्रसाद रिजालका सम्पादित कृतिकाबारेमा लेखिएका भूमिका

मन्तव्यहरु यसका अतिरिक्त उनका घरपरिवारका सदस्य, गायत्रीप्रसाद रिजालका प्रकाशित/अप्रकाशित कृतिहरु रहनेछन् भने द्धितिय स्रोतका रुपमा पुस्ताकालयीय अध्ययनलाई सामाग्री संकलनको आधार बनाइएको छ ।

## ११. शोध विधि

प्रस्तुत शोधपत्र तयार गर्दा संकलित सामाग्रीको विश्लेषण तथा व्यवस्थापनका लागि ऐतिहासिक, तुलनात्मक, वर्णनात्मक विधि आवश्यकता अनुसार प्रयोग गरीएको छ ।

**क**. ऐतिहासिक विधिः- कुनै पनि विषयमा विगतका पक्षलाई उत्घाटन गरी कालक्रमिकताको आधारमा शृङ्खलाबद्ध घटनाहरुको अध्ययन गर्ने विधिलाई ऐतिहासिक विधि भनिन्छ ।

**ख**.वर्णनात्मक अनुसन्धान विधिः– प्राप्त सङ्कलित सत्यतथ्यहरुलाई आधार मानेर त्यस्ता तथ्यहरुलाई वर्तमान समस्यासँग सम्बन्धीत सामग्री सङ्कलन, वर्णन, व्याख्या, विश्लेषण, अर्थापन र मूल्याङ्कन गरीने विधिलाई वर्णनात्मक अनसन्धान विधि भनिन्छ ।

**ग**. तुलनात्मक विधिः- दुई वा दुई भन्दा वढी पक्ष (व्यक्ति, कृति, प्रवृत्ति, धारा, काल, विधा, विषय आदि) बिचमा तुलना गरी तिनका समानता र असमानता केलाएर ठोस एउटा निष्कर्ष निकालिने विधि नै तुलनात्मक अनुसन्धान विधि भनिन्छ ।

## १२. शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचना पक्षलाई सुगठित र व्यवस्थित पार्नका लागि निम्न लिखित विभिन्न परिच्छेदहरुमा विभाजन गरी अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिनेछ ।

**क**. पहिलो परिच्छेद :- शोधपत्रको परिचय

**ख**. दोस्रो परिच्छेद :- गायत्रीप्रसाद रिजालको जीवनी र साहित्य यात्रा

**ग**. तेस्रो परिच्छेद :- निबन्धको सैद्धान्तिक परिचय तथा विकासक्रम

**घ**.चौथो परिच्छेद :- गायत्रीप्रसाद रिजालको 'के छ ! "प्रजातन्त्र" मा' निबन्धको अध्ययन तथा निवन्धको क्षेत्रमा स्थान

**ङ**. पाचौ परिच्छेद :- उपसंहार एवम निष्कर्ष

सन्दर्भग्रन्थसूची

परिशिष्ट

उपयुक्त पाँचवटा परिच्छेदहरुलाई आवश्यकता अनुसार विभिन्न उपशीर्षकहरुमा विभाजन गरीएको छ । अन्तमा सन्दर्भग्रन्थ सूची र परिशिष्टहरु राखिएका छन् ।

□□□

# दोस्रो परिच्छेद

# गायत्रीप्रसाद रिजालको जीवनी र साहित्य यात्रा

## २.१ गायत्रीप्रसाद रिजालको जीवनी

### २.१.१ जन्म र जन्मस्थान

गायत्रीप्रसाद रिजालको जन्म नेपालको मेची अञ्चल पाँचथर जिल्ला आङसराङ्ग गा.वि.स. वडा नम्बर ६ फाल्गुनन्द मेहेलबोटे हालको मिक्लाजुङ्ग गाउँपालिका वडा नम्बर १ उत्तरेबजारमा वि.स. २०१९ साल बैशाख ९ गतेका दिन स्व. पिता मनोरथ रिजाल र माता गंगादेवी रिजालका कोखबाट जन्मेका यिनी ब्राम्हण संस्कार अनुसार जन्मेका एघारौं दिनमा सुत्तकको अन्तिम दिन गाउँघर छरछिमेक समेत बोलाई उनलाई "गायत्रीप्रसाद रिजाल" नाम प्रदान गरी न्वारान गरीएको थियो । वि.स.२०१९ चैत्र ९ गते उनको जन्म हुनुपूर्व नै रिजालका परिवार पाँचथर जिल्ला आङसराङ वडा नं. ६ फाल्गुनन्द मेहेलबोटे हालको मिक्लाजुङ्ग गाउँपालिका वडा नम्बर छ उत्तरेबजार बस्दै आएकोले उनको जन्मस्थान त्यही ठाउँ रहेको कुरा बताउँछन् (रिजाल, २०७५/०३/१५) जन्म संस्कार लगायतका उनको व्रतबन्ध ब्राम्हण संस्कृति र परम्परा अनुसार नै भएपनि उनले विवाह भने बहुविवाह गरेका छन् । पहिलो विवाह संस्कार अनुसार २०४०/१०/१३ मा मागी विवाह गरेका हुन भने दोस्रो विवाह शिक्षण पेशामा रहँदा २०५९ मंसिरमा प्रेमविवाह गरेका कुरा बताउँछन् ।

### २.१.२ बाल्यकाल

गायत्रीप्रसाद रिजालको बाल्यकाल केही सुख र धेरै दुःखमा वितेको पाइन्छ । ग्रामीण परिवेश निम्न मध्यम वर्गीय परिवारमा उनको बाल्यकालका दिनचर्याहरु घाँस दाउरा, गाइगोठाला, बाखागोठाला, कुटो कोदालो र हसियासँग वितेको देखिन्छ । बाबु, आमा र एक दाजुको प्रत्यक्ष, छत्रछाँयामा हुर्किएको उनले विद्यालय जान सुरु गर्नु पूर्वको समय, विद्यालय जाँदाको समय पनि उनले गाउँले कामकाजसँगै विताएको बताउँछन् (रिजाल, २०७५/०३/१५) । उनको बुबा गाउँघरको कचहरी छलफल, सभा र तमसुक, भरपाई लेखनमा पोख्त भएकोले गायत्रीप्रसाद रिजालमा बाबुको प्रभाव परेको देखिन्छ ।

### २.१ ३ स्वभाव

गायत्रीप्रसाद रिजाल मिलनसार स्वभावका थिए । उनी बालक, युवक र वृद्ध वृद्धाहरुसँग नजिक भएर सबैसँग सम्मान व्यवहार गर्ने सबैको प्यारो देखिन्छन् । आफूसँग मन र विचार मिल्ने व्यक्तिसँग नजिक हुने र आफूसँग नमिल्ने व्यक्तिको पनि विचारको कदर गर्नुपर्छ भन्ने भावना उनी राख्छन् (रिजाल, २०७५/०३/१५) । निडर , हाकी व्यक्तित्व भएका कारणले उनलाई सबैले मन पराउँछन् । समाजमा र

राष्ट्रमा आफूले देखेका र भोगेका घटना र परिवेशलाई आफ्नो साहित्य सिर्जनाको विषयवस्तूको रुपमा लिने रिजालको विशेषता रहेको छ ।

## २.१.४ रुची

हरेक व्यक्तिमा आ–आफ्नै प्रकृतिको रुचि हुने गर्दछ । एक व्यक्तिको रुचि अर्को व्यक्तिको रुचिसँग नमिल्न सक्छ । मानिस सधैं आफ्नो इच्छाको पारखी हुनु मानिसको स्वाभाविक प्रक्रिया हो । त्यसमा समाजको महत्वपूर्ण पेशामा रहेको व्यक्तिहरुको रुचीले समाजमा प्रेरणाको काम गर्दछ । गायत्रीप्रसाद रिजाल शिक्षण पेशाका अतिरिक्त खेतीपाती गर्दै आफ्नै श्रम र सीपबाट जीवन निर्वाह गर्नुपर्ने रुची भएका व्यक्तिका रुपमा देखिन्छन् । शिक्षण पेशा र खेती किसानीबाट बचेको फुर्सदको समयमा कथा, कविता, निबन्ध र लेखहरु पठन र लेखन गर्न रुचाउँछन् । जस्तो सुकै समाजमा घुलमिल भई सामाजिक सामान्जस्यता र शान्ति स्थापनाको कार्यमा सेवा गर्ने रुची प्रकट गर्दछन् (रिजाल २०७५/०३/१५) ।

## २.१.५ शिक्षादीक्षा

ब्राम्हण समुदायका व्यक्ति भएका कारण उनलाई शिक्षा प्राप्त गर्ने विषयवस्तु केही सहज भएको देखिछ । शिक्षा आरम्भ गर्नका लागि आफ्नो आमा, बुबा, दाजुको हौसला उनलाई सहज रुपमा शिक्षा आर्जन गर्ने प्रेरणा मिलेको थियो । उनी गाउँकै जयनारायण माध्यमिक विद्यालयमा २०२५ सालमा भर्ना भई आफ्नो अध्ययनलाई निरन्तरता दिएको देखिन्छ । यिनी सानै देखि मेधावी छात्र भएको कारणले शैक्षिक क्षेत्रमा अग्रणी व्यक्तिका रुपमा रहेका छन् । यिनको लगनशिलताले २०३६ सालमा द्वितीय श्रेणीमा एस.एल.सी उत्तीर्ण गरेका थिए । एस.एल.सी. उत्तीर्ण पश्चात केही समय रिजालको शैक्षिक यात्रा रोकिएको देखिन्छ । वि.सं.२०३९ सालमा शिक्षक सेवा आयोगबाट शिक्षण पेशामा लागेपछि उनले २०६४ देखि २०६८ सम्ममा त्रिभूवन विश्वविद्यालयबाट प्राइभेट अध्ययन गरी आइ. ए. उर्त्तीण गरेका हुन् । २०४९–२०५१ को शिक्षक सत्रमा सोही अनुसार वी.ए. उर्त्तीण गरी २०५२–२०५४ मा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामबाट प्राइभेट मै नेपाली विषयमा एम.ए. र एल. एल. वी. समेत पुरा गरी शिक्षाको चौतर्फी ज्ञान लिएका छन् । इतिहास, भूगोल, नेपाली र कानुन विषय लिएर अध्ययन गरेका उनको विशेष दखल नेपाली र कानुनका केही व्यवहारिक विषयमा रहेको छ (रिजाल, २०७५/०३/१५) ।

## २.१.६ प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक शिक्षा

प्राथमिक शिक्षा गायत्रीप्रसाद रिजालको गाउँमै रहेको श्री जयनारायण आदर्श उच्च माध्यमिक विद्यालय मेहेलबोटेबाट नै शुरु भएको देखिन्छ । २०२५ साल पौष १ गते विद्यालय भर्ना भएका थिए । शिक्षा लिन पाउने वातावरण सहज भएको र शिक्षित नभएपनि आमाको भावना सकारात्मक भएको कारण पढ्ने अवसर पाएको हो । प्राथमिक र निम्न माध्यमिक विद्यालयको शिक्षा मेहेलबोटेबाट नै पूरा

भएको हो । सोही विद्यालयबाट २०३६ सालमा द्वितीय श्रेणीमा एस.एल.सीं उर्त्तीण गरेर केही समय शैक्षिक यात्राबाट विश्राम लिएको देखिन्छ (रिजाल, २०७५/०३/१५) ।

### २.१.७ उच्च शिक्षा

वि.स.२०३६ सालम एस.एल.सी. उर्त्तीण गरेपछि गायत्रीप्रसाद रिजालको शैक्षिक यात्रा केही समयलाई रोकिएको देखिन्छ । २०३९ सालमा शिक्षक सेवा आयोगबाट शिक्षण पेशामा आवद्ध भएको पाइन्छ । शिक्षण पेशामा लागेपछि उनले २०६४–२०६८ मा त्रिभूवन विश्वविद्यालयबाट प्राइभेट अध्ययन गरी आइ.ए.उर्तिण गरेका हुन् । २०४९–२०५१ को शैक्षिक सत्रमा सोही अनुसार बी.ए. उत्तीर्ण गरी २०५२–२०५४ मा महेन्द्र बहुमुखी क्याम्पस इलामबाट भूगोल र इतिहास विषयमा शिक्षा शास्त्र संकायको स्नातक तह उत्तिर्ण गरेका छन् । रिजालनको उच्च शिक्षाको क्रमलाई हेर्दा २०५४–२०५६ मा त्रि.वि.वि.बाट प्राइभेटमै नेपाली विषयमा एम.ए. गरेका छन् । शिक्षण पेशा पारिवारिक वातावरणको कठिनाईलाई झेल्दै उनले २०५६–२०५९ मा म.र.ब.क्याम्पस इलामबाट एल.एल.वीं समेत गरी शिक्षाको चौतर्फी ज्ञान लिएका छन् । इतिहास, भूगोल, नेपाली र कानुन विषय लिएर अध्ययन गरेको उनको विशेष दखल नेपाली र कानुनका केही व्यवहारिक विषयमा रहेको छ (रिजाल, २०७५/०३/१५) ।

### २.१.८ दाम्पत्य जीवन र पारिवारिक स्थिति

गायत्रीप्रसाद रिजालको बाजे जयकृष्ण रिजाल हुन् । जयकृष्णका छोरा स्व. मनोरथ रिजाल हुन् । यिनै मनोरथ रिजालका चार भाई छोराहरु मध्ये गायत्रीप्रसाद रिजाल माइलो छोरो हुन् । रिजालका एक दाई र दुईजना भाईहरु रहेका छन् । दाई र दुई जना भाईहरु आ–आफ्नो पेशा र व्यवसाय सम्हाल्दै अगाडि बढेको देखिन्छ ।

गायत्रीप्रसाद रिजालको दुई श्रीमती रहेका छन् । उनी २१ वर्षको हुँदा भोला आचार्यकी छोरी भीमा आचार्यसँग पहिलो विवाह भएको थियो । यो मागी विवाह थियो भने उनी शिक्षण पेशामा रहँदा माया प्रिती लगाएर अर्की पाँचथर जिल्ला सराङडाँडा ६ का धनबहादुर अधिकारीकी छोरी विना अधिकारीसँग २०५९ साल मंसिरमा दोस्रो प्रेम विवाह भएको हो । रिजालले दुई विवाह गरेका भएतापनि दुवै श्रीमतीहरुलाई अलग अलग राखेको देखिन्छ । २०४० र २०५९ मा दुईवटा विवाह गरी दुई जना श्रीमतीको साथ दाम्पत्य जीवन रमाईलोसँग विताइरहेका छन् । हालसम्म दुवै श्रीमती जीवित रहेका छन् । घर झगडा नभै पारिवारिक मिलनका साथ दाम्पत्य जीवन अगाडि बढ्दैछ (रिजाल, २०७५/०३/१५) ।

### २.१.९ जागरीका विभिन्न क्रम

गायत्रीप्रसाद रिजालले आफ्नो पिताको प्रोत्साहन र आमाको माया, प्रेरणा र लगनशीलताले गर्दा शिक्षा दिक्षा राम्रो रहेको छ । गायत्रीप्रसाद रिजाल मेहेनत र लगनशीलताका साथ अध्ययन पश्चात जागिरमा प्रवेश गरेका हुन् । रिजालले २०३९ सालको शिक्षक सेवा आयोगबाट प्राथमिक तहमा

उत्तिर्ण गरी स्थायी शिक्षकको रुपमा शिक्षण पेशा शुरु गरेका छन् । २०३९ सालको शिक्षा आयोगबाट प्राथमिक तहमा उर्त्तिण गरी स्थायी शिक्षक भएका उनी नियुक्ति २०४०/०४/२२ मा भएको हो । पहिलो पटक रिजालको पोस्टिङ श्री सिद्ध भगवती नि.मा.वि.सराङ्गडाँडामा भएको हो । सिद्ध भगवती नि.मा.वि मा २१ वर्ष ६ महिना शिक्षण गरेपछि उनको सरुवा भएको हो । २०६१ माघमा सरुवा भई उनले श्री सिरिजङ्गा नि.मा.वि.सराङ्गडाँडा १ मा अध्यापन गराए । शिक्षण पेशामा रही जागरी खाने क्रममा रिजाल डेढ महिनामा नै सरुवा भए । उनी सिरिजङ्गा नि.मा.वि.बाट २०६१ फाल्गुण १७ गते देखि श्री खान्द्रोङ्ग मा.वि. सराङ्गडाँडा ३ मा सरुवा भई आएका छन् । उनी हालसम्म पनि सोही विद्यालयमा कार्यरत छन् । करिब ३२/३३ वर्षको शिक्षण अनुभवसँगै रिजाल हालसम्म पनि अविच्छिन्न सेवारत रहेका छन् । शिक्षण पेशामै रहिरहेपनि उनले साहित्य लेखन कार्यलाई छोडेका छैनन् । साहित्यका विभिन्न विधामा लेख रचना तयार गरी प्रकाशनको कार्यमा निरन्तर जुटिरहेका छन् (रिजाल, २०७५/०३/१५) । साहित्यलाई जीवनको एक अभिन्न अंग बनाउनका निम्ति उनी लागि परेका छन् ।

### २.१.१० आर्थिक अवस्था

गायत्रीप्रसाद रिजालका बाल्यकाल दुःखमा नै वित्यो । रिजाल मध्यम वर्गीय परिवारका सदस्य हुन् । विस्तारै विस्तारै अध्ययनलाई अगाडि बढाउँदै जाँदा शिक्षण पेशामा प्रवेश गरेपछि आर्थिक अवस्था सुदृढ भएको देखिन्छ । पाँचथर जिल्ला दुर्गम भएको र पानीको अभाव भएको हुँदा परिश्रमले परिवार पालन सहज थिएन् । प्राथमिक तहको तलब, बाबुआमा र श्रीमती छोराछोरी पाल्ने कुरा उनलाई सहज थिएन । उनले शिक्षण पेशामा रहँदै आफ्नो अध्ययन पनि अगाडि बढाएका र छोराछोरीलाई पनि पढाउनु पर्ने हुनाले आर्थिक अवस्थामा खासै सुधार गर्न सकेनन् । दोस्रो पटकको विवाह गर्नु र छोरी सोनिकाको मुटुको शल्यक्रिया गर्नुले उनलाई थप आर्थिक भार थपिएकाले आर्थिक उन्नति हुन पाएन् । रिजालकी जेठी श्रीमतीबाट जन्मेका छोराहरुले आ–आफ्नै पेशा र व्यवसाय अंगालेका छन् । उनी दोस्रो श्रीमतीका साथ एक खुद्रा(किराना) पसल पनि गर्ने गर्दछन् । पसलले उनलाई केही सहयोग गरेको छ । हालपनि शिक्षण पेशा र पसल दुवै व्यवसाय गर्दै आएका उनी मोटरसाइकल दुर्घटनामा परी उपचार गर्नुपरेको त्यसमा पनि खर्च नै भएकोले उनले हालसम्म जीवनमा उच्च आर्थिक वृद्धि बढाउन सकिरहेको देखिदैन (रिजाल, २०७५/०३/१५) ।

### २.१.११ विद्यार्थी जीवन

६ वर्षको उमेरदेखि विद्यालय जान थालेका गायत्रीप्रसाद रिजाल विद्यालयमा अवल विद्यार्थीको रुपमा थिए भन्ने कुरा उनको हालसम्मको लगनशीलताले प्रस्ट्याउँछ । बाबु र आमाको प्रेरणाबाट पढाइलाई निरन्तरता दिँदै गएको पाइन्छ । पाठ्यपुस्तकमा भएका कविता, कथा, खुब चाख दिएर पढ्ने गर्थे । यसैबाट उनी साहित्यतर्फ रुची बढेको पाइन्छ । निरन्तर अध्ययनमा लागिरहँदा उनी विद्यालयक अतिरिक्त क्रियाकलापहरुमा भाग लिन्थे । कक्षाको अवल विद्यार्थी भएको कारणले गायत्रीप्रसाद

शिक्षकको नजिक हुन्थे । ब्राम्हण समुदायको विचमा विद्यालय भएकोले गाउँका विवाह, ब्रतबन्ध, पुराण पूजा हुँदा साथीहरु सहित उनी उपस्थिति जनाउँथे । विद्यालयमा रचनात्मक कार्यमा लागिरहन्थे । उनी रचनात्मक साहित्य तर्फ उन्मुख हुदै गए । यसै क्रममा नै समाजका विभिन्न क्षेत्रमा चासो दिएर जान्थे ( रिजाल, २०७५/०३/१५) । समाजका गतिविधिमा चासो दिँदै विद्यालयमा कविता, कथा लेख्ने सेवामै रहेर प्राइभेट अध्ययन गरेको पाइन्छ ।

## २.१.१२ भ्रमण, अविष्मरणीय घटना तथा आवद्धता

गायत्रीप्रसाद रिजालले नेपालका विभिन्न मुख्य शहरहरु काठमाडौं, बुटवल, गोर्खा, दमौली, पोखरा, विराटनगर, धरान, चितवन आदि ठाउँहरुको भ्रमण गर्नुका साथै नेपाल बाहिर छिमेकी मुलुक भारतका केही ठाउँहरु दार्जिलिङ्ग, पटना, सिक्किम, इलाहावाद, राँची आदि क्षेत्रमा भ्रमण गरेका छन् ( रिजाल, २०७५/०३/१५) ।

जीवन भोगाइका क्रममा थुप्रै घटनाहरु घेटका हुन्छन् । सुखद र दुःखद घटनाहरु मानिसले हर पाइलाहरुमा भोगेका हुन्छन् । गायत्रीप्रसाद रिजालका जीवनमा पनि यस्ता घटनाहरु घटेका छन् । २०३९ सालमा शिक्षक सेवा आयोग पास गरेर स्थायी नियुक्ति लिदाँको क्षण उनको सुखद अविस्मरणीय क्षण हो । २०५९ सालमा तत्कालीन जनयुद्ध सञ्चालकका कार्यकर्ताहरुले दिएको शारीरिक, आर्थिक र मानसिक पीडाको क्षण र छोरी सोनिका रिजालको मुटुको शल्यक्रियाको क्रममा २०६५/०२/२१ मा शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रमा दुःखद निधन भएको उनको दुःखद अविस्मरणीय क्षण हो (रिजाल, २०७५/०३/१५) ।

गायत्रीप्रसाद रिजाल शिक्षक पेशाका साथसाथै हरेक क्षेत्रमा, संस्थाहरुमा आवद्धता रहेको देखिन्छ । गायत्रीप्रसाद रिजालले पेशा अन्तर्गत २०४०/०९/२५ गते देखि नै रा.शि. संगठनको भूमिगत सदस्य बन्दै काम गरेका छन् । २०४६ को जनआन्दोलन पश्चात ऐजन संगठनमा इलाका कमिटी सदस्य बनेका छन् । वि.स. २०६४ सालदेखि आङ्सराङ साहित्य समाज पाँचथरका संस्थापक अध्यक्ष एवम् नेपाल राष्ट्रिय शिक्षक संगठन पाँचथरको केन्द्रिय प्रतिनिधि, २०७० सालदेखि नेपाल राष्ट्रिय शिक्षक संगठनकै सल्लाहकार सदस्य, २०७२ फाल्गुणदेखि प्रगतीशिल लेखकसंघ जिल्ला कार्यसमिति पाँचथरका लगातार सदस्यका रुपमा रहेको र नेपाल बुद्धिजीवी परिषद् जिल्ला कार्य समिति पाँचथरका २०७२ देखि अध्यक्ष रहेर उनले संस्थागत योगदान पुऱ्याएका छन् (रिजाल, २०७५/०३/१५) ।

## २.१.१३ लेखनको थालनी र प्रकाशित कृतिहरु

साहित्य लेखनको थालनी र प्रेरणा गायत्रीप्रसाद रिजालले विद्यालयमा आफूले अध्ययन गरेका रचनाहरुबाट प्रेरणा पाएको बताउँछन् । उनी विद्यालयका साहित्यिक कार्यक्रममा सधैं उत्कृष्ट हुन्थे । त्यो नै उनको प्रेरणाको वा लेखन थालनीको मूल स्रोत भएको देखिन्छ । उनले औपचारिक रुपमा भने

२०४७/२०४८ सालदेखि साहित्य क्षेत्रमा स्पष्ट देखा परेका थिए । उनले यस समयमा पुर्नजीवन नामक उपन्यास तयार गरेको पाइन्छ । रिजाल समाजका घटना र राष्ट्रिय राजनीतिबाट प्रभावित भई साहित्य रचना गरेको देखिन्छ । आफूले देखेका र भोगेका घटनाहरुलाई समावेश गरी साहित्य सिर्जना गर्दा आनन्द आभास भएको उनी बताउँछन् (रिजाल, २०७५/०३/१५) ।

यात्रीप्रसाद रिजाल नेपाली साहित्यका थुप्रै विधाका साथै विभिन्न क्षेत्रमा क्रियाशील रहेको देखिन्छ । उनका विभिन्न विधाका पुस्तक र कृतिहरुको सूची काक्रमिक रुपमा यसप्रकार रहेका छन् ।

| क.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | थप जानकारी |
|---|---|---|---|---|
| १ | पुनर्जीवन | उपन्यास | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०४८) | |
| २ | जनताका पक्षमा | कविता सङ्ग्रह | साझा अफसेट प्रेस. राजविराज (२०६७) | प्रकाशक आफै |
| ३ | मातृवियोग | कथा सङ्ग्रह | साझा अफसेट प्रेस. राजविराज, (२०६७) | प्रकाशक : आफै |
| ४ | नमस्कार हजूर | खण्डकाव्य | साझा अफसेट प्रेस.राजविराज ( २०६७) | प्रकाशक आफै |
| ५ | भुखुण्डे ज्ञान | खण्डकाव्य | साझा अफसेट प्रेस, राजविराज, (२०६७) | प्रकाशक आफै |
| ६ | पतनको वेदना | गीती काव्य | राजविराज ६ सप्तरी (२०७०) | प्रकाशक : रुपनारायण सेठ प्रकाशक |
| ७ | के छ ,प्रजातन्त्रमा | निवन्ध सङ्ग्रह | न्यु प्रज्ञाप्रिटिङ्ग प्रेस राजविराज( २०७३) | प्रकाशक आफै |

यसरी गायत्रीप्रसाद रिजालले हालसम्म नेपाली भाषा साहित्य लेखनको क्रममा उपन्यास, कविता सङ्ग्रह, कथा, खण्डकाव्य, गीति काव्य र निबन्ध सङ्ग्रह गरी जम्मा ६ वटा कृति रचना गरी प्रकाशित गरेका छन् ।

## २.२ गायत्रीप्रसाद रिजालको व्यक्तित्व

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने हरेक आरोह अवरोह, पीर, वेदना, हर्ष–खुशी तथा क्रिया, प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ साथै मानिसको जीवनमा प्रभाव पार्ने पारिवारिक, सामाजिक, साँस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्वपूर्ण भूमिका

खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व–व्यक्तित्वका समस्त आर्जिन विन्यास एवम् प्रकृतिहरुको समुह हो (उपाध्याय, २०३९:३५) । यिनका अतिरिक्त शिक्षादीक्षा, रुची, पेशा, साथसङ्गत र जीवनजगत प्रतीको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्व गरी दुई किसिमको व्यक्तित्व हुन्छ । बाह्य व्यक्तित्व उसको रुप, रङ्ग, बनोट अर्थात शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ भन् आन्तरिक व्यक्तित्व उसमा अर्न्तनिहित गुण, स्वभाव र समग्र उसले जीवनमा गरेका महत्वपूर्ण कार्यहरुसँग सम्बद्ध हुन्छ (बोगटी, २०६० : ९) ।

गायत्रीप्रसाद रिजालको व्यक्तित्व उपयुक्त प्रक्रिया अनुसार नै निर्माण भएको देखिन्छ उनको व्यक्तित्वलाई बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्व गरी दुई भागमा बाड्न सकिन्छ ।

## २.२.१ बाह्य व्यक्तित्व

व्यक्तिको निजी जीवनसँग सम्बन्ध राख्ने कुराहरुले बाह्य व्यक्तित्वको प्रतिनिधित्व गर्दछ । जस्तै कुनै व्यक्तिको आकार, रुप, उचाई, मोटाइ प्रवृति बानी व्यवहार, रुची आदि । शारीरिक बनावटको दृष्टिले गायत्रीप्रसाद रिजाल ५ फिट ७ इन्च अग्लो र ३० इन्च गोलाईको कम्मर भएका छन । रिजालको वर्तमान तौल ५७ किलोग्राम रहेको छ । रिजाल गोरो वर्णका उच्च निधार लाम्चिले मुखमण्डल र जातीय पहिचान झल्काउने लामो नाक भएका छन् । घाँटीको दाहिने पट्टीको भागमा कोठी हुनु उनको हुलिया हो । पेशामा शिक्षक भएका रिजाल विद्यालयमा तोकिएको पोशाक लगाउँछन् अन्य समय सेतो सर्ट, निलो पेन्ट र ढाकाटोपी लगाउन मन पराउँछन भने चाडपर्वमा नेपाली पोशाक दौरा र कोट लगाउँछन् । उनी उमेरले ५२ वर्ष नाघिसकेका भएपनि उनी राम्रो पोशाक लगाएर सजिएर हिड्न रुचाउँछन् । यो उनको साझा विशेषता हो । उनी विचार पक्षमा प्रखर हुनुका साथै साथीभाइसँग सरल, मिजासिलो र आपसी सहयोगी र आफू ब्राम्हणको छोरो भएपनि अन्य समुदायमा घुलमिल हुन रुचाउँछन् र सम्मान गर्दछन् (रिजाल, २०७५/०३/१५) । उनी स्पष्ट वक्ता, मिठो बोली, सरल तथा सौहार्द व्यवहार भएका हकी स्वभावका व्यक्ति हुन् । उनी २०४० साल शिक्षण पेशामा प्रवेश गरी स्थायी भएका उनले अध्यापनको क्षेत्रमा अनुभव संगालेका छन् । यिनी ब्राम्हण परिवार, त्यसमा पनि नेपाली साहित्यमा नेपाली भाषाको प्रयोग गर्ने यिनी नेपाली भाषालाई स्पष्ट रुपमा आफ्नो बोलचालको भाषाका रुपमा प्रयोग गर्छन् । उनी अग्रज साहित्यकारका कृति अध्ययन गरेर साहित्यमा रुची बढेको बताउँछन । गाउँ समाज तथा राष्ट्रका द्वन्द्वकालीन गतिविधीको अप्रत्यक्ष प्रभावले साहित्य सिर्जनामा लाग्न प्रेरित गरेको बताउँछन् । लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौडेल, भैरव अर्यालका कृतिहरुबाट साहित्य सिर्जनामा प्रेरणा पाएको बताउँछन् । यसरी उनको सामान्य पोशाकले बाह्य व्यक्तिको निर्माण भएको छ भने परिश्रमी लगनशीलता र सहयोगी प्रवृति तथा बौद्धिकताले आन्तरिक व्यक्तित्व निर्माण भएको छ ।

### २.२.२ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भित्र व्यक्तिका विविध रुपहरुलाई हेर्न सकिन्छ । जीवन यात्राका क्रमा एउटा व्यक्तिले आफ्ना व्यक्तित्वहरु प्रस्तुत गर्न सक्छ । कुनैपनि मानिसको भोगाइमा आउने विविध घटना जीवनमा चाल प्रतिचाल, आरोह अवरोह, घात प्रतिघात, तथा क्रिया प्रतिक्रियाले व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका साथसाथै व्यक्तिको व्यक्तित्व निर्माण ऊ बाँचेको परिवेश परिवारको पृष्ठभूमि, सामाजिक साँस्कृतिक स्थिति रुची पेशा शिक्षादीक्षा आदिले उल्लेख्य सहयोग पुऱ्याएको हुन्छ । गायत्रीप्रसाद रिजालको व्यक्तित्वमा पनि उल्लेखित कुराहरुको प्रभाव परेको देखिन्छ । गायत्रीप्रसाद रिजालको सम्पूर्ण जीवन भित्र अध्ययन गर्दा उनी मध्यम वर्गीय व्यक्तित्वको रुपमा देखिन्छन् । उनीभित्र रहेका व्यक्तित्वहरु, साहित्यकार व्यक्तित्व, राजनैतिक व्यक्तित्व, संस्थापक व्यक्तित्व, सामाजिक व्यक्तित्व, शिक्षक व्यक्तित्व आदि हुन् ।

### २.२.३ शारीरिक व्यक्तित्व

ब्राम्हण जातिलाई झलक्कै हेर्दा बाहिरी शारीरिक बनावटमा पनि ठम्याउन सकिन्छ । ब्राम्हण जातिका मानिसहरु प्राय लाम्चिलो अनुहारका हुन्छन् । लामो चुच्चो परेको नाक उनीहरुको विशेषता हो । प्राय पातलो छाला र मझौला कदका हुन्छन् । गालामा दारी माथिल्लो ओठमाथि जुँगा तथा नाडी र पिडौलामा बाक्लो रौं हुनु ब्राम्हण जातिको खास पहिचान हो । उल्लेखित विशेषताहरले गायत्रीप्रसाद रिजाललाई देख्ने वित्तिकै ब्राम्हण समुदायका व्यक्ति हुन भनेर अड्कल गर्न सकिन्छ । सुरिला र लाम्चिला पीडौला, सलक्क परेको शरीरका धनी ब्राम्हण जातिको शारीरिक बनावटले पनि छुट्टै परिचय दिन सक्छ ।

### २.२.४ व्यक्तित्वका विभिन्न पाटाहरु

विविध क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका कारण उनको व्यक्तित्व बहु आयामिक हुन पुगेको छ । उनको व्यक्तित्व जुनजुन क्षेत्रमा संलग्न रहेको छ, ती क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका आधारमा उनको व्यक्तित्व गौरवमय र अविश्मरणीय देखिन्छ । गायत्रीप्रसाद रिजाललाई निम्नलिखित विभिन्न पाटाहरुमा विभाजन गरी अध्ययन गरीएको छ । ती व्यक्तित्वका पाटाहरुलाई वृक्षारेख पद्धतिमा निम्नानुसार देखाइन्छ ।

**गायत्रीप्रसाद रिजालका व्यक्तित्वका विविध पाटाहरु**

| **साहित्यिक व्यक्तित्व** | **साहित्येतर व्यक्तित्व** |
| --- | --- |
| उपन्यासकार व्यक्तित्व | शिक्षक व्यक्तित्व |
| कवि व्यक्तित्व | राजनैतिक व्यक्तित्व |
| कथाकार व्यक्तित्व | संस्थापक संकलन र सम्पादक व्यक्तित्व |
| गीति काव्यकार व्यक्तित्व | सामाजिक व्यक्तित्व |
| निवन्धकार व्यक्तित्व | |

यसरी वृक्षारेखामा प्रस्तुत रिजालका विभिन्न व्यक्तित्व पाटाहरुलाई निम्नानुसार अध्ययन गरिएको छ ।

## २.२.५ साहित्यिककार व्यक्तित्व

साहित्यकार व्यक्तित्व साहित्यसँग सम्बन्ध राख्ने व्यक्तित्व हो । गायत्रीप्रसाद रिजाल उपयुक्त पृष्ठभूमिका आत्मा प्रतिभाका कारण सानै उमेरबाट कविता रचना गर्न थालेका भएपनि यसलाई निरन्तरता दिन सकेनन् । विद्यार्थी अवस्थाको यो रचनाले उल्लेख स्थान लिन सकेन । उनी २०४७ सालदेखि मात्र नेपाली साहित्य लेखनमा स्पष्ट रुपमा देखा परेका गायत्रीप्रसाद रिजालले २०४७–२०४८ सालमा “पूर्वजीवन” नामक उपन्यासको पाण्डुलिपी तयार गरेपछि भने उनको औपचारिक साहित्य सिर्जनाको पाटो शुरु हुन्छ । उनको साहित्यिक व्यक्तित्वलाई निम्नलिखित रुपमा विभाजन गरी अध्ययन गरीएको छ ।

### १) उपन्यासकार व्यक्तित्व

साहित्यकार गायत्रीप्रसाद रिजालले त्रिपन्नौ वर्षको लामो साहित्यिक यात्रा पार गरीसकेका छन् । पच्चीस वर्ष लेखनमा नै वितेको छ । २०४७ सालमा उपन्यास लेखन गरेर २०४८ सालमा लेखन पुरा भएको उनको एकमात्र उपन्यास “पुनर्जीवन” हालसम्म अप्रकाशित छ । यसको पृष्ठभूमिमा देशकाल परिस्थितिमा पूर्वी नेपालको पृष्ठभूमि र बीचबीचमा बेलाईत तथा ब्राजिलको पनि चर्चा परिचर्चा पाइन्छ । बनजंगल, तस्करी, चेलीबेटी बेचविखन, लागु पदार्थको दुर्व्यसनी, सामन्ती वर्गद्वारा शोषित वर्गमा परेको पिडा उल्लेख छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा हालसम्म पनि सुरक्षित उपन्यासको करिब २०० पृष्ठ भएको र आर्थिक विषमताका कारणले प्रकाशन गरेका छैनन् (रिजाल, २०७५/०३/१५) ।

**२) कवि व्यक्तित्व खण्डकाव्यकार व्यक्तित्व**

कवि व्यक्तित्व गायत्रीप्रसाद रिजालको अग्रज व्यक्तित्व हो । उनले विद्यालयमा अध्ययन गर्दा कविताहरु रचना गरी बाचन गरेको पाइन्छ । रिजालका यसबेलाा कुनै पनि फुटकर कविता प्रकाशन भएका छैनन् । २०५६ सालमा उनले आफ्नो कविता लेखनको रहर पुरा गर्दै ३५ वटा कविताको संगालो तयार पारे । “जनताका पक्षमा” नाम दिएको यो कविता सङ्ग्रह २०६७ सालमा सर्वप्रथम प्रकाशित भएको हो (रिजाल, २०७५/०३/१५) ।

त्यस्तै साहित्यकर गायत्रीप्रसाद रिजालको नमस्कार हजुर र भुखुण्डे ज्ञान खण्डकाव्य २०६३ मा लेखन गरी २०६७ मा प्रकाशन गरेका छन् ।

राष्ट्रिय भावनाले ओतप्रोत भएका रिजालका कविताहरु केही झ्याउरे तथा गीतिलयका छन् । उनका कविताका शीर्षकहरु सरशर्ती हेर्दा मात्र पनि नेपाली राजनीतिक पृष्ठभूमिमा जनताले झेल्नु परेको अन्योलपूर्ण स्थितिलाई मूल विषय बनाएको देखिन्छ । राष्ट्र र राष्ट्रिय सामाजिक विसङ्गतिलाई समेटेर कविता रचना भएका छन् । नेपालको प्राकृतिक सौन्दर्यलाई पनि विषय बनाइ रिजालले कविता रचना गरेका छन् ।

**३) कथाकार व्यक्तित्व**

गायत्रीप्रसाद रिजालले आफूलाई कथाकारको रुपमा स्थापित गराउन एउटा कथा सङ्ग्रह प्रकाशित गरेका छन् । १४ वटा कथाहरुको सङ्ग्रहको नाम “मातृवियोग” राखिएको छ । उनका कथाहरुमा पूर्वमा टिष्टा र पश्चिममा किल्ला काँगडासम्मको भूभाग गुमेपनि मेची–महाकालीलाई सीमा कायम राख्नु अनुरोध गरीएको छ । केही कथाहरुमा उनी राष्ट्रवादी कथाकारका रुपमा देखिन्छन् । नयाँ नेपालको परिकल्पनामा भौगोलिक परिवर्तन होइन सुशासन, जातीय सम्मान, धार्मिक सहिष्णुता जस्ता कुराहरु उनका भाषा वा संवाद, वर्णनात्मक र विवरणात्मक शैलीमा रचिएका छन् । कथामा प्रयुक्त सरल भाषाले कथाको मर्मलाई समेट्न सक्नुले उनको कथाकारिताको व्यक्तित्वको परिचय दिन्छ । रिजालका कथाहरु सामाजिक विषयवस्तुबाट उठान गरीएका र अन्त्यमा कही न कही राष्ट्रिय राजनैतिक परिप्रेक्षसँग मेलखानु राष्ट्रवादी व्यक्ति रहेको आभाष हुन्छ । एकमात्र कथा सङ्ग्रह “मातृवियोग” (२०६७) उनको कथाकार व्यक्तित्वको प्रमाण हो ।

**४) गीति काव्यकार व्यक्तित्व**

गति, यति, लय, सुर र गुच्छदार केही पनि नमिलेको गद्यात्मक कवितीय शैलीमा भाव व्यक्त गरीएको काव्य नै गीति काव्य हो (रिजाल, २०७५/०३/१६) ।

गायत्रीप्रसाद रिजालले २०६८–२०६९ मा चौरासीवटा शीर्षकमा गीतिकाव्य लेखेका हुन् । यसको प्रकाशन (२०७०) सालमा गरेका हुन् । यस गीतिकाव्यमा समाजसेवा, सामाजिक भाव, मानवता र

इश्वरीय पक्षको झझल्कोका भाव व्यक्त गरीएको छ । "पतनको वेदना" गीतिकाव्यमा शासक वर्गले जनतालाई सताएको देखाएका छन् । जस्तोसुकै परिवर्तन आएपनि जनतालाई कुनै प्रभाव परेको छैन । अन्यायमा परेकालाई जहिलेपनि न्यायको पक्षमा निर्णय नभई पतनतर्फ जाने कुरालाई उठाइएको छ । तत्कालीन राजनीतिले साहित्यमा प्रभाव पारेको पाइन्छ । गायत्रीप्रसाद रिजालको कृतिहरुमा विषयगत विविधता पाइनु उनको कृतिको विशेषता हो ।

### ५) निबन्धकार व्यक्तित्व

गायत्रीप्रसाद रिजालले 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रह २०६९/०७० मा लेखन गरी २०७४ मा प्रकाशित गरेका छन् । गायत्रीप्रसाद रिजालका 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रहभित्र १७ वटा निबन्धहरु रहेका छन् । रिजालक निबन्ध सङ्ग्रहमा संकलित निबन्धहरु "प्रधानमन्त्री", "के नेपाल साच्चिकै स्वीट्जरल्याण्ड बन्छ ?", "भाषण", "वेफुकताको परिचय", "राज्यको बलजफतकार", "राज्यको दुर्दशा", "गणतान्त्रिक अवतारको पूर्वाध", "तानाशाहिता", 'के छ ! "प्रजातन्त्र"मा', "शहीदै शहीद", "नाक", "मानव बचाऊ युद्ध", "गृह प्रत्यारोपण", "षडाइएका जिन्दगीहरु", "प्रजातन्त्रका नजिरहरु", "कुन ठूलो हत्या", "हाम्रो जीवन फिर्ता दे" भन्ने शीर्षक अन्तर्गतको निबन्धहरु रहेका छन् । उनका निबन्धहरुमा राजनैतिक विकृति र विसङ्गति, गरीबी, इर्श्या, पिडा, अन्याय, अत्याचार, घमण्ड विश्वासको अभाव देखि अन्तर्राष्ट्रिय परिवेशका राजनैतिक पक्षहरुको बाहुल्यता रहेको पाइन्छ । यिनका निबन्धमा स्वदेशदेखि लिएर विदेशी राजनैतिक पक्षलाई पनि व्यङ्ग्यको झटारो हानेको पाइन्छ।

## २.२.६ साहित्येतर व्यक्तित्व

गायत्रीप्रसाद रिजालका लेखन क्षेत्रबाहेक अन्य विविध व्यक्तित्व, उनको रुची, पेशा विभिन्न क्षेत्रहरुमा सहभागी, उनको प्रतिभाका कारणले निर्माण भएको देखिन्छ । रिजालका साहित्येतर व्यक्तित्वलाई निम्नलिखित रुपमा देखाउन सकिन्छ ।

### १) शिक्षक व्यक्तित्व

रिजालले शैक्षिक कार्यक्षेत्रमा प्रवेश २०३९ सालको शिक्षक सेवा आयोगबाट प्राथमिक तहमा उत्तीर्ण गरी स्थायी शिक्षकको रुपमा शिक्षा पेशा शुरु गरेका हुन् । पहिलो पटक रिजालको पोष्टिङ्ग सिद्ध भगवती नि.मा.वि. सराङ्गडाँडामा भएको हो । सिद्ध भगवती नि.मा.वि. २१ वर्ष ६ महिना शिक्षण गरेपछि उनको सरुवा श्री सिरिजङ्गा नि.मा.वि. सराङडाँडा १ मा अध्यापन गराए । फेरि उनी सिरिजङ्गा नि.मा.वि.बाट २०६१ फाल्गुण १७ गते देखि श्री खान्द्रोङ्ग मा.वि. सराङ्गडाँडा ३ मा सरुवा भई आएका छन् । २०३९ सालदेखि शिक्षकमा नियुक्ति भइ काम गरेका यिनले आजसम्म आफ्नो पेशाप्रति बफादारीका साथ अगाडि बढेको देखिन्छ । उनी विद्यालयमा सधै नियम पालना गर्ने र अरुलाई पनि नियमपालना गर्न प्रेरणा दिने, विद्यालयमैत्री, बालमैत्री बातावरण सिर्जना गर्न अन्य शिक्षकहरुलाई पनि

प्रोत्साहन दिने विद्यालयमा विद्यालयले तोकेको पोशाक लगाउने यिनी समयको ख्याल गर्ने एक सच्चा इमान्दारी शिक्षकको रुपमा रहेका छन् ।

**२) राजनैतिक व्यक्तित्व**

गायत्रीप्रसाद रिजालको परिवार खास राजनैतिक चासो नराख्ने परिवार हो । २०३५ सालदेखि उनी भूमिगतरुपमा राजनैतिक गतिविधिमा लागेका हुन् । २०३६ सालको राजनैतिक परिवर्तनसँग उनी पनि राजनितिमा सक्रिय रहे । शिक्षण पेशामा प्रवेश गर्नु पूर्व उनी क्रान्तिकारी प्रगतीशील विचारधाराको राजनीतिमा लागेको थाहा पाइन्छ (रिजाल,२०७५/०३/१६) । यसबाट उनी कम्युनिष्ट विचारका व्यक्ति हुन भन्न सकिन्छ । राजनैतिक सुरुवात देखि नै वर्गीय मुक्तिको पक्षमा देखिन्छन् ।

वि.स. २०४० सालमा शिक्षण पेशमा प्रवेश गरेपछि उनको प्रत्यक्ष राजनीतिक गतिविधि ओझेल परेको छ । शिक्षण पेशामा रहेकाले प्रत्यक्ष राजनीतिमा सहभागिता छैन । उनी आन्तरिक रुपले चाँही एउटा पाटोप्रति झुकाव हुनुपर्ने र मत हाल्नु पर्न अधिकार मौलिक हक भित्र पर्ने भएकाले पेशा रहुन्जेल सक्रिय राजनितिमा नलाग्ने प्रतिज्ञा गर्छन् (रिजाल, २०७५/०३/१६) । उनी पेशा अन्तर्गत ने.रा.शि. संगठन पाँचथरको २०४० देखि भूमिगत सदस्य बनेका हुन् । २०४६ पश्चात सोही संगठनमा इलाका कमिटिदेखि निरन्तरता दिदै जिल्ला कमिटी सदस्य बनेका छन् । ने.रा.शि.संगठनका केन्द्रिय प्रतिनिधि समेत बनेका उनी २०७० सालदेखि हालसम्म ने.रा.शि. संगठन पाँचथरका सल्लाहकार सदस्य रहेका छन् ।

**३) संस्थापक, संकलक र सम्पादक व्यक्तित्व**

गायत्रीप्रसाद रिजालले हालसम्म कुनै पुस्तक, रचना तथा कृतिहरुको संकलन र सम्पादन गरेको पाइदैन । साहित्यिक उत्थानका निम्ति "आङ्सराङ्ग साहित्य समाज" नामको संस्थाको स्थापना गरेका हुन् । आङ्सराङ्गका साहित्यप्रेमीहरु भेला भएर आजभन्दा १० वर्ष अघि नै गा.वि.स. स्तरीय एउटा समिति बनाएका थिए । जसको हालसम्म पनि गायत्रीप्रसाद रिजाल अध्यक्ष रहेका छन् । आङ्सराङ्ग साहित्य समाज पाँचथरका संस्थापक अध्यक्ष एवम् नेपाल राष्ट्रिय शिक्षक संगठन पाँचथरका केन्द्रिय प्रतिनिधि रहेका यिनि २०७० सालदेखि नेपाली राष्ट्रिय शिक्षक संगठनको सल्लाहकार सदस्य, २०७२ फाल्गुणदेखि प्रगतीशिल लेखक संघ जिल्ला कार्य समिति पाँचथरका लगातार सदस्यका रुपमा रहेको र नेपाल बुद्धिजीवी परिषद् जिल्ला कार्यसमिति पाँचथरको २०७२ सालदेदि अध्यक्ष रहेर उनले संस्थागत योगदान पुऱ्याएका छन् (रिजाल,२०७५/०३/१६) ।

### ४) सामाजिक व्यक्तित्व

मान्छे सामाजिक प्राणी भएकोले समाजविना एक्लै बस्न सक्दैन । उसलाई हरदम समाजको आवश्यक्ता पर्दछ । समाज विना मानिसको जीवन सार्थक बन्न सक्दैन । गायत्रीप्रसाद रिजाल शिक्षण पेशामा आवद्धता रहेर समाजका लागि पनि उनले धेरै योगदान पुऱ्याएको पाइन्छ ।

उनले सरकारी तथा गैर सरकारी संस्थामा कार्यरत भएर समाजसेवा गरेको देखिन्छ । रिजाल आङ्सराङ् साहित्य समाज पाँचथरका संस्थापक अध्यक्ष एवम् नेपाल राष्ट्रिय शिक्षक संगठन पाँचथरका केन्द्रिय प्रतिनिधि (२०७०) सालदेखि नेपाल राष्ट्रिय शिक्षक संगठनकै सल्लाहकार सदस्य, २०७२ फागुनदेखि प्रगतीशिल लेखक संघ जिल्ला कार्य समिति पाँचथरका लगातार सदस्यका रुपमा रहेको र नेपाल बुद्धिजीवी परिषद जिल्ला कार्यालय समिति पाँचथरको वि.सं.२०७२ देखि अध्यक्ष रहेर उनले संस्थागत योगदान पुऱ्याएका छन् भने समाज सुधार गर्नका लागि उनको संस्थागत क्रियाकलापले पनि सहयोग पुऱ्याएको साथै उनको साहित्य समाजसुधारको चाहनामा आधारित देखिन्छ ।

यसरी गायत्रीप्रसाद रिजाल समाजमा केही समस्याहरु आइपरेका आफ्नो तन मन एक गरी डटेर समाजका समस्याहरु समाधान गर्ने तर्फ लाग्ने यिनी समाजप्रेमी व्यक्तित्वका रुपमा देखिन्छ ।

## २.२.७ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तरसम्बन्ध

जीवनको यात्रामा अनेक क्षेत्रमा संलग्न भई महत्वपूर्ण कार्यहरु गर्दै आएका गायत्रीप्रसाद रिजालको जीवनी एक सामान्य व्यक्तित्व भन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रुपमा भएको छ । उनको व्यक्तित्व उनीद्वारा लिखित कृतिहरुका बीच परस्पर निकटता र सम्बन्ध देखिन्छ ।

गायत्रीप्रसाद रिजाल निम्न मध्यम स्तरीय आर्थिक अवस्थाका कारण शिक्षाध्ययनका निम्ति केही सङ्घर्ष गर्नुपरेको देखिन्छ । यसरी नै स्वदेश तथा विदेशका भ्रमण समयमा अनुभव गरेका र आफूले राजनितिक क्षेत्रमा रहेका बेलामा गरेका अनुभव तथा प्रत्यक्ष भोगेका घटनाहरुको प्रभाव यिनको साहित्यिक लेखनमा परेको देखिन्छ । मूल कार्यक्षेत्रका रुपमा शिक्षण पेशा अँगालेका रिजालले उच्च शिक्षातर्फ एम.ए., र एल.एल.बी.को अध्ययनसँगै साहित्य लेखनतर्फ लागेका उनले नेपाली साहित्यलाई स्थापित गराउन सफल रहेका छन् ।

उनी शिक्षकको अलावा अन्य क्षेत्रहरुसँग पनि सम्बद्ध रहेकाले प्राय व्यस्तै रहेका देखिन्छन् । उनका जे जति कृतिहरु प्रकाशित भएका छन् ती गहन र पठनयोग्य छन् । रिजालको मानसिक अवस्थामा भएको भावनाको विपुलता र कल्पनात्मक शक्तिको प्रचुरताको परिणामस्वरुप उनको साहित्यिक लेखन अगाडि बढेको देखिन्छ ।

रिजालको समग्र जीवनीका मूलभूत पक्षहरु, महत्वपूर्ण कार्यहरु र तिनबाट बनेको उनको उच्च व्यत्तित्व तथा तिनै जीवनीका विविध पक्षहरु र व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको देखिन्छ ।उनको जीवनमा भोगेका, देखेका, अनुभव गरेका, तत्कालिन सामाजिक परिवेश, शिक्षा र शिक्षण पेशा अनि राजनितिको परिणाम स्वरुप उनले नेपाली भाषासाहित्यको क्षेत्रमा योगदान दिएको देखिन्छ ।

## २.२.८ निष्कर्ष

गायत्रीप्रसाद रिजाल मुख्यतः गद्य विधामा विशेष योगदान दिने व्यक्ति हुन् । उनमा अनेक व्यक्तित्व अटाएका छन् । माथि चर्चा गरीएको विभिन्न पक्षहरुलाई हेर्दा उनी साहित्यिक तर्फ उपन्यासकार व्यक्तित्व, कवि व्यक्तितव, गीति काव्यकार व्यक्तित्व, निबन्धकार व्यक्तित्व देखिन्छ भने साहित्येतर व्यक्तित्व तर्फ शिक्षक व्यक्तित्व, रानजैतिक व्यक्तित्व, संस्थापक संकलन र सम्पादन व्यक्तित्व र सामाजिक व्यक्तित्व भएको व्यक्ति हुन भन्ने प्रष्ट हुन्छ । यी विविध व्यक्तित्व मध्ये सबैभन्दा प्रभावशाली व्यक्तित्व चाँही साहित्यिक व्यक्तित्व नै रहेको पाइन्छ । साहित्यिक व्यक्तित्व मध्येको पनि मुख्यतः कवि, कथाकार, खण्डकाव्यकार र निबन्धकारका रुपमा चिनाउनु उपयुक्त हुने निष्कर्ष निकाल्न सकिन्छ ।

## २.३ गायत्रीप्रसाद रिजालको साहित्ययात्रा

गायत्रीप्रसाद रिजाल विद्यालय उमेरदेखि नै साहित्य क्षेत्रमा रुची लिएर पाठ्यपुस्तकमा भएका कविता, कथा, खुब चाख लिएर पठ्ने र यसैबाट प्रभावित भएर विद्यालयका अतिरिक्त क्रियाकलापहरुमा भाग लिने र साहित्यिक कार्यक्रममा उत्कृष्ट हुन्थे त्यो नै उनको साहित्यिक प्रेरणाको मूल स्रोत भएको देखिन्छ । रिजाल समाजका घटना र राष्ट्रिय राजनीतिबाट प्रभावित भई साहित्य लेखनमा प्रवेश गरेको देखिन्छ । गायत्रीप्रसाद रिजाल नेपाली साहित्य क्षेत्रमा समसामयिक आधुनिक कालका साहित्यकार मानिन्छन् । यिनी पाँचथर जिल्लाको आङ्सराङ्ग गा.वि.स. वडा नं. ६ फाल्गुनन्द मेहेलबोटे पाँचथर हालको मिक्लाजुङ्ग गाउँपार्लिका वडा नम्बर १ उत्तरे बजारमा बसोबास गर्दै गरेका साहित्यकार हुन् ।

साहित्यमा सफल र जीवित जीवन विताउनलाई निरन्तर साधना गर्ने साहित्यकार गायत्रीप्रसाद रिजाल २०४७ सालदेखि हालसम्म नै साहित्यक्षेत्रमा निरन्तर साधनारत रहेको पाइन्छ । उनले आजसम्म कथा, कविता, उपन्यास, निबन्ध जस्ता साहित्यिक विधाहरुमा कलम चलाईसकेका छन् । गायत्रीप्रसाद रिजालको साहित्यिक यात्रालाई निम्न चरणमा विभाजन गर्न सकिन्छ ।

**क) पहिलो चरण** (२०४८–२०६६)

**ख) दोस्रो चरण** (२०६७–२०६९)

**ग) तेस्रो चरण** (२०७०–२०७२)

**घ) चौथो चरण (२०७३ देखि हालसम्म)**

**क) पहिलो चरण (२०४८–२०६६)**

गायत्रीप्रसाद रिजालले वि.स.२०४८ सालमा “पुनर्जीवन” उपन्यासको लेखनको थालनी गरेदेखि साहित्य क्षेत्रमा औपचारिक रुपमा प्रवेश गरेका छन् । उनको यस चरणमा कुनै पनि कृतिहरु प्रकाशन गरेका छैनन् । उनको यस पहिलो चरणलाई अभ्यासिक कालको रुपमा रहेको देखिन्छ । यस चरणमा उनले रचना गरेका कृतिहरु पुनर्जीवन(उपन्यास), जल्दो संसार (लेख सङ्ग्रह), मातृवियोग (कथासङ्ग्रह), नमस्कार हजूर(खण्डकाव्य), भुखुण्डे ज्ञान(खण्डकाव्य) र जनताका पक्षमा(कविता सङ्ग्रह)का पाण्डुलिपी यस अवधिमा तयार गरीएको देखिन्छ । २०४७ सालमा नेपालमा बहुदलीय प्रजातन्त्रको आगमन भएपछिको राजनैतिक परिवर्तन उनका कृतिहरुमा समावेश रहेको छ । (२०५२–२०६२) को सशस्त्र जनयुद्ध(२०६२/०६३) को जनआन्दोलनको उपलब्धि जस्ता विषयवस्तु भएका उल्लेखित कृतिहरु यस अवधिमा लेखिए । कृति प्रकाशन गरीदिने व्यक्ति वा संस्था नभेटिनु र लेखकको आर्थिक स्थिति कमजोर हुनुले यस समयमा कुनै कृति प्रकाशन हुन सकेनन् (रिजाल,२०७५/०३/१६) । लेखनको दृष्टिकोणले पहिलो चरण नै उर्वर देखिन्छ । यस चरणमा लेखन मात्र भएको र प्रकाशन नभएकोले प्रथम चरण रिजालको अभ्यासिक चरण हो ।

**ख) दोस्रो चरण (२०६७–२०६९)**

रिजालको पहिलो चरणका सम्पूर्ण कृतिहरु मध्ये चारवटा कृतिहरु यस चरणमा प्रकाशन भएका छन् । “जनताको पक्षमा”(कवितासङ्ग्रह, २०६७), नमस्कार हजुर (खण्डकाव्य, २०६७) र मातृवियोग (कथा सङ्ग्रह २०६७) दोस्रो चरणमा प्रकाशित भएका हुन् । लेखनको दृष्टिले पहिलो चरण उर्वर कालको रुपमा देखिन्छ भने प्रकाशनका दृष्टिले दोस्रो काल उर्वर देखिन्छ । ६ वटा कृतिहरु मध्ये २०६७ सालमा चार वटा एकै पटक प्रकाशन गरेर रिजाल दोस्रो चरणमा प्रवेश गरेका छन् । यस चरणमा उनका “पतनको वेदना” (गीतिकाव्य) र ‘के छ ! “प्रजातन्त्र”मा’ निबन्धसङ्ग्रहको लेखनको काम शुरु भएको देखिन्छ । रिजालको दोस्रो चरणको पूर्वार्ध र उत्तरार्ध लेखनको समय रहेको छ । साहित्य सिर्जनामा निरन्तर लागि परेका रिजालको दोस्रो चरण छोटो अवधि भएपनि यो चरण प्रकाशनको हिसाबले निकै उर्वर देखिन्छ ।

**ग) तेस्रो चरण (२०७०–२०७२)**

गायत्रीप्रसाद रिजालको पतनको बेदना गीतिकाव्य (२०७०) सालमा प्रकाशन भएदेखि यिनको साहित्यिक यात्राको तेस्रो चरण शुरु हुन्छ भने यस चरणमा रिजालको ‘के छ ! “प्रजातन्त्र”मा’ भन्ने निबन्ध सङ्ग्रहको लेखनको कार्य सम्पन्न गरी प्रकाशनको तयारी गरेको देखिन्छ ।

पतनको बेदना (गीतिकाव्य) मा समाज र राष्ट्रमा भएको राजनैतिक उतावचढावले व्यक्ति समाज र राष्ट्र पतन हुदै गएको कथावस्तु गीतिकाव्यमा पाइन्छ । यस चरणमा रिजालको एउटा

मात्र गीति सङ्ग्रहको प्रकाशन भएकोले खासै उर्वर चरण देखिदैन् । अघिल्ला चरणहरु भन्दा कृति प्रकाशनको हिसाबले केही खस्केको देखिन्छ ।

**घ) चौथो चरण (२०७३ देखि हालसम्म)**

यस चरणको शुरुवात उनको महत्वपूर्ण कृति 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निवन्ध सङ्ग्रह २०७३ सालमा प्रकाशन भएसँगै यो अन्तिम तथा चौथो चरणको शुरुवात हुन्छ । साहित्यिक यात्राको क्रममा 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध प्रकाशनको हिसाबले उनको पहिलो निबन्ध सङ्ग्रह रहेको पाइन्छ । उनले यस निबन्ध सङ्ग्रह भित्र सत्र (१७) वटा निबन्धहरुको संगालोको माला उनेको पाइन्छ । उनको सत्र वटै निबन्धहरुलाई अध्ययन गर्दा छ्यासमिस रुपमा सामाजिक, आर्थिक, भौगोलि, ऐतिहासिक विषयवस्तु भेटिए पनि समग्र निबन्धमा राजनैतिक विषयवस्तुको बाहुल्यता देखिन्छ। यस निबन्ध सङ्ग्रहभित्र उनले भोगेका, देखेका, सुनेका नेपालको राजनैतिक गातिविधिका साथै अन्तर्राष्ट्रिय गतिविधिलाई पनि आफ्नो निबन्धमा प्रवेश गराएको पाइन्छ ।

'के छ ! "प्रजातन्त्र"मा' निबन्नध सङ्ग्रहभित्र आफ्नो राज्यको विकास वा कर्मरेखा जनता र सही शासक वर्गहरु मिलेर नै गर्न सकिन्छ । जनतालाई कुण्ठ्याएर शासकवर्गहरुले मात्र विकास गर्न सकिन्न, राष्ट्रभित्र नानाप्रकारको उपद्रव मचाएर राष्ट्र तथा जनतालाई दुःख दिन पाइदैन भन्ने आदि इत्यादि सत्रवटा शीर्षक संगालो आफ्नै ढंगका निबन्धहरु यसमा समेटिएका छन् । यस चरणमा उनको निबन्ध सङ्ग्रह भित्रका निबन्धहरुका शिर्षकहरु "प्रधानमन्त्री", "के नेपाल साच्चिकै स्वीट्जरल्याण्ड बन्छ ?", "भाषण", "वेफुकताको परिचय", "राज्यको बलजफतकार", "राज्यको दुर्दशा", "गणतान्त्रिक अवतारको पूर्वाध", "तानाशाहिता", 'के छ ! "प्रजातन्त्र"मा', "शहीदै शहीद", "नाक", "मानव बचाऊ युद्ध", "गृह प्रत्यारोपण", "षडाइएका जिन्दगीहरु", "प्रजातन्त्रका नजिरहरु", "कुन ठूलो हत्या", "हाम्रो जीवन फिर्ता दे" भन्ने शीर्षक अन्तर्गतको निबन्धहरु रहेका छन् । उक्त समग्र निबन्धमा रिजालले सामाजिक, आर्थिक, भौगोलिक, राजनैतिक विषयवस्तुलाई समेटेका देखिन्छ भने प्राय निबन्धमा कतिपय ठाउँहरुमा कुरा दोहोरिएको पाइन्छ । सत्र वटै निवन्धहरुमा राष्ट्रिय राजनैतिक विषयवस्तुकै बाहुल्यता रहेको देखिन्छ । उक्त निबन्धहरुमा राजनैतिक दलका गतिविधिसँग मेल खाने खालका घटनाहरु पाइन्छ ।

निबन्धहरुमा राजनैतिक गतिविधिहरुसँग मेलखाने खालका भएपनि यसको आन्तरिकि भावलाई नियाल्दा निबन्धकारले देखेको, भोगेका, सुनेका कुराहरुलाई निबन्धहरुमा प्रयोग गरेपनि उनले आफ्नो देशप्रति अघात प्रेम दर्शाउँदै देशको भविष्यप्रति चिन्ता व्यक्त गर्दै देश सुधारका चाहना गरेको पाइन्छ । आफ्नो देशभित्रका शासकवर्गहरु प्रति सही शासन व्यवस्थाको आशा प्रकट गर्दै निबन्धम शासकवर्गहरुलाई सचेत गराएको पाइन्छ भने उनका निबन्धहरुको स्वरुप प्राय विचारात्मक र केही विवरणात्मक खालका देखिन्छन् ।

नेपाली साहित्यमा निरन्तर कलम चलाउँदै आएका साहित्यकार गायत्रीप्रसाद रिजाल आफ्नो भाषा र संस्कृतिको बचावट हुने खालको साहित्य सिर्जना गर्न भावी पुस्तालाई प्रेरणा दिन्छन् । उनमा रहेको बौद्धिकता, सरलता र जीवन भोगाइलाई सरल र सहज भाषाशैलीमा लेखन कार्यमार्फत अगाडि बढाएको पाइन्छ । उनले आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाउने क्रममा विभिन्न चरणमा कृतिहरु रचना र प्रकाशन गरी आफूलाई नेपाली साहित्यको आकाशमा चम्किलो तारा भई उदाउने कोशिस गरेको पाइन्छ ।

□□□

# तेस्रो परिच्छेद

# निबन्धको सैद्धान्तिक परिचय तथा विकासक्रम

## ३.१ निबन्धको सैद्धान्तिक परिचय

### ३.१.१ पृष्ठभूमि

निबन्धकार गायत्रीप्रसाद रिजालको निबन्धहरुको अध्ययन र विश्लेषण यस शोधपत्रको प्रतिपाद्य विषय भएकाले निबन्धको सैद्धान्तिक पक्षको चर्चा परिचर्चा गर्नु आवश्यक छ । निबन्धकार रिजाल नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । भावुकता र वैचारिकताको अनौठो दोभानकारुपमा देखापर्ने रिजाल नेपाली साहित्यमा झुल्किसकेका निबन्धकार हुन् । उनले जीवनमा देखेका, सुनेका, अनुभव गरेका कुराहरुलाई निबन्धमा विषय बनाएर निबन्ध रचना गरेका छन् । निबन्धकार रिजालले खास गरी आफ्ना निबन्धहरुमा मुलुकमा भएका सामाजिक तथा राजनैतिक घटनाहरुको विकृति र विसङ्गतिलाई यथार्थ रुपमा प्रस्तुत गर्दै व्यङ्ग्य समेत गरेको पाइन्छ । यिनले आफ्ना निबन्धहरुमा समाजका विभिन्न विकृति र विसङ्गतिको भण्डाफोर गर्दै समाजमा अव्यवस्थित राजनैतिक परिपाटीको पनि भण्डाफोर गरेको पाइन्छ भने यिनका कृतिहरुमा रिजालले सुनेका, देखेका, भोगेका यर्थाथ पक्षहरुलाई पनि आफ्ना निबन्धहरुमा सजाउने काम गरेको पाइन्छ । यिनले राजनैतिक सम्बन्धी चर्चा परिचर्चालाई निबन्धको विषय बनाएर निबन्धात्मक शैली शिल्पलाई जनतालाई सुसुचित गर्ने गरेका छन् । सामाजिक तथा राजनैतिक विषयवस्तुलाई आफ्नो निबन्धको विषय बनाउँदै आफ्ना भनाइहरु छताछुल्ल रुपमा पोख्न सफल रिजाल नेपाली साहित्यको प्रगतीवादी साहित्यकारको रुपमा परिचित छन् । यिनी साहित्यको विविध फाँटमा लामो साधना गरेर परिपक्क सर्जक सफल निबन्धकारको रुपमा स्थापित उन्मुख रहेका छन् । यहाँ निबन्धकार गायत्रीप्रसाद रिजालका निबन्धहरुको सैद्धान्तिक पक्षको चर्चा गर्नु अगावै निबन्धको सैद्धान्तिक परिचय, विभिन्न व्यक्तिको विचार तथा परिभाषा आदिबाट निबन्धको विधागत परिचय दिने प्रयास गरीएको छ ।

### ३.१.२ निबन्धको विधागत परिचय

नेपाली साहित्य समय सँगसँगै विविध विधामा फैलदै र फुल्दै अघि बढ्ने क्रम जारी छ । हाम्रा अग्रज स्रष्टाहरुका सिर्जनाका कुसुमहरुबाट पल्लवित र पुष्पित हुँदै अघि बढ्ने क्रममा यसले विधाहरुमा मात्र नभई मूल विधा अन्तर्गत नै उप विधातिर पनि आफ्ना सिर्जनशील पाइलाहरु चालेका पाइन्छ । यी गतिशिल पाइलाहरुमा निबन्ध विधा सबैभन्दा कान्छो र प्रमुख विधा हो । पूर्वीय दर्शनमा निबन्ध शब्दको प्रयोग हुँदै आएपनि यसको साहित्यिक विशिष्ट गद्य विधाको रुपमा आधुनिक निबन्धको शुरुवात भने पाश्चात्य साहित्यकै देन मानिन्छ । विगतमा नेपाली साहित्यमा निबन्ध भन्नाले आत्मपरक र हास्यव्यङ्ग्य

निबन्धहरुलाई बुझाँउथ्यो, किनकि त्यसबेला त्यस्ता निबन्ध नै अत्याधिक मात्रामा लेखिने गर्दथ्यो । तर समयको गतिसँगै नेपाली निबन्ध अहिले संस्मरणात्मक र यात्रा निबन्धहरुमा समेत फैलिएको छ । यस्ता निबन्धहरुले आफ्ना लागि बेग्लै स्थानको माग गर्न थालेका छन् । लेखक र पाठक दुवैको यस्ता निबन्धहरुप्रति अत्याधिक रुचि देखिएको पाइन्छ । यस्तो स्थितिमा नेपाली निबन्ध इतिहास भनेर सबै किसिमको निबन्धलाई एउटै भाँडामा हाली व्याख्या, विवेचना र विश्लेषण गर्नु न्यायोचित (प्रधान, प्रमोद, :२०६६ : १) नदेखिएपनि निबन्ध गद्यमा लेखिने साहित्यका अनेकौ सिर्जनात्मक विधाहरु मध्येको एक प्रमुख र सशक्त विधा हो । साहित्यमा कविता आख्यान नाटक विधा साहित्यिक मात्र रहन्छ भने निबन्ध साहित्यिक र साहित्येतर दुवै हुन्छ । साहित्यिक निबन्ध ललित र सौन्दर्यपरक हुन्छ भने साहित्येतर ज्ञान विज्ञानका क्षेत्रमा आधारित र प्रविधिपरक हुन्छ (दाहाल, २०६७ : २५) । साहित्यमा विभिन्न विधाहरु मध्ये निबन्ध पनि एक महत्वपूर्ण विधा हो भन्ने कुरामा दुईमत छैन । यसमा व्यक्तिका ज्ञान र जानकारीहरु एवम् अनुभव र अनुभूतिहरुलाई एक विशेष भाषिक शिल्पमा शृङ्खलावद्ध रुपमा प्रस्तुत गरीन्छ । निबन्ध शब्दले साहित्यमा प्रबन्ध, लेख, शोधलेख, धर्काचित्र, खोज प्रबन्ध लगायतका रचनाहरुलाई पनि बुझाउँछ । यसबाट यसको व्यापकताको पुष्टि हुन्छ (प्रधान, प्रमोद, २०६६ : १) भने कुनै एक चित्रित विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखिएको रचना निबन्ध हो । मनका कुरा पोख्ने माध्यम निबन्ध हो (सुवेदी, २०५७/५८ : १०) निबन्ध साहित्यिक विधाहरुमा निकै पछि मात्र विकसित भएको कान्छो विधा हो । वर्तमान समयमा ज्ञान र सूचना प्राप्त गर्ने प्रमुख स्रोतका रुपमा निबन्ध वा निबन्धात्मक रचनालाई मानिएको छ ।

निबन्धमा विचार र भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभएपनि निश्चित प्रकारको शिलशिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित कलात्मक रचनालाई निबन्ध भन्ने गरीन्छ (दाहाल, २०६७ : २५) ।

वास्तवमा निबन्ध त्यो गद्य विधा हो, जसमा निबन्धकारको व्यक्तित्व पाठक समक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकको उपदेश नभई आत्माप्रकाशनकै लक्ष्यमा केन्द्रित भएको पाइन्छ । निबन्ध एक गद्य विधा भएको कारणले गद्यको सहज र अभिव्यक्तिगत सम्बद्धताले निबन्धमा प्राण सञ्चार गर्ने काम गर्दछ । विचार र भावको सम्वेदना र चिन्तनको समष्टि अभिव्यक्त निबन्ध हो । यो आत्माभिव्यक्तिको एउटा साहित्यिक साधन हो (दाहाल, कृष्णप्रसाद, २०६७ : २५) ।

मनका उन्मुक्त विचारहरु आफ्नो अनुभवले रङ्गाएर वा तटस्थ रही विषयको नालीबेली दिएर केही कुरा लिपिबद्ध गर्दा निबन्धको रुप बन्छ । यति मात्र होइन, उन्मुक्त विचारभित्र पनि परस्पर श्रृङ्खलित बन्धन, श्रमिक विचार यात्राभित्र पनि छरिएको अनुभूति र गद्यात्मक प्रस्तुति निबन्धको आफ्नो गुण हुन् । यसले अनुभूतिलाई शब्दको रुप दिन्छ र मूर्त अभिव्यक्तिको बाटो देखाउँछ । मानिसको अथाहा ज्ञान र शिपबाट एक पक्षको सानो विन्दु टिपेर निबन्धको थालनी गरीन्छ । यसरी सीमित घेराभित्र रहेर

असीमित विचार चियाउने र लगभग आधा घण्टाको एक बसाइमा पढिसकिने गद्यमय अभिव्यक्तिले निबन्धको नाउँ लिन पुग्छ (शर्मा, २०५२ : ३) ।

निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिड्ने, आत्मा र बस्तु दुवै वा कुनै एक पक्षमा केन्द्रित तथा शुरुमा अभ्यासिक र पछि गएर स्वत : स्फूर्त पनि हुन सक्ने रमाइलो र छोटो गद्य विधा जुन आदि, मध्य र अन्त्यको संगठन हुन्छ (शर्मा, २०५२ :४) ।

## ३.१.३ निबन्ध शब्दको व्युत्पत्ति

निबन्ध तत्सम शब्द हो । "नि" उपसर्ग रहने "बन्ध" धातुमा "घअ" प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ । नि उपसर्ग रहने "बन्ध" धातुमा अच प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ । यसको व्युत्पत्तिगत अर्थ भने (निबन्ध्नातीति निबन्ध) भन्ने हुन्छ । यसरी हेर्दा निबन्ध शब्दको अर्थ कुनै वस्तुलाई राम्ररी बाध्नु भन्ने हुन्छ (सुवेदी, २०५८ : ६) । श्रीमद्भागवद गीतामा दैवी सम्पद्विमोक्षाय निबन्धासुरीमता भन्दै निबन्धको प्रयोग आसरी सम्पदालाई बाँध्ने अर्थमा भएको पाइन्छ (गीता, २०५४ : ९) । हेमचन्द्रले यसको प्रयोग मूत्ररोधकरुपी राग तथा बन्धनको अर्थमा गरेका छन् (सुवेदी, २०५७/५८) । वासवदता र न्यायमञ्जरी ग्रन्थ रचनाका अर्थमा र तत्व दीपनको अनेक तत्वहरुको सङ्ग्रहित सानो साहित्यिक कलाको चमत्कृत अर्थमा र शिशुपालबध वा भाष्य र ग्रन्थका अर्थमा "निबन्ध" शब्दको प्रयोग भएको देखिन्छ (गौतम र लुइटेल, २०५५ : १) ।

वर्तमानमा आएर निबन्धले जुन अर्थ दिन्छ त्यो अर्थ प्राचीन युगमा पाइदैनथ्यो । यसको मुख्य कारण संस्कृत साहित्यमा आजको जस्तो निबन्ध सिर्जना भएको थिएन । नेपाली साहित्यमा आधुनिकता प्रभाव पाश्चात्य साहित्यको बरदान भएकाले निबन्ध विधा पनि पाश्चात्य साहित्यको उपज मान्न सकिन्छ ।

अंग्रेजीमा निबन्धलाई एस्से(Essay) भनिन्छ । यो फान्सेली शब्द एसाइ (Essai) बाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ (थापा, २०४२ : १८०) । पाश्चात्य साहित्यमा निबन्धको प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार मोन्तेङ्ग हुन् । १६औं शताब्दीको अन्त्यतिर उनले आफ्नो रचनालाई एसाई (essai) भन्ने नाम दिएका थिए, जसको अर्थ प्रयास हुन्छ । मोन्तेडले आफ्ना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । म नै मेरो निबन्धको विषयवस्तु हुँ र मलाई सबभन्दा नजिकबाट चिन्ने व्यक्ति म हुँ (अधिकारी १९७६ : १९) । फ्रान्सिस बेकन निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै विकीण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो भन्दछन् (सुवेदी, २०५८ : १७) । पाश्चात्य साहित्यमा निबन्धका नामहरु विभिन्न रुपमा प्रचलित छन् ।

यसरी निबन्ध शब्दको अर्थ लगाउने क्रममा नेपाली बृहत शब्दकोषले कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको रचना विधान हो भनेको छ भने नेपाली शब्दभण्डारमा

निबन्धलाई आत्मापरक र वस्तुपरक ढङ्गले रचिएको गद्य रचना मानिएको छ । यसैगरी प्रयोगात्मक नेपाली शब्द कोषले निबन्धलाई कुनै वस्तु विचार तथा भावको शृङखलाबद्ध अभिव्यक्ति भएको गद्य रचनाको एक विधा मानेको छ । (दाहाल, २०६७ : २७) ।

निबन्धलाई प्रेन्चमा (Essais) को प्रयोग गर्ने व्यक्ति मोन्तेन हुन भने अंग्रेजीमा सर्वप्रथम (Essay) शब्दको प्रयोग गर्ने काम बेकनले गरेका हुन् । निबन्ध विधा इतिहासमा नै कान्छो विधा देखिन्छ तापनि यसले झण्डै चार शताब्दीको अवधि पार गरेको देखिन्छ ।

पूर्वीय संस्कृत साहित्यमा निबन्ध शब्दको प्रयोग हुँदै आएपनि त्यसले साहित्यको विशिष्ट गद्यविधालाई बुझाउन सकेको देखिदैन तर पाश्चात्य एस्से (Essay) शब्दले आरम्भकालदेखि नै साहित्य रचनाकै अर्थ वहन गरेर व्यापक अर्थमा गद्यविधा विशेषलाई समेट्दै आएको छ । तथापी आधुनिक अर्थमा निबन्ध पश्चिमेली साहित्यकै देन हो । निबन्ध विधाको विकासमा थुप्रै पश्चिमेली साहित्यकारहरुको महत्वपूर्ण योगदान रहेको देखिन्छ । यो विधा दक्षिणपूर्व एसियाका विभिन्न राष्ट्रहरुमा पनि क्रमशः विकसित र विस्तारित हुँदै आएको हो । नेपाली साहित्यमा निबन्ध अत्यन्तै लोकप्रिय विधा हो । पाठकहरु निबन्धका माध्यमबाट लेखकको अनुभव र अनुभूति, विचार र धारण, चिन्ता र चिन्तन अनि समसामयिक परिवेश र परिस्थितिलाई नजिकबाट हेर्न रुचाउँछन । पाठकहरुको यही रुची र लेखकहरुको विधाप्रतीको मोहले अहिले नेपाली साहित्यमा यो विधा विभिन्न हाँगाविगा र आकारप्रकारमा फैलिनुका साथै फक्रन र फुल्न थालेको छ (प्रधान, प्रमोद : २०६६) ।

पूर्वीय आचार्यहरुको काव्यस्वरुपलाई गद्य र पद्य दुवै विधामा राखेर "गद्यम कवीनम निकषम वदन्ति" भन्ने गद्य भाषाको काव्यलाई काव्यकारको क्षमता तौलले कसी अर्थात मापदण्डको रुपमा स्वीकार गरेको पाइन्छ भने पश्चिमाहरुले यसलाई धेरै पछि आएर ई सं. १५८० तिर मात्र बुझ्न सकेको देखिन्छ (दाहाल, कृष्णप्रसाद, २०६७ :२७) ।

यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पतिमूलक अर्थ भन्दा पाश्चात्य एस्सेसँग नै निकट रहेको देखिन्छ । एस्सेको समानार्थी शब्दको रुपमा नेपाली निबन्ध शब्द प्रचलित भएको छ ।

### ३.१.४ निबन्धको परिभाषा

सोह्रौ शताब्दीमा आरम्भ भएको निबन्ध यात्रा युरोपमा फ्रान्सबाट विस्तारित भएको पाइन्छ । अतः निबन्धगत अवधारणाको पूर्वभास भने इशापूर्वकै समयमा प्लेटो र अरिस्टोटलले दिएका सम्भाषणहरु होरेस र लन्जाइन्सका लेखनले दिएका सन्देशहरुबाट भएको मान्न सकिन्छ । तर पनि निबन्धको सचेत लेख भने फ्रान्सका मिसेल डि. मोन्तेन (१५३३–१५९१) र ब्रिटेनमा फ्रान्सिस बेकन (१५६१–१६२६) को आगमनपछि मात्र आरम्भ भएको हो (सुवेदी, २०५२) ।

पाश्चात्य विद्धानहरुले निबन्धलाई चिनाउने क्रमम विभिन्न परिभाषा गरेका छन् । निबन्धका जन्मदाता मोन्तेनले आफू स्वयम्लाई नै निबन्धको विषय भनी स्पष्ट गरेका छन् । यिनले निबन्धलाई आत्माको अभिव्यक्तिका रुपमा लिएका छन् । यसपछि फ्रान्सिस वेकनले निबन्ध बारे टिप्पणी गर्दै आफ्नै मान्यता अनुकूल निबन्ध रचना गरेका छन् । निबन्धको स्वरुप र परिभाषा बारेमा सर्वप्रथम पाश्चात्य जगतबाट नै चिन्तन गर्ने र परिभाषा गर्ने काम शुरु भएको पाइन्छ (सुवेदी, २०५२ : १७) ।

यसकारण सर्वप्रथम निबन्ध सम्बन्धी मतमतान्तरलाई प्रस्तुत गर्ने क्रममा पाश्चात्य विद्धानहरुको मतमतान्तरलाई अगाडि सार्नु यहाँ उपयुक्त ठानिएको छ ।

**१) निबन्ध सम्बन्धी पाश्चात्य मत**

सर्वप्रथम निबन्ध सम्बन्धी अवधारणा प्रकट गर्ने मोन्टेन इशापूर्व प्रथम शताब्दीको आचार शास्त्री प्लुटाकँका MOROLLIA र SINACA जस्ता कृतिहरुबाट प्रेरित थिए भन्ने कुरा थाहा पाइन्छ । आफ्नो जीवनको अन्तिम दुई दशक अवधिलाई निबन्ध चिन्तनमा खर्च गर्ने मोन्टेन यस प्रकार आफ्नो निबन्ध सम्बन्धी निजी अवधारणा व्यक्त गर्दछन् (दाहाल कृष्णप्रसाद,२०६७ : २८) ।

यसरी निबन्ध के हो भन्ने सन्दर्भमा पाचात्य साहित्यकारहरुले गरेका केही परिभाषाहरु निम्नलिखित उल्लेख गरीएको छ ।

- "म नै मेरो निबन्धको विषय हुँ किनभने मलाई सबैभन्दा चिन्ने व्यक्ति म नै हुँ ।"–मोन्तेन( अधिकारी, रामलाल, १९७६ : १९)
  यस परिभाषाबाट के प्रष्ट हुन्छ भने निबन्धको विषय निजी धारणाबाट आर्जित वैयक्तिक अनुभूतिको प्रकटीकरण हो । निबन्धकारले नजिकबाट सबैभन्दा बढ्ता चिनेको विषयवस्तु भनेको स्रष्टा स्वयम् हो । यसबाट मोन्टेन एक आत्मापरक निबन्धकार हुन भन्ने थाहा पाउन सकिन्छ । मोन्टेन पछि निबन्धका बारेमा टिप्पणी गर्ने व्यक्तित्व फ्रान्सिस बेकन मानिन्छ । फ्रान्सिस बेकन ख्यातिप्राप्त चिन्तक र विचारक मानिएका छन् (दाहाल कृष्णप्रसाद,२०६७ : २८) ।
- "विकीर्ण चिन्तनको प्रस्तुतीकरण निबन्ध हो" –बेकन (सुवेदी,२०५८ : १७)
  अङ्ग्रेजी साहित्यकार पहिलो निबन्धकार तथा निबन्ध सिद्धान्तबारेका चिन्तक फ्रान्सिस वेकनले निबन्ध विकीर्ण चिन्तन हो अर्थात यिनले निबन्धलाई छरिएको चिन्तन भनेका छन् । यसरी वेकन गम्भीर, चिन्तन पाण्डित्यपूर्ण चिन्तन वा बुद्धितवका पक्षमा देखिएको थाहा पाइन्छ । बुद्धिवादका पक्षपाती भएका कारणले उनी वस्तुपरक निबन्धका प्रथम प्रणेता मानिन्छन् । बेकन विषयवस्तुमा केन्द्रित परात्मक र ठोस एवम् विद्धता युक्त निबन्ध सृजना हुनुपर्ने कुरामा प्रतिवद्ध देखिएका छन् ।

मोन्तेन र फ्रान्सिस बेकनक भनाइ पश्चान निबन्धका बारेमा अन्य विद्धानहरुले पनि आफ्ना विचारहरु राखेका छन् ।

- “निबन्ध भनेको मनको उन्मुक्त विचरण हो । यो त्यस्तो अनियमित र अपरिपक्क रचना हो जसमा नियम वा रुप रहदैन ।” –डा जोनसन (शर्मा, २०५५ : ३)

  यी माथिका अर्को परिभाषाकर्ता डा. जोन्सन (१९०९–१९८४) ले शब्दकोषको सम्पादन गर्ने क्रममा निबन्धलाई मनको उन्मुक्त विचरणका रुपमा राखेको छ भने यस्तो अनियमित अपरिपक्क रचनाको कुनै नियम वा क्रम रहदैन भनेर परिभाषा गरेका छन् (दाहाल, २०६७ : २५)
- “कुनै विषयका शाखा अथवा विषय विशेषबारे लेखिएको ठिक्क लमाई भएको रचना निबन्ध हो ।” –मरे (शर्मा, २०५५ : ४)
- “निबन्ध भनेको स्मित मनोदशाको ज्ञानको र सामान्य अवस्थाको मधुर अभिव्यक्ति हो” –रर्वटलिण्ड (दाहाल, कृष्णप्रसाद, २०६७ : २९) ।
- “असल निबन्ध विचारपूर्ण अनुसन्धानको एक प्रकार हो । यो प्रफुल्ल हृदयले व्यक्तिवादी पाराले प्रस्तुत गर्ने प्रयत्न गरीएको रचना हो ।” –जे डब्ल्यु मरेट (सुवेदी, २०५२)
- “हलुका पारा तथा असल ढङ्ग र लेखक तथा पाठक माझको विश्वस्त सम्बन्ध रहेको निबन्ध आदर्श निबन्ध हो ।” –हयूवाकर (सुवेदी २०५२)
- “निबन्ध प्रसन्न मनस्थितिको ज्ञान र अचेतनावस्थाको मधुर रचना हो ।”–रार्वट लिण्ड (सुवेदी, २०५२)

## २. निबन्ध सम्बन्धी पूर्वीय मत

पूर्वीय वाङ्मयमा निबन्धमा विविध परिभाषाहरु पाइन्छ । निबन्धका सम्बन्धमा गीतामा “निबन्धाया सूरीमया” अर्थात निबन्ध भन्नाले सांसारिक मायामा बाँध्ने साधन भनिएको छ भने याज्ञवल्क्य, स्मृतिमा निबन्धोद्वव्यमेव च” अर्थात सांसारिकि सम्पूर्ण पदार्थ भनेर निबन्धलाई बुझाउन खोजिएको छ । त्यसै गरी हेमचन्दै स्मृतिम बन्धन र मुज निरोधक ग्रन्थहरुको सङ्ग्रहित ज्ञानलाई निबन्ध भनिएको छ । (दाहाल, २०६७ : ३१) ।

पूर्वीय साहित्यका विभिन्न विद्धान्हरुले पनि निबन्धलाई परिभाषित गर्ने क्रममा आ–आफ्नै प्रकारका अभिमत प्रस्तुत गरेका छन् । यसै क्रममा हिन्दी साहित्यका विद्वान रामचन्द्र शुक्लले निबन्धलाई यसरी परिभाषित गर्ने काम गरेका छन् । “निबन्धमा वैयक्तित विशेषताका निमित्त र त्यस विशेषताको प्रदर्शनका निमित्त व्यक्त विचारहरुको प्रवाह ज्ञान वा अज्ञात रुपले होस विश्रृङ्खलित भने हुन दिनु हुन्न । भाव प्रवाहको विचित्रता नदेखाउनका निमित्त अनुभूतिका स्वाभाविक वा लोक सामान्य रुपसँगै कुनै सम्बन्ध नै राख्नु वा भाषासित प्रश्नहरुको जस्तै व्यायामिक वा सहयोगीहरुले झै आसन साधन गराइरहनु हुदैन (दाहाल, २०६७ : ३१) ।

यसैगरी हरिनाथ टण्डनको कथन छः “निबन्ध शब्दको अर्थ हो, बाँधिएको अत थोरै अत्यन्त चुनिएको शब्दहरुको कुनै विषयमा आफ्नो विचार प्रकट गर्ने प्रयत्नलाई निबन्ध भन्दछन् (दाहाल, २०६७ :३२) । निबन्धको परिभाषा गर्ने क्रममा बाङ्ला साहित्यका विद्वान बाबु गुलाब रायपले यसरी निबन्धलाई परिभाषित गरेका छन् : “निबन्ध त्यस प्रकारको रचना हो जसमा सीमित आयतन भित्र कुनै विषयको वर्णन वा प्रतिपादन एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता त्यस्तै सङ्गति र सुम्बद्धता पूर्वक भएको प्रस्तुतिकरण निबन्धमा भएको हुन्छ (सुवेदी, २०५२) ।

यसैगरी नेपाली निबन्ध साहित्यमा पनि निबन्धको परिभाषा गर्ने क्रममा विभिन्न विद्वानहरुले आ–आफ्नै प्रकारका अभिमतहरु प्रस्तुत गरेका छन् । जस मध्ये पाश्चात्य निबन्ध साहित्यमा निजात्मक निबन्धका जन्मदाता मानिने मोन्टेनका निजात्मक निबन्ध लेखन परम्परालाई अग्रगति प्रदान गर्न सपफल नेपाली निबन्ध साहित्यको सर्वोच्च प्रतिभा निबन्धकार लक्ष्मीप्रसाद देवकोटा देखि विभिन्न विद्वानहरुले आफ्ना धारणा प्रस्तुत गरेका छन् ।

- “यो (निबन्ध) टेबुल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त वमन वेदान्त । यसमा ठरोपना हुदैन, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लन्छ” –लक्ष्मीप्रसाद देवकोटा (शर्मा, २०५५ : ४) ।
- “निबन्ध त्यो काव्य विधा हो, जसमा लेखक (निबन्धकार) को व्यक्तित्व पाठक समक्ष पूर्णतया प्रकाशमान हुन्छ, यसमा लेखकले उपदेश नभई आत्माप्रकाशन कै लक्ष्यमा केन्द्रित हुनुपर्छ”–रामलाल अधिकारी (दाहाल, २०६७ : ३३) ।
- “निबन्ध सत्य वस्तु देखाउने लेखकको अन्तरज्योतिको शाब्दिक स्वरुप हो”–बदरीनाथ भट्टराई ( दाहाल, २०६७ : ३३) ।
- “सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकको आफ्नो हृदय भित्र लुकेर बसेको अदृश्य स्रोतालाई सुनाएको गन्थन हो” – बालकृष्ण पोखरेल (दाहाल, २०६७ :३३) ।
- “निबन्ध भनेको एक किसिमको कुरा गराइ हो । लेखकका मनमा भावनालाई स्वागत कथनका रुपम उद्गारित गराउने विधा विशेष निबन्ध हो”–डा. इश्वर बराल (शर्मा, २०५५ : ५) ।
- “निबन्धमा लेखकले कलमको पछि पछि दौडेर मात्र पुग्दैन, पाठकलाई प्रभावित पार्न कलमलाई हृदय पगाल्ने कोसिस पनि गर्नुपर्छ । परिमार्जित र परिपक्क विचार, दृष्टिकोणलाई व्यङ्ग्य हास्य र ठट्यौलोपन मामुली तवरबाट पोख्दै जानुपर्छ”–हृदयचन्द्रसिंह प्रधान (शर्मा, २०५५ : ५) ।
- “कुनै विषयमा आफूले जानेको सोचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य निबन्ध हो” –भैरव अर्याल (ढुङ्गेल र दाहाल, २०६८ : ४९) ।

- "कुनै विषयबारे सुगठित शैलीमा सविस्तार लेखिएको उद्देश्यपूर्ण र प्रत्ययकारी लघु गद्य रचनालाई निबन्ध भनिन्छ " –मोहनराज शर्मा (ढुङ्गेल तथा अन्य २०६८ : ४९) ।

उपर्युक्त विभिन्न पाश्चात्य तथा पूर्वीय विद्धानहरुका परिभाषाहरुलाई अध्ययन गरी निष्कर्षमा निबन्ध बन्धनहीन भने पनि भित्री अन्वितिले कसिएको गद्यरचना निबन्ध हो र आत्मा प्रकाशन निबन्धको आवश्यक तत्व हो (शर्मा, २०५५ : ५) भने निबन्धको स्वरुपलाई अझ स्पष्ट पार्न बुँदागत रुपमा यसरी प्रष्ट्याउन सकिन्छ ।

- निबन्ध आख्यानेतर गद्य विधा हो ।
- अणुदेखि ब्रम्हाण्डसम्मका जुनसुकै विषयमा निबन्ध लेख्न सकिन्छ ।
- निबन्ध सुगठित शैलीमा लेखिएको छोटो छरितो रचना हो ।
- निबन्धमा मनोगत भावविचारको वा वस्तुगत सत्य तथ्यको प्रस्तुति रहन्छ ।
- हार्दिकता र बौद्धिकताको सन्तुलित प्रयोग निबन्धकालागि अनिवार्य देखिन्छ ।
- निबन्धमा रोचकता, सजीवता, विश्वसनीयता, शैलीगत विविधता र आत्मियता हुनुपर्छ ।

माथि उल्लेखित परिभाषा एवम् बुँदाहरुका आधारमा निबन्धलाई निम्नानुसार परिभाषित गर्न सकिन्छ ।

कुनै विषयवस्तु, भाव वा विचारलाई व्यक्ति आत्माको रङमा घोलेर प्रस्तुत गरीने तथा विचारको सशक्तता र कल्पनाको तीव्रता भएको लघु कलेवरमा सञ्चित साहित्यको अनाख्येय गद्य विधालाई निबन्ध भनिन्छ ।

### ३.१.५ निबन्धको तत्वहरु

शून्यमा निबन्धको कल्पना गर्न सकिदैन । त्यसैले निबन्ध रचनाका पनि केही आधार हुन्छन् र यसको केही आफ्नै सामग्रीहरु छन् । यी सामग्रीहरु निबन्धका तत्व हुन् । निबन्धको तत्वहरुलाई निम्नानुसार उल्लेख गर्दै व्याख्या गर्न सकिन्छ ।

**क) विषय :** विश्वका सुक्ष्म जीवाणुदेखि वृहत आकृतिका प्राणीसम्म, परमाणुदेखि स्थुल ग्रहसम्म र कल्पनाका तरङ्ग देखि यथार्थताका क्रियाकलापसम्म व्यापकतम क्षेत्रसम्म निबन्धको विषय फैलिएका हुन्छ । विषयको प्रजनन् स्रष्टाको मनमा त्यो वस्तु सञ्चरण गर्न आइपुग्दा कुनै न कुनै घटनाका माध्यमबाट उपस्थित हुन्छ । विषयमा मात्र केन्द्रित हुनाले निबन्धमा आख्यानात्मक प्रस्तुतीको न्यूनता र यदाकदा शून्यता नै पनि रहन्छ । तर निबन्ध विषयको शुन्यतामा भने लेखिदैन (सुवेदी, २०६४ : ११९) ।

**ख) सम्वेदना :** सम्वेदना निबन्धको अर्को तत्व मानिन्छ । निबन्धमा विषयको स्वभाव र स्थितिबाट प्रभावित भावनाको प्रकटीकरणका आधारमा स्रष्टाको भावना जगतको निरुपण गरीएको हुन्छ । यसरी निरुपित गरीने भावजगत सम्वेदनायुक्त हुनुपर्छ । कोमल र तरल भावको प्रतिपादन गर्ने हुनुपर्छ निबन्ध निर्णयहरु ठोस र कठोर भए पनि ती निर्णयम पुग्ने प्रक्रिया लेखकमा भावुक र सम्वेदनशील हार्दिक र तरलित भावप्रवाहद्वारा प्रतिपादन भएको हुनुपर्छ (सुवेदी, २०६४ : ११९) ।

**ग) निजात्मकताः** आग्रह र दृष्टिकोण व्यक्तिगत भएपनि तिनलाई सार्वजनिक रुपमा स्थापना गर्ने प्रयत्न बैयक्तिक तवरबाट गरीएको हुन्छ । आत्मानुभावमा तयार भएका अनेकानेक वस्तुहरु पाठ्यसम्म सम्प्रेषित गर्ने आफ्नै किसिमको आग्रह हुन्छ । विश्वको वस्तुवादी दृष्टिकोणलाई निजीकरण गरेर आफ्नै आग्रहमा सर्वग्राह्य बनाउन गरीने प्रयत्नमा व्यक्त हुने स्रष्टाका आत्मानुनयमा प्रस्तुत हुने भावना निजात्मक सीमामा आवद्ध भएको हुन्छ (सुवेदी, २०६४ : ११९) ।

**घ) उद्देश्यः** पाठक समुदायमा अपेक्षित सन्देश पुऱ्याउन गरीने आग्रहमा निबन्धको उद्देश्य निहित हुन्छ । त्यसमा जीवन र जगतलाई अनेक कोण र दृष्टिबाट निरुपण गर्न सकिन्छ । त्यसले निरुपण गरीएको सन्दर्भमा केही न केही सन्देश निहित हुन्छ । उक्त सन्देश रचनाका माध्यमबाट पाठकसम्म पुऱ्याउनु नै यसको उद्देश्य हो (सुवेदी, २०६४ : १२०) ।

**ङ) लाधु आयतनः** जुनसुकै रचनाको आयतन अपेक्षित रुपमा निश्चितता भित्र रहन्छ । आधुनिक कथाजगतको रचना धर्मिताले माग गरेको निश्चित आयतन जस्तै निबन्धको आयतन पनि निश्चित र संक्षिप्त हुन्छ । त्यसबाट निबन्ध संक्षिप्त आकृति विधानमा सीमित हुने विधा हो भन्ने सिद्ध हुन्छ (सुवेदी, २०६४ : १२०) ।

**च) रचनाको शैलीः** शैली स्रष्टाको निजी पहिचान हो । निबन्धका विषयवस्तुले मौलिक रुप प्राप्त गर्ने अवस्था नै शैलीको तहमा देखिने तत्व हो । यो प्रस्तुतीको ढाँचा पनि हो । यो कतै कठोर, कतै सहज र सरल पनि हुन्छ । कतै बौद्धिक एवं तार्किक र जटिल पनि हुन्छ । यसले रचनाको संरचक तत्वको भूमिका खेलेको हुन्छ । सङ्गठन र सङ्कथन तहको भूमिका निर्वाह गरेको हुन्छ । त्यसकारण निबन्ध विशिष्ट रचनाशैली प्रदर्शन गरीने विधा पनि हो (सुवेदी, २०६४ : १२०) ।

## ३.२. निबन्धको वर्गीकरण

निबन्ध विधाको आद्य रुप फ्रेन्च लेखक मोन्तेनले ठम्याएका हुन् । त्यसपछि बेलाईतका फ्रान्सिस बेकनले निबन्धको अर्को खालको व्याख्या गरेका हुन् । यसरी मोन्तेनको धारणा अनूकुल निजात्मक वा व्यक्तिनिष्ठा निबन्ध र बेकनको धारणा अनुकूल परात्मक वा विषयनिष्ठ निबन्ध भनी दुई खालको वर्गीकरणको धारा शुरुदेखि नै चल्दै आएको हो । जति जति निबन्ध साहित्यको विकास हुँदै गयो उति उति निबन्धको प्रकृति, स्वरुप र सङ्गठनभित्र पसेर यसको विभाजन तथा वर्गीकरण गर्ने प्रयास भइरहेको छ (शर्मा, २०५२ : २३) ।

सरलताका लागि निबन्धको वर्गीकरण दुई आधारमा गर्न सकिन्छ ।

क) विषयका आधारमा

ख) अभिव्यक्तिका आधारमा

क) विषयका आधारमा निबन्धका दुई भेद छन् :

अ) विषयनिष्ठ वा परात्मक निबन्ध (Objective Essays)

आ) विषयनिष्ठ (व्यक्तिनिष्ठ) वा निजात्मक निबन्ध (Subjective Essays)

ख)अभिव्यक्तिका आधारमा निबन्धका चार विभाजन गरीएका छन्:

अ) वर्णनात्मक निबन्ध, (Descriptive Essays)

आ) विवरणात्मक निबन्ध

इ) विचारात्मक निबन्ध

ई) भावनात्मक निबन्ध

निबन्धका उपर्युक्त प्रकारलाई अझै स्पष्टताका लागि अलग– अलग चर्चा गर्नु यहाँ अपेक्षित देखिन्छ ।

**क) विषयका आधारमा गरीएको निबन्धको वर्गीकरण**

**अ) विषयनिष्ठ वा परात्मक निबन्ध**

विषय निबन्धहरु विषयकै सेरोफेरोमा घुम्छन् । यस्ता निबन्धका निबन्धकार आफू तटस्थ रहन्छ र विषयवस्तुको चिनारी गराउने धूनमा रहन्छ । निजनानूभुतिको वास्ता नगरेर “पर” वा वस्तुसत्यको यथार्थ चित्रण प्रस्तुत गर्नु उसको मूल लक्ष्य हुन्छ । त्यसैले यस्ता निबन्ध परात्मक हुन्छन् । निबन्धको प्रमुख लक्ष्य सुचनात्मकता हुन्छ र आत्मप्रकाशन गौण हुन्छ ।

विषयनिष्ठ वा परात्मक निबन्धका विषयवस्तु बाह्य हुन्छन्  ती इतिहास, दर्शन, भ्रमण, विज्ञान, साहित्य, प्रकृति आदि जुनसुकै पनि हुन सक्छन् । सिकारु लेखक प्रायः यस्तै खालका निबन्धलेखबाट अभ्यास गर्दै अभिव्यक्ति माझिएपछि दोस्रो प्रकारका पनि अभ्यास गर्न थाल्छन् । नेपाली साहित्यमा बदरीनाथ भट्टराई, भीमनिधि तिवारी आदिले परात्मक निबन्ध लेखेका छन् (शर्मा, २०५२ :२४) ।

**आ) विषयीनिष्ठ वा निजात्मक निबन्ध**

व्यक्ति स्वयम् रङ्गिएको निबन्ध विषयनिष्ठ वा व्यक्तिनिष्ठ निबन्ध हो । व्यक्तिका निजी अनुभव, विचार र विद्धता प्रदर्शन गर्ने खालका निबन्धहरु यस भेदमा समेटिन आउँछन् । यसमा निबन्धकार स्वयम् चिनिएको हुन्छ । यस्तो निबन्धका लागि बाह्य विषयहरु व्यक्तित्व प्रदर्शनका माध्यम मात्र हुन् । निबन्धकार विषयको चिनारी गराउने तरखरमा लाग्दैन । निबन्धकार यहाँ कहिले आफ्नो यात्रा अनुभवको वर्णन गर्छ भने कहिलेकाही विद्धता वा पाण्डित्यको प्रदर्शन गर्छ । पाठकलाई आफ्नो जीवनयात्राका फाँटमा पु¥याएर लेखकले आफनै तिता–मिठा अनुभव र गुनासाहरु पोख्दै उसबाट नजिकको सम्पर्क स्थापित गर्ने प्रयास गरीरहेको हुन्छ । नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, शङ्कर लामिछाने आदि यस खालका निबन्धकार हुन् (शर्मा, २०५२ : २५) ।

**ख) अभिव्यक्तिका आधारा निबन्धको वर्गीकरण**

**अ) वर्णनात्मक निबन्ध**

वर्णन प्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भन्ने गरीन्छ । क्रमबद्ध र व्यवस्थित वर्णन भएको कुनै पनि विषय आफूले देखेको, सुनेको, जानेको र अनुभव गरेको वस्तु घटना प्रकृति आदि इत्यादिका वास्तविक दृश्यलाई यथार्थ रुपमा वर्णन गरीएको निबन्धलाई वर्णात्मक निबन्ध भनिन्छ । कुनै पनि विषयवस्तुका बारेमा नालीबेली छुट्टयाएर त्यसको वास्तविक रुप अगाडि राखेर कुनैपनि वस्तु तथ्यबारे

लेखिएको वस्तुपरक दृष्टि स्पष्टसँग पाठकसामु हस्तान्तरण गर्नु नै वर्णनात्मक निबन्धको विशेषता हो । वर्णनात्मक निबन्धमा संक्षिप्तता भित्रै गृहित वस्तुलाई पूर्णता दिएका, शुक्ष्म निरिक्षण भएको, विषय सम्बन्धी विविध ज्ञान प्रस्तुत भएको, साङ्गोपाङ्गो वर्णन भएको र सरल एवम् सुवोध शैली तथा आलङ्कारिक भाषा जस्ता विभिन्न प्रकारका विशेषताहरु रहेका पाइन्छ । जस्तैः निबन्धकार बालकृष्ण पोखरेल "पृथ्वीनारायण शाह" र "महाकवी लक्ष्मीप्रसाद देवकोटा" शीर्षकका निबन्धहरुलाई वर्णनात्मक निबन्ध अन्तर्गत राख्न सकिन्छ (दाहाल, २०६७ :४६) ।

**आ) विवरणात्मक निबन्धः**

विवरणको अर्थ हुन्छ घटनाको सिलसिलेवार, कुनै पनि कार्यव्यापारको हुलिया यसमा दिइन्छ । यस खालको निबन्धमा अतित कालका कुनैपनि एक टुक्रालाई टिपेर घटनाको बेलीविस्तार क्रम मिलाएर विशिष्ट विवरण प्रस्तुति गरीने क्रमलाई विवरणात्मक निबन्ध भनिन्छ । यसमा पुराना सम्झना, कुनै सालको यात्रा, विगत धार्मिक तथा ऐतिहासिक उत्सव आदिबारे कालक्रम र घटनाबारे टिप्पणी, विश्लेषण वा व्याख्या गरेको पाइन्छ । विवरणात्मक निबन्धमा कथात्मक वा ऐतिहासिक कार्यका कारण श्रृङ्खलाको निर्वाह भएको हुन्छ । घटित विषयमा लेखिने भएकोले ऐतिहासिकता यसको प्रमुख विशेषता हो भन्न सकिन्छ । ऐतिहासिकतालाई प्रस्तुत गरीने भएता पनि यसमा इतिहास कारले झै वृतान्त मात्र नदिएर केही रागात्मक साथ प्रस्तुत गर्ने गरीन्छ । कतै कतै भाव र कल्पना तत्वको समेत राम्रो प्रयोग भएको हुन्छ । अतः यसमा पुराना सम्झना, कुनै सालको यात्रा, विगतका धार्मिक तथा ऐतिहासिक उत्सव आदि बारे कालक्रम र घटना बारे टिप्पणी, विश्लेषण वा व्याख्या गरेको पाइन्छ (दाहाल, २०६७ : ४७) ।

**इ) विचारात्मक निबन्धः** चिन्तन र विचारप्रधान भएर आएको, बुद्धिपक्षको सम्बर्द्धनको प्राधान्यता रहेको निबन्ध हो । यसमा गम्भीर तथा अमूर्त विषयलाई वैयक्तिक रुपले उपस्थापन गर्ने प्रयास हुन्छ । यसमा बुद्धिसँग प्रत्यक्ष सम्बन्ध हुन्छ र निबन्धकारले बीच बीचमा आफ्नो मत वा विचार दिइरहेको हुन्छ । धर्म, दर्शन, साहित्य, सँस्कृति आदि जुनसुकै विषयमा पनि विचारात्मक निबन्ध लेख्न सकिन्छ । विचारहरुको तारतम्य, रोचकता, विषयगत गहनता र बौद्धिक आवरण विचारात्मक निबन्धका विशेषता हुन् (शर्मा, २०५५ : ६) ।

**ई) भावनात्मक निबन्धः** भावनात्मक निबन्धमा अमूर्त भावहरुको उपस्थापन हुन्छ । दया, देशप्रेम, करुणा, आशा आदि यसखालका निबन्धका विषय हुन् । यसमा हार्दिकता, सौकुमार्य र संवेदनशिलता रहन्छन् । यहाँ तर्क वा सिद्धान्तको गुन्जाइस रहँदैन । भावनात्मक निबन्धमा अनुभूतिको स्वस्फूर्त प्रवाह हुनुपर्छ । यसमा लक्षण र व्यञ्जनाशक्तिद्वारा अमूर्त विषयलाई सम्प्रेषित तुल्याउने जमर्को हुन्छ । ठाउँ ठाउँ कल्पनाको समेत संयोजन गरीन्छ । भावुकताको पक्ष अधिक मात्रामा भएको बुद्धिको सुइच दबाएर भावनालाई मात्र प्रशस्त खेल्ने मौका यसमा दिइन्छ । यस प्रकारको निबन्धमा हृदय जति प्रवल भएर प्रकट हुन्छ, त्यती नै निबन्ध राम्रो भएको मानिन्छ । हृदयको निश्चल आत्माप्रकाशन नै भावनात्मक निबन्धको प्रमुख विशेषता हो । यसमा जीवनका सुख दुःख, आशा, निराशा र हाँसो रोदनको आधार भूमिमा जीवनका घनिष्ठतम रुप प्रस्तुत गरीएको हुन्छ । अतः यस खालका निबन्धमा

हार्दिकता, सम्वेदनशिलता, सुकुमारता, कोमलता र कल्पनाशिलताको सुन्दर र हृदयस्पर्शी अभिव्यक्ति पाइन्छ । भावनात्मक निबन्धका रुपमा लक्ष्मी प्रसाद देवकोटाका "सरिताको कलकलमा" र "के नेपाल सानो छ ?" जस्ता निबन्धलाई लिन सकिन्छ । (दाहाल, २०६७ :४९)

यसरी विषयका आधारमा र अभिव्यक्तिका आधारमा गरीने निबन्धको वर्गीकरण सामान्य खालको वर्गीकरण हो । निबन्ध विधामा प्रवेश गर्नका लागि निबन्धको स्वरुप र स्थिति ठम्याउन यस किसिमको वर्गीकरणले सघाउ पुऱ्याउँछ (शर्मा, २०५२ : २६) ।

नेपाली विद्धानहरुले निबन्धको वर्गीकरणबारे डा. इश्वर बरालले (सयपत्री) को भूमिकामा साहित्यिक र असाहित्यिक गरी निबन्धका दुई खालको वर्णन गरेका छन् । साहित्यिक निबन्धमा रागात्मक भाषा, आलङ्कारिकता र कलात्मकता हुन्छ भने असाहित्यिक निबन्ध बढी वस्तुपरक हुन्छ । यिनले निजात्मक र परात्मक गरी दुई दुई भेदमा बाँडी निजात्मक निबन्धका तीन भेद, (वैयक्तिक, भावनात्मक र विचारात्मक) तथा परान्मक निबन्धक दुई भेद (वर्णनात्मक र विवरणात्मक) गरेका छन् ( शर्मा, २०५२ : २६) ।

प्रा. बालकृष्ण पोखरेलले निबन्धको वर्गीकरण गर्ने प्रसङ्गमा निबन्धलाई प्रमुख दुई भागमा बाँडेका छन् । प्रबन्ध र जमर्को । यहाँ प्रबन्ध अन्तर्गत लेख, आत्मकथा, शोधप्रबन्ध, भूमिका, टिप्पणी आदि आउँछन् । जमर्कोमा चाहि धर्काचिज, नियात्रा, रुबन्ध र आत्मिका पर्छन (शर्मा, २०५२ : २७) ।

वस्तुतः निबन्धको वर्गीकरण गर्नु ज्यादै कठिन कुरा हो । निबन्ध गद्यलेखनको स्वतन्त्र प्रक्रिया हुनाले यसमा नयाँ नयाँ प्रयोग पनि भइरहेका हुन्छन् । त्यसो हुनाले वर्गीकरण गर्ने प्रयास निबन्धको रुप पहिचान र निबन्धका फाँटमा प्रवेश गर्ने द्वार मात्र हो । निबन्धको प्रकृतिभित्र पसेर अरु विभाजन गर्ने सम्भावना सधैं रहेकै हुन्छ (शर्मा, २०५२ : २६) ।

## ३.२.१ नेपाली निबन्धको विकासक्रम

नेपाली निबन्धको साहित्यको इतिहास पहिल्याउँदै जाँदा गद्य साहित्यको इतिहास खोतल्नुपर्ने हुन्छ । अन्य गद्य विधा झै निबन्धको पनि प्रारम्भ विन्दु वि.स. १८३१ मा प्रकाशित शक्तिबल्लभ अर्यालको "महाभारत विराटपर्व" हो (ढुङ्गेल र अन्य, २०६८ :४९) । वि.स. १८३१ को "दिव्यो पदेश" मा नेपाली निबन्धको प्रारम्भिक बीजाधान भएको देख्न पाइन्छ । जुन पृथ्वीनारायण शाहद्वारा रचना गरीएको थियो, यसैलाई अर्थात वि.स. १८३१ को पृथ्वीनारायण शाहको "दिव्योपदेश"लाई नै आधार मानेर साहित्यक्षेत्रका निबन्ध विधाको प्रारम्भकाल मानिन्छ । १८३१ देखि हालसम्मको नेपाली निबन्ध यात्रालाई तिन कालमा विभाजन गर्न सकिन्छ ।

**क) प्राथमिक काल (वि.स. १८३१–१९५७)**

**ख) माध्यमिक काल ( वि.स. १९५८–१९९१)**

**ग) आधुनिक काल ( वि.स. १९९२ हालसम्म**)

**क) प्राथमिक काल (वि.स. १८३१–१९५७)**

नेपाली निबन्ध लेखनको परम्पराको थालनी किटान गर्न नसके पनि निबन्धको विकासको भूमिकाको रुपमा पृथ्वीनारायण शाहको “दिव्योपदेश” लाई लिन सकिन्छ । यस दिव्योपेदशमा निजात्मक भाव र कवितात्मक भाषा प्रयोग भएको छ । यसमा प्रतीक, बिम्ब र उपमाहरुको उपयुक्त योजना भएको पाइन्छ । नेपाली निबन्धको इतिहासको प्राथमिक कालको “दिव्योपदेश” पछाडि प्रकाशित भएका कृतिहरु यसप्रकार छन् (लम्साल र अन्य, २०६५ : २२९) ।

| रचनाकार | रचना | वि.स. |
|---|---|---|
| वाणीविलास पाण्डे | वाग्मती स्तम्भको शिलालेख | १८३८ |
| सुन्दरानन्द बाँडा | कीर्तिपूरको विजय | १८८९ |
| काशीनाथ आचार्य | धीरशमशेरको मृत्यु | |
| मोतिराम भट्ट | भानुभक्तको जीवनचरित्र | १९४८ |
| चिरञ्जीवी शर्मा | आफ्नो कथा | १९५५ |

प्राथमिककालमा निबन्ध विधामा कलम चलाउने निबन्धकारहरुको संख्या अत्यन्तै न्युन रहेको छ । यी निबन्धकारहरुले लेखेका निबन्धहरुको विषयमा राजनीति, धर्म, भाषा, समाज संस्कार आदि पर्दछन् (लम्साल तथा अन्य, २०६५ : २३०) ।

**ख) माध्यमिक काल ( वि.स. १९५८–१९९१)**

छापाखानाको विकास र पत्रपत्रिकाको प्रकाशनतिर देखिएको बढ्दो रुचिका कारण यस चरणलाई नेपाली निबन्धको विकासशील चरणका रुपमा लिन सकिन्छ । वि.स. १९५८ मा नेपालको जेठो अखबार गोरखापत्र प्रकाशन भयो । त्यसपछि मात्र नेपाली निबन्धको माध्यमिक कालको सुत्रपात भयो (लम्साल तथा अन्य, २०६५ : २३०) । राममणी आचार्य दीक्षितको “कविता रीति”(१९६५) र मातृभाषाको आवश्यकता निबन्धले समालोचनात्मक निबन्ध लेखन र वस्तुपरक लेखनशैलीमा समस्या राख्ने परम्पराको थालनी भएको पाइन्छ (लम्साल तथा अन्य, २०६५ : २३०) । “चन्द्रिका” नाम पत्रिकामा शम्भु प्रसाद ढुङ्गेलको “प्रेम” (१९७५), “महिन्द्रमल्ली” (१९७५), “समय”(१९७६), “कविताको फल” (१९७७) आदिजस्ता निजात्मक निबन्धहरु प्रकाशित भए । यही समयताका पारसमणि प्रधानको अध्यावसाय(१९७२) र विधा(१९७२) आदि निबन्धहरु प्रकाशित भएका थिए (लम्साल तथा अन्य, २०६५ : २३०) । वेदनिधि शर्माको “जातीयरोगको अचुक औषधि (१९८३) पनि यसै कालमा देखा परेको निबन्ध हो ।

माध्यमिककालमा स्वदेश तथा विदेशमा प्रकाशित भएका पत्रपत्रिकाले निबन्धको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । त्यस्ता पत्रपत्रिकाहरुमध्ये “गोरखापत्र” काठमाडौं (१९५८),

"गोर्खेखबर कागज"दार्जिलिङ्ग (१९७८), सुन्दरी (बनारस, १९६३), "गोर्खाली, (बनारस, १९७२), "चन्द्रिका" (कर्साङ्ग १९७४), जन्मभूमि (बनारस १९७९), गोर्खा संसार (देहरादुन १९८३) आदि (लम्साल तथा अन्य, २०६५ : २३०) ।

**ग) आधुनिक काल (१९९१–हालसम्म)**

वि.स. १९८९ मा दार्जिलिङ्बाट प्रकाशित भएको "साहित्य सम्मेलन" पत्रिकाले नेपाली निबन्धलाई आधुनिकता तर्फ गतिशिल गराउन विशिष्ट योगदान दिएको पाइन्छ तर मुख्यतः "शारदा"( १९९१) को प्रकाशनपछि निबन्धले आधुनिकता प्राप्त गर्न थालेको हो । यसको पहिलो अङ्कमा बालकृष्ण समको "बर्दाहामा शिकार" र दोस्रो अङ्कमा लक्ष्मीप्रसाद देवकोटाको "आषाढको पन्ध्र" (१९९२) निबन्धहरु प्रकाशित हुन्छन् । यिनैबाट आधुनिक नेपाली निबन्धको थालनी हुन्छ । त्यसपछि हालसम्मको नेपाली निबन्धयात्रालाई तीन चरणमा वर्गीकरण गरी हेर्न सकिन्छ (न्यौपाने, २०५९: १६१) ।

अ) प्रथम चरण (१९९२–२००३)

आ) द्धितीय चरण (२००४–२०१६)

इ) तृतीय चरण (२०१७– हालसम्म)

**अ) प्रथम चरण (१९९२–२००३)**

यस चरण आधुनिक नेपाली निबन्धको प्रारम्भको समय हो । आधुनिक नेपाली निबन्धको प्रथम चरणको थालनीमा बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा देखा पर्दछन् । यस चरणको प्रारम्भमा निबन्धकार बालकृष्ण समको "यो" (१९९२), "पानी" (१९९२), "प्राकृतिक जीवन" (१९९२), "आत्मविश्वास"(१९९२), "भाषा"(१९९८), "देखेको" (२०१०), जस्ता वैचारिक तथा बौद्धिक निबन्धहरु प्रकाशित हुन्छन् । त्यस्तै लक्ष्मीप्रसाद देवकोटाको "लक्ष्मी निबन्ध सङ्ग्रह" (२००२), प्रकाशित हुन्छ । यसै सङ्ग्रहद्वारा नेपाली निबन्धको फाँटमा निजात्मक वा आत्मापरक निबन्धको शुभारम्भ हुन्छ (न्यौपाने, २०५९ : १६१) ।

प्रथम चरणमा लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समपछि यस चरणमा देखा परेका निबन्धकारहरुमा प्रेमराज शर्मा, सिलवाल पण्डित, सागरमणि आ.दी. भवानी भिक्षु, बाबुराम आचार्य, बोधविक्रम अधिकारी, भेषराज शर्मा आदि निबन्धकारहरु छन् । यस अन्तर्गत प्रेमराजका "पण्डितजीको चिठ्ठी" (१९९२), "गहना" (१९९४) आदि । सिलवाल पण्डितको "वेदान्तविवादको मिसिल (१९९२), "कवितामातासँग मेरो गन्धन" (१९९२), "फलामे औंठी" (१९९२) आदि, नरेन्द्रमणि आ.दि. "संसार एक नाट्यशाला हो" (१९९२), शङ्कर लामिछाने, हाम्रौ समाजमा नारीको मूल्य (२००३), भेषराजको "के–कस्तो"(२००३), हृदयचन्द्रसिंह प्रधानको "भूस्वर्ग,(२००३) आदि निबन्धहरु पर्दछन् (न्यौपाने,२०५९, १६१) । आधुनिक नेपाली निबन्धको यस चरणमा चिन्तनपरक र आत्मपरक निबन्धहरु प्रस्तुत भएको पाइन्छ । पश्चिमी साहित्यको सैद्धान्तिक र व्यवहारिक प्रभाव पनि यस चरणका निबन्धकारहरुले ग्रहण गरेका छन् (न्यौपाने, २०५९ : १६१) ।

**आ) द्वितीय चरण (२००४–२०१६)**

आधुनिक नेपाली निबन्धको दोस्रो चरणको शुरुवात "युगवाणी"(२००४), पत्रिकाको प्रकाशनसँगै हुन्छ । त्यसका अतिरिक्त "साहित्य सम्मलेन" (२००४), "जनसाहित्य" (२०११), "दियालो"(२०१३), "नौलो पाइला"(२०१३) जस्ता पत्रिकाहरु पनि दोस्रो चरणमा निबन्धलाई विकसित गराउन सक्रिय रहेको पाइन्छ (न्यौपाने, २०५९ : १६१) ।

यस चरणमा निबन्ध लेख्ने प्रमुख निबन्धकारहरुका निबन्धहरुमा हृदयचन्द्रसिंह प्रधानका "तीस रुपैयाँका नोट" (२००४), "जुँगा" (२००९), "कुरा साँचो हो" (२०११), "अफसोच" (२०११), आदि, भिमनिधि तिवारीको "बन्ध प्रवन्ध" (२००४), बासुदेव शर्मा लुइटेलको "भूत छैन" (२००६), बदरीनाथ भट्टराईको "पच्चीस प्रबन्ध" (२००८), श्यामप्रसाद शर्माको "बहिनीलाई चिठ्ठी" भाग २ (२०१२), तँ तिमी तपाई हजुर" (२०१४), "मेरो आमा" (२०२३) आदि, पूर्णप्रकाश नेपालका "वर्णाश्रम व्यवस्था किन?" (२००८), "मेरो मुक्तिनाथ यात्रा"(२०२६), "सेतीको नालीबेली" (२०३४), "बदलिदो घामछाँया" (२०३८) आदि, अच्छा राई "रसिक" को "सत्तकोशी" (२०११), कमल दीक्षितका "यस्तो पनि" (२०१३), "कालो अक्षर" (२०१७), केशव पिडालीका "खै खै" (२०१६), "फेरि उल्टै मिल्यो" (२०३२), व्यङ्गैव्यङ्ग चुडानाथ भट्टराईको निबन्ध "चुडामणि (२०१६), निबन्धहरु प्रकाशित छन् । नेपाल बाहिर "भारती" (२००६), "गोर्खा" (२०११), जस्ता पत्रिकाहरुले पनि यस चरणका निबन्ध लेखनलाई विकसित तुल्याएका छन् (न्यौपाने, २०५९ : १६२) । आधुनिक नेपाली निबन्धको दोस्रो चरणमा निबन्धकारहरु खोज अनुसन्धान, व्यङ्ग्य, निजात्मक, आलोचनात्मक, यथार्थवादी, क्रान्तिकारी, स्वच्छन्दतावादी प्रवृति बोकेको निबन्धहरु लेखका पाइन्छ । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन, ज्ञानविज्ञानका फाटहरुसँगैको सम्पर्क आदि कारणहरुले यतिबेलाका निबन्धलाई हुर्कन, फैलन र बौद्धिकतामा प्रवेश गर्न निकै मद्दत मिल्यो । हाँस्यव्यङ्ग्यात्मक एवम् प्रगतीवादी प्रवृत्ति पनि यस चरणमा विकसित हुने अवसर पाएका छन् । यस बेलाका निबन्धहरुमा पनि विषय र शैलीगत विविधता देखिन्छ (न्यौपाने, २०५९ : १६२) ।

**इ) तृतीय चरण (२०१७ देखि हालसम्म)**

नेपाली साहित्यकाशमा निबन्धको विकासक्रममा आधुनिक कालको तेस्रो चरणको शुरुवात "रुपरेखा" (२०१७), पत्रिकाबाट थालिन्छ । यस चरणका केन्द्रिय प्रतिभा शङ्कर लामिछाने देखा पर्दछन् । उनका "एब्स्ट्रयाक चिन्तन प्याज" (२००४), "गोधुली संसार" (२०२७), "विम्ब प्रतिविम्ब" (२०३८), र शंकर लामिछाने (२०३३) निबन्ध सङ्ग्रह प्रकाशित हुन्छ । तिनमा पाश्चात्य साहित्यमा प्रसिद्ध अमूर्तता वा गहनतामा जीवनको खोजी गर्ने नविन चिन्तन चेतनप्रवाह शैली व्यक्त भएका छन् । अर्को हास्यव्यङ्ग्यात्मक प्रवृत्तिमा भैरव अर्यालको "काउकुती" (२०१९), "जयभुँडी" (२०२२), "गलबन्दी" (२०२६), "प्रवेशिका निबन्ध" (२०२७), शर्माका केही निबन्धहरु आदि देखापर्छन् । यिनीहरु प्रगतिको चाहना वा विसङ्गति र विकृति केलाउने तथा व्यङ्ग्य गर्दै प्रगतिको चाहना व्यक्त गर्ने गर्दछन् । (न्यौपाने, २०५९:१६१) ।

तेस्रो प्रवृत्तिका रामकृष्ण शर्माका "प्यारो सपना र अन्य लेखहरु" (२०१७), "अष्टवक्र"(२०३५) आदि बालकृष्ण पोखेलका "कलेजस्तरका निबन्ध निबन्ध" (२०१७), "उकुसमुकुस" (२०१९), र "तेस्रो एकमुखे रुद्राक्षको खोजी" (२०१९), तारानाथ शर्माका "नमस्ते" (२०१८), "जर्मकाहरु" (२०२५), "बेलाईततिर बरालिँदा" (२०२६), "जीवनका छाल" (२०३०), "पाताल प्रवास" (२०४२), "श्रद्धासुमन" (२०४०) आदि साथै जनकलाल शर्माको "नेपाली निबन्धावली" (२०१९), "कौतुकमान डोल्पो" (२०३१), र "भूमिकै भूमिका" (२०२६), श्रीधर खनालको "नमरी स्वर्ग देखिन्न"(२०२०), रामकुमार पौडेलका "ख्यालख्याल" (२०२३), "सञ्चै छ" (२०२९), "खप्पर" (२०३०), "बाबुको विहे"(२०३०) र घटोत्कच शर्माको "दमाहा" (२०२४), कृष्णचन्द्रसिह प्रधानका "सालिक" (२०२६), "अनाम सत्य" (२०४३), "पाइला आगातमा टेकेर"(२०४७), ध्यानप्रसाद गौतमका "मपाई" (२०२६), "जदौ" (२०२७), र "कायन वाचा" (२०३५), चुडामणि रेग्मीको "साधना" (२०३०), जिपिनदेव ढुङ्गेलको "भिरको चिण्डो"(२०३१), कृष्णप्रसाद ज्ञवालीको "पीपलको छहारी" (२०३२), रमेश विकलका "सातसुर्य एक फन्को" (२०३४), "निलगिरीको छाया" (२०५०), देवीचन्द्र श्रेष्ठका "हुम्ला बोल्छ मानसरोवरमा" (२०३७), र "काठमाडौं बाहिर" (२०२८), मोहनराज शर्माका "इन्टरभ्यु स्पेशलिष्ट मिष्टर, झप्पुसिंह डबल एम ए." (२०३८), "पुच्छारको पाटो" (२०४०), नरेन्द्रप्रसाद पौडेलका "घरभित्रका गाइजात्रा"(२०३९), "विहेको निम्तो" (२०४३) र किशोर नेपालको "चिन्तनका क्षणहरु" (२०३९) र "एक्काइसौ शताब्दीको निबन्ध"(२०५४), राममणि रिजालका "अक्षर पछि अक्षर" (२०४१), "भिजेको पलपल" (२०४५), र "मेरो चेतनाको अर्न्तात्रा" (२०५२), चोलेश्वर शर्माको "म त अप्रिल फूल भएछु" (२०४२), मेघराज मञ्जुलका "सम्झनाका पाइलाहरु", गंगाप्रसाद उप्रेतीको "स्मृतिका छालहरुमा इटाली" (२०५४), मोदनाथ प्रश्रितको "केही साँस्कृतिक निबन्धहरु" (२०४७), राजेन्द्र सुवेदीका "खाली सिसा, पुराना कागज" (२०४९), "पाइला आफ्नै परिवेशमा टेकेर" (२०५३), माधवप्रसाद पोखेलको "मेरो मान्छे" (२०५४), आदि निबन्धकारका निबन्धहरु देखिएका छन् (न्यौपाने २०५९ : १६२) । साथै पछिल्ला समयका तेस्रो चरणमा पर्ने गायत्रीप्रसाद रिजालको निबन्ध सङ्ग्रह 'के छ ! "प्रजातन्त्र"मा'मा पनि यस चरणका उल्लेख्य कृति हुन् ।

तेस्रो चरणमा नयाँ–नयाँ प्रयोगमा निबन्धहरु तयार भएको पाइन्छ । यस चरणमा मधुपर्क, गरीमा, नेपाली रचना, प्रज्ञा, तेस्रो आयाम आदि साहित्यिक पत्रपत्रिकाले पनि निबन्धको विकासलाई सघाएका छन् । विषयवस्तु र शैलीमा विविधता, युगजीवनका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, अन्वेषण एवम् खोजमूलक विविध निबन्ध सामग्रीहरु यस चरणमा देखा परेका छन् । हालसम्म आधुनिक नेपाली निबन्धले वस्तुपरक र आत्मापरक प्रवृति विषय एवम् शैलीगत संरचनाको विविधता, हास्यव्यङ्ग्य एवम् प्रगतिवादी विचार, नवीन प्रयोग आदि प्राप्त गरी आजसम्म विकसित हुदै आएको छ (न्यौपाने, २०५९ : १६२) ।

गायत्रीप्रसाद रिजालका साहित्ययात्रामा रहेको तेस्रो चरणको निबन्ध यात्रालाई हेर्दा उनको 'के छ ! "प्रजातन्त्र"मा' निबन्ध सङ्ग्रहको निबन्धहरु नेपाली निबन्धक्षेत्रमा केही पूर्ववर्ती निबन्धकारका

निबन्धहरुसँग तुलनीय रहेका छन् । लक्ष्मीप्रसाद देवकोटाका निबन्धहरु निजात्मक छन् । रिजालका निबन्धहरु पनि निजात्मक छन् । भैरब अर्याल पनि निजात्मक निबन्धकार नै हुन् । अर्यालका निबन्धमा हसाउने र व्यङ्ग्य मात्रै गर्ने होइन, समाजका अध्यारा पाटाको खोतल खातल गरी समाजसुधार तर्फको चासोमा पाठकलाई अभिप्रेरित गरीएको समेत पाइन्छ । निबन्धकार तारानाथ शर्माको निबन्धहरु समसामयिक विकृतिहरुप्रति व्यङ्ग्यमा साथै स्वदेश तथा विदेशयात्रामा अनुभूतिहरु र साहित्यकारहरुप्रति श्रद्धाका सुमनहरु चढाउने प्रवृत्तिका छन् । गायत्रीप्रसाद रिजालका निबन्धहरु हसाउने खालनको नभए पनि देशको तत्कालिन राजनैतिक परिस्थिति, त्यसभित्रका शासकवर्गहश्र प्रति व्यङ्ग्य गर्ने, समाजका, राष्ट्रका व्यक्तिका, विभिन्न दलबलका विकृति र विसङ्गतिहरु खोतलखातल गरी समसामयिक विकृतिहरुप्रति व्यङ्ग्यको झटारोले हान्नु यिनको निवन्धगत प्रवृति पाइन्छ । गायत्रीप्रसाद रिजाल नेपाली निबन्धक्षेत्रका निजात्मक, भाषाप्रेमी, राष्ट्रप्रेमी, राजनैतिक चेत भएको साहित्यप्रेमी र बैचारिक निबन्धकारका रुपमा स्थापित भएका छन् ।

□□□

# चौथो परिच्छेद

# गायत्रीप्रसाद रिजालको 'के छ ! "प्रजातन्त्र"मा' निबन्धको अध्ययन

## ४.१ कृति परिचय

'के छ ! "प्रजातन्त्र" मा' निबन्ध सङ्ग्रह २०६९/०७० मा लेखन शुरु गरी वि.स. २०७४ मा न्यु प्रज्ञा प्रिन्टिङ्ग प्रेस राजविराजबाट गायत्रीप्रसाद रिजाल स्वयम्ले प्रकाशन गरेका हुन् । यस कृतिको अग्र बाह्य आवरण पृष्ठलाई हेर्दा कृतिको शीर्ष भागमा हिमालको चित्र रहेको छ । यो चित्रको रङ्ग निलो आकाशमा सेतो हिऊ परेको टलक्क टल्केको देखिन्छ । त्यसपछि हिमालको मुनितिर हरियो पृष्ठभूमिमा गाउँघरको चित्र रहेको छ भने सबैभन्दा तल्लो भागमा निलो पृष्ठभूमिमा नेपालको सुन्दर नक्सा यसमा सात प्रदेशमा खालखालको रङ्ग लगाएको र नेपालको नक्साको विचमा रातो रङ्गको नेपालको राष्ट्रिय झण्डा फरफराई रहेको देखिन्छ भने यस कृतिको बाह्य आवरण पृष्ठको बीचमा गाउँघरलाई छेल्ने गरी यस कृतिको नाम 'के छ, ! "प्रजातन्त्र"मा' निबन्ध सङ्ग्रह भनेर लेखिएको छ । कृतिको अग्र पृष्ठभूमिको बाह्य आवरणको सबैभन्दा तल्ला भाग दाँया भागमा सेतो अक्षरले निबन्धकारको नाम "गायत्रीप्रसाद रिजाल" भनेर लेखिएको छ भने रिजालको आफ्नो कृतिको अघिल्लो दोस्रो सादा पृष्ठमा कृतिको नाम 'के छ ! "प्रजातन्त्र" मा' मा" निबन्ध सङ्ग्रह भनेर कालो अक्षरमा लेखिएको छ र त्यहि पृष्ठको तल्लो दाँया भागमा "गायत्रीप्रसाद रिजाल" भनेर निबन्धकारको नाम लेखिएको पाइन्छ । र कृतिको अग्र तेस्रो पृष्ठमा आफ्ना पुजनीय माता–पिताको सम्झना गरेका छन् भने छोरीको अल्पायुमा भएको दुःखद निधनप्रति विक्षिप्त बन्दै छोरीको आत्मा शान्तिको कामना गरेका छन् । आफूलाई कखरा सिकाएर शिक्षाको जग बसाउन मद्दत गर्ने श्रद्धेय गुरु प्रति भक्तिभाव पूर्ण शब्द टक्र्याएका छन् भने चौथो अग्र पृष्ठमा यस 'के छ ! "प्रजातन्त्र" मा' मा" भन्ने निबन्ध सङ्ग्रहको बारेमा आफ्ना भनाइहरु राखेको पाइन्छ । त्यस्तै गरी पाँचौ अग्र पृष्ठ भूमिमा शीर्ष भागमा प्रकाशक आफै लेखेका छन् भने त्यसपछि माथिदेखि तलसम्म संस्करण, सर्वाधिकार, संस्करण प्रथम, प्रति १००१, मूल्य रु १२५, आवरण, विकास डिजिटल स्टुडियो, राजविराज, कम्प्युटर सेटिङ्ः प्रदिपकुमार मण्डल, मुद्रण न्यु प्रज्ञा प्रिन्टिङ्ग प्रेस राजविराज र सबैभन्दा पुच्छारमा फोनः नम्बर लेखेको पाइन्छ । त्यसपछि सबैभन्दा पछिल्लो छैटौ पृष्ठको अग्रभागमा विषयसूची लेखी कृति सङ्ग्रह वा निबन्ध सङ्ग्रह भित्र रहेका निबन्धहरुको माथिदेखि तलसम्म १७ वटा निबन्धहरुको क्रम अनुसार नाम शिलशिलेवार प्रस्तुत गरेको पाइन्छ ।

अब कृतिको पश्च भागतिर वर्णन गर्दा यस कृतिको पश्च भाग आवरणमा निलो रङ्गको पृष्ठभूमिको दाँयापट्टी सिरानमा निबन्धकार स्वयम्को नेपाली प्रतीक ढाकाटोपी लगाएको फोटो रहेको देखिन्छ भने बाँया पट्टी निलो पृष्ठभूमिमा सिरानदेखि पुच्छरसम्म नाम, जन्ममिति, जन्मस्थान, प्रदेश नं., शिक्षा, सम्पर्क, कृतिहरु र आठवटा कृतिहरुको नाम र तिनीहरुको लेखन र प्रकाशन मिति सहित सबैभन्दा अन्तिममा सम्प्रति लेखिएको छ । कृति हेर्दा यसले नयाँ आयामको प्रादुर्भाव

गर्ने खालको देखिएको पाइन्छ । निबन्धको आकार प्रकार ठीकै देखिन्छ । यस कृतिमा छोटामा ४ (चार) पृष्ठदेखि अधिकतम ९ (नौ) पृष्ठसम्ममा फैलिएको विस्तारित भएको पाइन्छ । १७ वटा निबन्धहरु रहेको यस निबन्ध सङ्ग्रह भित्रको समग्र निबन्धहरुमा सामाजिक, आर्थिक, ऐतिहासिक विषयवस्तुहरुका साथै निबन्ध बढी नेपाल तथा अन्तर्राष्ट्रिय राजनैतिक परिवेशहरुलाई समेटेको पाइन्छ भने निबन्ध नेपालको ऐतिहासिक राजनैतिक विषयवस्तुमा बढी आधारित देखिन्छ । निबन्ध राजनैतिक विषयतिर ढल्केको जस्तो देखिए पनि यिनी राजनैतिक चेतनायुक्त व्यक्ति भएको कारण राजनीति कस्तो हुनुपर्छ, दलगत नेताहरु कस्ता हुनुपर्छ, देश चलाउने शासकवर्गहरुले देशलाई के गर्न सक्नुपर्छ भन्ने कुरामा सचेत गराउँदै उनीहरुको कु–प्रवृत्तिहरुलाई पनि खोतल्ने काम गरेको पाइन्छ ।

रिजालका निबन्धहरुलाई हेर्दा यिनी एक सच्चा देशप्रेमी, राजनीति प्रति चेतना भएको, समाज र राष्ट्रको सुधारको चाहना राख्ने सुधारवादी, प्रगतीवादी निबन्धकार मान्न सकिन्छ । यो निबन्ध रिजारको साहित्ययात्राको अन्तिम चरणको तथा हालसम्मको पछिल्लो रचना भएको पाइन्छ ।

## ४.२ 'के छ ! "प्रजातन्त्र"मा' निबन्धसङ्ग्रह भित्रका निबन्धहरुको वर्गीकरण

गायत्रीप्रसाद रिजालको साहित्ययात्रा उपन्यास विधाबाट वि.स. २०४८ सालबाटै भएको भए तापनि निबन्धको फाँटमा भने उनको प्रवेश २०६९/०७१ सालमा भएको थियो । उनले वि.स. २०६९ देखि २०७१ सम्ममा पाण्डुलिपी तयार गरी प्रकाशन भने २०७३/७४ सालमा भएको हो । उनको निबन्ध न्यु प्रज्ञा प्रिटिङ्ग प्रेस राजविराजमा मुद्रण गरी (२०७४) मा गायत्रीप्रसाद रिजाल ज्यूले आफै प्रकाशन भएपछि उनको सार्वजनिक निबन्धयात्रा शुरु भएको हो । हालसम्म उनका निबन्धसङ्ग्रहहरुको सङ्ग्रह यही एउटा 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध मात्र प्रकाशन भएको पाइन्छ । यी निबन्धसङ्ग्रहहरुमा जम्मा १७ ओटा निबन्धहरुको माला उनेको पाइन्छ ।

'के छ ! "प्रजातन्त्र"मा' (२०७४) निबन्ध सङ्ग्रहमा संकलित निबन्धहरुको प्रकृतिलाई हेरेर निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

| **निबन्धको प्रकार** | **विषयवस्तुको आधारमा वर्गीकरण** | **निबन्धको शिर्षक** | **प्रकाशन सङ्ग्रह** |
|---|---|---|---|
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, व्यङ्ग्यात्मक | प्रधानमन्त्री | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, व्यङ्ग्यात्मक | के नेपाल साँच्चीकै स्विट्जरल्याण्ड जस्तै बन्छ ? | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, व्यङ्ग्यात्मक | भाषण | 'के छ ! "प्रजातन्त्र"मा' |

| | | | |
|---|---|---|---|
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, व्यङ्ग्यात्मक | बेफुपताको परिचय | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक (ऐतिहासिक) | राजनैतिक, ऐतिहासिक, भौगोलिक | राज्यको बलजफतकार | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, व्यङ्ग्यात्मक | राज्यको दुर्दशा | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक (ऐतिहासिक) | राजनैतिक, ऐतिहासिक, | गणतान्त्रिक अवतारको पूर्वार्ध | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, व्यङ्ग्यात्मक | तानाशाहियता | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, व्यङ्ग्यात्मक | के छ प्रजातन्त्रमा | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, व्यङ्ग्यात्मक | शहीदै शहीद | 'के छ ! "प्रजातन्त्र"मा' |
| व्यङ्ग्यात्मक | राजनैतिक, व्यङ्ग्यात्मक | नाक | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, | मानव बचाउ युद्ध | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | वैज्ञानिक वर्णनात्मक | गृह प्रत्यारोपण | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, व्यङ्ग्यात्मक | षडाइएका जीन्दगीहरु | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, | प्रजातन्त्रका नजिरहरु | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, | कुन हत्या ठूलो | 'के छ ! "प्रजातन्त्र"मा' |
| विचारात्मक | राजनैतिक, ऐतिहासिक, | हाम्रो जमीन फिर्ता दे | 'के छ ! "प्रजातन्त्र"मा' |

यिनले नेपाली साहित्यक्षेत्रका पछिल्ला समयमा लेखिएका 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रहका समग्र निबन्धहरुलाई वर्गीकरण गर्दा प्राय निबन्धहरुमा उनले देखेको, भोगेका, अनुभव गरेका, सुनेका समाज, राष्ट्र तथा अन्तर्राष्ट्रिय परिवेशका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक, तथा छ्यासमिस रुपमा ऐतिहासिक वातावरणको पनि समावेश गर्दै समाज तथा राष्ट्रका जनताहरुले भोगेका, पिडा, व्यथा, दु:ख आदिलाई आफ्नै निजात्मक भावमा देशका कु–प्रवृत्तिमा लागेका ठूल–ठूला राजपण्डितहरु, राजनेताहरु तथा दलबलहरुको आन्तरिक प्रवृतिको खोतल खातल गर्दै व्यङ्ग्यको झटारोले

हानेको पाइन्छ । प्राय रिजालका निबन्धहरुमा नेपालका राजनैतिक पक्षहरुको कमी कमजोरीहरु औल्याइदिने काम गरेको पाइन्छ । यस निबन्धहरुमा उनले आफ्नै शैली, ढङ्ग ढाँचामा विभिन्न बिम्ब प्रतीक, अलङ्कारहरुले सजाएर आफ्नो विचारको बेलीविस्तार गरेका हुनाले उनको समग्र निबन्धहरुलाई विचारात्मक खालका निबन्धहरु भन्न सकिन्छ ।

## ४.३ 'के छ ! "प्रजातन्त्र"मा' निबन्ध सङ्ग्रहको अध्ययन र विश्लेषण

गायत्रीप्रसाद रिजालको 'के छ ! "प्रजातन्त्र"मा' (२०७४) निबन्धसङ्ग्रह सत्र वटा निबन्ध सङ्कलित भएको उनको साहित्ययात्राको अन्तिम चरणको महत्वपूर्ण एवम् प्रमुख एकमात्र निबन्धसङ्ग्रह रहेको छ । यस निबन्ध सङ्ग्रहमा भएको निबन्धहरुलाई निबन्धका विभिन्न तत्व–विषयवस्तु, विचार, उद्देश्य, निजात्मकता, संक्षिप्तता र भाषाशैलीका आधारमा निम्नानुसार अध्ययन र विश्लेषण गरीएको छ ।

### ४.३.१ प्रधानमन्त्री

**१) विषयवस्तुः**

लामाछोटा गरी (८) आठ अनुच्छेद र चार पृष्ठमा फैलिएको 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रह भित्रको पहिलो निबन्ध रहेको छ । नेपालको राजनैतिक तथा ऐतिहासिक विषयवस्तुलाई आधार बनाई लेखिएको यस निबन्धमा नेताहरुको विगत देखि वर्तमानसम्मका क्रियाकलापहरुलाई व्यङ्ग्यात्मक रुपमा देखाउने जमर्को गरेका छन् । प्रस्तुत "प्रधानमन्त्री" निबन्ध अन्तर्गत रिजालले राजादेखि मन्त्रीसम्मको व्यवहारको वर्णन गर्दै उनीहरुको शासन व्यवस्था, राजनैतिक कार्यहरु, घुस,भष्ट्रचार कुप्रवृत्तिहरुलाई नङ्ग्याउने काम गरी यस निबन्धमा देशका शासक वर्गहरुको व्यवहारहरुलाई औल्याउँदै यसै आधारमा यसको विषयवस्तु छनौट गरीएको पाइन्छ भने वर्तमान परिस्थितिहरुलाई नियाल्दा प्रजातन्त्रबादीहरु निरङ्कुशतामा नै अल्भ्केको, राष्ट्रलाई विकासोन्मुख मुना सम्म पलाउन नदिई लुछिदिएको प्रति व्यङ्ग्य प्रहार गर्दै विभिन्न दलबलका शासन व्यवस्था, राजनैतिक पक्षहरुलाई राम्रोसँग नियालेर तिनीहरुको चारित्रिक विशेषताहरुलाई केलाई गल्ती कमजोरीको भण्डाफोर गरेको प्रसंगहरुलाई यस निबन्धमा प्रस्तुत गरेका छन् ।

राज्यका व्यवस्था यसरी नै चलिरहला । दलबलका नेतालाई रोग लाग्ना । प्रतिपक्षमा बस्दा खुट्टा तान्ने, सत्तामा रहँदा फूई फुक्ने, जोगीले राती ढुईई.......... बजाए भ्कै ती भविष्यका परिष्कृत प्रधानमन्त्रीहरुले विभिन्न शहरका टुँडिखेलमा ढुईई..........फुक्लान .. "सबैलाई आत्मा निर्णय र पहिचानको अधिकार, प्रत्येकले पाउने घरघरमा नै रोजगार, यो सारा जनताको जीउने पिउने अधिकार तिमीहरुले मागेको मूलमन्त्र, मेचीकाली वारपार, हामी नेता जतिलाई भोट हाल्ने बेलामा सबै जनता गुहार गुहार, मैले हारेमा बेइज्जतको पसारो हुन्छ अनुहार, मैले भोट जितेमा गर्नेछु तिमीहरुको उद्धार, त्यसपछि हुन्छ नेतृत्व सुधार......" इत्यादि (रिजाल, २०७४ : ४) ।

यसरी देशमा जति नै पटक प्रधानमन्त्री तथा शासकवर्गहरुको आगमन भएपनि जनताले भोट लगाएर जिताए पनि उनीहरुले कहिल्यै पनि जनताको उद्धार गर्ने तर्फ नलागेको जनतालाई ढाट्ने, छल्ने

प्रवृति प्रति निबन्धकारले व्यङ्ग्य गरेको पाइन्छ भने राज्यको ठूलाबडाहरुको गल्ति कमजोरीको भण्डाफोर गरेको कुरा निम्न माथिको भनाइले स्पष्ट पार्दछ ।

यसरी शासकवर्ग तथा देश चलाउने ठूला ठूला व्यक्तिहरुले नै देशलाई छल गर्ने आफुगण्डते मनपरी गर्ने हो भने देशका सोझा साझा जनताले नराम्ररी मार खेप्नुपर्ने, दुःखको भूमरीमा पिरोलिनु पर्ने कुरा प्रस्तुत गरीएको छ । यसरी देशका शासकवर्ग तथा मन्त्रीवर्गको यस्ता व्यवहारले देशले नै घाटा बेहोर्नुपर्ने स्थिति हुने प्रसङ्गलाई निबन्धमा अभिव्यक्त गरीएका साथै गल्ती कमजोरीको भण्डाफोर गरेको समेत पाइन्छ ।

**२) सम्वेदना**

अहिलेसम्मको परिस्थितिलाई हेर्दा प्रजातन्त्रवादीहरु निरङ्कुशता मै अल्झेको छ। राष्ट्रलाई विकासको मुनासम्म पलाउन नदिइ लुछिदिएका छन् । मन्त्री तथ प्रधानमन्त्रीहरुको चारित्रिक कारणले देशको भविष्य कतातिर मोडिने हो भन्ने यस निबन्धमा निबन्धकारले भावुक र संवेदनशील रुपमा चिन्ता प्रकट गरीएको छ ।

**३) निजात्मकता**

देशमा बारबार मन्त्रीको आगमन "जुन जोगी आए पनि कानै चिरेको" भने झैं जुनै मन्त्री आएपति कुर्सीको तानातान, भइरहने देशका मन्त्री परिषद्हरुको चारित्रिक वर्णन गर्दै निबन्धकारहरुले आफ्नो निबन्ध मार्फत निजात्मक विचारहरु प्रस्तुत गरेका छन् ।

**४) उद्देश्य**

हाम्रो देशका पूर्वज पुर्खाहरुले दुःख गरेर उनीहरुले रगत पसिना एक गरेर देशका निम्न बलिदान दिएर देशलाई अर्काको नजरबाट बचाएर यहाँसम्म ल्याई पुऱ्याएका छन् । वर्तमान अवस्थामा भने शासक वर्गहरु कुर्सीका निहुँमा एक एर्कामा खुट्टा तानातान गर्ने विभिन्न नेता भनाउँदाहरु देश विकास गर्नु भन्दा पनि आफ्नो दुनो सोझ्याउने तर्फ लाग्ने, देशका राजपण्डितहरु प्रति व्यङ्ग्यात्मक अभिव्यक्तिले झटारो हानेको पाइन्छ । उक्त निबन्ध मार्फत अब आउने मन्त्री तथा शासकवर्गहरुले आफ्नो विगतका गल्ति कमजोरीहरुलाई निक्यौंल गरेर सहि शासन व्यवस्था तिर लाग्नुपर्ने, विभिन्न राजनैतिक पक्षहरुको राम्रोसँग अध्ययन, छानविन गरेर देशको लागि सहि विकास गर्ने राजनैतिक कार्यहरु गर्नुपर्ने, विभिन्न दलबलका कार्यहरुलाई मन्त्रीवर्गहरुले उचित राय, सल्लाह र सुझाव दिई सहि कार्यमा अगाडि बढाउन मद्दत गर्नुपर्ने अनिमात्र हाम्रो देशले उज्यालोको मुहार हेर्न पाउने भनी निबन्धकारले आउँदो दिनहरुमा जनताहरुले पनि सहि शासन व्यवस्थाका लागि सहि व्यक्ति छनोट गर्नुपर्ने, सहि शासकवर्गलाई चिनेर उनीहरुको व्यवहारलाई सम्मान गरी अगाडि बढाउन प्रोत्साहन दिनुपर्ने कुराहरुलाई प्रस्तुत गर्दै राष्ट्रवादी स्वर सुसेल्नु नै यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

**५) संक्षिप्तता**

राज्यको भविष्य निर्माणकर्ता प्रधानमन्त्री तथा अन्य शासकवर्गहरुले जनताका लागि सही शासन चलाउनुपर्ने प्रसङ्गलाई लामाछोटा गरी (८) आठ अनुच्छेद र चार पृष्ठमा फैलिएको यो निबन्ध संक्षिप्त रहेको पाइन्छ ।

६) **भाषाशैली**

प्रस्तुत निबन्धमा देशका शासकवर्ग तथा देश निर्माणकर्ताको चारित्रिक विशेषतालाई केलाउँदै यस निबन्धमा कतै कतै बौद्धिक एवम् तार्किक शैलीको पनि प्रयोग गरीएको पाइन्छ । यस निबन्धमा तत्सम, तद्भव तथा आगन्तुक शब्दहरुको समावेश गरेको पाइन्छ  भने छिन्द्रिङ, ड्यारे, ढुइई जस्ता अनुकरणात्मक शब्दहरुले पनि निबन्धलाई सजाउने काम गरेको पाइन्छ । समग्ररुपमा यस निबन्ध सरल, सहज र बोधगम्यता भाषाशैलीको प्रयोग गरेको पाइन्छ ।

अतः प्रस्तुत निबन्धमा निबन्धकारले प्रधानमन्त्री निबन्ध अन्तर्गत रहेर देशका शासक तथा मन्त्रीहरुको प्रवृत्तिलाई कोट्याइदिने कार्य गर्दै आउँदो दिनहरुमा जनता तथा सम्पूर्ण देशबासीहरुले सहि मन्त्रीको पहिचान गरी उसको कामलाई प्रोत्साहन गर्दै अगाडि बढाउन मद्दत गर्नुपर्ने भनी निबन्धकारले प्रगतिवादी विचार व्यक्त गरेको पाइन्छ ।

## ४.३.२ के नेपाल साच्चीकै स्वीट्जरल्याण्ड जस्तै बन्छ ?

१) **विषयवस्तु**

'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रह अन्तर्गत रहेको दोस्रो निबन्ध हो "के नेपाल साच्चीकै स्वीट्जरल्याण्ड जस्तै बन्छ ?" । यस निबन्धमा हाम्रो देश नेपाल सानो र सुन्दर देश यसमा पनि विभिन्न भौगोलिक कारण देश विदेशसम्म चर्चा पाएको एकमात्र सुन्दर नेपाललाई अर्काको देश स्वीटजरल्याण्ड जस्तो बनाउने, अर्काको स्वाङ्ग चोर्न खोज्ने आजका दलबल, नेता तथा मन्त्री वर्गहरुप्रति व्यङ्ग्यको झटारोले हानेको पाइन्छ । यही देशलाई स्वीट्जरल्याण्ड बनाउने आजका शासकवर्गहरुको व्यवहारका कारण देश स्वीट्जरल्याण्ड होइन झन तल गिर्दै गइरहेको घटनाहरुलाई निबन्धमा विषयवस्तु बनाइएको छ ।

यस निबन्धमा रिजालले आफ्नो प्यारो देशको नाम "नेपाल" शब्द परापूर्व बौद्धिक कालदेखि नै ऋगवेदमा उल्लेख थियो भनेको पाइन्छ । त्यस्तै पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेर सिङ्गो नेपाल बनाएको प्रसङ्ग रहेको छ । यसरी पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गरेर देश जोड्ने काम गऱ्यो भने वर्तमान अवस्थामा विभिन्न दल वा नेता भनाउँदाहरुले नेपाललाई स्वीट्जरल्याण्ड बनाउने निहुँमा एक आपसमा खिचातानी, बन्द हड्ताल, जनताका लागि भन्ने नारा फालेर जनतालाई उराल्छन्, खेलाउँछन, भुलाउँछन् र दुःख दिने काम गर्दछन् । साथै वर्तमान अवस्थामा भष्मसुरेहरुले नेपाललाई स्वीट्जरल्याण्ड बनाउने हालै नौ वटा समिति समेत बनाएको यस निबन्धमा बुँदागत रुपमा यसरी दिएका छन् :

१) भूमिफोर समिति

२) हिमालफोर समिति

३) जलखोल समिति

४) जनमार बारबर पार समिति

५) भ्रष्टाचार बैङ्क खोल समिति

६) क्षेत्रफल तुलना समिति

७) जडिबुटी सखाप समिति

८) पर्यटकीय समिति

९) नेतृत्वद्धार : जनगरीवपार समिति (रिजाल, २०७४ : पृ. ९) ।

यो नै दशाले छ्याप्छ्याप्ती पारेको मुलुकमा अब स्वीट्जरल्याण्डसँग तुलना गर्न सक्ने, स्वीट्जरल्याण्ड नै बनाउने नौवटा समिति जँगलबाट फूत्केर सदनमा छिरेर शिरमा मंगलधारण गरेका दलबलले बनाइसकेका छन् भनेर निबन्धकारले हाम्रो देशका यी समितिहरुले नेपाललाई अब पक्कै स्वीट्जरल्याण्ड बनाएरै छाड्ने भए यसमा मेरो ठूलो आपत्ति छ भनेर व्यङ्ग्य पनि गरेको पाइन्छ । यहि विषयवस्तुमा आधारित रहेर निबन्धकारले निबन्धमा आफ्नो निजी विचारहरुलाई प्रस्तुत गर्ने कार्य गरेका छन् ।

**२) सम्वेदना**

निन्बन्धकारले देशका विभिन्न घटनाहरुको वा राजनैतिक पक्षहरुलाई नजिकबाट अध्ययन गरेका हुनाले यस निबन्धमा आफ्नो वैयक्तिक विचारहरु अभिव्यक्ति गरेका छन् । “जुन जोगी आए पनि कानै चिरेको” भने झै नेपाललाई सुन्दर बनाउँछु भन्ने, स्वीट्जरल्याण्ड जस्तै बनाउँछु भन्ने शासकवर्गहरु आएपनि वर्तमान अवस्थासम्म पनि नेपालको नसुध्रने देखिएकोमा उनको आपत्ति रहेका छ । उनले यस निबन्धमा राष्ट्रप्रति गहिरो प्रेम दर्शाउदै नेपाललाई स्वीट्जरल्याण्ड बनाउनको सट्टा नेपाललाई सधै बुद्धको भूमि शान्त नेपाल बनाइ हाम्रो नेपाललाई नेपालकै नामले चिनाउनु पर्छ भन्ने यस निबन्धमा निबन्धकारको सम्वेदना रहेको छ ।

**३) निजात्मकता**

पूर्खाहरुको वीरताको गुणगान गाउनु, वर्तमान शासकवर्गहरुको चरित्रको भण्डाफोर गर्नु, आफ्नो देशलाई स्वीट्जरल्याण्ड बनाउनु भन्दा सुन्दर शान्त बुद्धको भूमि नेपाल बनाउने चाहना राख्नु, नेपाललाई कुनै विदेशीको लहै–लहैमा नलागि आफ्नो देश नेपाललाई टिष्टा काँगडिया महान नेपाल बनाउनुपर्छ भन्दै आफ्नो निजात्मक अभिव्यक्ति प्रकट गरेको पाइन्छ ।

**४) उद्देश्य**

नेपालको विभिन्न शासकवर्गहरु इशारावादी विदेशी लहै लहैका नारा र नाकका पोरा फुलाउने स्वदेशी नेतृत्वकर्तालाई सचेत गराउँदै निबन्धकार नेपाललाई टिष्टाकाँगडिया महान नेपाल बनाउनुपर्छ भन्दै विश्वका सबै मुलुकका जनताले चौबिसै घण्टा नविर्सिउन् यस धर्तीका विदेश भाग्ने लडर लुब्ध नेतृत्वसँग सम्पूर्ण नेपालीको सरोकार र दर्कार नभई नेपाल नै रहिरहने छ र रहिरहनुपर्छ । हाम्रो नेपाललाई स्वीट्जरल्याण्ड बनाउनको सट्टा नेपाललाई सधै बुद्धको भूमि शान्त नेपाल बनाइ नेपाललाई नेपालकै नामले चिनाउनुपर्छ कुनै देशको नक्कल नगरी आफ्नो निःस्वार्थ भावना राखि देशविकास गरे अवश्य नेपाल हिराको टुक्रा जस्तो बन्दछ । यसरी हिराको टुक्रा जस्तो बनाउनका लागि, देश विकासको बाटो देखाउने काम सही र निःस्वार्थ भावनाले अगाडि बढ्ने दलबल तथा नेताहरुबाट

नै सम्भव हुने भएकोले शासकवर्गहरुले नै देश सुधार गर्नका लागि पर्नुपर्ने कुरा उक्त निबन्धमा निबन्धकारले आग्रह गरेका छन् । यहि देश सुधारका चाहना राख्नु नै यस निबन्धको उद्देश्य हो ।

**५) संक्षिप्तता**

लामाछोटा गरी (८) आँठ अनुच्छेद र ६ पृष्ठमा विस्तारित यो निबन्धमा निबन्धकारले नेपालले अर्काको लहलहैमा लागेर अर्काको देशको नक्कल गरेर आफ्नो सुन्दर नेपाललाई र नेपालीत्वको पहिचानलाई गुमाउन खोज्ने दल तथा नेताहरु, शासकवर्गहरु प्रति संक्षिप्त रुपमा उचित सन्देश व्यक्त गरेका छन् । निबन्ध लघु आयतनको हुनुपर्छ भन्ने सिद्धान्तको परिपालन गराउन यस निबन्धमा छोटो छरितो रुपमा आफ्नो विचारहरुलाई व्यक्त गरेका छन् ।

**६) भाषाशैली**

यस निबन्धमा लेखकले प्रारम्भमा ऐतिहासिक विषयवस्तुको प्रसङ्ग निकाल्दै अन्त्यमा सटिक ढङ्गले नेपालको राजनैतिक परिवेश तथा नेपालको शासकवर्ग प्रति आलङ्कारिक र व्यङ्ग्यात्मक ढङ्गले विभिन्न तत्सम्, ततुभव र आगन्तुक शब्दहरुले आफ्नो विचार सहज र सरल भाषाशैलीको रुपमा प्रकट गरेको पाइन्छ ।

**७) निष्कर्ष**

उक्त निबन्धमा हाम्रो सुन्दर देश नेपाललाई स्वीट्जरल्याण्ड बनाउने आँकाक्षा राख्ने आजका राजपण्डितहरुको प्रवृत्तिलाई खोतल्ने काम गरेको पाइन्छ । आजका शासकवर्गहरु देशलाई स्वीट्जरल्याण्ड बनाउने निहुँमा अर्काको लहलहैमा लागेर देशलाई झनझन खोक्रो र अरुको भरमा पर्नुपर्ने स्थिति निम्त्याएको देखिन्छ । देशका ठूलाबडाहरु नै देशमा अशान्ति मचाउने, होडबाजी गर्ने खिचातानी गनेए, आफू आफूमा झगडा गर्नेले कसरी बनाउला देश स्वीट्जरल्याण्ड भन्दै निबन्धकार आफ्नो भनाइ प्रकट गर्दछन् । आजका दलबल राजनैतिक व्यक्तित्वहरु आफ्नै दुनो सोझ्याउने तर्फ लागिरहेको छ । देशलाई अर्काको लहैलहैमा लागेर यस्तो र त्यस्तो बनाउनु भन्दा पनि हाम्रो सुन्दर नेपाललाई सधै बुद्धको भूमि शान्त नेपाल बनाइ नेपाललाई नेपालकै नामले चिनाउनुपर्छ, कुनै देशको नक्कल नगरी आफ्नो निःस्वार्थ भावना राखि देशविकास गरे अवस्थ नेपाल स्वीट्जरल्याण्ड भन्दा पनि सुन्दर हिराको टुक्रा जस्तो बन्दछ भन्दै निबन्धकारले आफ्नो निबन्ध मार्फत राष्ट्रप्रेमको भाव दर्शाइएको पाइन्छ ।

## ४.३.३ भाषण

**१) विषयवस्तु**

गायत्रीप्रसाद रिजालको 'के छ ! "प्रजातन्त्र"मा' निबन्धसङ्ग्रह भित्रको तेस्रो निबन्ध रहेको छ । "भाषण" यस निबन्धमा लामाछोटा गरी (९) नौ वटा अनुच्छेद र चार पृष्ठमा विस्तारित भएको छ । यस निबन्धमा "भाषण" सम्बन्धीत विषयवस्तुको प्रसङ्गहरुलाई उठान गरीएको छ । भाषणका विविध रुप हुने, भाषणलाई कलाको रुपमा लिएको यस निबन्धमा भाषणले सिधा व्यक्तिलाई पनि बाङ्गो बनाउने, बाङ्गो व्यक्तिलाई पनि सिधा बनाउने भन्ने प्रसङ्ग रहेको छ । आजका देश सञ्चालक तथा ठूलावडाहरुले आफ्नो शासन जमाउन आफ्नो भनाइमा लोभ्याउने भाषण गर्दै भाषण जनताका हितका लागि

नभई कला जस्तै भएको छ । बोलेर पिठो विकाउने शासक वर्गहरका निम्ति एक अर्कामा खिचातानी, इमान्दारीको अन्तर बोकेर दोस्रो तेस्रोलाई बैमानीको कालो कात्रो हालिदिन्छन् भनेर निबन्धमार्फत निबनधकारले आफ्नो भनाइ यसरी प्रकट गरेका छन् ।

"बाह्पाखे बोलेका हुन् कि बाह्मासे । नेतृत्वको लेपकर्ता कर्तामा लागेर होला पागलसरी पग्लिरहेका होलान् । एउटाले प्याच्च बोल्छ होइन अर्थ विनाको भाषण त भाषामा जाकिन्छ । सबैको लौमुते त छदैछ नि । अन्तरदलीय भाषक नेता ठगी वादका छट्टु जुर्मराहक हुन् । पृथ्वीनारायण शाहले इटा जोडेर राष्ट्र निर्माणमा गाह्रो लगाएका थिए । भिमसेन थापाले टिष्टा काँगडा छानो छोएका थिए तर उनीहरुले एकदिन पनि भाषण गर्दै हिड्न पाएनन् । भ्याएनन् पनि, तर अहिलेका ठगी वादका भिन भिनाले भीं भीं गर्दा कसैले नमस्कार गऱ्यो भने पनि मुण्टो हल्लाएर के छ त तेरो समस्या, हामी छदै त छौ नि भनिदिन्छन् । यो त दलदले संस्कारको मपाइत्वको ठोस जनचुनौतिय गोदाम हो" (रिजाल, २०७४ : ११) ।

यसरी निबन्धकारले यस निबन्धमार्फत आजका भाषणहरु विना अर्थको पागलसरी सोझो जनतालाई छुच्चो नेताले छक्याउने भुलाउने, फसाउने प्रवृतिलाई व्यङ्ग्य गरेका छन् ।

वर्तमान समयमा विभिन्न भाषणद्वारा जनताका लागि आकाशको तारा खसाल्छु जस्तो गर्ने शासक वर्गहरु जनतालाई भाषणद्वारा मुर्ख बनाइरहेको छ । आजका युगमा मानवतावादी हराउँदै गइरहेको राजनैतिक दलबलका भाषण च्याऊ जतिकै पलाएका "भाषण" अस्तित्वहिन बन्दै गइरहेको स्थितिप्रति निबन्धकारले यसरी आफ्ना भनाइ राखेका छनः " अब भाषणबाट आश गरेर बाँच्ने उपाय खोज्दा खोज्दै मानव जगत एक्लो भएर हराइरहेको छ । मूल्य मान्यता र  मानवता नै हराएको छ, भाग्दै डराइरहेको छ, थर्रर कापिरहेको छ र हिनताका साथ भनिरहेको छ । "मेरो राजनीतिको दलबलको भाषण लुब्धता मा हुर्केका राज्य नै बेचेर हाम्रा अस्तित्व खरानी पार्ने त होइनन् ? यी बाह्रमासे निशा र दिशा विहिन अन्तरदलका भाषण नेतृत्व च्याउ जतिकै पलाएको र भाषणद्वारा नै आफूतिर आकर्षण गर्ने कला आजका अधिकांश राजनैतिक विज्ञहरुको प्रवृत्ति प्रति निबन्धकारले तिखो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । साथै जनतालाई पनि कस्तो प्रकारको भाषण हो राम्ररी पहिचान गरेर सहि प्रकारको भाषण मात्रै सुनेर पछि लाग्ने अचाहिदो भाषण सुनेर समयको वर्वाद गर्न हुन्न भन्ने सन्देश पनि व्यत्त गरेको पाइन्छ ।

**२) सम्वेदना**

नेपालका ठूलाबडा भनाउँदाहरु सिधा सोझा जनतालाई आफ्नो मुठ्ठीमा राख्ने जनताका हितमा लागि भन्ने भाषण छाट्दै अन्त्यमा जनतालाई नै दुःखको भूमरीमा पारिदिने नेताहरुको प्रवृतिप्रति निबन्धकार व्यङ्ग्य गर्दै सोझा–साझा जनताप्रतीको दुःख आफ्नो निबन्धमा प्रकट गर्छन् ।

वर्तमान समयमा विभिन्न प्रकारका भाषणद्वारा जनतालाई मुर्ख बनाउने, आँखामा कालो पट्टी लगाइ आफ्नो बोलीको इशारामा नचाउने देशका राजनेताहरुको कुप्रवृत्तिमा अब जनता आफ्नो आँखाको कालो पट्टी खोल्नुपर्ने, दोषी चश्मा खोल्नुपर्ने भाव यस निबन्धमा व्यक्त गरीएको पाइन्छ ।

### ३) निजात्मकता

भाषणलाई कला हो भनेर निबन्धकारले आफ्नो निबन्धमा व्यक्त गरेको पाइन्छ । जुनकलाद्वारा सारा जनता त्यहि भाषण सुन्नका निम्ति आतुर हुने गर्दछ । "भाषण"द्वारा अनविज्ञ सोझा साझा जनताहरु भाषणमै लठ्ठिएर गुटमुटिन्छन् । अन्त्यमा सत्य के हो भन्न/चिन्न नपाउँदै बाठा नेताहरुको चङ्गुलमा (जालमा) पर्छन् । यसरी निबन्धकारले आफूले जीवनमा भोगेका कुरा तथा देशका महान बन्ने व्यक्तिहरु आफ्नो भाषणको कला जनतासामू दर्शाउछन् र उनीहरुलाई लठ्याउँछन् भन्ने प्रसङ्ग निबन्धमा निबन्धकारले प्रस्तुत गरेको पाइन्छ । "कठै उसले मपाइत्वको महान भानमा आफ्नो परिचय दिन्छ । म र मेरो दलबल सर्वश्रेष्ठ हो । म पनि यसको सक्रिय पात्र हुँ । जनता हाम्रो पक्षमा हिडिदिए हाम्रो हार कहाँ छ ? हाम्रो भविष्य राम्रो छ । हामी पनि अरुभन्दा गतिलो लोकतन्त्र, गणतन्त्र नारा भाक्न सक्छौं" (रिजाल २०७४:१३) । यसरी आजको युगमा आफ्नो मपाईको महान भानमा आफ्नो परिचय दिन्छन् म र मेरो दलबल सर्वश्रेष्ठ हो भन्छन् । लोकतन्त्र, गणतन्त्र, प्रजातन्त्रको नारा हाक्दै कुटनीतिमा विश्मार्क, साधुवादमा महात्मागान्धी, शान्तिमा बुद्धत्वको दर्शनमा आधारित रहेर भाषण छाट्दै जनतालाई आँखामा छारो हानेर आफू सर्वश्रेष्ठ महान बन्ने कोशिस गर्दछन् । यसरी आजको युगमा सत्यता कहि पनि नपाइने कहि कतै पाइए पनि असत्यले थिचेर बढ्न र हुर्कन नदिने देशको स्थितिप्रति निबन्धकार आफ्नो निजात्मक भाव प्रकट गरेको पाइन्छ ।

### ४) उद्देश्य

जनमानसमा ठूलो जमातमा अगाडि उभिएर बोल्न, फलाक्न, हाक्न, तर्साउन वा हँसाउन जान्नु एउटा भाषणको कला हो । भाषण बाठोलाई पनि लाटो बनाउने लाटोलाई पनि बाठो बनाउने कला हो । यसरी भाषण सुन्नेले पनि सुन्न जान्नुपर्ने अर्काको लोतोपोतोमा लागेर भाषणको पछि लागेर हामी सोझा साझा आजसम्म पनि पछि परेका छौं । देश बोलेर बन्दैन कार्य गरेर देश बन्दछ भन्ने कुरा जनताले पनि सम्झनुपर्छ । भाषणले छेपारोरुपी रङ्ग फेर्दै पक्ष र विपक्ष विच तनाव सिर्जना पार्दै भनाभन, हानाहान, कुटाकुट, फुटाफुट, सुर्कासुर्की, घुर्चाधुर्ची गरी दुवै बिच द्वन्द्व मच्चाइदिएको आजसम्म हामीले देख्दै आइरहेका छौं । यसरी निबन्धकार भन्नुहुन्छ अब जनताले सधैं भाषण प्रति सजग रहनुपर्ने कुन भाषण कस्तो हो सही र गलत छुट्याएर मात्र आफ्नो समय र शक्ति खेर फाल्नु पर्ने कुरा प्रस्तुत गर्दै जनतालाई सजग गराउने यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

### ५) संक्षिप्तता

नौ (९) अनुच्छेद, चार (४) पृष्ठमा फैलिएको यस निबन्ध "भाषण" शीर्षक अन्तर्गत रहेर भाषणका विविधरुपलाई खोतल्ने प्रयास संक्षिप्त रुपमै गरेको पाइन्छ । निबन्धमा हुनुपर्ने संक्षिप्त रुपमा यसमा पाइन्छ ।

### ६) भाषाशैली

छेपारोरुपी भाषणका विविध रुपलाई चिनेर मात्र जनता अघि बढ्नुपर्ने, मुर्ख बनाउने राजनेताहरु प्रति सजग रहनुपर्ने भन्दै निबन्धकारले सहज र सरल भाषाशैलीमा आफ्नो भनाइलाई प्रकट गरेको

पाइन्छ । भने कहिँकतै लाक्षणिक शब्दहरु साथै तत्सम र तत्भव शब्दको साथै प्रश्नात्मक शैलीहरुले पनि सजाउने काम गरेको पाइन्छ । समग्रमा निबन्धको भाषाशैली सरल, सहज र बोधगम्यता नै भएको पाइन्छ ।

**७) निष्कर्ष**

प्रस्तुत निबन्ध भाषण सम्बन्धी विषयवस्तुलाई टिपेर वर्तमान अवस्थाका भाषणहरुको विविधरुप प्रवृत्तिलाई नङ्ग्याउने काम निबन्धकारले गरेको पाइन्छ । भने वर्तमान समयमा भाषण जनताको हितका लागि नभई कलाजस्तै भएको सन्दर्भ र आजका युगमा सत्यता कहि कतै नपाइने पाइएता पनि असत्यले कुल्चेर बढ्न हुर्कन नदिने स्थिति प्रति निबन्धकार आफ्नो भनाइ प्रस्तुत गर्दै अबका जनता तथा नागरीकहरुलाई भाषण प्रति सजग रहनुपेर्न, कुन भाषण कस्तो हो सही र गलत छुट्याएर मात्र आफ्नो समय र शक्तिखेर फाल्नुपर्ने कुरा संक्षिप्त र सरल भाषाशैलीमा प्रस्तुत गरीएको पाइन्छ ।

## ४.३.४ वेकुफताको परिचय

**१) विषयवस्तु**

गायत्रीप्रसाद रिजालको 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङग्रह अन्तर्गतको चौथो निबन्धका रुपमा रहेको छ "वेकुफताको परिचय" यसमा प्रत्येक मानिस जन्मेपछि आफ्नो भुडिको लागि बाचुञ्जेल विविध कार्यहरु गर्ने गर्दछ भन्दै निबन्धकारले निबन्धको सुरुवात गरेका छन् । यस निबन्धमा निबन्धकारले राजनैतिक, ऐतिहासिक विषयवास्तुलाई विविध घटनालाई  यसरी प्रस्तुत गरेका छन् ।

यसरी यस निबन्धमा ऐतिहासिक घटनाहरुले पनि समावेश गर्दै मानिसले एक बार बाच्नु छ तर पनि उसलाई सबै कुराको लोभ लालचा गरेर अन्त्यमा आफू महा वेकुफताको उपाधिमा रमाउने प्रवृत्तिलाई यस निबन्धमा व्यङ्ग्य गरीएको पाइन्छ भने आजको दलबल तथा नेताहरु विभिन्न घटनाहरु फाइदामा पछि लागेर आफू महान बन्ने ढुङ्ग गर्ने, खिचातानी गर्ने प्रवृति प्रति निबन्धकार व्यङ्ग्य गर्दै भन्छन् । "तै रानी मै रानी, को भर्ने कुवाको पानी" (रिजाल २०७४:१५) भने भ्रै आजका शासकवर्गहरुले अझैपनि हानहान र ताकाताक गर्ने प्रवृत्ति, अझै पनि हाम्रा देशका युवाहरु विदेशीनु बाध्य, देशमा भ्रष्टाचारीको विगविगी, भ्रष्टाचारी तथा आजका नेता सधैं एउटै श्रेणीमा रहन नसक्ने हुनाले उपसर्ग महा जोथेर महावेकुपको उपाधि जित्ने होडबाजीमा ढोडको घिर्लिङ्ग बनाएर मोट ताकिरहेका छन् "इमान्दारिता" यसरी नै नेपालमा विभिन्न उन्नतीको कार्य गर्ने निहुँमा नेपाल राष्ट्रिय बेकुप पौडी परिक्षणशालामा तँ छाड मँ छाड भएर हाम फालाफाल गर्न जाँदा कति त घुर्चेर लडे, कति कमजोर भएर पछि परे बलिया बहादुरहरु सबैलाई ढेल्दै मिच्दै उछिन्दै जाने क्रममा झ्वाम्म कि, झ्वाम्म हाम फाल्न थाले भने यस निबन्धमा निबन्धकारले "२३७ वर्षे पुरानो राजाको रोहवरमा रवैया रन्किरहेको बेलामा राजा ज्ञानेन्द्रद्वारा ज्ञानको इन्द्रकोठीमा अन्यन्त्रित खैलावैला झै मञ्च–मञ्चमा मच्चिएर वेवकुपताको राष्ट्रिय राजनैतिक स्थिति र अन्तरदलका नेताको सत्कार, जनता र राष्ट्रको बलात्कार भएन की ?"

यसरी निबन्धकारले नेपालको राजनैतिक दलका कारण जनता बेकुप दलका पछि लागेर उनीहरुको वास्तविकताको अञ्जान बनेर जनता आफैले खनेको खाल्डोमा आफै पस्दैछन् र आफै

वेवकुपताको उपाधि जितिरहेका छन् । हावाका भरम देशमा विभिन्न बन्द हड्ताल मचाउने, होडबाजी गर्ने नारा लगाउने आखिरमा पाउनुपर्ने केही होइन बेकुपमा दलका वा शासकको पछि लागे समयको वर्वाद गर्ने मानिसहरुको प्रवृत्तिलाई उदाङ्गो पारिदिएका छन् ।

**२) सम्वेदना**

बेकुपताको परिचय नामक निबन्धमा निबन्धकारले मानिसले एक पेट भर्नका लागि कति दुःख पिडा भोग्नुपर्ने र अर्काको जालझेल सहेर भएपनि, बेकुपवादी बनेर भएपनि जीवन जिउनुपर्ने कुराहरुलाई निबन्धकारले हार्दिक र तरलित रुपमा प्रस्तुत गरेका छन् । नेता तथा दलहरु जनतालाई बेकुप बनाएर आफू पनि बेकुपतावादीको उपाधि लिएर अनविज्ञ पारामा शासन गर्दै आफूले गरेको गल्तिहरु अरुमा थोपार्ने प्रवृत्ति प्रति निबन्धकार दुःखेसो प्रकट गर्दछन् ।

**३) निजात्मकता**

"बेकुपताको परिचय" निबन्धमा निबन्धकारले देखेका, भोगेका अनुभवहरुलाई पाठकसामु प्रस्तुत गरेका छन् । शासकवर्गहरु एकले अर्कालाई छक्याउने बेवकुप बनाउने, त्यसको मारमा झन जनताले दुःख भोग्नुपर्ने, जनताले पनि सत्य तथ्य नजानी आँखा चिम्लेर हाम फाल्ने प्रवृत्ति, सहि र गलत के हो । त्यसमा अनविज्ञ सोझा साझा जनतालाई अन्धकारमा धकेल्ने बेकुपवादीहरुको प्रवृति यस निबन्धमा झल्काउने काम निबन्धकारको निजात्मकता हो ।

**४) उद्देश्य**

मानिस यस धर्तीमा जन्मलिएर आएपछि हरेक प्रकारका कार्यहरुसँग लड्दै–पड्दै बाँच्न बाध्य हुनुपर्छ । अझ मानिसमा ज्ञान, शिक्षा, सम्पति छैन भने सबैभन्दा तल्लो दर्जामा उभिएर अरुको इशारामा नाच्नुपर्ने हुन्छ । यसरी सोझा जनताहरले गरीब जनताहरुले बेकुपताको शिरोधार्य गरेर अन्धकारको बाटो हिड्नु बाध्य पारेको छ । तसर्थ निबन्धकारले यस निबन्धमार्फत कुनै पनि कार्य गर्नु अगाडि अरुको भरमा, लहलहैमा नलागि आफ्नो सहि निर्णयमा मात्र हिडौं अरुका फुस्रा भनाइमा विश्वास गरेर बेवकुप नबनौ । जस्तो २३७ वर्ष पुरानो राजाको रोहवरमा रवैया रन्किरहेको बेला ज्ञानेन्द्रले आफ्नो सत्ता जमाउने बेवकुपवादी योजना गरी अन्त्यमा आफ्नो खुट्टामा आफै बन्चरो हान्ने काम गऱ्यो, आफ्नो बेवकुपले आफैलाई लुट्ने काम गऱ्यो, देशमा अशान्ति फैलाइी, यसरी आफ्नै बेबकुपले गर्दा आफै विग्रिने काम गऱ्यो ।

अत : यस निबन्धमार्फत अरुलाई वेवकुप बनाउनेहरु आफै पनि बेवकुप भइरहेका छन् । निबन्धकारले देशका सोझा जनताप्रति बेवकुप बनाउनेहरुसँग सधै सर्तक रहनुपर्ने कुरा पनि प्रस्तुत गरेका छन् ।

**५) संक्षिप्तता**

निबन्धका गुणहरु मध्ये लघु आयतनका दृष्टिले यो निबन्ध आठ (८) अनुच्छेद र चार (४) पृष्ठमा विस्तारित रहेको पाइन्छ । यसमा प्रस्तुत गरीएको विचार विषय संक्षिप्त छन् ।

### ६) भाषाशैली

"बेकुपताको परिचय" निबन्धमा सामान्य प्रसङ्गदेखि लिएर राष्ट्रिय स्तरसम्मको विषयवस्तु प्रस्तुत गरी विभिन्न प्रतीकात्मक, लाक्षणिक शब्दहरुको प्रयोग तथा विभिन्न तत्सम, तत्भवहरुको प्रयोग जस्तै "तै रानी मै रानी को भर्ने कुवाको पानी" जस्ता उखान टुक्काहरुको (रिजाल, २०७४ : १५) प्रयोग गरीएको यस निबन्धमा भाषाशैली केही लामा वाक्यहरु, आलंकारिक भएता पनि बोधगम्यता, सरल, सहज नै रहेको पाइन्छ ।

अतः "बेकुपताको परिचय" निबन्धमा मानिसले आफ्नो एक पेटका लागि, मानमर्यादा, शान, इज्जत, पैसा, पावर, स्थान आदिका लागि बाचुञ्जेल विविध कार्यहरु गर्दछ भने यी कुराहरु पाउनका लागि विविध अचाहिदो कार्यहरु गर्न पनि तयार हुन्छन् अनायसै सुझ–बुझ बिना आफै खाल्डोमा पस्ने कार्य पनि गर्दछ यसरी मानिस जीवनमा विभिन्न बेकुफवादी कार्यहरु गर्दछन् र अरुलाई गराउँछन् । अझ ठूलाबडाहरुले सोझा र गरीबलाई बेकुपताको माला लगाइदिएर आफू भने इमान्दारीताको खोल ओढेर सर्वश्रेष्ठ बन्नमा आतुर भएर महावेकुपको उपाधि जित्न सफल हुन्छन् । एक अर्कामा होडबाजी, खिचातानी, एकले अर्काको कमजोरी देखाउने, पैसा र पावर, शान, मानको पछि लाग्ने र इमान्दारीताको ढुङ्ग गर्ने प्रति निबन्धकारले बेकुपवादी भनेर परिचय दिएको पाइन्छ । मानिस जीवनमा एकबार जीउनु छ आखिरमा लानु नै केही छैन । मानिसहरु विनासितीमा विविध कु–कार्यहरु र जीवनभरी बेकुपताको पछि लाग्छन् । यसरी निबन्धकारले  अब हामी सबै मानव–मानव बीच एक–अर्काको भावना बुझेर सम्मान गर्न सिक्नुपर्छ हामी समाजमा बस्ने भएकोले सामाजिक प्राणी बनौ बेकुप नबनौ भन्ने सन्देश सहज र सरल भाषाशैलीमा प्रस्तुत गरेको पाइन्छ ।

## ४.३.५ राज्यका बलजफतकार

### १) विषयवस्तु

"राज्यको बलजफतकार" निबन्ध 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्धसङ्ग्रह अन्तर्गत पाँचौ निबन्ध रहेको छ । यस निबन्धको शुरुवातमै निबन्धकार आफ्नो कुरा यसरी राख्दछन् "भन्ने सनिन्छ कि, भिमसेन थापाको टाउको बेलाईतको एउटा संग्राहलयमा सजाएर सुरक्षित राखिएको छ । त्यो मृत टाउकोले ब्रिटिससँग न त कुनै सम्झौता गरोस न बातचित नै, न कुनै बार्ता (रिजाल २०७४ : १९) भनेर निबन्धकारले आफ्नो निबन्धको शुरुवात गरेको पाइन्छ । यसरी निबन्धकारले शुरुवातामै ऐतिहासिक तथा राजनैतिक विषयवस्तुमा आधारित रहेर आफ्नो निबन्ध मार्फत परम्परादेखि नै हाम्रो नेपालको वीर पूर्खाहरुले नेपालको नाम राखेको र विश्वले नेपाललाई शाहसी पुरुषहरुको देश भनेर चिनेको हाम्रा पुर्खाहरुले नेपाललाई सधैं उच्च राख्ने काम गरेको भनने प्रसङ्ग सङ्गै निबन्धको शुरुवात गरेको पाइन्छ । उत्त निबन्धमा हाम्रा पुर्खाहरुले आफ्नो देशका लागि आफ्नो अस्तित्वलाई जोगाउन, आफ्नो राष्ट्र बचाउन, आफ्नो देशका जनताका खातिर कति सहासपूर्ण कार्यहरु गरेका थिए । न त जातिय स्वार्थ नै थियो । आफ्नो देशलाई अघात माया गर्दथे । जस्तो कि पृथ्वीनारायण शाह, अमरसिंह थापा, बहादुर शाह, भक्ति थापा, बलभद्र कुँवर, भिमसेन थापा जस्ता वीर योद्धाहरु नेपालको खातिर

अन्तिम श्वास रहुञ्जेल लडीरहे, यिनीहरु निःस्वार्थ भावना लिएर आफ्नो देशलाई माया गरी ज्यानका बाजी गरेर लडेका थिए भने दशरथ चन्द्र, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र गंगालाल श्रेष्ठ जस्ता महान व्यक्तिहरुले कुशासकहरुबाट राष्ट्रलाई पार गराउन ज्यानकै बाजी थापेका थिए । यसरी हाम्रा देशका सन्ततीहरु राज्यका निम्ति हाँसी, हाँसी आफ्नो प्राण त्यागेका थिए ।

वर्तमान अवस्थामा आइपुग्दा मुलुकले अझै पनि त्यही पिडा भोग्नु परेको अवस्था छ । एउटा देशको प्रगति अर्को देशले सहन सक्दैन । नेपालमा २०७२ साल असोज ३ गतका दिन संविधान बनायो । राष्ट्रदेखि अन्तर्राष्ट्रिय स्तरसम्म खिचातानी भयो । यसरी एउटाले गरेका राम्रा कार्य अर्को देशले हेर्न नसकेको हालको समयमा पनि रहेको पाइन्छ । अमेरिका देशले आफुलाई शक्तिशाली ठान्छ, अर्काको उन्नती पनि हेर्न सक्दैन, अनेक निहुं खोजेर, झिकेर अर्काको राष्ट्रिय स्वतन्त्रताको अस्मिताको बलात्कार गर्छ । ऊ निर्धक्क भएर बन्छ । यसरी निबन्धकारले धनी र शक्तिशाली देशहरुले गरीब र निर्धो देशप्रति कसरी राज्यको बलात्कार, तल गिराउने काम गर्दछ । शक्तिहिन राष्ट्र त खुम्चेरै बस्नुपर्ने बाध्यता, एक राज्यले अर्को राज्यलाई गिराउने, हडप्ने जस्ता कार्यहरुलाई विषयवस्तु लिएर निबन्धको रचना गरेको पाइन्छ ।

**२) सम्वेदना**

उक्त निबन्धमा निबन्धकारले आफ्नो देश र जनताप्रतीको स्थिति देखेर राष्ट्र प्रेमको भावना उराल्दै हाम्रो देश पुर्खाहरुले आफ्नो खुन पसिना एक गरेर देशलाई जोगाइराख्ने काम गरे भने वर्तमान अवस्थामा जनता तथा देश शासकहरुलाई यसरी व्यङ्ग्य गरेका छन् र विभिन्न पहिचान खोज्छन् । “देशका आजका नेता तथा दलहरु कुर्सीमा रमाउने डलर समाउने र इशारामा नाच्ने गर्दछन् । एकदिन राष्ट्रिय पत्रिकाका पत्रकारले सोधेछ, “तपाईहरु कुन देशका ?” भनेर जीहरुले हामी “......” अकमकाएर देशको नाम नै भूलेछन् । यहाँ भद्र भयो वा उपद्रो भयो, म भन्न सक्दिन तर एउटा विदेशीले जी ज्युहरुका पिएलाई सोधेछ “यी के गर्दै छन् ?” भनेर । जवाफ मिलेछ हाम्रा जीहरुले जातीय एकल पहिचान खोजेका छन् (रिजाल, २०७४ : २१) ।

हाम्रा पूर्खाहरुले त हामी सबै नेपालीलाई एकै वगैचाको फूलबारीमा सजाएर नेपालीत्वको इज्जलाई दाग लगाउन दिएनन तर वर्तमान अवस्थामा देशका नेता तथा जनतालाई देशको भन्दा पनि सबैलाई आफ्नो चिन्ता भएको प्रति निबन्धकार दुःखेसो प्रकट गर्छन् । यहाँ मानिसहरु आफ्नो जातिय स्वार्थमा लाग्न थालेको छ । पूर्खाहरुले त अस्तित्वका माया, जनताको पहिचान र माटोको संरक्षण गर्दा पृथ्वीनारायण शाह, अमरसिह थापा, बहादुर शाह, भक्ति थापा, बलभद्र कुँवर, भिमसेन थापाले एक बाक्य पनि पुच्छ्रे रवैया उठान गरेका थिएनन् । न त जातिय स्वार्थ नै थियो । दशरथचन्द्र, धर्मभक्त, शुक्रराज, गंगालालहरुले कुशासकबाट राष्ट्रलाई पार गराउन ज्यानकै बाजी थापे । आज यो कालखण्डमा विभिन्न शैक्षिक, संस्थागन निकायलाई चङ्गाञ्जली बनाएर आजका ठूला ठूला व्यक्तिहरु जनता तथा देशका लागि डाँस व्वासो झै प्रमोशन हुदैछ । अब देशले कस्तो उपाधि पाउने हो सत्कार वा बलात्कार । उक्त अन्तर्राष्ट्रिय पक्षलाई हेर्ने हो भने अमेरिकाको कारण इराक, कुवेत, कंगो, लिविया, अफगानस्थान,

इजरायल, सिरिया, सामन्ती ज्यावलको दण्डाले आफ्नो राजदर्जा ठूलो सम्झेर अरुको दर्जा धुलोमा मिलाइी । यसरी निबन्धकार राष्ट्र तथा अन्तर्राष्ट्रिय दुर्गति देखेर दु:खप्रकट गर्दै यस निबन्धमा संवेदनशिल भावप्रवाहद्वारा प्रकट गरीएको छ भने आफ्नो देशमाथि हुन खोज्ने आक्रमणलाई निरुत्साहित गरी आफ्नो देशको र पुर्खाहरुको इज्जत तथा पहिचान जोगाउनुपर्छ । अनि मात्र पराश्रित नभइ देश बाच्न सक्दछ भन्ने सम्वेदनाको भाव यस निबन्धमा प्रस्तुत छ ।

**३) निजात्मकता**

निबन्धकारले राज्यको बलजफकार निबन्धमा आफ्नो देशलाई अगाध माया गर्ने साहसी योद्धाहरु पृथ्वीनारायण शाह, अमरसिंह, बहादुर शाह, भक्ति थापा, बलभद्र कुँवर र भिमसेन थापा जस्ता साहसी पुरुषहरु आफ्नो देशका लागि आफ्नो ज्यानको बलिदान दिए तर वर्तमान समयमा भने हाम्रा देशका देशका शासक तथा जनता आफ्नो स्वार्थका निम्ति मात्रै अगाडि बढ्ने देशको चिन्ता होइन आफ्नै मात्रै चिन्ता लिएर अगाडि बढ्ने प्रवृति प्रति उनी आफ्नो निजान्मक भाव प्रकट गर्छन् । भने हाम्रा् देशमा घर तरहले आँखा लगाइराख्ने विदेशी मुलुकहरु प्रति पनि शासकहरुको ध्यान जाओस भन्ने कुरा प्रकट गर्दछ ।

**४) उद्देश्य**

हाम्रो देशमा पुर्खाहरुले वीर सहासी कार्य गरेर आफ्नो ज्यानका बाजी थापेर आफ्नो मूल्यवान जीवन नेपालको खातिर अर्पण गरे । अरु देशहरु नेपाली वीर गोर्खाली भनेर डराउँथे । यसरी वीर योद्धाहरुले देशका लागि रगत–पसिना एक गरेर वीरताको इतिहास कोरे । आज हाम्रो देशका शासकहरु कमजोर बन्दै गईरहेको स्थिति रहेको छ । अमेरिका देशले हाम्रा पुर्खाहरुको शाहसलाई सलाम गर्थे । वर्तमान समयमा अमेरिका राष्ट्र सबैभन्दा शक्तिशाली भएको कारणले कतिखेर कुन बहानाले अर्काको देशमाथि आक्रमण गरी आफनो पावर देखाऊँ र आफनो इशारामा नाच्ने बनाऊँ भन्ने सोचले अगाडि बढिरहेको हुन्छ । अमेरिकाले कतिपय राष्ट्रहरुको बलात्कार पनि गरिरहेको छ ।

अत : हामी नेपाली शासकवर्गहरु पनि अब सचेत भएर आफ्नो र पुर्खाहरुको इज्जतका लागि अर्थात सम्पूर्ण नेपालीका लागि नि:स्वार्थ भावनाले देश निर्माणका कार्यमा लाग्नुपर्ने, हामी नेपालीलले कहिल्यै पनि पछि हट्नु हुदैन, पुर्खाहरुको इज्जतमा दाग लगाउन नहुने उनीहरुको कार्यलाई सम्मान गर्दै अगाडि बढ्नुपर्ने सन्देश र सुझाव दिने उद्देश्य यस निबन्धले बोकेको पाइन्छ ।

**५) संक्षिप्तता**

लामाछोटा गरी चौध अनुच्छेद र ६ पृष्ठमा फैलिएको यो निबन्ध संक्षिप्त रहेको छ । नेपालको वीर पुर्खाहरुले आफ्नो राज्य अर्को राज्यले बलजफतकार गर्न खोजे पनि वीर पुर्खाहरुले हाँसी–हाँसी लड्न तयार भए र बहादुरी कमाए भने वर्तमान अवस्थामा वीर पुर्खाहरुले कमाएको इज्जत बचाउन आजका शासक वर्गहरुले ख्याल नगरेको, शासकवर्गहरुमा पूर्खाहरुको इज्जत धुलैमा मिलाउने खालको व्यवहार देखिएकोमा निबन्धकार आफ्नो निबन्धमार्फत संक्षिप्त रुपमा सम्पूर्ण नेपाली तथा शासकवर्गहरु माथि नेपालको ऐतिहासिक साहसी पुरुषहरुको वीरता र सुरतालाई कदर गर्दै त्यसप्रति गम्भीर चिन्तन गर्दै अगाडि बढ्नुपर्ने प्रशंगलाई प्रस्तुत गरीएको पाइन्छ ।

६) **भाषाशैली**

"राज्यको बलजफतकार" निबन्धको भाषाशैली शिर्षकलाई हेर्दा यस निबन्धको शीर्षकले अविधात्मक अर्थ बोकेको पाइन्छ । जस्तो की यस निबन्धमा परापूर्व कालदेखि नै एक राष्ट्रले अर्को राज्य मात्रै नभएर देश भित्रकै ठूलाबडाहरु एक अर्कामा होडबाजी गरेर अर्काको अधिकारमाथि बलात्कार गर्ने प्रसङ्गहरुलाई यस निबन्धमा प्रस्तुत गरीएिको हुनाले निबन्धको शीर्षक अविधात्मक रुपमै लिन सकिन्छ ।

यस निबन्धमा प्राय तत्सम, तत्भव र आगन्तुक शब्दहरुको प्रयोग गरीनुका साथै ठाउँ ठाउँमा प्रश्नात्मक तथा विष्मयादिवोध चिन्हहरुको प्रयोग गरीएिको पाइन्छ भने कहि कतै लामा–लामा वाक्य आलंकारिक भाषाशैली र केही क्लिष्ट वाक्यहरु पनि रहेको पाइन्छ । समग्रमा निबन्धकारले सरल, सहज भाषाशैलीमा निबन्धको रचना गरेका छन् भने निबन्धमा हुनुपर्ने मर्म र गुणलाई छुट्याएको छैन ।

७) **निष्कर्ष**

राज्यको बलजफतकार निबन्ध अन्तर्गत छ्यासमिस रुपमा ऐतिहासिक वीर पुरुषहरुको वीरतार सुरताको वर्णन गर्दै उनीहरुले गरेको कार्यसँग सम्बन्धीत विविध प्रसङ्गका साथै वर्तमान शासकवर्गहरुको प्रवृतिको पनि उल्लेख गरेको पाइन्छ । पूर्खाहरुको वीरता र सुरता मात्रै होइन उनीहरुमा भएको हाम्रो देश र जनता प्रति भएको निःस्वार्थ भावना, पूर्खाहरुमा कुनै जातिय स्वार्थ थिएन, आफ्नो नेपालप्रति भएको कर्तव्यको पालना गर्दै आफ्नो देश र जनताको लागि सर्वस्व सुम्पिदिएर देशका लागि हाँसी–हाँसी मृत्युको वरण गर्ने हाम्रा शाहसी पूर्खाहरुको इज्जत वर्तमानमा आएर राज्य सञ्चालन केही फितलो हुँदै गइरहेको आजका शासकवर्गहरु आफ्नै दुनो सोझ्याउने तर्फ लागिरहेको छ । उनीहरुलाई आफ्नो राज्य तथा भूभागको कुनै चिन्ता नभएको प्रति निबन्धकार आफ्नो निबन्ध मार्फत व्यङ्ग्य प्रहार गर्छन । अझ भन्ने हो भने राष्ट्रिय मात्रै नभएर अन्तर्राष्ट्रिय विश्वका ठूला ठूला शक्तिशाली राष्ट्रद्वारा साना तथा गरीब देशहरुमाथि झगडा लगाइदिने अर्काको अस्मिताको बलात्कार गर्ने, यसरी साना राज्यहरु खुम्चेरै बस्नेपर्ने बाध्यतालाई पनि निबन्धकारले प्रस्तुत गरेको पाइन्छ ।

## ४.३.६ राज्यको दुर्दशा

१) **विषयवस्तु**

उक्त निबन्धमा "दुर्दशा भनेको टाढा फाल्ने विधि वा भित्र कुजमुजिएको कुण्ठा हो" (रिजाल, २०७४) भनेर निबन्धकारले निबन्धको शीर्षकको परिचय दिएर शुरु गरेको छ । यसमा देशमा भएको दुर्दशालाई विषयवस्तु बनाएर निबन्ध लेखिएको पाइन्छ । यस निबन्धमा हाम्रा देशका राजनैतिक दिक्षान्तकारी बढ्याइहरु नै राष्ट्रियताको नारा घन्काएर मुखमा राम राम बगलीमा छुरा गर्छन् अर्काको देशको नक्कल गर्छन । निबन्धकार यस निबन्धमा यसरी आफ्नो भनाइ प्रकट गर्छन ।.

"कुकुरको पुच्छर बाह् वर्ष ढुङ्ग्रामा राखे पनि निकाल्दा गुडुल्किए झै प्रजातन्त्र, समाजवाद र साम्यवादको दिवा स्वप्ना बोकेको राजनैतिक दिक्षान्तकारी बट्ठ्याई जीहरु जो छन् ती सग्लो सग्लो चेहरामा ज्योतिगत ऐनाका भारतले भित्र्याइदिएको गोवर घ्याम्पो बोकेर व्यक्तिवादबाट उक्सेर

जातिवादमा तुना खुस्काउन पुगे" (रिजाल, २०७४ : २५) । भनेर निबन्धकारले यस निबन्धमा आजका राजनैतिक दबदबा जति गरेपनि नसुध्रने अर्काको देशकै नक्क गर्ने गुलाम बन्ने प्रवृति प्रति व्यङ्ग्य गरेको पाइन्छ । यस निबन्धमा निबन्धकारले आजका नेता तथा राजनेताहरुको षडयन्त्र व्यवहारको कुहिएको पहिचान, जसले हजारपटक ढाट्न सक्छ त्यो नै राष्ट्रप्रेमी र विश्वासी, ढुकुटीवादको हाइहाइमा लुटेरावादको रजाँई, विचौलिया, घुसखोरिया त्यस्तै नेपालमा पनि सरकार छ तर विदेश पुकार्छ, जनता नकार्छ कुर्सीको खिचातानीको आवेशीय रिसमा षडयन्त्र चल्छ, घुमाइफिराई जनता मार्छ । ट्वाल्ल परेको जनआस्थालाई टिम्मल परेर हेरिरहन्छ । राजसिंहासनबाट नग्न, तरुणीको बलात्कार गरेझै राष्ट्रसंहारको गुच्छा खेल्दै, नमस्तेको हजुरिया बटुल्दै ऐतिहासिक महापुरुषहरुको गाथा गाउँदै समकालीन विष्टहरुको निन्दा गर्दै आफ्नो बचन अनास्थावादी जिन्दावाद आफै कमाउँछन् । उसको दिमागमा न त इतिहासको ज्ञान छ न त समाजशास्त्र नै जान्छन् । जनता जनता भिडाउने, भू–स्वाहा पति पनि तिनै जुटफुट, धुत, लुटपति पनि तिनै जनतामा बनावटी आश्वासन दिने पनि तिनै हुन भनेर निबन्धकारले राज्यको दुर्दशा हेर्ने राजपण्डितहरु प्रति उनीहरुको शासन व्यवस्था प्रति व्यङ्ग्यात्मक ढङ्गले आफ्नो अभिव्यक्ति प्रहार गरेको पाइन्छ भने उपल्लो देशका निर्देशनमा आफ्नो भू–भाग अर्कालाई सुम्पने, आफ्नो राज्यको दुर्दशा निम्त्याउने राजपण्डितहरु आफ्नो स्वाभिमानी भूगोललाई भकुण्डो खेल्दै हानिरहेको छ । राष्ट्र रोइरहेको छ । धर्ती धर्मराईरहेछ , उपकार नपाएर यो हो आन्तरिक कथा व्यथाको रिमोटबाट चल्ने राज्यको दुर्दशा यसरी देशले झेल्नु परेको विभिन्न पिडाहरु यस निबन्धमा निबन्धकारले आफ्नो चिन्तन प्रस्तुति गरेको पाइन्छ ।

**२) संम्वेदना**

"राज्यको दुर्दशा" निबन्धमा निबन्धकारले वर्तमान सन्दर्भको राजनैतिक बट्ठ्याइहरु, विचौलिया, घुसखोरिया जस्ताका कारण राष्ट्रले भोग्नुपरेको दशाप्रति निबन्धकार चिन्तित रहेको पाइन्छ । दन्त्यकथामा पूर्व ढौट र पश्चिम ढौटले बाखो गोठाल्नी बज्यैको एउटा बाखो समातेर सेतो फेटा धोती लगाई दिएर "ए बज्यै ऊ त्यो धोती लगाएको मेरो बाखो तिम्रो बाखो देखेर त्यसैतिर आयो समाउन सघाउनु" (रिजाल, २०७४ : २६) भनेर पक्कडेर लगे झै उपल्लो देशको निर्देशनमा आफ्नो भू–भागमा अर्कालाई धोती लगाई दिएर झापामा पृथ्वीनगर, महेशपुर, नवलपरासीको सुस्ता हुँदै महाकाली कञ्चनपुरसम्म र कालापानी त झ्याम्मै बाखै सम्पाइ झै सुम्पेको स्वभूछेदन्ते राजपण्डितहरु "डाकालाई आनन्द अर्कालाई लुटेको दिन" भने झै जोधाहा भएर आफ्नै जनता पो जुधाउँछन् । यसरी नबन्धकार देशको परिस्थिति शासकवर्गहरुको मनपरी देखेर निबन्धममा उनी आफ्नो देशप्रति सम्वेदना व्यक्त गर्छन ।

**३) निजत्मकता**

यस निबन्धमा आफ्नो विचाहरुलाई सहज ढङ्गले अभिव्यक्त गरेको पाइन्छ । नेपालका शासकवर्गहरु, विचोरीया, घुसखोरियाहरुको व्यवहारहरुलाई उनीहरुको कार्यहरुलाई उदाङ्गो पारिदिएका छन् । उपल्लो देशका निर्देशनमा आफ्नो भूभाग अर्कालाई सुम्पने आफ्नो राज्यको दुर्दशा निम्त्याउने राजपण्डितहरु छेपारोले झै काँचुली फेर्ने आफ्नो स्वाभिमानी भूगोललाई भुकुण्डो खेल्दै हानीरहेको छ ।

राष्ट्र रोइरहेको छ । धर्ती धर्मराइरहेछ, उपकार नपाएर यो हो आन्तरिक कथा व्यथाको रिमोटबाट चल्ने दशा राज्यको दुर्दशा । यसरी देशले झेल्नुपरेका विभिन्न पिडाहरु यस निबन्धमा निबन्धकारले आफ्नो निजात्मक चिन्तन प्रस्तुत गरेको पाइन्छ ।

**४) उद्देश्य**

कुनै पनि विधा रचना गर्दा कुनै न कुनै रुपमा त्यसले केही न केही उद्देश्य बोकेको हुन्छ । यसरी नै यस निबन्धमा पनि आफ्नो देशका शासकवर्गहरुले देशका निम्ति अलिकति पनि चिन्ता नलिएकिो, आफ्नो भूमि पनि अर्कालाई सुम्पेर ढुक्क भएर बस्ने राजपण्डितहरु प्रति गहन तरिकाले आफ्नो भनाइ प्रकट गरेको पाइन्छ । जस्तो कि नेपालको झापा जिल्लाको पृथ्वीनगर, महेशपुर, नवलपरासीको सुस्ता हुदै महाकालीको कञ्चनपुर र कालापानी जस्ता ठाउँहरु सुम्पेर हाम्रो देशका राजपण्डितहरुले ढुक्क संगले बसेको र अझै पनि उपल्लो देशले नेपाललाई दाउ मारिरहेको र कतिपय घटनाहरु सुनिरहेको पाइन्छ । देशका राजपण्डितहरुले नै देशलाई सम्हाल्न नसके अन्त्यमा देश नरहने, अर्काको भरमा बाँच्नुपर्ने स्थिति आउन सक्छ भन्ने निबन्धकारको भनाइ रहेको पाइन्छ भने राज्यका राजनेताहरुले नै राष्ट्रको राजनैतिक, सामाजिक, आर्थिक पक्षको सुधार गर्नुपर्ने अनि मात्र राज्यको दशा टाढा भगाउन सकिने भन्दै निबन्धकारले देश सुधारका चाहना राखेको पाइन्छ ।

**५) संक्षिप्तता**

"राज्यको दुर्दशा" निबन्ध लामाछोटा गरी नौ (९) अनुच्छेद र चार (४) पृष्ठमा संरचित यस निबन्धमा निबन्धकारले देशका शासकवर्गप्रति उनीहरुको प्रवृतिलाई उदाङ्गो पार्ने प्रयास प्रस्तुत निबन्धमा संक्षिप्त तरिकाले गरेको पाइन्छ ।

**६) भाषाशैली**

यस निबन्धको शीर्षकले अविधात्मक अर्थ नै बहन गरेको पाइन्छ । निबन्धमा निबन्धकारले दुर्दशा भनेको दशा टाढा फाल्ने विधि हो वा भित्र कुजमुजिएको कुण्ठा हो भनेर यसको अविद्यात्मक अर्थमा दुर्दशाको परिचय दिएको पाइन्छ । यस निबन्धमा पनि तत्सम तथा आगन्तुक शब्दहरुकै प्रयोग पाइन्छ । "त्यो भूमि कसको ? जनता कस्ता ? त्यो सरकार कसको ?" जस्ता प्रश्नात्मक वाक्यहरुले निबन्धलाई सजाउने काम गरेको पाइन्छ भने यस निबन्धमा "राज्यको बलजफतकार" भन्ने निबन्धको छैटौं पृष्ठमा रहेको वाक्य तथा संकथनहरु यस "राज्यको दुर्दशा" निबन्धमा दोहोरिएको पाइन्छ ।

यस निबन्धमा राष्ट्रको राजनैतिक तथा शासकवर्गहरुको व्यवहारलाई निबन्धकारले सरल र सहज भाषाशैलीमा प्रस्तुत गरेको पाइन्छ ।

**७) निष्कर्ष**

'के छ ! "प्रजातत्र"मा' भन्ने निबन्ध अन्तर्गतको छैटौं निबन्धमा रहेको यस निबन्धमा निबन्धकारले छ्यासमिस रुपमा ऐतिहासिक राजनैतिक विषयवस्तुलाई समेट्दै आफ्नो शैलीमा निबन्धका रचना गरेको पाइन्छ भने हाम्रो देश नेपालका शासकवर्गहरु, विलचोरीया, घुसखोरीयाहरुको कु–प्रवृतिलाई कोट्याइदिने काम गरेको पाइन्छ । उपल्लो देशका निर्देशनमा आफ्नो भू–भाग अर्कालाई सुम्पने आफूलाई राष्ट्रप्रेमी,

प्रजातन्त्रवादी, समाजवादी भन्ने हजार पटक अरुलाई धोका दिन सक्ने षडयन्त्रकारीहरुको कठोर व्यवहारले देशलाई कहिल्यै पनि भलाई नहुने दुरासय निबन्धमा निबन्धकारले प्रस्तुत गरेको पाइन्छ साथै सहज र सरल भाषाशैलीमा राष्ट्रको राजनैतिक तथा शासकवर्गहरुको व्यवहारहरुलाई छेड हान्ने प्रयास गरेको पाइन्छ ।

## ४.३.७ गणतान्त्रिक अवतारको पूर्वार्ध

**१) विषयवस्तु**

उक्त निबन्धमा गणतन्त्रको स्थापना गर्न पूर्व के–कस्ता घटना नेपालमा घटे, गणतन्त्र जन्म पूर्व राष्ट्रले के कस्ता कार्यहरु बेहोर्नु पऱ्यो, संविधान सभा नेपालले जन्माउन के कति मोडहरु पार गरे । कसरी संविधान सभाको जन्म भो भन्ने विषयवस्तु यसमा पाइन्छ । जस्तो कि २०५८/०२/१९ गतेको हत्याकाण्ड पछि ज्ञानेन्द्रको आगमन, २०६० तिर मन्त्रीमण्डलको अध्यक्ष, २०६३ मा अन्तरिम संविधानको जन्म यसमा गणतन्त्र आउनु हल्काफूल्का तानतुने मिलाएर ठुटे नेताको दिमाग रन्काएर जनतालाई माखे साङ्लोले सन्काएर राजनितिक गणतान्त्रिक अवतारको जन्म हुनु, २०६३ मा अन्तरिम संविधाको जन्म भएर यसमा ६०१ जनाको जमघट २६ दलबलले भक्तामुखे दल फेरी यहाँ कमजोरी देखेर आफैले आविष्कार गरेको संविधानलाई आफैले बहिष्कार गर्दै २०६९ जेष्ठ १५ मा हटाइनु आदि यस निबन्नधमा देशका शासन सत्ताका कुराहरु रहेका छन् भने देशमा संविधान कसरी बन्यो २००४ देखि २०६३ सम्ममा ५ वटा अघिल्ला संविधानलाई पछि पार्दै २०७२ असोज ३ गतेका संविधान हाम्रो देशमा कसरी जन्मेर आइपुग्यो र त्यसवखत विभिन्न दलबलहरुको कसरी खिचातानी भो भन्ने वर्णन पनि निबन्धमा पाइन्छ ।

“नेपालमा अराजक गतिविधिका श्रेय सिर्जिताहरु एकपछि अर्को जति नै उदाएपनि जन आस्थाको उभिण्डो ढुङ्गोमा दूध कहिले पस्ने हो ? जतिपटक संविधान संशोधन वा चुनाव गरेपनि सतीले सराप दिएका नेताहरुको सचेत समझदारीको ढोका नाकले होइन, आँखाले देखेर , जातले होइन, वर्गले देखेर, धर्मले होइन, काम कर्म र कर्तव्यले देखेर भ्रष्ट र विलासितामा नभुली साझा विवेक प्रयोग गरेर भावीले होइन, सचेत नेतृत्वले संविधान कार्यान्वयन गरेर विगतमा लेखिएकालाई अनुशरण गरेर नामर्द कुराले बुट्टा भरेर होइन, औचित्यमा अडेर दर्शनले होइन, व्यवहारले ढाकेर व्यवहारिक प्रस्तुति प्रस्फुटन नभएमा विश्वकै सर्वोकृष्ट संविधान यहाँ बनिएको भएतापनि त्यसको कुनैपनि औचित्य रहन सक्तैन की (रिजाल, २०७४ : ३१) ।

यसरी यिनले निबन्धमा हाम्रो देशमा संविधान त बन्यो तर अझै पनि देश जहाँको त्यही, जनताले त्यही व्यथा पिडा खेप्नुपर्ने बाध्यता छ । नेपाली युवा युवतीहरु विदेशीनु बाध्यता छ । अर्को देशबाट समान ल्याएर आफ्नो आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यता छ । यसरी देशले २०७२ को संविधान त जन्मायो तर जनताको दुःख अन्त्य भएन भन्दै निबन्धकार रिजालले देशको राजनैतिक विषयवस्तुलाई ऐतिहासिक घटनाक्रममा मिलाएर सटिक ढङ्गले आफ्नो भनाइहरु व्यक्त गरेको पाइन्छ ।

### २) संवेदना

हाम्रो देशमा गणतन्त्र ल्याउन, प्रजातन्त्र ल्याउन र संविधान बनाउन कति अप्ठ्यारा मोडहरु तोडहरु पार गर्नुपर्‍यो कति जनता तथा व्यक्तिहरुले ज्यान गुमाए, उनीहरुको मोलतोल छैन, ठूला नेताज्यूहरुले जनतालाई धार बनाएर कति ठाउँमा फसाए, लडाए, वि.स. २०७२ सालको संविधान आउनमा पनि जनताको हात रहेको छ तर पनि जनताको तथा देशको स्थिति सुध्रन नसकेको जहिले पनि बन्द र हड्ताल, देशका युवाहरु बेरोजगारी सङ्ख्या बढ्दो, देशका युवाहरु रगत पसिना एक गरेर अर्काको देशको दासी बन्ने क्रम बढ्दो छ । त्यही जनताको खुन चुस्ने राजपण्डितहरु कुर्सीको तानातान गरी तछाडमछाड गर्दै हानाहान ताकाताक गरीरहेका अवस्था त्यस्तै छ । यसरी निबन्धकारले जस्तै संविधान बनेपनि जनताले दुःख व्यहोर्नु परेको कुरा प्रति भावुक बनेर आफ्नो भनाइ प्रकट गरेको पाइन्छ ।

### ३) निजात्मकता

गायत्रीप्रसाद रिजालको गणतान्त्रिक अवतारको पूर्वार्ध निबन्धमा नेपालमा गणतन्त्र ल्याउने बहानामा कति सोझा साझा जनताले दुःख र परतन्त्रताको उपहार पाएका छन् । त्यसको मुल्य छैन । नेपालमा २०७२ सालको संविधान बन्यो तर जनताको दुःख जहिको तहि, यस निबन्धमा निबन्धकार भन्नुहुन्छ :"अराजक गतिविधिहरु श्रेय सिर्जिताहरु एकपछि अर्को जति नै उदाए पनि जनआस्थाको उभिण्डो ढुङ्ग्रोमा दुध कहिले पस्ने हो ? जतिपटक संविधान संसोधन वा चुनाव गरेपनि सतीले सराप दिएका नेताहरुको सचेत समझदारीको ढोका नाकले होइन, आँखाले देखेर जातले होइन, वर्गले देखेर, धर्मले होइन काम कर्म र कर्तव्यले देखेर भ्रष्ट र विलासितामा नभूली साझा विवेक प्रयोग गरेर भावीले होइन सचेत नेतृत्वले संविधान कार्यान्वयन गरेर विगतमा लेखिएकालाई अनुशरण गरेर नामर्दा कुराले बुट्टा भरेर होइन, औचित्यमा अडेर दर्शनले होइन व्यवहारले ढाकेर व्यवहारिक प्रस्तुती प्रस्फुटन नभएमा विश्वको सर्वोष्कृष्ट संविधान बनेको भए तापनि त्यसको कुनैपनि औचित्य रहन सक्दैन कि" (रिजाल, २०७४ : ३१) । भन्ने अवस्था प्रति निबन्धकार आफ्नो निजात्मक भाव निबन्धमा प्रकट गर्दछ । उक्त माथिका भनाइ अनुसार यस हाम्रो देशमा एकपछि अर्को शासकवर्गहरु जति नै पटक उदाएपनि नेपालको शासन व्यवस्थाको कहिल्यै पनि विकास नभएको र जतिपटक संविधान परिमार्जित गरीएपनि मुलुकले नयाँ रुप फेर्न नसकेको कुरा प्रति निबन्धकारले यस बुंदा मार्फत व्यङ्ग्य प्रहार गरेको पाइन्छ ।

यसरी निबन्धकारले यस निबन्धमार्फत हाम्रो नेपालमा जातिपटक कानुन बदले पनि वा संविधान फेरे पनि आजसम्म मुलुकले सुनौलो मुहार फेर्न पाएको छैन, जनताको इच्छा चाहना कहिले पुरा हुने होला भन्दै आजसम्म जति नै सर्वोकृष्ट संविधान बनाएपनि कुनैपनि औचित्य रहन सक्दैन कि । भन्ने भनाइ अनुसार यस नेपालको अवस्था प्रति निबन्धकार आफ्नो निजात्मक भाव प्रकट गर्दछन् ।

### ४) उद्देश्य

प्रस्तुत गणतान्त्रिक अवतारको पूर्वार्ध निबन्ध नेपालको राजनैतिक पक्षको ऐतिहासिक पृष्ठभूमिमा नेपालमा गणतन्त्र, प्रजातन्त्र, नेपालको संविधान कसरी आयो र त्यसले के–कस्ता प्रभाव पार्‍यो भन्ने कुराको उठान गरी उक्त निबन्धमा प्रस्तुत गरीएको छ भने जतिपटक संविधान संशोधन वा चुनाव

गरेपनि जनताको अवस्था आजपनि केही परिवर्तन नभएको भन–भन विदेशीनु बाध्य छ । जनतालाई नियम बनाएर जनतामा लागु गर्ने ठूलाबडाहरुको लागि त सिद्धान्तमा लागु हुने व्यवहारमा जनताले दुःख भोग्नुपर्ने यसरी संविधान निबन्धकारले यस निबन्ध मार्फत हाम्रो देशमा जतिकै संविधान संसोधन चुनाव भएपनि जनताले नै मार खेपिरहेको छ । निबन्धकारले अब जनता सधैं सर्तक रहेर अगाडि बढ्नुपर्ने, चुनाव, संविधना जनताका लागि भनेर सिद्धान्तमा मात्र उपयोग गर्नेहरुप्रति उनी यस निबन्धमार्फत कडाइका साथ आफ्नो अभिव्यक्ति प्रकट गर्ने उद्देश्य यस निबन्धमा रहेको छ ।

सरकारले अब पनि संविधान निर्माणमा प्रजातान्त्रिक जनताको अधिकारसँग व्यवहारिक भएन भने देश र जनताले शासक वर्गहरु प्रति विश्वास गर्ने छैन र शासकवर्गहरुको लागि एकदमै नराम्रो सिद्ध हुनेछ भन्ने चेतावनी दिने उद्देश्य यस निबन्धमा रहेको पाइन्छ ।

**५) संक्षिप्तता**

लामा छोटा गरी तेह्र (१३) अनुच्छेद र आठ (८) पृष्ठमा संरचित “गणतान्त्रिक अवतारको पूर्वार्ध” निबन्ध ‘के छ ! “प्रजातन्त्र”मा’ भन्ने निबन्ध सङ्ग्रह भित्रको सातौ निबन्ध रहेको छ । निबन्धात्मक गुण अन्तर्गत संक्षिप्त कथ्यको संयोजनमा भएको पाइन्छ । यसमा नेपालको राजनैतिक, ऐतिहासिक, विषयवस्तुमा आधारित रहेर नेपालमा गणतन्त्र, प्रजातन्त्र र २०७२ सम्मको संविधान के कसरी यहाँसम्म आइपुग्यो भन्ने विषयवस्तुलाई संक्षिप्त रुपमा नेपालको संविधानको शुरुदेखि अन्तिमसम्मको वर्णन गरीएको पाइन्छ ।

**६) भाषाशैली**

“गणतान्त्रिक अवतारको पूर्वाध” भन्ने निबन्धको शीर्षक बमोजिमकै नेपालमा गणतन्त्र आउनु पहिला के–कस्ता कार्यहरु वा घटनाहरु भए भन्ने यही शीर्षकले संकेत गर्दछ । यस निबन्धमा नेपालको वि.स.२०५८ को राजदरबार हत्याकाण्ड र ज्ञानेन्द्रको आगमन भन्ने भनाइबाट शुरुवात गरी नेपालको सबैभन्दा पछिल्लो संविधान २०७२ असोज ३ गते बनेको संविधान २०७२ असोज ३ गते बनेको संविधानसम्मको घटनालाई राजनैतिक कार्यहरुसँग छ्यासमिस पार्दै वर्णन सरल र सहज ढङ्गले व्यक्त गरेको पाइन्छ । यस निबन्धमा तत्सम, तत्भव र आगन्तुक शब्दहरुको प्रयोगका साथै “अराजक गतिविधिका श्रेय सिर्जिताहरु एकपछि अर्को जति नै उदाए पनि जनआस्थाको उभिण्डो ढुङ्ग्रोमा दुध कहिले पस्ने हो ?”(रिजाल, २०७४ : ३१), जस्ता आलंकारिक भाषाशैलीले पनि निबन्धलाई सुन्दरता प्रदान गरेको पाइन्छ भने विभिन्न प्रश्नात्मक वाक्य तथा बिम्ब र प्रतीकको प्रयोगले पनि निबन्धलाई थप सुन्दरता प्रदान गरेको देखिन्छ । कहि कतै लामा लामा बाक्यले र अस्पष्ट वाक्यले अध्ययन गर्दा बोध गर्न केही गाह्रो हुने भएपनि समग्रमा सरल, सहज र बोधगम्यता नै भन्नुपर्छ ।

अतः “गणतान्त्रिक अवतारको पूर्वार्ध” निबन्ध ‘के छ ! “प्रजातन्त्र”मा’ भन्ने निबन्ध सङग्रंह अन्तर्गतको सातौं निबन्ध हो । यसमा नेपालमा जनताले अधिकार पाउन के–कति संघर्ष गर्दै आइरहेको छ र यसमा जनताको अधिकार आएपनि सरकारले सैद्धान्तिक नियम बनाएर व्यवहारमा लागु नगरेको जे

गरेपनि जनता नै मारमा पर्नुपर्ने बाध्यता, जतिपटक संविधान निर्माण र संसोधन भएपनि आजसम्म जनताले बेरोजगारीको पिडा र विदेशिनु पर्ने पिडा टुटिरहेको प्रति निबन्धकारले दुःख प्रकट गर्दै अबको सरकारलाई अब पनि संविधान निर्माणमा व्यवहारिक रुपमा प्रजातान्त्रिक जनताको अधिकार भएन भने देश र जनताले शासकवर्गहरु प्रति विश्वास नगर्ने र शासकवर्गहरुको लागि एकदमै घाटक सावित हुने चेतावनी समेत निबन्धमा निबन्धकारले गरेको पाइन्छ ।

## ४.३.८ तानाशाहीयता

### १ विषयवस्तु

यस निबन्धको शुरुवात "राजाले सञ्चालन गरेको वा व्यक्तिले डटेर एकलौटी गरेको शासनलाई "तानाशाह" नामाकरण गरीएको पो रहेछ । राजनैतिक दलका नेतृत्वले गरेको शासन चाँही के हो ?" भनेर निबन्धको प्रारम्भ गरेको पाइन्छ (रिजाल, २०७४ : ३३) । यस निबन्धमा अन्तराष्ट्रिय परिवेशमा विश्वका ठूला ठूला राष्ट्रहरुको प्रसँग ति देशका नागरीकहरुको प्रसँग, विभिन्न घटनाहरुलाई छयासमिस पार्दै निबन्ध अगाडि बढाएको पाइन्छ । यसभित्र नेपालका विश्व कै दुर्लभ र एकमात्र अनौठो देश भेदी घटना वि.स. २०५८ जेष्ठ १९ गतेक दिन दरबार हत्याकाण्डको घटना घटेका त्यही घटनाले तानाबानाको डोरी २०६३ मा निलम्बित राजा ज्ञानेन्द्र शाहको ताना काटेको, मध्ययुगमा भारत दिल्ली बादशाहले उनका दुई दर्जन अगाडिको पुस्तालाई दिएको "शाह" उपाधिमा कायम रहन पुग्यो ।

यो मुलुकमा जब जब तानाशाह हटेर प्रजातान्त्रिक गणतन्त्र आइरहन्छ, नाम फेरिन पुग्छ । लोकतानातन्त्र, गणतानातन्त्र, त्यस्तै दलदलमा दान फल्दैछ । दलतानातनत्र, प्रधानतानामन्त्रीयतन्त्र, कुर्सियातानातानतन्त्र आदि । यो सबैलाई थाहा छ राष्ट्रिय कुमण्डलु भित्रका तानाशाहीयताबाट सिंढी चढेर विकसित तन्त्रहरु । अब क्षेत्र, क्षेत्रमा जन्मिएका टुक्रेतानाले गरीब मजदुर र किसानहरुको तानाताना नै सर्वस्व गरिसके । धेरै तानातन्त्र भलो वा तानामन्त्री भलो ? तानाशाह त हटेर भागिसक्यो, रातारात अरुले उपाधि जोडिसके । अब त्यो कहिले हट्ला र जनतन्त्री जनता मुक्त रहलान् ? हरे शिव! भविष्यमा आउने अतानातन्त्रमा म पनि प्रवेश गर्ने छु है, धन्यवाद (रिजाल, २०७५ : ३८) ।

उक्त माथिका भनाइ अनुसार "यो मुलुकमा जब जब तानाशाह हटेर प्रजातन्त्र आइरहन्छ तब तब नाम फेरिन पुग्छ, तन्त्रहरु पनि विभिन्न रुपमा बदलिरहन्छन्, लोकतान्त्रिक गणतन्त्रान्मक, दलतानातन्त्र, प्रधानमन्त्रीतन्त्र, कुर्सिया तानातन्त्र आदि तन्त्रहरुलाई गायत्रीप्रसाद रिजालले नेपालमा अनेक तन्त्रहरु आएपनि तानाशाह त हटेर भागीसक्यो, रातारात अरुले उपाधि जोडिसके अब त्यो कहिले हट्ला र जनताहरु सुखी होलान ? हाम्रा मुलुकमा तानाशाह हटेर गए, लोकतन्त्रहरु, प्रजातन्त्रहरु आए तर पनि जनताको पीडा, दुःख जहाँको त्यही, प्रजातन्त्रको सट्टा अरु तन्त्रहरुको विकास भयो जसले गरीब दीन दुःखी मजदुर, किसान र सोझा साझा जनताको अधिकार माथि खेलबाड गरीरहेको छ । ठूलाबडाहरु सधैं जनताको अधिकारको नाममा आफ्नो दुनो सोझ्याउन तर्फ लागेका , हाम्रा देशका दल, नेता तथा

मन्त्रीहरुप्रतीको व्यवहार जस्त विषयवस्तुलाई समेट्दै उनले यस निबन्धमा देशका कुशासकहरुको व्यवहारलाई व्यङ्ग्यको झटारोले हानेको पाइन्छ ।

**२) संवेदना**

आफ्नो अधिकार प्राप्तिका लागि एक व्यक्तिले अर्कालाई, एक शासकवर्गले अर्को शासकवर्गलाई, एकदेशले अर्को देशलाई षडयन्त्र गरी जालझोल गरेर हत्याउने पाए खुशी हुने, तानाशाही व्यक्ति, तानाशाही शासक, तानाशाही देशको प्रवृत्तिप्रति निबन्धकारले दुःख प्रकट गरेको पाइन्छ । नेपालमा "लोकतानातन्त्र, गणतानातन्त्र, दलतानातन्त्र, प्रधानमन्त्रीतन्त्र, कुर्सियातानातन्त्र आदि तन्त्रहरु आएपनि तानाशाह हटेर गएपनि रातारात अरुले उपाधी जोडिसके अब त्यो कहिले हट्ला, कहिले जनता मुक्त होलान् ? हरे शिव, भविष्यमा आउने अतानातन्त्रमा म पनि प्रवेश गर्ने नै छु" (रिजाल, २०७४ : ३८) भनेर आफ्ना भाव व्यक्त गरेको पाइन्छ भने ती तन्त्रहरुले अब क्षेत्र–क्षेत्रमा जन्मिएका टुक्रे तानाले गरीब मजदुर र किसानहरुको तानामाना नै सर्वस्व गरीसके, गरीब दिनदुःखीहरुले कहिल्यै खुशियातन्त्र नआएकोमा उनी दुःख प्रकट गर्दछन् ।

**३) निजात्मकता**

प्रजातन्त्रको नारा सुन्दा म पनि सारालाई आह्वान गरेर साहसताका साथ आशामा दौडेथें भनेर निबन्धकार भन्छन् । तर प्रजातन्त्र त केवल प्रजाको तन्त्र नभई एउटा नारा मात्र थियो । यो मुलुकमा तानाशाह हटेर प्रजातन्त्र आइरहन्छ । नाम मात्र फेरिन पुग्छ । विभिन्न तन्त्रहरु फल्छफुल्छ, कतिपय तन्त्रहरुले गरीब तथा मजदुर किसानहरुको ताना मार्ने सर्वस्व गरीसके, जनताको भलोको सट्टा तानामन्त्री भलो, तानशाहा त भागिसक्यो तर अरुले विभिन्न तन्त्रको नाउँमा उपाधि जितिसक्यो । अब जनताले कहिले जनतातन्त्री शासन ल्याउला र जनता मुक्त होला भनेर निबन्धकारले आफ्नो निजात्मक भाव प्रकट गरेको पाइन्छ ।

**४) उद्देश्य**

हरेक निबन्धले कुनै न कुनै रुपमा उद्देश्य बोकेको हुन्छ । यस निबन्धमा पनि निबन्धकारले निबन्ध मार्फत देशको राजनैतिक स्थिति, ऐतिहासिक स्थिति कस्तो थियो र वर्तमान अवस्थामा कस्तो छ भन्ने कुरा देखाउन उक्त निबन्धले जानकारी गराउने जनतालाई तानाशाहबाट सजग गराउने, हाम्रो देश नेपालमा विभिन्न तन्त्र, लोकतन्त्र, गणतानातन्त्र, दलतानातन्त्र, प्रधानमन्त्रीतन्त्र, कुर्सिया तानातन्त्र आदि अनेक तन्त्रहरुको आगमन भएपनि आजसम्म मुलुकले आनन्दको सास फेर्न नसकेको, जनताको दुःख पिडा भाग्न नसकेको लोकतन्त्र, प्रजातन्त्र भनेर नारामा मात्र सिमित रहेको हाम्रो मुलुकप्रति व्यङग्यात्मक झटारोले हानेको पाइन्छ भने देश सुधारका चाहना राख्नु पनि यस निबन्धको उद्देश्य रहेको छ साथै आजका तानाशाह प्रति सजग हुँदै आजको स्वतन्त्रताको युगमा हामी आफ्नो स्वतन्त्रता गुम्न दिनु हुँदैन भन्ने उद्देश्य यस निबन्धमा पाइन्छ ।

**५) संक्षिप्तता**

'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध अन्तर्गत रहेको आठौं निबन्ध हो । "तानाशाहिता" यस निबन्धमा लामा छोटा गरी दश (१०) अनुच्छेद, चार (४) पृष्ठमा संरचित रहेको पाइन्छ । उक्त निबन्धमा नेपालको तानाशाहियता हटेर गएपनि विभिन्न तन्त्रहरु आएपनि देशका स्थिति उस्तै छ भन्ने प्रसङ्गलाई संक्षिप्त रुपमा निबन्धमा प्रस्तुत गरीएको छ ।

**६) भाषाशैली**

नेपालको राजनैतिक घटनाक्रमलाई छ्यासमिस पार्दै नेपालको तानाशाहियता हटेर गएपनि विभिन्न तन्त्रहरुले नेपाललाई छोड्न नसकेको कुरालाई प्रस्तुत गर्दै निबन्धमा आफ्नो बैचारिक पक्षलाई प्रकट गरीएको पाइन्छ । उक्त निबन्धमा यस शिर्षक अन्तर्गत राजाले सञ्चालन गरेको वा व्यक्तिले डटेर एकलौटी गरेको शासनलाई तानाशाहको उपनाम दिएर शीर्षक चयन गरीएको पाइन्छ भने यस निबन्धमा तत्सम, तत्भव र एटलाण्टिक, रेट, पौण्डस्टालिङ्ग जस्ता आगन्तुक शब्दहरुको प्रयोग गर्नुका साथै धेरै तानातन्त्र भलो वा तानामन्त्री भलो ? जस्ता प्रश्नात्मक वाक्यहरु पनि यस निबन्धमा रहेको पाइन्छ । उक्त निबन्धमा अरु निबन्धको तुलनामा गायत्रीप्रसाद रिजालले बढी प्रतीकात्मक, आलंकारिक साथसाथै क्लिष्ट अष्पस्टता भाषाशैलीको प्रयोग गरेको देखिन्छ ।

अत : तानाशाहियता निबन्ध 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रह अन्तर्गतको आठौ निबन्धमा विश्वकै अनौठो र दुर्लभ घटना भनेर वि.स. २०५८ जेष्ठ महिनाको १९ गते दरबार हत्याकाण्डको घटना, त्यही घटनाले शाह वंशको नाश भई शाह उपाधि केवल आज आएर नाममै मात्र सिमित भई इतिहासमात्र रहन पुग्यो भन्ने प्रसँग रहेको पाइन्छ । मुलुकमा तानाशाह हट्यो, विभिन्न प्रजातन्त्र, गणतन्त्र आदि इत्यादि आए मुलुकले अझै पनि जनतन्त्री मुक्त तन्त्र ल्याउन सकेको छैन बरु विभिन्न घटनाहरुको मौका छोपी रातारात उपाधि जोड्नेहरुको घुइँचो देखिन्छ । अब जनताले कहिले सुःखको सास फेर्ने भनेर निबन्धकारले आफ्नो बैचारिक पक्षहरुलाई यस निबन्धमा प्रकट गरेको पाइन्छ ।

## ४.३.९ 'के छ ! "प्रजातन्त्र"मा'

**१) विषयवस्तु**

प्रजातन्त्रलाई विषयवस्तु बनाएर यो निबन्ध प्रस्तुत गरीएको छ । यस निबन्धमा नेपालमा प्रजाको अधिकार प्रजातन्त्र आए पनि देश उकालो लाग्नुपर्नेमा ओरालो लागिरहेछ । प्रजाको अधिकार प्रजाको तन्त्र राष्ट्र–राष्ट्रका संसद भवनमा विभिन्न पाराका नारा झिकी हल थर्किरहेको छ । प्रजातन्त्र भनेको के हो र उसको तन्त्र शक्तिको जवाफमा ओठे मुख मन्त्रबाट फुत्केर कुन राज्यबाट निस्केर प्रजाको ओठ ओठमा "तन्त्र" झुण्डेको छ भनेर निबन्धकारले भनेका छन् :

"प्रजाको बढ्दो भाउले कम्युनिष्टहरु पनि गिरे । निरङ्कुशहरु पनि गिरे । साथसाथै पूँजीका सुजीका हाउगुजीले गरीबीको रेखामुनीका मानिस मजदुरीबाट अझ इशाराका ......"नमुती हक,

मुते काट्छु"...भन्ने आदेशको पसारोमा फसे । साना र गरीब राज्यमा शक्तिशाली राष्ट्रका बमगोला बर्सिरहे फुटबन्दी, गुटबन्दी एउटै नारा थोपर "प्रजातन्त्र" (रिजाल, २०७५ : ३९) ।

उक्त माथिका भनाइ अनुसार हाम्रा नेपालका ठूलाबडाहरुले प्रजाको लागि भनेर विभिन्न नीति नियम ल्याए पनि  दीन दुःखी गरीबलाई नमुती हक, मुते काट्छु भन्ने हाम्रो देशका शासकवर्गहरु, साथै नेपालमा मात्रै नभई विश्वकै साना तथा गरीब मुलुकहरुले ठूला तथा धनी राष्ट्रको हेपाइ सहनुपर्ने कुरा यस निबन्धमा रहेको पाइन्छ । हाम्रो नेपालको सन्दर्भमा भन्ने हो भने संविधानमा पनि प्रजातन्त्र देशको जनमानसको बोलिमा पनि प्रजातन्त्र । प्रजातन्त्र शब्द लिएर ठुटेनेता पनि पिलिटक्क भुँडी लगाएर थोरै बोल्न जानेमा खुब नाक उच्च बनाएर "प्रजातन्त्र" बोले हुन्छ । त्यही बोलीलाई प्रजातन्त्रमा ट्वाल्लवादीहरु बाल्ल परेर टोलाईदिन्छन्, ठुटे नेताको अत्तरे बोलिमा विश्वास गरेर । यसरी प्रजातन्त्रको नाम लिएर, विदेशी स्वाङ् चोरेर, भारतीय स्वाङ् सिम्बाको खम्बा उखेलेर भ्वाँङ पार्नमा । नेपाली स्वाँङ् भ्वाङ्बाट भारत छिर्नमा यो हो प्रजातन्त्र नेताको खबरदारीमा छ । आफैले सिंगारेका नेता आफ्नो खबरदारीमा किन हिड्दैनन, जनताले भोट हाल्यो, नेताले जित्यो, नोट पायो, अन्तिममा चोट जनताले पायो । जनतालाई वक्तव्यव्यवस्त्र, निर्धनलाई पछारेर पराधिन बनाइसकेको हुन्छ र भन्छ प्रजातन्त्रमा सबैथोक पाइन्छ । प्रजातन्त्र राजनीतिमा निश्चित कालखण्डको प्यार पुकारे प्यार पुकारको नारा हो । प्रजातन्त्रले सिरक ओढाएका यसका धेरै रुपहरु हुन्छन् । जो आफू बाहिरबाट बोक्रे खोल ढकाएर राज गरीरहेछ । तानाशाहमा निरङ्कुश, युद्धखोरी, आतङ्ककारी, वर्गभेदी, साम्राज्यवादीहरुमा पनि प्रजातन्त्रले श्रृङ्गार दलेर राक्षसी न्यायमूर्तिय प्रजातन्त्र भत्भताउँदो छ ।

अतः निबन्धकार भन्छन्, नेतृत्वका मस्तिष्कमा जडित प्रजातन्त्र भए त जन गल्तीको पिडा आवाज कानुन बनेर उर्लने थियो । जनताले काँचुली फेर्ने थिए, चेहरामा खुशी छाउने थियो । स्वच्छ आत्मा शुद्धमन, नैतिक लगाम, स्वावलम्बनको नागरीक बन्ने थियो । कल्याणकारी फुल्ने थियो । बुद्ध नेतृत्व बुद्ध बनेर जनसेवक बन्ने थियो अनि झर्ने थियो नेतृत्वतन्त्रको व्यवहारबाट जनतामा त्यो व्यवहार "प्रजातन्त्र" । यसरी निबन्धकारले यस्ता खालको प्रजातन्त्र आगमनको आशा यस निबन्धमा गरेको पाइन्छ ।

**२) संवेदना**

मुखमा प्रजातन्त्र झुण्ड्याएर जनतालाई प्रजातन्त्रको सिरक ओढाएर आफू बाहिरबाट बोक्रे खोल ढकाएर राज गरेर जनतालाई दुःख दिने आजका शासकवर्गहरुको व्यवहारप्रति निबन्धकार दुःखको भाव प्रकट गर्छन । देशभरी प्रजातन्त्र को नारा त छ तर केवल शब्दमा मात्र भर परेको व्यवहारमा जनताको अधिकार जनताले नपाएको, प्रजातन्त्रको नाममा विदेशी स्वाङ्ग चोर्ने प्रजाको तन्त्र जनताको अधिकार भएपनि नेताको खबरदारीमा रहेको छ प्रजातन्त्र । प्रजाले सिंगारेको नेताले प्रजाको कुरा सुन्दैन, मुखमा राम राम वगलीमा छुरा गर्दै छेपारोले झैं रङ्ग फेर्दै हिड्ने आजका राजनेताहरु प्रति यिनी आक्रोस व्यक्त गर्दै व्यङ्ग्य प्रहार गर्दछन् ।

### ३) निजात्मकता

रिजालले आफ्नो जीवनमा देखेका, भोगेका र अनुभव गरेका नेपालको राजनैतिक इतिहास तथा नेपालमा प्रजातन्त्र आएपनि जनताले अर्काको देशमा गएर दुःख भोग्नुपरेको, नेतालाई चुनावमा जितायो प्रजाले, नेताले नोट पायो, अन्तिममा जनताको त्यही दुःख । यसरी प्रजातन्त्र मुखमा मात्र भ्रुण्डिएको व्यवहारमा नभएको, नेताहरु बनावटी ढुङ्ग गरेर स्वार्थको भूमरीमा रुमल्लिएका छन् । जनतालाई धोका दिन्छन् । निबन्धकारले जनताले अब प्रजातन्त्रको नाममा धोका खान नहुने, सही कुराको निर्क्योल गरेर मात्र अगाडि बढ्नुपर्ने भनेर  निबन्ध मार्फत जनतालाई सचेत गराएका छन् । उनी भन्छन् : “सहि नेतृत्वको मस्तिष्कमा जडिट प्रजातन्त्र जनदिमागमा रङ्गी चङ्गी रगरगाउन पाएमा नेतृत्वको आँखा तिर्मिराउने थियो । जनगल्लीको पिडाको आवाज कानुन बनेर उर्लने थियो । जनताले काँचुली फेर्ने थिए । चश्मा लगाउने थिए । चेहराखुशी हुने थियो । स्वच्छ आत्मा शुद्ध मन, नैतिक लगाम स्वावलम्बनको नागरीक बन्ने थियो । कल्याणकारिता फल्ने थियो । बुद्ध नेतृत्व बुद्ध बनेर जनसेवक बन्ने थियो अनि भने हुने थियो । नेतृत्वको व्यवहारबाट जनतामा त्यो व्यवहार “प्रजातन्त्र” (रिजाल, २०७५ : ४२) । यसरी निबन्धले हाम्रो देश नेपालका राजनेतृत्वको दिमागमा प्रजातन्त्र शब्द छाप बसेको र प्रजातन्त्रको महत्व बुझेर अगाडि बढि प्रजालाई सही शासन व्यवस्थाको ज्ञान गराई अगाडि बढेको भए जनताको पिडाको आवाज कानून बनेर उर्लने थियो ।” स्वावलम्बी नागरीक बन्ने थियो । कल्याणकारीता फुल्ने थियो । राजनेतृत्व जनसेवक बन्ने थियो । हाम्रा नेपालका जनताले काँचुली फेर्ने थिए, प्रजातन्त्र शब्द प्रजाको अधिकार तथा जनताको व्यवहारमा हुने थियो, प्रजातन्त्र त्यही धन्य हुने थियो भनेर निबन्धकारले प्रजातन्त्र कहिले आउला त्यो नेतृत्वको काखे साँग्लोको बोतलबाट फुत्किएला भनेर निबन्धकार प्रजातन्त्रको बारेमा आफ्नो निजात्मक भनाइ प्रकट गरेको पाइन्छ ।

### ४) उद्देश्य

“प्रजातन्त्र” जनताको अधिकार भनेर घोषणा भएपनि नेताको खबरदारीमा रहेको, प्रजाले सजाएको नेताले प्रजाको कुरा नसुन्ने, मुखमा राम राम बगलीमा छुरा गर्ने, प्रजाको आँखामा कालो पट्टी बाँधीदिने प्रवृत्तिप्रति अब त्यस्ता कार्यहरुबाट जनता सजग रहनुपर्ने र जनता आफै पनि सही बाटोमा लाग्नुपर्ने देशको कर्तव्य आफ्नै कर्तव्य सम्भेर लागि पर्नुपर्ने कुराको सुझाव दिने उद्देश्य यस निबन्धमा पाइन्छ भने वर्तमान अवस्थामा जतिसुकै वा जुनसुकै प्रजातन्त्र वा जनताको अधिकारको कुरा आएपनि कुर्सीका पछि लागेका नेताहरले जनताको लागि प्रजातन्त्रको नार मुखमा भ्रुण्ड्याई प्रजालाई मायालु बोलीले मख्ख पार्दै आफू आफ्नो स्वार्थ पूर्तिका लागि विभिन्न रुप फेरेर शासन चलाउँदै हिड्ने मुलुकको राजनैतिक अस्तव्यस्तका सन्दर्भलाई निबन्धकारले प्रस्तुत गर्दै देश सुधारको चाहना राखेको पाइन्छ । अब देशमा प्रजातन्त्र मुखमा र नारामा मात्र होइन, राजनेतृत्व कर्ताकै दिमागमा घुसाउनुपर्छ, वा घुस्नुपर्छ । जबसम्म नेतृत्वकर्ताकै मस्तिष्कमा प्रजातन्त्र जडित भएर बस्दैन तबसम्म प्रजातन्त्र केवल शब्द वा नारा मात्र हुनेछ भनेर निबन्धकारले आफनो निबन्धमार्फत प्रस्तुत गरेको पाइन्छ ।

**५) लघु आयतन (संक्षिप्ता)**

यस 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्धलाई नै निबन्ध सङ्ग्रहको नामाकरण गरीएको छ । यस निबन्धमा जम्मा लामोछोटा गरी चौध (१४) अनुच्छेद र चार (४) पृष्ठमा संरचित देखिन्छ । निबन्धमा प्रजातन्त्रको विषयलाई संक्षिप्त रुपमा व्याख्या र वर्णन गरीएको पाइन्छ ।

यसमा प्रजाको अधिकारको विषयमा, नेता तथा राजनेताको भूमिका कस्तो रहेको छ भन्ने कुराको वर्णन र प्रजातन्त्रको विभिन्न रुपहरु, प्रजातन्त्र नामको मात्र भएको केवल जनतालाई भूलाउने राजनेताहरुको मुखमा भ्रुण्डिको प्रजातन्त्र आदि इत्यादि कुराहरुलाई निबन्धमा संक्षिप्त रुपमा प्रस्तुत गरीएको पाइन्छ ।

**६) भाषाशैली**

यस 'के छ ! "प्रजातन्त्र"मा' निबन्धले अविधात्मक अर्थ बहन गरेको पाइन्छ भने यसमा 'के छ ! "प्रजातन्त्र"मा' भन्ने अर्थमा साँच्चै भन्ने हो भने केही पनि छैन प्रजातन्त्रमा भन्ने अर्थ पनि यस निबन्धको विषयवस्तुले जनाएको छ । प्रजातन्त्र शब्द प्रजाको लागि भनेर ल्याए पनि आजसम्म प्रजाले अधिकार नपाएको प्रति यिनी दुःख प्रकट गर्दछ । उक्त निबन्धमा निबन्धकार रिजालले जतिसुकै वा जुनसुकै प्रजातनत्र जनताको अधिकारको कुरा आए पनि कुर्सीका पछि लागिका नाम, दाम कमाउन पछि लागेका नेताहरु जनतालाई, प्रजातनत्रको खोल ओढाएर आफू विभिन्न रुप फेरेर शासन चलाउँदै हिड्ने नेताहरुको राजनैतिक प्रवृतिहरुलाई उदाङ्गो पारिदिएका छन् । रिजालका यस निबन्ध अरु निबन्धको तुलनामा केही सरल सहज र बोधगम्य भाषाशैलीको प्रयोग गर्नुका साथै तत्सम, तत्भव र आगन्तुक तथा प्रश्नात्मक शैली शिल्प कतै कतै प्रतीकात्मक र आलङ्कारिक शब्दहरुले पनि निबन्धलाई सजाउने काम गरेको पाइन्छ ।

अतः उक्त निबन्धमा प्रजाको अधिकार प्रजातन्त्रको विषयवस्तुमा आधारित यस निबन्नधमा जनताले कति संघर्ष गरेर आफ्नो अधिकारको लागि प्रजातन्त्र शब्द ल्याए प्रजातन्त्र आयो तर देशमा रहने गरीब दीन, दुःखी जनताले अझैपनि त्यही पिडा "नमुति हग मुते काट्छु" भन्ने आदेशका पसारोमा परेका छन् । आजका ठुटे नेता भुडी लगाएर थोरै बोल्न जानेमा खुब नाक उच्च बनाएर प्रजातन्त्र बोले हुन्छ, जनताको नजरमा प्रजातन्त्र नेताको खबरदारीमा छ प्रजाले सिंगारेको नेता प्रजाको कुरा सुन्दैन ।

यसरी निबन्नधकारले देशमा अनेक तन्त्र मन्त्र आएपनि जनताको दुःख जहाको त्यही रहेको प्रति निबन्धकारले व्यङ्ग्यको छेड हानेको पाइन्छ । यदि प्रजातन्त्र शब्द नेतृत्वको मस्तिष्कमा जडित भएको भए जन गल्लीको पिडा आवाज कानुन बनेर उर्लने थियो, जनताले काँचुली फेर्ने थिए । स्वच्छ आत्मा शुद्धमन नैतिक लगाम स्वावलम्बनको नागरीक बन्ने थियो भनेर निबन्धकारले सहज र सरल भाषाशैलीमा विभिन्न आलंकारिक शब्दले सजाएर संक्षिप्त रुपमा आफ्नो विचारहरु प्रस्तुत गरेको पाइन्छ ।

### ४.३.१० शहीदै शहीद

**१) विषवस्तु**

प्रस्तुत निबन्धमा शहीदको विषयवस्तुलाई लिएर प्रस्तुत गरीएको छ । शहीद कस्तालाई भन्ने कुरा अन्यौल रहेको, आफन्तवादले जरो गाडेको पैसा र पावरमा जस्तालाई पनि शहीद घोषणा गर्न सकिने यस निबन्धमा निबन्धकारले वर्णित गरेको पाइन्छ । शहीदका नाममा सही उपाधि डिङ्गुर शव थुप्रोलाई उपाधि मिल्न थालेको वास्तविक शहीदको नाम निशान मेटिदै गइरहेको प्रति निबन्धकार भन्छन् "शहीद सम्मानलय हेर्न जाने हो भने ढोकाबाट भित्र चियाउँदा भव्य घुर्चाघुर्ची चलेको हुन्छ । कतिपय हाम्रा पुराना तथा सक्कली शहीदहरु मुर्छित परिसकेका छन् धुर्चा मुक्का पाएर र आफ्नो जननिर्देशक निष्ठा लोप हुन लागेको देखेर दङ्गा आयो कि चङ्गा उडाउने धागो बोकेर वास्तविक शहीदको निष्ठा चङ्गा तुल्य उडाइएको छ" (रिजाल, २०७५ : ४४) । यसरी आजका समय पैसा, पावर, दलाली नेता, आफन्तवादले जरा गाडेको कारणले आजको नयाँ शहीदलाई पहिचान गर्न नसकिने, मनपरी शहीद घोषणा गर्ने, एउटा मानिस रोडमा हिड्दै गइरहेको बखतमा गाडीले पेलेर खतम हुँदा मन्त्रीको साइनो लगाएर हड्ताल गराएर अन्तिममा मृत्यु भइसकेपछि धनराशीको रासन सहित प्रमोशनको आसन मिलेछ । "कच्चाकुचुक शहीद" यसरी बाह्रैमासे शहीदको ओइरो लाग्दा लाग्दै वास्तविक शहीद वा पुरानो कतिपय वास्तविक र सक्कली शहीदहरुले न्याय नपाइनु आजका वास्तविक शहीदलाई चिन्न नसकेर विभिन्न दलबलका दबाबमा परी आफू गणन्ते शहीद घोषणा गर्ने, एउटा सानो कार्य गरी मृत्यु भएको व्यक्तिलाई पनि शहीद घोषणा गरीदिने प्रवृत्तिलाई साहित्यकारले व्यङ्ग्य गरेको पाइन्छ भने निबन्धकार वास्तविक शहीदका बारेमा यो भन्छन : वास्तविक शहीद त्यसलाई भनिन्छ जो तानाशाह, निरङ्कुश नास्तिवादी, फाँसिज्मवादी, जातिवादी लगायतका विरुद्ध मानवतालाई शिरोधार्य गरेर विशुद्ध जात, भाषा, संस्कृति, राजनितिका बाबजुद (अलावा) सिङ्गो राष्ट्र र जनताको पक्ष अडानको आन्दोलनबाट देशकाल परिस्थितिको परिवेशिय नेतृत्व दिएर एकामुष्ट सबैलाई डोऱ्याएर हिडाउन सक्ने मार्गदर्शक महान व्यक्तित्व मात्र राष्ट्रको वास्तविक शहीद हो (रिजाल, २०७५ : ४८) भनेर निबन्धकार रिजालले शहीदको बारेमा चिनाउने कार्य गरेका छन् ।

**२) सम्वेदना**

"शहीदै शहीद" निबन्धमा निबन्धकारले आजको मुलुकमा शहीदको डिङ्गुर शव थुप्रोलाई शहीदको उपाधी पाएको र वास्तविक शहीद त्यो हो, जो देशका लागि तानाशाह, निरङ्कुश, नात्सिवादी, फासिज्मवादी, जातिवादी लगायत विरुद्ध मानावतालाई शिरोधार्य गरी विशुद्ध जात, धर्म, भाषा, संस्कृति, राजनीतिका बाबजुद सिङ्गो राष्ट्र र जनताको पक्षमा अडान लिई आन्दोलनबाट देश, काल, परिस्थितिको परिवेशीय नेतृतव दिएर एकमुष्ट सबैलाई डोऱ्याएर हिडाउने मार्गदर्शक महान व्यक्ति जसले हाँसी–हाँसी बलिदान दिने शहीदको कुनै सत्कार सम्मान र महत्व, स्थान नदिएकोमा आजको मनपरी शहीद घोषणा गर्ने प्रवृत्तिप्रति निबन्धकार आफ्नो दुःखको भाव प्रकट गर्दछन् । नाम, दाम, र

आफन्त भए आजको जमानमा जो पनि शहीद हुने र देशका लागि मन, तन दिएर ज्यान दिने शहीदको भने महत्व नै नहुने प्रति निबन्धकार दुःखेसो प्रकट गर्दछन् ।

**३) निजात्मकता**

"शहीदै शहीद" निबन्धमा निबन्धकारले शहीद सम्बन्धी विषयवस्तुमा आधारित रहेर आफ्नो विचारहरु प्रकट गरेको पाइन्छ । उनले मुलुकमा सानातिना घटनाहरुबाट जो सुकै पनि मृत्यु भएमा वा कारणवस मृत्यु भएमा नारा लगाउने, बन्द हड्ताल गर्ने र अन्त्यमा सरकारलाई सहित घोषणा गरीदिन दबाब दिने प्रवृति प्रति उनले व्यङ्ग्य प्रहार गरेका छन् । पुराना शहीदहरु जो देशका लागि, जनताका लागि र विभिन्न तानाशाह, निरङ्कुश, नास्तिवादी, फासिज्मवादी विरुद्ध लडेर मानवतावादीलाई अँगालेर जात, भाषा, धर्म सँस्कृति, केही पनि भेदभाव नगरी राष्ट्र र जनताको पक्ष लिएर जनुसुकै समयमा पनि, परिस्थितिमा पनि एकमुष्ट सबैलाई सहि मार्गदर्शक बनेर हिडाउन सक्ने व्यक्तिहरु नै हाम्रो पूर्वकालका शहीदहरु हुन् जो आजका शहीदहरुको कारण छाँयामा परेका छन् । उनीहरुको महत्वलाई धुलोमा मिलाएको छ । यही पूर्वकालको शहीदहरुको आफ्नो अस्तित्व गुम्न लागेको देखेर निबन्धकार अब मुलुकले सही शहीद छनौट गरी उनीहरुको स्थान निर्धारण गरीदिनुपर्ने, उनीहरुको कार्यलाई हेरेर महत्व दिनुपर्ने कुरा यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**४) उद्देश्य**

"शहीदै शहीद" निबन्धमा शहीदको विषयवस्तुमा समेटिएर लेखिएको यस निबन्धमा मुलुकमा जुनसुकै अवस्थामा मृत्यु भएको व्यक्तिलाई पनि शहीद घोषणा गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै अब मुलुकले शहीद घोषणा गर्दा त्यसको कार्यहरु हेरी कुन अवस्थामा के कारणले मृत्यु भएको भन्ने कुराको निर्क्योल गरेर सही शहीद छनौट गर्ने जनता तथा शासकवर्गहरु नै अर्काको दबाबमा, आफन्तबादमा नलागि चनाखो भएर सहि शहीदलाई न्याय दिई अगाडि बढ्नुपर्ने उद्देश्य यस निबन्धले राखेको पाइन्छ । निबन्धकारले शहीद भनेको देशका लागि विभिन्न तानाशाह निरङ्कुश, नात्सिवादी, फासिञ्जवादी विरुद्ध लडेर मानवतावादी भावना राखि जात, भाषा, धर्म, पेशा, संस्कृति आदिलाई सम्मान गर्ने, जुनसुकै समयमा, जुनसुकै परिस्थितिमा पनि राष्ट्र र जनताको हितका लागि तत्पर रहने देश र जनताको लागि सहि मार्गदर्शकलाई मात्र मुलुकले शहीद घोषणा गर्नुपर्ने कुराको सुझाव दिने उद्देश्य यस निबन्धमा रहेको छ ।

**५) संक्षिप्तता**

यस 'के छ ! "प्रजातन्त्र"मा' निबन्ध सङ्ग्रह अन्तर्गतको अर्को दशौ निबन्ध "शहीदै शहीद" मा लामाछोटा गरी अठार(१८) अनुच्छेद र पाँच(५) पृष्ठमा फैलिएको यस निबन्धमा शहीदै शहीद शीर्षक अन्तर्गत रहेर शहीदका बारेमा संक्षिप्त वर्णन गरीएको छ । मुलुकमा शहीद छनौट गर्न जथाभावी मनपरी "जसको शक्ति उसकै भक्ति" भनेझै सानातिना काम गरी मृत्यु भएका जस्तोसुकै व्यक्तिलाई पनि पैसा पावर आफन्तवादबाट शहीद घोषणा गराउने प्रवृति र पुराना तथा राष्ट्रको र जनताको लागि

आफ्नो सर्वस्व सुम्पेर ज्यानको बाजी थापेर वीरगति प्राप्त गरेको शहीदको चाँहि गन्ती नभएको प्रति निबन्धकार आजको वर्तमान अवस्थाका शहीदप्रति संक्षिप्तरुपमा व्यङ्ग्य प्रहार गरेको पाइन्छ ।

**६) भाषाशैली**

वर्तमान अवस्थामा मुलुकमा जथाभावी शहीद घोषणा गर्ने नेता तथा शासकहरु प्रति व्यङ्ग्यको झटारोले हानेको पाइन्छ । यस निबन्धमा आजको दलबलले सामान्य व्यक्तिलाई शहीद घोषणा गरी दिने वास्तविक शहीदको मूल्य हरण गर्ने र सरकारलाई सामान्य व्यक्तिलाई शहीद बनाउन दबाब दिने प्रवृत्तिलाई प्रश्नात्मक शैलीमा यसरी व्यङ्ग्य गरीएको छ, जस्तै : “सबैभन्दा गतिलो आफ्नै दलको शहीद अनि भन्नुहोस् कुन झुण्डको ? जात पातको कि आपतको ? खाका भित्रको कि पाखा लागेको ? संयोगको कि भल भोगकको (रिजाल, २०७४ : ४४) ? जस्ता प्रश्नात्मक वाक्यहरु व्यङ्ग्यात्मक शैलीमा रचना गरेको यस निबन्धमा विभिन्न तत्सम, तत्भव र डेलिगेशन, फेशन जस्ता आगन्तुक शब्दको प्रयोग गर्नुका साथै निबन्धलाई नाट्यगत पारामा विभिन्न बिम्ब, प्रतीक र आलङ्कारिक भाषाशैलीमा रचना गरीएको भएता पनि निबन्ध सरल सहज र बोधगम्य रहेको र सरल, सहज र बोधगम्य भाषाशैलीमा प्रकट गरिएको छ ।

**७) निष्कर्ष**

‘के छ ! “प्रजातन्त्र”मा’ निबन्ध सङ्ग्रह अन्तर्गतको अर्को दशौ निबन्ध “शहीदै शहीद” निबन्धमा निबन्धकारले शहीदको विषयवस्तुलाई अगाडि ल्याएर वर्तमानकालको शहीदबारे व्यङ्ग्य गरीएको पाइन्छ । भने वर्तमानकालमा जस्तोसुकै, जुन व्यक्तिहरुको पनि अचानक मृत्यु भएमा पैसा र पावरले, नारा जुलुस लगाएर भएपनि, सरकारलाई नाता जोडेर वा दबाब दिएर शहीद घोषणा गर्ने आजका व्यक्ति, दल तथा नेताहरु प्रति व्यङ्ग्यको झटारोले हानेको पाइन्छ । साथै निबन्धकारले वास्तविक शहीद छायामा परेकोले सरकारलाई वास्तविक शहीदको न्याय र सम्मान गरीनुपर्ने भन्दै निबन्धकारले यस निबन्ध मार्फत आग्रह पनि गरेको पाइन्छ ।

## ४.३.११ नाक

**१) विषयवस्तु**

नाक निबन्ध ‘के छ ! “प्रजातन्त्र”मा’ निबन्ध सङ्ग्रह अन्तर्गतको अर्को एघारौं निबन्ध रहेको छ । उक्त निबन्धमा “नाक”लाई विषयवस्तु बनाएर मानिसहरुको प्रवृत्तिहरुलाई यस निबन्धमा खोतलेको पाइन्छ । “नाक” मानिसको पहिचानको प्रतीकका रुपमा रहेको जस्तैः विभिन्न जातजाति, भाषा, धर्म, राजनीतिज्ञ, विभिन्न देशका नाक, काला, गोरा, तेस्रो, घोप्टो, स्त्रीलिङ्गी, विपरीत लिङ्गी आदि विविध नाकहरुलाई व्यङ्ग्यात्मक ढङ्गले निबन्धकारले वर्णन गरेको पाइन्छ । यिनी नाकहरुमा कुन सक्कली हो कुन नक्कली नाक हो कसरी चिन्ने हो भनेर अन्योलमा परेका छन् । निबन्धकार भन्छन् :“यी विविध नाकमा कुनै पनि सक्कली नाक देखा परेनन् । यिनमा त हुकुमी नाक र ढुकुमी नाक। खान्की र मगन्ती नाक, रेशमी र नाङ्गा नाक आदि रमाउने गर्दथें । राज्य भित्र जब जब मौसमी टुनामुना उर्लिन्थ्यो त्यो मौकाको पगटी गुतेर मौसमी नाकहरु छताछुल्ल भएर सृङ्गार धरेका थिए । जहाँ नाक कायम

गर्न आङ्मा एउटा थाङ्गो छैन उसले माग्न शिवाय केही जानेको छैन । ओठमा नौ नीति भुण्डयाएर आफूलाई महत्मा नाके सम्झेर मनको बह पोख्दै, नाके ऋचा पोख्दै हिड्दा कर्जा मोह भएको यियो होला (रिजाल, २०७४ : ३१) ।

यसरी यी मुलुकमा कहिं कतै पनि सक्कली नाक देखा परेनन् । विविध प्रकारका ढुङ्ग गर्ने नाकहरुको जन्म भए आजका युगमा सक्कली नाकहरुले बाटो विराएका विभिन्न नाकेहरु, ओठमा नौ नीति भुण्डाएर आफुलाई महात्मा नाकेहरु सम्झेर मनको बह पोख्दै, नाके ऋचा पोख्दै हिड्दा कत्रो मोह, नाके नाके विवादले राज्य भित्र हलचल नाकका युद्ध जन्माउनेहरुले आफ्नो नाक राख्न विभिन्न कार्यहरु गर्दै नाक बढाउने निहुँमा कति राम्रा कार्यहरुमा लागे कति नराम्रा कतिले त आफ्ना नाकको पहिचान खोज्ने यस्ता नाकहरु विविध मोडलका निस्के भन्दै देशका शासकवर्ग, दलबलहरु साथै विभिन्न जातजातिहरु आफ्नो पहिचान वा नाक जोगाउन र ठूलो पार्नमा अर्कालाई खुट्टा तानेर, षडयन्त्र गरेर भएपनि आफ्नो अधिकार वा वडा हुनमा तुल्य छन् भन्ने प्रसङ्ग यस निबन्धमा विषयवस्तुको रुपमा रहेको छ ।

**२) सम्वेदना**

एक नाकले अर्को नाकको विरोध गर्ने, एक नाके र अर्को नाकेको विवाद, ठूलो नाकले साना तथा गरीब नाक जो आङ्मा एउटा थाङ्नो छैन उसले माग्न शिवाय केही जानेको छैन त्यस्ता नाकले ठूलो तथा पूँजीवादी नाकसँग कसरी आफ्नो नाक जोगाउने तथा सुधार्ने भन्ने गरीब नाकेप्रति दयाको भाव प्रकट गरेको पाइन्छ भने यसरी विश्वदेखि लिएर नेपालमै पनि नक्कली नाकहरुको कारणले सक्कली नाकहरुले दुःख पाएको प्रति भावुक भएर सम्वेदनाको भाव प्रकट गरेको पाइन्छ । यी विभिन्न नाकलाई पहिचान गर्न गाह्रो भएको कुरा पनि यस निबन्धमा व्यक्त गरेको पाइन्छ ।

**३) निजात्मकता**

निबन्धकारले निबन्धको शूरुवातमै विभिन्न प्रकारको नाकहरुको भोगाइकाबारेमा आफ्ना विचारहरु भनाइहरु प्रस्तुत गरेका छन् । उनले जीवनमा धेरै प्रकारको नाकहरुसँगको सङ्गत, भोगाई, उनीहरुसँग गरेको व्यवहारको बारेमा पनि आफ्नो निबन्धमा प्रस्तुत गरेको पाइन्छ । यिनले विविध प्रकारका नाकको नामाकरण दिएर निबन्धमा नाकको स्तर, व्यवहार र प्रवृत्तिहरुलाई खोतल्ने प्रयास गरेको पाइन्छ । एउटा नाक र अर्को नाकको होड, खिचातानी, आफ्नो पद र सम्मानको खातिर विभिन्न बेमौसमी टुनामुना लगाएर मौकामा चौका हान्ने नाकहरु, ओठमा नौ नीति भुण्ड्याएर आफूलाई महात्मा सम्झने नाकहरु, यसरी राज्यभित्रका गन्तिमा आएका नाकहरु हेर्ने हो भने सक्कली नाकहरु पाउनै गाह्रो सबै सक्कली नाकहरु आफ्नै दुनो सोभ्याउने नाकहरु आफ्नै इज्जतका खातिर मरिमेट्ने नाकहरु मात्र आजका समयमा पाइन्छ भनेर निबन्नधकारले आफ्नो भनाइ प्रस्तुत गरेको पाइन्छ ।

अतः जासुस, छुल्याहा घुसखोटी भ्रष्टाचारी, दलगत स्वार्थमा दौड्ने जुवातास रण्डीबाजी, बेश्यावृत्ति, डाका सिल्ली ढाँट यस्ता नाकहरुले मुलुकलाई अगाडि बढ्न नदिएको अझै पनि यस्ता नाकहरु

विश्व मानव ढुकुटीमा डङ्मगाएका छन् भनेर निबन्धकारले आफ्नो विचार प्रकट गर्दछन् भने मानिस जतिसुकै आफ्नो नााक जोगाएर, ठूलो पारेर छल गरेर आफ्नो नाकको श्रृङ्गार गर्न खोजे पनि नाक त सच्चा र इमान्दारी, निःस्वार्थ भावना भए अवस्थ पनि विना सजावट आफ्नो नाक आफै च्याट्ट परेको मिलेको आफ्नो अनुहार अनुसारको देखिन्छ भन्ने उनको भनाइ यस निबन्धमा रहेको पाइन्छ ।

**४) उद्देश्य**

यस "नाक" निबन्धमा रिजालले नाकका सन्दर्भलाई अगाडि ल्याएर विभिन्न खालका नाकहरुको बारे वर्णन गर्दै नाकलाई इज्जत र मानिसको व्यवहारको रुपमा व्याख्या गर्दै विभिन्न देशका नाक काला, गोरा, पहेला, राजनैतिक पार्टीका नाकहरु निरङ्कुसी नाकहरु, औपनिवेशिक, गुटबन्दी नाकहरु, विध्वम्सकारी आदि नाकहरुको चर्चा गर्दै मानिसहरुको प्रवृत्तिलाई कोट्याइने काम गरेको पाइन्छ भने मानिसको नराम्रो प्रवृत्तिलाई प्रस्तुत गर्ने उद्देश्य यस निबन्धले राखेको पाइन्छ भने मानिसले आफ्नो इज्जत, पावर, सम्पत्तिका लागि के कस्ता कार्यहरुमा संलग्न रहन्छन् आफ्नो खोक्रो आडम्बर देखाउने मानिसहरु प्रति उक्त निबन्धमा निबन्धकारले नाक सम्बन्धी प्रसङ्ग ल्याएर आजका समाजका कु–प्रवृत्ति सोच भएका, आफना स्वार्थमा हिड्ने शासक वर्ग, नेताहरु तथा ठूलाठाला व्यक्तिहरु आफ्नो नाक जोगाउनक लागि भ्रष्टाचार, हत्या, हिंसा, हड्ताल, लुटपाट, छल, विध्वसं गर्न पनि पछि नपर्ने व्यक्तिहरुप्रति आफ्नो निबन्धमार्फत छेठ वा व्यङ्ग्य गरीएको पाइन्छ ।

**५) संक्षिप्तता**

लामाछोटा गरी एघार (११) अनुच्छेद र पाँच (५) पृष्ठमा संरचित यस निबन्धमा निबन्धकारले "नाक" शीर्षक राखेर मानिसको इज्जत तथा प्रवृत्तिलाई संक्षिप्त रुपमा कोट्याइदिने काम गरेको पाइन्छ भने आफ्नो इज्जत, मान प्रतिष्ठान र खोक्रो स्वाभिमानको लागि, आफ्नो पद बढाउनका लागि अरुको अधिकारको हनन् नगरौं, सीधा–साँझा जनतालाई दुःख पीडा दिनु हुदैन आफ्नो जीवनको लागि सधैं जति छ त्यतिमै सन्तुष्ट गर्न सिकौं, मानव मानव, देश–देश एक अर्कामा समझदारीका साथ मिलेर बस्नुपर्छ भन्ने कुराहरुलाई निबन्धकारले सटिक र संक्षिप्त रुपमा प्रस्तुत गरेको पाइन्छ ।

**६) भाषाशैली**

"नाक" निबन्धको शीर्षक नै प्रतीकात्मक रुपमा आएको छ । यहाँ "नाक"लाई इज्जत र मानिसको प्रवृति भन्ने अर्थमा नाक शब्दले यस निबन्धमा इज्जतलाई पनि र मानिसको प्रवृत्तिलाई पनि दोहोरो अर्थ प्रदान गरेको पाइन्छ भने यस निबन्धमा तत्सम, तत्भव र सर्टपैन्ट, टाई, डाक्टर, अफिस, ह्वाइट हाउसे, जस्ता आगन्तुक शब्दहरुको प्रयोगका साथै "आफ्नो ठूलो नाक बनाउन के गर्नु पर्ला ? सबैको नाक पनि एउटै मुल्यको हुन्छ र ? जस्ता प्रश्नात्मक वाक्यहरुले सजाएको यस निबन्धमा मानिसको हरेक प्रकारका प्रवृत्तिलाई कोट्याइ आफ्नो विचारहरु कतै कतै कथात्मक तरिकाले पनि प्रस्तुत गरेको पाइन्छ । उनले आफूले भोगेका देखेका कुराहरुलाई कतै कतै आलंकारिक तथा प्रतीकात्मक शब्दहरुले सजाएर सरल र सहज ढङ्गले प्रस्तुत गरेको पाइन्छ ।

अतः यस निबन्धमा "नाक" शीर्षक अन्तर्गत रहेर नाकको विषयवस्तुलाई अगाडि ल्याएर वर्तमान सन्दर्भमा रहेको मानिसहरुको प्रवृत्तिलाई खोतल्ने काम गरेको पाइन्छ भने वर्तमान अवस्थामा मुलुकमा सक्कली नाक पाउन गाह्रो र नक्कली नाकहरुको विगविगी भएकोले विभिन्न कु–प्रवृति बढेको, आजका मानिसहरु आफ्नै स्वार्थका निमित्त आफ्नै नाब बढाउन र जोगाउन खातिर अर्काको जीवनमा खेलवाड गर्ने प्रवृत्तिलाई निबन्धमा प्रकट गरेको पाइन्छ ।

## ४.३.१२ मानव बचाउ युद्ध

**१) विषयवस्तु**

'के छ, !"प्रजातन्त्र"मा' निबन्ध सङ्ग्रह अन्तर्गतको बाह्रौ निबन्धको शीर्षक रहेको छ मानव बचाउ युद्ध । यस निबन्धमा निबन्धकारले संसारमा जहि तहि मानिस यति मरे उति मरे भन्ने कुरा मात्र सुनिन्छ । देशमा मानव अधिकार पनि छ तर विश्वमा कुनै पनि ठाउँमा मानव बचाऊ युद्ध नभएको भनेर यहि विषयवस्तुलाई यस निबन्धमा अगाडि सारेका छन् । मानव सृष्टिकालदेखि नै मानव मानव मात्रैको युद्ध भएको कुरा इतिहासमा रहेको पाइन्छ । तर सृष्टिकालदेखि पृथ्वीमा मानव बचाऊ युद्ध कतै नभएको कुरा निबन्धकार उक्त निबन्धमा प्रकट गर्दछन् । "मानव अधिकारको नारा बोक्ने जुन जुन शब्दहरु छन् । सांगठनिक रुपमा विश्व ठोक्ने पनि तिनै राष्ट्रहरु हुन"(रिजाल, २०७४ : ५५) अमेरिका जस्तो देशले आफू भन्दा कमजोर देशलाई ध्वस्त पारेर मानव बचाउ सन्धि गर्ने अमेरिका निश्चित कालखण्डको नायिके बन्यो । मानव बचाऊ युद्ध कुन देशमा छ कसैलाई थाहा छैन । बुद्धको नाम संसार भरी छ प्रत्येक देशले शान्तिको बुद्ध फेरी जन्मेर आऊ भन्दछन् तर बुद्धको एक वाक्य उपदेश मात्र थियो । बुद्धको वाक्यमा शान्ति थियो तर बचाउ शब्द थिएन यसरी निबन्धकारले मानव बचाउ युद्ध आजसम्म कतै पनि नभेटिएको कुरा यस निबन्धमा प्रकट गर्दछन् । "विश्व्मा मारामारवादी होडबाजी छ । एउटा शस्त्रवादी अर्को निशस्त्रवादी । बाघ मार्न जान्छु भन्ने पहलमानहरुले जँगलमा न्याउरीमुसो देख्ना लुगलुग खुट्टो कपाउँदै भागे झैँ सज्जन मातृभूमिका चुत्था नेताहरु आफ्नै देशका अवला, कविला नागरीकहरुलाई छानी छानी हतियारको उपहार झुण्ड्याइदिएर आपसमा झगडा मच्चाएर मारिरहँदा तपाईलाई कस्तो लाग्दैछ ? अनि जब आफ्नो स्वार्थ पूर्ति नजिक पुग्छन आपसमा उपर खुट्टी लगाएर भला भला कुरा गर्दै कुभलामतिको राज गर्दछन् । जनताले ठम्याउन नभ्याउँदै तिनै बाठा भनाउँदाज्युहरुको मखमले भुवामा गुम्स्याइएका हुन्छन् (रिजाल : २०७४ : ५७) ।"

यसरी निबन्धकार उक्त माथिका भनाइ अनुसार विश्वमा ठूला ठूला राष्ट्र तथा साना राष्ट्र सबैमा मारामारवादीको होटमा छन् । विश्वमा आ– आफ्नै प्रकारको शस्त्र अस्त्र बनाउने र अरु राष्ट्र भन्दा आफु नै अगाडि बढ्ने होड चलेको छ ।

विश्वमा ठूला ठूला देशहरु आ–आफ्नै तरिकाबाट हात हतियार बनाउने तर्फ तुल्य छन् । होडबाजी गर्छन चुथ्या नेताहरु आफ्नै मातृभूमिका सोझा साझा जनतामाथि छानीछानी हतियारको उपहार झुण्ड्याई दिएर आपसमा झगडा मच्चाइदिन्छन् आफू जब स्वार्थ नजिक पुग्छ आपसमा उफकुट्टी लगाएर बस्छन्, भला भला कुरा गर्दै कुभला जतिको राज गर्छन् । जनताले ठम्याउन नपाउँदै निर्त बाठा

भनाउँदाहरुको मखमले कुवामा गुम्स्याइएका हुन्छन् भन्ने विषयवस्तुमा आधारित भएर निबन्धकारले दोस्रो देशका चुथ्था नेताहरुको प्रवृतिलाई पनि व्यङ्ग्य प्रहार गरेको पाइन्छ । आजसम्म विश्वले मानव बचाउ युद्ध कही पनि नगरेको विश्वमा कसले कसलाई बचाइदिने ? धर्मशास्त्रले त छिट्टो मरेर स्वर्ग जाने सुख सयल गर्ने बाटो खनिदियो तर युद्ध गरेर मानव बचाउने शास्त्र आजसम्म जन्मन सकेन । आजसम्म पनि कुनै राष्ट्रले मानव बचाउ युद्धको घोषणा बनाउन सकेका छैनन् भन्दै निबन्धकारले यही विषयवस्तुमा आधारित निबन्ध रचना गरेको पाइन्छ ।

**२) सम्वेदना**

निबन्धकार रिजालले यस "मानव बचाउ युद्ध" निबन्धमा सृष्टिकालदेखि नै मानव–मानव मात्रको युद्ध भएको र जहि/तहि मानव संवारको मृत्युको घटना मात्रे सुनिने, तर आजसम्म मानव बचाउने युद्ध कहिपनि नसुनेको कुरा निबन्धकार भावुक भएर प्रकट गरेका छन् । आजसम्म ठूला ठूला शक्तिशाली राष्ट्रहरुले मानव अधिकार भन्ने नारा/शब्द ल्यायो तर मानव बचाउ घोषणा भने कहिल्यै गरेनन् मानव अधिकारको नारा घोक्ने जुन जुन राष्ट्र छन् तिनै राष्ट्रले विश्व ठोक्ने काम पनि गर्छन् । गरीब तथा निर्धाले त मानव अधिकारको मानव बचाउ युद्ध गर्ला तर ठूला तथा धनी शक्तिशाली राष्ट्रहरु नै यस्तो कुरामा सहमति नहुने कुरालाई यस निबन्धमा दुःखित रुपले प्रकट गरेको पाइन्छ ।

**३) निजात्मकता**

विश्वमा अथवा पृथ्वी यसको इतिहासलाई खोतल्दा पनि भगवानको पालादेखि नै सृष्टिकालदेखि आजसम्मको गतिविध हेरी ल्याउँदा मानव मार्ने युद्ध भएको तर मानव बचाउ युद्धको प्रतिपादन कसैले पनि गर्न नसकेको कुराप्रति निबन्धकार आफ्ना निजात्मक विचारहरु प्रकट गर्छन । निबन्धकार भन्नुहुन्छ, एक व्यक्तिले अर्कालाई, एक देशले अर्कोलाई, गर्दै मानव मार्न कति सजिलो तर बचाउन कस्तो समस्या? बचाउको एउटा सानो झिनो आशा मात्र "मानव अधिकार" तर यही नारालाई हतियार बनाएर अमेरिका जस्तो देशले इरान, इराक, लिविया सुडानलाई भित्र भित्रै उकासेर गृहयुद्धमा होमेर ध्वस्त खरानी बनाउँदा आफूलाई मानव अधिकारको पिता हूँ भन्ने बेलाईत के रोएर बसेको थियो । यसरी ठूला ठूला राज्यले नै मानव अधिकार ल्याउने र मानव संहार पनि उनैले गर्ने कार्य प्रति निबन्धकारले आफ्नो भनाइ प्रकट गरेको पाइन्छ ।

आफ्नो मातृभूमिको आफ्नै देशका, अवला कविला, सोझासाझा नागरीकलाई छानी छानी हतियारको उपहार दिने आफ्नो स्वार्थ पूर्तिपछि राज गरेर बस्ने बाठा भनाउँदा ज्यूहरुको प्रवृतिलाई निबन्धकारले नजिकबाट केलाएर आफनो अनुभवलाई प्रकट गर्नु नै यस निबन्धको निजात्मकता हो ।

**४) उद्देश्य**

संसारभर विश्वमा पूर्खादेखि आजसम्म कुनै देशमा पनि मानव बचाउने युद्ध नभएको र ठूलाठूला देशहरुले पनि यसको घोषणा आजसम्म नगरेको धर्मशास्त्रहरुमा पनि बरु छिटो मरेर स्वर्ग जा भन्दछन् तर मानव बचाउ कहि कतै गर्दैन भन्ने कुरा निबन्धकारले प्रस्तुत गरेका छन् । संसारभरी सदियौ देखि

हत्या गर्ने, युद्ध गर्ने कुराहरु आजसम्म पनि आइरहेको यस पृथ्वीमा जही तही लडाइ र झगडा संसारभरी बुद्धको नाम छ प्रत्येक देशले बुद्ध फेरी जन्मेर आउ भन्छन् तर बुद्धको एक वाक्य उपदेश मात्र थियो । उनले न त युद्ध गरे, न त युद्ध देखेर मानव बचाउ अभियान चाले, न त राजा भएर मोजमस्ति नै गरे । उनको त्याग वाक्य थियो "शान्ति" तर "बचाउ" शब्द थिएन । यसरी दुनियामा आजसम्म कुनै धर्मले पनि मानव बचाऊ युद्ध नगरेको संसारमा सबै चिज परिवर्तन भइसक्दा पनि मानव बचाउने युद्धको सुरुवात किन गरेनन् भन्ने जिज्ञासा निबन्धकारमा रहेको पाइन्छ ।

अतः निबन्धकारले आजसम्म पनि कुनै राष्ट्रले मानव बचाउ युद्धको घोषणा बनाउन सकेका छैनन् भन्दै विज्ञान र प्रविधिले विकास ल्याए झैं अब मानव बचाउ युद्धको पनि विकास गर्ला कि ? भविष्यमा अब युद्ध गरे पनि आफ्नो काल नआई मान्छे मर्ने छैनन् की, भविष्यमा मानव बचाऊ युद्ध आउला अनि मानिसको संरक्षण होला भन्दै यस निबन्धमा विश्वलाई शान्ति मात्रै होइन अब मानव बचाउने तर्फ पनि लाग्नु पर्ने सुझाव दिएका छन् ।

**५) संक्षिप्तता**

लामाछोटा गरी एघार (११) अनुच्छेद र चार (४) पृष्ठमा विस्तारित यो निबन्ध संक्षिप्त रुपमा रचना गरीएको निबन्ध रहेको छ । यसमा विश्वमा परापूर्वका देउताहरुको पालादेखि नै मानवमानव बीच युद्ध भएको तर वर्तमान कालसम्म आइपुग्दा पनि कतै मानव बचाउ युद्ध नभएको प्रसङ्गलाई सटिक ढङ्गले प्रस्तुत गरीएको पाइन्छ ।

**६) भाषाशैली**

यस निबन्धको शीर्षक अविधात्मक रुपमा रहेको पाइन्छ । यस शिर्षकले नै निबन्धको मर्मलाई प्रष्ट पारिदिएको पाइन्छ । निबन्धमा विश्वमा मानव मार्ने र मर्ने युद्ध जहितहि भएको भने मानव बचाउने युद्ध पृथ्वीमै कतै नभएको कुरालाई  व्यक्त गर्दै विभिन्न तत्सम, तत्भव र हस्पिटल, डाक्टर, पावर, भ्याटिकन सिटी जस्ता आगन्तुक शब्दको प्रयोग यस निबन्धमा पाइन्छ भने "मानव बचाउ युद्ध पृथ्वीमा कतै भयो कि ?", कसले कसलाई अब कसरी बचाइदिने ? जस्ता प्रश्नात्मक वाक्यहरुले निबन्धको भाषा शैलीमा सुन्दरता थप्ने काम गरेका छन् भने समग्र रुपमा यस निबन्धमा सरल र सहज र बोधगम्य भाषाशैलीमा विभिन्न आलङ्कारिक शब्दहरुले सजाएर अभिव्यक्त गरीएको पाइन्छ ।

अत : 'के छ ! "प्रजातन्त्र"मा' निबन्ध सङ्ग्रह अन्तर्गतको बाह्रौ निबन्ध "मानव बचाउ युद्ध" निबन्धमा निबन्धकारले आजसम्म विश्वमै नभएको युद्ध "मानव बचाऊ युद्ध"को विषय वस्तुलाई लिएर आफ्नो निजात्मक तथा सृजनात्मक सोचलाई प्रस्तुत गरेको पाइन्छ । धर्मशास्त्रदेखि लिएर विभिन्न ठूला ठूला राष्ट्रहरुले मानव मार्ने युद्ध गरे, वैज्ञानिक युगले विश्व विकास गरे भने आजसम्म विश्वले मानव बचाउन युद्ध गरेनन् यही कुरालाई निबन्धकारले आफ्नो निबन्धमा प्रस्तुत गर्दै भविष्यमा विज्ञान र प्रविधिले विश्वलाई विकास गरेझैं अब विश्वले मानव बचाउने युद्धको पनि विकास गर्ला र कोही पनि काल नआई मृत्युको मुखमा पर्नु नपर्ला भन्ने आशा प्रकट गर्दै निबन्धको अन्त्य गरेको पाइन्छ ।

### ४.३.१३ गृहप्रत्यारोपण

**१) विषयवस्तु**

विभिन्न विज्ञान र प्रविधिले ल्याएको विकासमा अब घरको डिजाइनहरु (आकार) पनि विभिन्न खालको बनाउँदै गइरहेको र जमिनमा मात्र घर होइन, समुद्र, अन्तरिक्ष आदिमा समेत गृह प्रत्यारोपण भइसकेको विषयलाई लिएर यस निबन्ध प्रस्तुत गरीएको छ भने यस निबन्धमा ठूला ठूला देशलाई विल्डिङ्ग (महलका) रुपमा भने सानो देशलाई झुपडी सानो घरका प्रतीकात्मक रुपमा व्याख्या गरीएको छ । उक्त निबन्धमा घरका विभिन्न वर्गहरुको अथवा आजका युगमा विभिन्न ठाउँमा विभिन्न घरहरुको प्रत्यारोपण गर्न वैज्ञानिक युगमा मानिसहरु लागि परेको कुराको चर्चा गरेको पाइन्छ भने निबन्धकार भन्छन : "विकसित मुलुकहरुले सट्याक सुटुक समुद्रमा र अन्तरिक्षमा शहर बसालिसकेका रहेछन् । पानी माथि प्लेट ओछ्याएर शानदार बनाइने ती घरहरुको शहर स्वीचद्वारा पानीमा डुब्ने र निस्कने विकसित प्रवृधि सिर्जना हुँदैछ । अर्को सबैभन्दा विकसित अन्तरिक्षमा बनिने घरको शहर वा देश नै बन्ला वा मानवाअन्तरिक्ष बन्ला (रिजाल, २०७४:६३) । जता गयो अति फरक होला, जता गयो स्वतन्त्रता, के को सिम्बा ? के को खिचातानी, के को युद्ध ? आहा ? कति आनन्द ! त्यो बेला भू–शोषण गर्न छटपटाएर डाहा, आरिस र साँगुरो दिमाग बनाएर गिद्ध दृष्टक विगत कालखण्डका बेलाईते फ्रान्से, जमर्ने साम्राज्य लुब्धक र यो कालखण्डको अमेरिकी विश्वफोर दिमागलाई कति आनन्द होला ? धर्मद्वारा कुण्ठित मुश्लिमतालाई घोलमेलताको कर्जा रसोल्लास होला । अन्य जातजाति र जनजातिलाई कुनै प्रकारको कुण्ठाले नछोला । अहो ! खुल्ला ठाउँ पाएर (रिजाल, २०७४ : ६४) ।

यसरी रिजालले उक्त निबन्धमा संसारमा मानवको संख्या अत्याधिक भएको र विश्वमा ठूला ठूला देशहरु वैज्ञानिक युगका कारण झन झन अनौठो भेदी कार्यहरु गर्दै विभिन्न ठाउँमा आफ्नो बसाँईको ठाउँ बनाइरहेको आजको वैज्ञानिक युगमा पृथ्वीमा मात्रै घर नभएर अन्तरिक्षमा, पानीमा घर विभिन्न चमत्कार पूर्ण कार्यहरु हुदै गइरहेको छ भन्दै यिनी यस निबन्धमा चमत्कारपूर्ण कार्य हुँदै गयो भने ठूलाठूला देश जो साना देशलाई सधैं आफ्नै अधिनमा राख्छ, त्यो देशहरु अन्तरिक्षमा गयो भने हाम्रो देश जस्ता साना देशहरुले पीडा भोग्नु नपर्ने, पृथ्वीमा मात्रै घर होइन, अन्तरिक्षमा पनि घर, शहर बन्ला अनि शक्तिशाली राष्ट्रहरु पनि सबै त्यतैतिर जाला पृथ्वीमा फराकिलो होला, कसैले भू–शोषण व्यहोर्नु नपर्ला साना र गरीब देशहरुलाई कति आनन्द होला ? कोही शरणार्थी बन्नु नपर्ला, अमेरिका ब्रम्हाण्डीय शोषण मिल्ला तर हत्याको रोगको विगविगी हट्ला, पृथ्वीका मानिस सबै त्यतैतिर जालान, प्रदुषण कम, आयु बढी होला, पिडामुक्त शहर होल, डाहा, इर्श्या, लोभ, विरोध, नभएपनि कानुन र संविधान नजन्मेला भन्ने आफ्नो कल्पनात्मक विचारहरुको यस निबन्धमा विषयवस्तुको रुपमा प्रस्तुत गरीएको पाइन्छ ।

**२) समवेदना**

"गृह प्रत्यारोपण" निबन्धमा निबन्धकारले घरहरुको विभिन्न वर्गहरुको वर्णन गरेको पाइन्छ । वैज्ञानिक प्रविधिले गर्दा विभिन्न सानदार घरहरु बनाउने धनीमानी शक्तिशाली देशहरु समुद्रदेखि चन्द्रमासम्ममा आफ्नो गृहप्रत्यारोपण गर्ला र पृथ्वीको मान्छे विस्तारै चन्द्रमातिर जाला घर बनाउला,

कृषि गर्ला, विस्तारै विस्तारै पृथ्वीमा जस्तै सबै त्यतैतिर जाला र पृथ्वी फराकिलो होला, गरीब दीनदुःखीलाई राम्रो होला, कुनै प्रकारको कुण्ठाले नछोला, कोही शरणार्थी बन्नु नपर्ला, अमेरिका जस्तो शोषित देशको अत्याचार सहनु नपर्ला, कुनै नियम कानुन नबन्ला भन्ने कल्पनात्मक सम्वेदना यस निबन्धमा पाइन्छ भने निबन्धकार भन्नु हुन्छ यो जुनिमा त म अर्काको गतिलो घर किन्न सक्तिन किनकि भू धरातलमा गृह प्रत्यारोपण शुरु भएको छैन यहाँ मुलुकको राजनैतिले यो कालखण्डमा सबैथोक भद्रगोल बनाइदियो उन्नति छैन, प्रगति छैन, विकास छैन, सिर्जना छैन, चेतना कुण्ठियो, सबैथोक बहुललठ्ठी छ यो कालखण्ड विकृतिको छ त्यसैले दुई विशाल विल्डिङका बीचको मेरो सानो सुन्दर झोपडी नै मलाई प्यारो लाग्छ । यो मेरो प्यारो घर कहिँ पनि विक्री नहोस प्रत्यारोपन नहोस, "जय झोपडी नेपाल मेरो प्राण घर (रिजाल, २०७४ : ६४) । "मेरो सुन्दर झोपडी" भन्ने आफ्नो प्यारो देश नेपाल प्रति हार्दिक प्रेमले सम्वेदनात्मक भाव प्रकट गरेको पाइन्छ ।

**३) निजात्मकता**

निबन्धकार रिजालले जीवनमा देखेका, अनुभव गरेका कुराहरुको संयोजन आफ्नो निबन्धमा गरेको हुनाले उनको निबन्धगत विशेषता मुख्य रुपमा निजात्मकता नै रहेको पाइन्छ । निबन्धकार रिजाल विभिन्न प्रकारका घरहरुका बारेमा व्याख्या, वर्णन गरेको पाइन्छ भने संसारमा घर किन्ने र बेच्नेहरुको घुइँचो भएको उनले निबन्धमा अब आउने समयमा घरहरु जमिन भन्दा पनि जलमा लामा घर होला, स्वीचद्वारा पानीमा निस्कने र डुब्ने घर हुन्छ होला, चन्द्रमामा घर होला, पृथ्वीका शक्तिशाली अमेरिका जस्ता देशहरुको मानिस उतैतिर जाला पृथ्वीमा जस्तै गाँस, बास, कपास त्यतै होला, अनि पृथ्वीमा फराकिलो ठाउँ होला कोही पनि शोषणमा डुब्नु नपर्ला अमेरिका जस्तो शोषण गर्ने देशमा पृथ्वीमा नभएपछि दुःख पिर, हत्या, हिंसा, द्वन्द्व, युद्ध आदि नराम्रा काम हट्ला, पृथ्वीमा नियम कानुनको आवश्यक नपर्ला सधै सफा वातावरण होला, मानिसको आयु बढ्ला, शान्ति होला भन्दै आजको वैज्ञानिक युगले ल्याएको परिवर्तन र विश्वमा वैज्ञानिक युगका मानिसहरुको प्रवृति तथा विकृति र विसङ्गतिलाई निजात्मक रुपमा निबन्धकारले कलात्मक अभिव्यक्ति प्रकट गरेको पाइन्छ ।

**४) उद्देश्य**

यस निबन्धमा गृहप्रत्यारोपण भन्ने शीर्षक अर्न्तगत रहेर विश्वमा विभिन्न मोडलको घरहरुको वर्णन, आजका वैज्ञानिक युगमा मानिसका हजार चाहना भएको कारण सधैं एकै नाशको भएर बस्न नसक्ने हुनाले कस्ता कस्ता बैज्ञानिक चमत्कारपूर्ण कार्यहरु गरीरहेका छन् । विभिन्न प्रकारका घरहरुको किन्ने र बेच्नेको घुइचो भएको छ, शक्तिशाली देशहरुले त पानी माथि, पानीमुनि स्वीचयुक्त घरहरु बनाउने अन्तरिक्षमा पानी घर बनाउने प्रयास भन्ने गरेका छन् । कल्पनात्मक सोच निबन्धकारको रहेको पाइन्छ । यसरी यस्ता घरहरुको कारण पृथ्वीमा हरेक प्रकारको दुःख जोखिम कम हुने पृथ्वीवासीहरुको लागि अत्यन्तै राम्रो हुने कल्पना पनि गरेको पाइन्छ भने निबन्धकारले यस निबन्धमा आफ्नो देश जस्तोसुकै भएपनि अरुको लहलहैमा नलागी आफ्नो देशलाई सुन्दर, शान्त देश बनाउने तर्फ लाग्नुपर्ने आफ्नो देश जस्तोसुकै भएपनि अन्तरिक्ष कै घर नभएपनि "हाम्रो दुई ढुङ्गाको वा दुई विशाल विल्डिङ्गका विचको मेरो सानो घर

झुपडी नै प्यारो लाग्छ" (रिजाल, २०७४ : ६४) । झुपडीलाई सजाउन सके स्वर्ग बन्छ । यो मेरो प्यारो घरलाई कसैको कुदृष्टि नलागोस मेरो देश कही कतै प्रत्यारोपण नहोस् भनेर यस निबन्ध मार्फत निबन्धकारले राष्ट्रवादी भावना व्यक्त गरेको पाइन्छ । भने आफ्नो देशलाई कहि कतै पनि प्रत्यारोपण गर्नु हुदैन सधैं आफ्नो देशलाई माया गरीरहनुपर्छ भन्ने उद्देश्य यस निबन्धमा रहेको पाइन्छ ।

**५) संक्षिप्तता**

आजका वैज्ञानिक युगका कारण विश्व विकासले विभिन्न ठाउँमा विभिन्न प्रकारका घरहरुको निर्माण वा शहरको निर्माण, चन्द्रमा जस्तो ठाउँमा घर बनाउने प्रयास, आजकको वैज्ञानिक चमत्कारले गरेको हरेक कार्य विभिन्न शक्तिशाली देशहरुको होड्बाजीको बारेमा निबन्धकारले चर्चा गर्दै निबन्धकार वैज्ञानिक युगले अथवा जति नै विश्व विकास भएर एक ठाउँदेखि अर्को ठाउँमा गृह प्रत्यारोपण गरेपनि मेरो देश नेपाल कहिल्यै प्रत्यारोपण नहोस स्वर्ग जस्तो मेरो सानो घर कहिल्यै अर्काको नजर नलागोस भन्ने भावनाको साथ संक्षिप्त रुपमा निबन्ध रचना गरेको पाइन्छ ।

**६) भाषाशैली**

निबन्धकारले विश्वमा वैज्ञानिक युगका चमत्कारपूर्ण कार्यहरुका कारण विभिन्न शक्तिशाली देशहरुमा घर वा शहर किन्ने बेच्ने होड्चलेका सबैभन्दा राम्रो र सान्दार घर बनाउने तर्फ विश्व लागेको कुरा प्रस्तुत गर्दै उनले आफ्नो देश जस्तोसुकै भएपनि दुई विशाल विल्डिङ्गका विचको मेरो सानोघर कसैको कुदृष्टि नलागोस मेरो देश कहिकतै प्रत्यारोपण नहोस भन्ने कुरा निबन्धकारले सरल र सहज तथा बोध गम्य भाषाशैलीमा आफ्नो विचारहरुलाई सटिक ढङ्गले प्रस्तुत गरी आफ्नो देशप्रति अगाध प्रेम दर्शाएको पाइन्छ भने यस निवन्धमा तत्सम तत्भव र इन्टरनेट, मुताविक, जेटप्लेन जस्ता आगन्तुक शब्दहरुको प्रयोग गर्नुका साथै नाटकीय तरिकाले निबन्ध रचना गरेको पान्इछ, जस्तैः कोही पल्लो कोठातिर उर्लेर बढ्यो" मलाई भुकम्प आउँदा थाम्ने जापानिज घर चाहियो" अर्को विदेशी उठेर बल्ल नेपाली स्वरमा झक्झकायो "हँ हँ मलाई विश्व अपमान सुद्दीमा परेको ह ह घर छाड्यो"(रिजाल, २०७४: ६२) जस्ता नाटकीय अनुकरणात्मक भाषाशैलीले यस निबन्धलाई सुन्दर बनाउने काम गरेको पाइन्छ ।

अतः गृह प्रत्यारोपण निबन्धमा निबन्धकारले आजको बैज्ञानिक युगका कारण मानिसहरुले हरेक प्रकारका चमत्कारीपूर्ण घर शहरको निर्माण गरेको पाइन्छ भने विज्ञानको विकाससँग आजका मान्छेहरु एकठाउँबाट अर्को ठाउँमा सर्ने प्रकृया जारी हुनु, विकसित मुलुकहरुले समुद्रमा र अन्तरिक्षमा शहर बसालिसकेको कुरा यस निबन्धमा प्रस्तुत गर्दै विश्वमा वैज्ञानिक युगले विकास ल्याएको यस समयमा हाम्रो नेपालको सन्दर्भमा भन्ने हो भने हाम्रो नेपाल राजनैतिक कारण पछि परेको, नेपालमा उन्नति प्रगति, विकास, सिर्जना, चेतना जस्ता सबै राजनैतिक कु–प्रवृत्तिले खाई सकेको छ भन्दै उनी नेपालको राजनैतिक प्रवृत्तिको सुधार होस भन्दै दुई विशाल विल्डिङका बीचको मेरो सानो झोपडी कतै विक्रि नहोस, प्रत्यारोपण नहोस भन्दै देश भक्तिको भावना आफ्नो यस निबन्धमा उरालेको पाइन्छ ।

### ४.३.१४ षडाएका जिन्दगीहरु

#### १) विषयवस्तु

"षडाएका जिन्दगीहरु" भन्ने निबन्ध 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रहको चौधौं निबन्ध रहेको छ । प्रस्तुत निबन्धमा मानव जीवनलाई कसरी कोद्वारा षडाइन्छ ?, कसरी षडिएको छ भन्ने प्रसँग वा विषयवस्तुलाई यस निबन्धमा ल्याएको पाइन्छ । त्यस्तै विभिन्न "मानव अधिकार आयोग भनेर मानव षडाएर, फसाएर गृहयुद्धमा होमिदिएर सडिएका मुलुकहरुको चेतना नै षडिसकेपछि आफूआफू भित्र घरघर भित्र, राज्यका बाटाबाटा, पाटापाटा, कुनाकन्दरा भित्र मानव विचार वियोग सिर्जना भइसकेको छ"(रिजाल, २०७५ : ६५) । मानव अधिकारको नाममा मानवको सर्वश्व हर्ने विश्वले झनझन मानव–मानव, राज्य–राज्य बीच द्वन्द्व  सिर्जना गराइ मुलुक तथा विश्व मानव बासीको जीवन षडाउने तर्फ लागेको यो मुलुकलाई निबन्धकारले यस निबन्धमा व्यङ्ग्य प्रहार गरेको पाइन्छ । दक्षिण अफ्रिकी नेता नेल्सन मण्डेलाले भनेका थिए भने र निबन्धकार आफ्ना निबन्धमा मण्डेलाका भनाइ यसरी लेख्छन् "श्वेतहरुले हामीलाई धर्मको नाममा बाइबल दिएछन् र लट्ठ पारेर निन्द्रामा सुताइदिए, हामी ब्युँझिदा अठार सय वर्ष बितिसकेछ । सारा हाम्रा अग्रज बलिको बोको झै भएर, गुलाममा अल्झेर, नोकर बनेर, मरिहत्ते उसैको विश्वासी पात्र भै सेवा शुश्रुषा गर्दा रहेछौं (रिजाल २०७४:६६) । उनीहरुले पचास पुस्तालाई सडाइसकेका रहेछन् । यसरी अमेरिका जस्ता देशले काला जातिलाई भूल भुलैयामा अल्झाएर राखे । बेलाईतले विश्व षडाउँछ, अमेरिकाले विश्व थर्काउछ । त्यो उनीहरुको झिँगा भन्काउने कला भएजस्तै निबन्धमा गोराले काला जातिलाई, धनी र शक्तिशाली देशले गरीब र निर्धो देशलाई षडाइरहेका छन् भने यता नेपालको सन्दर्भलाई हेर्ने भने राजनैतिक नेतृत्वका अराजक दलगत भुरापनलाई षडाउन नेतृत्व वर्गलाई डलरले बनाइदिएको झण्डाले रिङ्गटा लाग्दो मलले लाटो–सोझो निमुखालाई रुवाइरहेछन् । र नेपालको एमाले, काँग्रेस, माओवादी, राप्रपा आफूआफूमा एक अर्कालाई षडाउने तर्फ लागेर देशलाई नै षडाइरहेका छन् भने शाहवंश पनि षडेर गए, यसरी यस निबन्धमा एकले अर्कोलाई षडाउने, खिचातानी गर्ने प्रवत्ति प्रति निबन्धकारले व्यङ्ग प्रहार गरेको पाइन्छ ।

#### २) सम्वेदना

षडाइएको जिन्दगीहरु निबन्धमा विश्वले नाम मानव अधिकार दिइयो तर मह काढी हाट चाट्ने जमाना विकसित भै सक्दा बेलाईतमा रहेको मानव अधिकार विश्वव्यापी केन्द्रिय कार्यलाई शिरोधार्य गरेर संवैधानिक खुराक नपाएर मुलुकका टुहुरा नेताजीहरु संविधानमा आयोगका रुपमा व्यवस्था गरी "मानव अधिकार आयोग" भनेर मानव षडाएर फसाएर गृहयुद्धमा होमिदिएर, आफू आफू भित्र घरघर भित्र, राज्यका पाटा, बाटा, पाटापाटा कुना कन्दरा भित्र मानव वियोग सिर्जना गरीदिने"(रिजाल, २०७४ : ६५) मुलुकका नेताहरुको प्रवृत्ति प्रति निबन्धकार आक्रोस व्यक्त गर्दै विश्वमा मारमा परेका देश तथा जनताप्रति भावुक भएर आफ्नो कुरा अभिव्यक्त गर्छन ।

दक्षिण अफ्रिकी नेता नेल्सन मण्डेलाका पचास पुस्तालाई गोरा तथा श्वेतहरुले धर्मको नाममा वाइबल दिएर उनीहरुलाई लठ्ठ पारेर निद्रामा सुताइदिएर उनीहरुलाई श्वेतहरुले अठार वर्षसम्म गुलाम, नोकर पारेको

थियो । काला जातिलाई मात्र होइन, अमेरिका, बेलाईत जस्ता देशले साना तथा निर्धो देशहरुलाई आजसम्म पनि षडाउन तुल्य छन् भने हाम्रो नेपालको राजनैतिक नेतृत्वका अराजक दलगतहरुले सोझा साझा निमुखालाई रुवाउँदै जुलुसमा जबरजस्ती हड्ताल गर्न लगाएर, उनीहरुको जीवनमा दुःखको मोचन गराइदिने प्रवृत्ति प्रति पनि सोझा, साझा निमुखाहरुप्रति भावुक भएर दुःख प्रकट गरेको पाइन्छ ।

**३) निजात्मकता**

"षडाइएका जीन्दगीहरु" भन्ने निबन्धमा निबन्धकार मुलुकमा मानव जीवन कतातिर लम्किरहेको छ, कोद्वारा लुटिइरहेको छ र एक मुलुकले अर्को मुलुकलाई कसरी षडाउने फसाउने कार्य गरीरहेको छ आदि इत्यादि प्रसङ्गहरुलाई निजात्मक तरिकाले प्रस्तुत गरेको पाइन्छ ।

**४) उद्देश्य**

प्रस्तुत निबन्धमा देश तथा जनता षडाउनेहरु प्रति सधैं सजग रहनुपर्ने, मानव अधिकार आयोग भनेर जनतालाई दुःख दिने राजनैतिक नेतृत्वप्रति सजग रहनुपर्ने अर्काको देश अर्काको जीन्दगी षडाउन तुल्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनेतृत्वले दिएको पाइन्छ ।

विश्वमा शक्तिशाली देश बेलाईत र अमेरिका आजसम्म पनि विश्वलाई हाक्ने क्षमता राख्छ । नेपालभित्रको कुरा गर्नुपर्दा एक अर्कामा जेलिएर नेता नेता विचको खिचातानीले नेपाल षडाउनतर्फ लागेका प्रसँग नेपालमातै होइन अन्तर्राष्ट्रिय मुलुकहरुमा पनि एउटा देशले अर्को देशलाई कज्याउने राजनैतिक पक्षहरुको प्रसङ्गलाई निबन्धकारले आफ्नो निबन्धमा प्रस्तुत गर्दै यस निबन्ध मार्फत विश्व सुधारको चाहना राखेको पनि पाइन्छ ।

**५) संक्षिप्तता**

षडाएका जिन्दगीहरु भन्ने निबन्ध 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रह भित्रको चौधौं निबन्ध हो । यसमा लामा छोटा गरी नौ अनुच्छेद र छ पृष्ठमा छन् । यस निबन्धमा एक राष्ट्रले अर्को राष्ट्रलाई, एक व्यक्तिले अर्को व्यक्तिलाई कसरी षडाउछ र अगाडि बढ्न दिदैन भन्ने सन्दर्भलाई संक्षिप्त रुपमा प्रस्तुत गरेको पाइन्छ ।

**६) भाषाशैली**

"षडाएका जिन्दगीहरु" भन्ने निबन्ध भित्र रहेका भाषाशैलीमा तत्सम तत्भव तथा "मह नकाटी हात चाट्ने" भन्ने जस्ता उखानको प्रयोग पाइन्छ भने स्याँ स्याँ, फ्याँ फ्याँ जस्ता अनुकरणात्मक शब्द साथै त्यहाँ कति जिन्दगी विते ? कति पुस्ता वित्यो ? जस्ता प्रश्नात्मक वाक्यशैली तथा ठाउँ ठाउँमा लामाछोटा बाक्य, कही कतै प्रतीकात्मक शब्दहरु भएपनि बोधगम्य सरल र सहज भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

अतः षडाइएको जीन्दगीहरु भन्ने निबन्ध अन्तर्गत निबन्धकारले विभिन्न अधिकार र आयोग भनेर भित्रभित्रै एकले अर्कोलाई षडाउने वा अर्काको अधिकार हनन् गर्ने, आफ्नो स्वार्थ पूरा गर्ने प्रवृति, आजका नेता तथा जनता सम्म आफनो थोत्रो पहिचान खोजेर मानव जीवनलाई व्यर्थ बनाउँदै लगेका लाटो सोझोलाई राजनैतिक अराजक नेतृत्व दलले विभिन्न जुलुस, दुःख मोचन, हड्ताल गराउने, एक

देशले अर्को देशलाई षडाउने, विभिन्न राजनैतिक दलले एकअर्कामा खिचातानी गर्दै देश षडाउने प्रवृत्तिहरुलाई निबन्धकारले आफ्नो निबन्धमा प्रस्तुत गर्दै आजका वैज्ञानिक युगमा हर कुराको होड चलेको व्यक्ति देखि लिएर विश्वले एकले अर्कालाई उछिन्ने, पछार्ने, मार्ने एकले अर्काको अधिकार षडाउने तर्फ तुल्य रहेको प्रसँगलाई यस निबन्धमा प्रस्तुत गरेको पाइन्छ ।

## ४.३.१५ प्रजातन्त्रको नजिरहरु

### १) विषयवस्तु

के छ प्रजातन्त्रमा भन्ने निबन्ध सङ्ग्रह भित्रको अर्को पन्धौं निबन्धको नाम हो "प्रजातन्त्रको नजिरहरु" । यस भित्र विभिन्न ऐतिहासिक, राजनैतिक घटनाहरुको विषयवस्तुलाई विभिन्न नजिरहरुको उपनाम दिएर वर्णन गरेको पाइन्छ भने यस निबन्धमा विविध ऐतिहासिक घटनादेखि लिएर वर्तमान कालका घटनाहरुलाई समावेश गर्दै नेपालमा कसरी प्रजातन्त्र उत्पत्ति भयो, कसरी यो अवस्थामा आज आइपुग्यो भन्ने निबन्धमा चर्चा पाइन्छ भने मानवको सृष्टिकालदेखि शुरु भएको घटना जति मानिस सभ्य हुँदै गयो, उति विविध प्रकारको घटनाहरु घट्दै आइरहेको मुलुकमा विविध प्रकारको नजिरहरुको जन्म हुँदै आइरहेको छ भने नेपालको सन्दर्भमा केही विकसित नजिरहरु यस प्रकार छन् :

क) पृथ्वीनारायण शाहदेखि भिमसेन थापाकालीन एकीकरण अभियान, जसको स्वच्छ नाम हो अगाडि राष्ट्रिय वीरतामा यहाँ गौरव धर्मी राष्ट्रिय गौरव नजिर (रिजाल, २०७४ : ७५) ।

ख) जंगबहादुर राणादेखि मोहन शमसेर राणासम्मको ओठे हुकुमे जर्जर भएको (वि.स. १९०३–२००७) कालखण्डको १०४ वर्षे समय थियो क्रुर हुकुमे वंशज नजिर (रिजाल, २०७४ : ७५) ।

ग) पहिलो प्रजातन्त्र भनेर ज्यान, ध्यान, तय, जय गरेर बल्ल तल्ल विजारोपण गरेर (जन्माएर) घाँटी निमोठिएको, जसले राष्ट्रको वार्षिक बजेट आधिकारिक ढङ्गबाट पेश गर्न नजानेको राष्ट्रिय व्यवस्थापकिय धमासा (वि.स. २००७–२०१७) हो लङ्गडो प्रजातन्त्र नजिर (रिजाल, २०७४ : ७५) ।

घ) मुठ्ठी भरको हैकमबाट बाठो तुहाउने, बाटो कुराउने, माटो सुहाउने, मोटो हँसाउने विकसित भएको पाँचजनाले मात्र चलाउँदा पनि पर्याप्त पुग्ने श्रीपञ्चीय पञ्चायतको तान्त्रिक नजिर ( रिजाल, २०७४ : ७५) ।

यसरी यी माथिका बुँदाहरुको भनाइ अनुसार चारवटा त नेपाल भित्रिएर यो भू थलोमा लडिबुडि गर्दै हुर्केका खेलेका, परिपक्क भएर केही समय अराजकतालाई राज गरेका नजिरहरु हुन जो नेपालमा घरको महत्वपूर्ण घटना जसले नेपाललाई थोर बहुत रुपमा परिवर्तन गराउने कार्य गरेको थियो । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेका थिए । जङबहादुरको पालमा जनताले राणाहरुको मार खेप्नु परेको थियो भने २००७ सालदेखि प्रजातन्त्र आएर २०१७ साल सम्मको घटना तथा पञ्चायत कालको घटनाहरुलाई नेपालको राजनैतिक पक्षहरुको नजिरका रुपमा यस निबन्धमा निबन्धकारले बूँदागत रुपमा राखेका छन् भने माथिका चार नजिरका साथै वि.स. २०४६ को जनआन्दोलनलाई १ मानियो र नजिर छानिएको छ । वर्षैपिच्छे नजिरहरु त एकाएक् गरेर जन्मिने त भए तर सबै जीवित रहने भएमा त यो कालखण्डको राष्ट्रको २५ प्रतिशत जनसंख्या युवा बेराजेजगार जनशक्ति विदेश

पलाईन हुनबाट रोक्ने थियो कि ? यसरी नै होडबाजीमा अस्तित्व गुम्ने हुनाले प्रजातन्त्रवादी र क्रान्तिकारीहरुलाई थपटेवा पुऱ्याउन आफु पाकेको मेवा खान वि.स. २०५८ जेष्ठ १९ गते राति दरबार हत्याकाण्डको एउटा नजिर ल्याएर राजा ज्ञानेन्द्रले वंश रक्षाको सर्वनाश गरी आफू निर्दोष सावित भए । यसरी नजिरहरुको ओइरो लागेको विविध नजिरहरु बन्ने प्रकृया जारी नै छ । राज्यको गणतान्त्रिक अवतारको दोस्रो संविधान सभाको चुनाव पछि २०७१/७२ कार्यक्रममा एउटा नजिर, यसरी एकपछि अर्को नजिरहरुको बढ्दो क्रम छ तर देशमा युवाहरुको विदेश पलाईन हुने कार्य झन बढ्दो छ । अर्काको देशको भरमा बाच्नुपर्ने बाध्यता छ खै देशले हजार नजिरहरु त जन्माए तर त्यसको असरले आजका युवाहरुको भविष्य उज्वल बनाउन सकेन । यसरी देशमा विभिन्न नजिरहरुको बारेमा निबन्धकारले वर्णन गरी अब बन्ने नजिरहरु प्रजातन्त्रमा त गहन नजिरको विकास भएपनि लोकतन्त्र नै अझै परिष्कृत भएपनि "सम्पूर्णताको समायोजन तन्त्र" नजिर हाम्रो नजरले देख्न पाइने हो कि होइन भन्दै निबन्धको अन्त्य गरेको पाइन्छ ।

**२) सम्वेदना**

मुलुकमा जतिसुकै नजिरहरु, घटनाहरु घटेपनि मुलुक विकासको बाटो तर्फ जान नसकेको वर्तमान अवस्थामा पनि युवाहरुले त्यही दुःख, बाध्यता खप्नुपर्ने, विदेशमा गई दुःख गर्नुपर्ने स्थिति प्रति निबन्धकारले भावनात्मक संवेदना आफ्नो निबन्धमा प्रस्तुत गरेका छन् ।

**३) निजात्मकता**

गायत्रीप्रसाद रिजाललाई निजात्मक निबन्धकारका रुपमा मानिन्छ । प्राय निबन्धमा उसले आफूले देखेका भोगेका राजनैतिक पक्षहरुलाई आफ्ना निबन्धमा आफ्नो विचारहरुले भरिपूर्ण पारेर प्रस्तुत गरेको पाइन्छ । यस प्रजातन्त्रको नजीकहरु निबन्धमा उनले आफूले देखेका, सुनेका भोगेका र शुरुदेखि आजसम्मको ऐतिहासिक पक्षहरुको घटना क्रमलाई निजात्मक रुपले प्रस्तुत गरेको पाइन्छ । यसभित्र विभिन्न समयमा घटेका घटनालाई नजिरको उपनामले घटनाको उल्लेख गरेको पाइन्छ । उनी भन्छन्: नेपालको भूमिमा धेरै विकसित नजिरहरुको जन्म त भए तर त्यसले विकासको रुप नलिइ न्वारान नै नभई मरेको र देश जहाँको त्यही रहेको आजसम्म पनि मुलुकका युवाहरुको विदेशिनु बाध्य रहेको प्रति आफ्नो भनाइ अभिव्यक्त गरेको पाइन्छ ।

**४) उद्देश्य**

जुनै पनि साहित्यले आफूसँगै आफ्नो उद्देश्य बोकेर आएको हुन्छ । चाहे त्यो आन्तरिक होस या बाह्य त्यसभित्र कुनै पनि सन्देश उद्देश्य लिएर आएकै हुन्छ । अतः प्रजातन्त्रका नजिरहरु भन्ने निबन्ध मार्फत नेपालमा परापूर्वकालदेखि वर्तमान कालसम्मको ऐतिहासिक राजनैतिक घटनाक्रमहरुलाई समेट्दै विविध नजिरहरुको वर्णन गरेका छन् भने हाम्रो देशमा विभिन्न खालका नजिरहरु नेपाली वीर पुरुष पृथ्वीनारायण शाह, भिमसेन थापा राष्ट्रियता वीरता गौरवका नजिर, जँगबहादुर राणादेखि मोहन शमसेर राणासम्मको एक सय चार वर्षे समयको क्रुर हुकुमे, नजिर, पञ्चायतकालको श्री पञ्चीय पञ्चायतको उपज वंशतान्त्रिक नजिर यी माथिका नजिरहरु नेपालभित्र भित्रिएर नेपालको भू–थलोमा लडीबुडी

गर्दै हुर्के खेले र केही समय राज गरे । यसरी नै राज्यभित्रबाट नै उत्पत्ति भएर धमासाका मासा हेर्ने हो भने वि.स. २०४६ को जनआन्दोलन नजिर, वि.स. २०५८ जेष्ठ १९ गते राती दरबार हत्याकाण्ड नजिर । यसरी आजसम्म नजिरहरु तछाडमछाड गर्दै आइरहेको निबन्धकार यस निबन्धमा प्रस्तुती गरेर ऐतिहासिक विषय तथा राजनैतिक विषयतर्फको पाठकलाई ज्ञान गराउनु पनि यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

**५) संक्षिप्तता**

'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रह भित्रको अर्को पन्ध्रौ निबन्ध "प्रजातन्त्रको नजिरहरु" भन्ने निबन्धमा साना साना गरेर एकाइस अनुच्छेद र आठ पृष्ठमा विस्तार भएको यो निबन्ध सङ्ग्रह भित्रको अरु निबन्ध भन्दा केही लामो देखिए पनि निबन्धमा हुनुपर्ने संक्षिप्तताको गुण यसमा पाइन्छ । यसमा नेपालमा भएका विभिन्न ऐतिहासिक र राजनैतिक घटनाहरुलाई निबन्धमा छ्यासमिस गर्दै निबन्धलाई घटना नै घटनाको माला उनेर संक्षिप्त रुपमा प्रस्तुत गरेको पाइन्छ ।

**६) भाषाशैली**

निबन्धकारले प्रस्तुत निबन्धमा विभिन्न घटनाहरुलाई नजिर उपनामले व्याख्या गरीएको पाइन्छ । यस निबन्धमा विविध ऐतिहासिक राजनैतिक गतिविधिका घटनादेखि लिएर वर्तमान कालका घटनाहरुलाई समावेश गर्दै नेपालमा कसरी प्रजातन्त्र उत्पत्ति भयो, कसरी यस अवस्थामा आज आइपुग्यो र अब बन्ने नजिरहरु कस्ता होलान भन्ने जिज्ञासा सहित विभिन्न तत्सम तत्भव र डाक्टर, आई.सी.यु, अक्सिजन जस्ता आगन्तुक शब्दहरुको प्रयोग पाइन्छ भने यस निबन्धमा कुन शताब्दीमा ? कि भर्खरै भयो कि ? (रिजाल, २०७४ : ७२) जस्ता प्रश्नात्मक वाक्यहरुको प्रयोग साथ साथै आलंकारिक तथा विभिन्न बिम्ब प्रतीकहरुको प्रयोगले निबन्धलाई प्रखर बनाएको पाइन्छ साथै यो निबन्ध समग्रमा सरल र सहज भाषाशैलीमा निबन्ध रचना गरेको पाइन्छ ।

अत : "प्रजातन्त्रको नजिरहरु" निबन्धमा विविध ऐतिहासिक तथा राजनैतिक घटनाहरुको प्रस्तुती गर्दै निबन्धकारले यस घटनालाई नजिर उपनामले अर्थ्याउने काम गरेका छन् भने उक्त निबन्धमा विविध ऐतिहासिक तथा राजनैतिक घटनाहरु जुन नेपालको लागि अविस्मरणीय घटना जस्तैः पृथ्वीनारायण शाहदेखि भिमसेन थापा कालीन एकीकरण नजिर, जंगबहादुर राणादेखि मोहन शमसेरसम्मका नजिर, प्रजातन्त्रका नजिरहरु, पञ्चायतकालीन नजिर, राजदरबार हत्याकाण्ड नजिर आदि नजिरहरु नेपालमा जन्मे हुर्के केही परिवर्तनहरु ल्याए तर पनि देशमा युवा बेरोजगारले झन झन युवाहरु विदेश पलाईन हुनुपर्ने बाध्यता रहेको छ । नेपालमा जे जस्तो नजिर आएपनि युवाहरुको लागि केही परिवर्तन ल्याउन सकेको देखिदैन अधिकांश युवाहरु त्यही अर्काको देशको गुलाम गर्न बाध्य छ । यसरी निबन्धकारले आफ्नो निबन्धमार्फत नेपालमा आजसम्म विविध घटनाहरु घट्दै आइरहेको तर देश अझै सम्म परिवर्तन नभएको कुरा यस निबन्धमा प्रस्तुत गरेका छन् ।

## ४.३.१६ कुन हत्या ठूलो

### १) विषयवस्तु

"कुन हत्या ठूलो" 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रह भित्रको सोह्रौ निबन्ध रहेको छ । यस निबन्धमा हत्याको रुप विविध प्रकारको हुने भन्ने विषयवस्तुलाई समेटेर लेखिएको छ । हत्या मानिस उत्पत्ति भएदेखि नै भइआएको, संसारका विभिन्न ठाउँहरुमा भएको हत्या युरोपीय गृहयुद्धताका हत्या, एशियाका हत्या, प्रथम र दोस्रो विश्वयुद्धताका हत्या, अनि देश भित्रकै रक्त पिपाशु हत्या, हिटलरले यहुदीको हत्या, नेपालको सन्दर्भमा जंगबहादुर राणाले दरबारीया गुट षडयन्त्रीय तन्त्रलाई कोत र भण्डारखालमा खाँदेर रक्तरण सागर विच्छ्याउनु, ज्ञानेन्द्र शाहले विरेन्द्र लगायत स परिवारको हत्या आदि हत्यालाई निबन्धकारले आफ्नो निबन्धमा प्रस्तुत गर्दै यी हत्याहरुमा कुन हत्यालाई ठूलो र सानो भन्ने कुरा छुट्याउन नसकेको कुरा प्रकट गर्दछ ।

निबन्धकारले यस निबन्धमा चर्चा गरेका केही अंश तथा भनाइहरुलाई निम्नानुसार देखाउन सकिन्छ :

"देश विदेशको मात्र चर्चा भयो भन्नु होला । अब स्वदेशतिर पनि (२०५२–२०६३) सम्म जनमानसले भोगेका एक नजरको स्मरण गरीहेरौं त । क्रान्ति गर्नेहरुले क्रान्ति गरे । केका लागि गरे ? जनता शब्द लोकप्रिय पारे । सरकारका कुन कुन नीतिका विरुद्ध जान्ने गरीएको थियो ? कागजमा गणतन्त्र र त्यसको स्वरुपको किटान हुन्छ । अर्थतन्त्रको श्रोत राजतन्त्र हो ? प्रजातन्त्र हो ? लोकतन्त्र हो ? गणतन्त्र हो ? समाजवाद हो ? यहाँका प्राकृतिक श्रोत साधनलाई कार्य विना अपार व्याख्या गर्दा अर्थतन्त्र ओइरो लाग्छ ? स्वदेशको क्रान्तिको उपज सत्तामा पुगेर ठूलो बोल्ने नजिर त बन्यो तर चाहे त्यो तत्काल सरकार पक्षबाट होस वा क्रान्ति पक्षको बेहोसको ठोसले होस करिब २० हजार नेपाली आत्माहरु अलपत्र कङ्काल पारिए । के दोष थियो ती हाम्रा सन्ततिको ? के ती शासक थिए अब सरकार पक्षबाट र क्रान्ति पक्षबाट गरेको निर्देशन नागरीकको हत्या, भन्नुहोस त कुन हत्या ठूलो ? मरेछन हाम्रा दाजुभाई दिदीबहिनी, मारेछन, दुवै पक्षले (रिजाल, २०७४ : ८५) ।

यिनका यी भनाइ अनुसार विश्वमा मात्र नभएर नेपालमा पनि यी यस्ता हत्या जसले विभिन्न तरिकिाले हत्या गरीरहेको छ । यी यस्ता हत्याहरुमा सोझा साझा जनताले नै भोग्नु परिरहेको अवस्था छ यही कुरालाई निबन्धकार हत्याको बारेमा अझ स्पष्ट रुपमा भन्नुहुन्छ : "खुई खुई खुई........" हत्या ठूलो वा सानो, व्यक्ति वा देश जे भएपनि कुन दार्शनिकले महान मानेको छ र । हत्या अपराध हो, क्रुरता हो, राक्षस हो, पिशाच हो । रक्त पिपाशु हो, नाटकीय गन्ध हो । यस्तो रुचाउने शान्ति क्रान्ति भ्रान्तिका नेतृत्व जीलाई नाटकीय अभिषापीय उपाधीय अवतार भन्दा अतियुक्ति नहोला कि (रिजाल, २०७४ :८५) ।

नेपालको सन्दर्भमा (२०५२–२०६३) सम्म जनमानसले भोगेका पिडा तत्कालीन सरकार पक्षबाट होस वा क्रान्ति पक्षबाट होस करिब विस हजार नेपाली आत्माहरु अलपत्र कङ्गाल पारिए । के दोष थियो ती हाम्रा सन्ततिको यसरी हत्या हत्यालाई ठूलो सानो भन्दा पनि हत्या त हत्या नै हो । हत्या ठूलो सानो, व्यक्ति वा देश जे भएपनि हत्यालाई कुन दार्शनिकले महान मानेको छ र हत्या अपराध हो, क्रुरता हो, राक्षस हो, पिशाच हो । रक्त पिपाशु हो, नाटकीय गन्ध हो भनेर निबन्धकारले हत्यालाई घृणित नजरले

हेरेको पाइन्छ । साथै हत्याको विषयवस्तुलाई लिएर उनले हत्या ठूलो सानो जे भएपनि अत्यन्तै नराम्रो राक्षसी व्यवहार हो भन्दै उनले विश्वमा शान्तिको कामना गरेको पाइन्छ ।

**२) सम्वेदना**

प्रस्तुत निबन्धमा विविध हत्याको रुपलाई निबन्धमा प्रस्तुत गर्दै यसभित्र विभिन्न खालको, विभिन्न समयमा भएको हत्यालाई विषयवस्तु बनाइ हत्याबाट देश देश तथा राष्ट्रिय देखि अन्तर्राष्ट्रिय मानव सम्हार भएको, हत्या जस्तोसुकै भएपनि हत्या अपराध, हत्या क्रुरता, हत्या राक्षस, हत्या पिशाच, हत्या रक्त पिपाशु भएको कुरा निबन्धकारले आफ्नो निबन्धमा हत्याप्रति घृणा व्यक्त गर्दै हत्याबाट पिडित जनमानसप्रति हार्दिक समवेदना प्रकट गरेको पाइन्छ ।

**३) निजात्मकता**

शस्त्रधारीलाई प्रयोग गर्ने नै वक्तव्यधारी हुन्छ । आफू बाच्नु र अर्कालाई छर्ल्याम्मै छिनाउनु, आफू निष्ठावान बन्न अर्काको रक्त सागरमा पौडिनेहरु राजनीतिमा अल्पबुद्धिकाहरु नै सर्वज्ञ समदर्शीका बन्दा रहेछन् भनेर निबन्धकारले निबन्धको शुरुवातमै आफ्नो निजात्मक भाव प्रकट गरेको पाइन्छ भने संसारमा धेरै खालको हत्याहरु भएका छन् । जसलाई कुनै शास्त्र तथा विज्ञले पनि त्यसलाई ठूलो मानेका छैनन् । हत्या भनेको घृणित कुरा हो । यो अपराध हो, राक्षस हो, क्रुरता हो, रक्तपिपाशु हो, नाटकीय अभिषापीय उपाधि अवतारको नाम हो उनले आफ्नो निजात्मक भावमा हत्याको बारेमा आफ्नो भनाइ व्यक्त गरेको पाइन्छ ।

**४) उद्देश्य**

संसारमा विभिन्न हत्याहरु देश देश विच भएको युद्ध, प्रथम तथा दोस्रो विश्वयुद्ध हत्या, हिटलरले युहँदीको हत्या, नेपालको सन्दर्भमा जंगबहादुरको पालामा राणाहरुले षडयन्त्रीय तन्त्रलाई कोत र भण्डारखालमा खाँदेर रक्तरण सागर विच्छ्याउनु, विरेन्द्र लगायत स–परिवारको हत्या आदि हत्याहरुले मानव जीवनमा नकरात्मक असर पारेको थियो यी कुनै पनि हत्या राम्रो होइन, हत्याले समयलाई परिवर्तन ल्याए पनि मानिसको स्वतन्त्रता जिउने अधिकार हनन् हुन्छ । यदि मान्छे आफ्नो कर्म नराम्रो गर्छ भने त्यसलाई हत्या गरेरै मात्र समस्याको समाधान होइन अरु उपायहरु पनि हुन्छ । "हत्या, अपराध, राक्षस, पिशाच, अभिषापिय गन्ध, र क्रुरता हो" भनेर निबन्धकारले हत्याको कालो रुपलाई चिनाउने उद्देश्य वा अभिप्राय यस निबन्धमा पाइन्छ (रिजाल, २०७४ : ८६) ।

**५) संक्षिप्तता**

"कुन हत्या ठूलो" 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रह भित्रको सोह्रौ निबन्ध रहेको छ । यस निबन्धमा लामाछोटा गरी अठार अनुच्छेद र छ पृष्ठमा फैलिएको उक्त निबन्धमा संक्षिप्तरुपमा हत्याको विषयवस्तुमा आधारित भएर हत्याको बारेमा पूर्वकालका भएको जति पनि हत्याहरु भएका छन् ती हत्याहरुको ऐतिहासिक राजनैतिक घटनाहरुसँग सम्बद्ध रहि संक्षिप्त रुपमा वर्णन गरेको पाइन्छ ।

६) **भाषाशैली**

प्रस्तुत निबन्धमा ठाउँ ठाउँमा कथात्मक शैली र राजनैतिक ऐतिहासिक घटनाहरुको वर्णन, परापूर्वकालदेखि नै मानव मानव बीच हत्या भइरहेको र हत्यालाई आजसम्म कुनै पनि दार्शनिकले राम्रो नमानेको हत्यालाई निबन्धकारले घृणा गरेको पाइन्छ साथै तत्सम र तत्भव शब्दको प्रयोग "सुन भन्दा दामी र गुण भन्दा असल, हिरा भन्दा उज्यालो र नेताका भाषण भन्दा रसिला हत्याहरु" दुलहीले पहिलो दिन दुलाहासँग सुहागरात विताए भन्दा मिठास होलान (रिजाल, २०७४ : ८२) जस्ता आलङ्कारिक व्यङ्ग्यात्मक भाषाशैलीले निबन्धलाई मिठास दिइएको पाइन्छ भने यस निबन्धमा प्राय प्रश्नात्मक वाक्य शैलीमा निबन्धको रचना गरेको पाइन्छ जस्तै : कात्रो बेच्नेले पात्रो हेर्नु के को जरुरी किन ? सम्मान नभए बदनाम किन ? जस्ता भाषाशैलीले निबन्धलाई सजाउने कार्य निबन्धकारले गरेको पाइन्छ ।

अतः शस्त्रधारीलाई प्रयोग गर्ने नै बक्तव्यधारी हुन्छ भनेर यस निबन्धको शुरुवात गर्दै सदियौंदेखि भइरहेको मानव मानव बीचको हत्याका विषयवस्तुलाई लिएर उक्त निबन्धमा राष्ट्रियदेखि अन्तर्राष्ट्रिय सम्मको हत्याका प्रसङ्गहरु ल्याएर विविध अनौठा अनौठा ऐतिहासिक घटना तथा हत्याहरुलाई निबन्धकारले आफ्नो निबन्धमा प्रस्तुत गर्दै हत्या ठूलो सानो जे सुकै भएपनि हत्यालाई कुनै पनि दार्शनिकले राम्रो नमानेको हत्या, अपराध, क्रुरता, राक्षस, पिशाच, रक्त पिपाशु, नाटकीय गन्ध हो भनेर हत्यालाई घृणा गर्दै निबन्धको अन्त्य गरेको पाइन्छ ।

## ४.३.१७ हाम्रो भूमि फिर्ता दे

१) **विषयवस्तु**

'के छ ! "प्रजातन्त्र"मा' निबन्ध भित्र समावेश भएको "हाम्रो भूमि फिर्ता दे" निबन्ध सत्रौं अर्थात अन्तिम निबन्ध हो । प्रस्तुत निबन्ध नेपालको गुमेको भूमीको प्रसङ्गका साथै ऐतिहासिक विषयवस्तुतिर ढल्केको देखिन्छ । यस निबन्धमा चन्द्र शमशेरलाई वृटिसले तिम्रो भूमि फिर्ता लैजाउ भन्दा थुकेको थुक टिप्दैनौ भने रे तर मुखभित्रको र्‍याल निल्ने गर्दथे रे । इतिहासलाई पल्टाएर हेर्दा पुर्खाहरुको वीरता र सुरता साहसले काश्मिरको श्री नगरदेखि टिष्टासम्म नेपाली योद्धाको राष्ट्रिय रक्तकणिका छरिएको छ भने वर्तमान अवस्थामा हाम्रा देशका नेताहरु आफ्नो देशप्रति बफादार नरहेको पूर्खाहरुको इज्जत थाम्न नसकेको, नेताहरु हत्याउने कुरामा व्यस्ता छन् भने अन्य देशको गुलाम बन्न पनि पछि नपरेको होइन । युवाहरु विदेशीन बाध्य छन् । उक्त निबन्धमा निबन्धकारको निम्न बुँदाले यो कुरा स्पष्ट पार्छ :

"बृटिशले भारत छोड्ने वित्तिकै भारत गएर नेपालको शासकले असमान सन्धी गर्नु भनेर सतीले श्राप दिएको थियो कि ? भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको व्यवहार मुखमा राम राम बगलीमा छुरा भएको कारण राम जस्ता छुरा देखेर नेपालका प्रधानमन्त्री शुशिल कोइरालालाई डरले खरोपल्टेर कर्णाली नदी सुम्पेर ढुक्क भए झै (रिजाल, २०७५ : ९०) । अब नेपाली शासक तथा जनताले भारत जप्नुपर्ने स्थिति रहेको आजसम्म पनि भारतकै गुलाम बनेको नेपालका नेताहरुको स्थिति छ । हाम्रो टिष्टा काङ्गडा भूमि जिवीत रहको भए सिक्किम, भुटान, बंगलादेश, भारत, चिन र पाकिस्तान गरी छ वटा सिमावर्ती राष्ट्र बन्ने थिए । भारतको रेविजरुपी र्‍याल चुहिने नाकाको प्वाल हिन्दमहासागरतिर जाने थियो ।

नेपाललाई भारतले दुध दुहे झैं दुहुदा नेपालीत्वको अब कागजी अक्षरबाट पनि खरानी बनाउने त होइन भन्ने चिन्ता निबन्धकारले व्यक्त गरेका छन् ।

नेपाल पूर्वीय दर्शन ऋगवेद जन्मपूर्व नै नेपाल थियो । नेपालको सिक्किम लुटे भारतले, पूर्वमा आसाम क्षेत्रका पाँच प्रदेशले स्वतन्त्र पाएका छैनन्, भारतले पाकिस्तान र बङ्गलादेश छोड्दा हुनेले सिक्किम किन लुट्नु । यसरी वर्तमान अवस्थामा पनि नेपाल भारतकै गुलाम बनिरहेको छ । नेपालका हरेक राम्रा पक्ष भारतले आफ्नो बनाउन थालिसकेको छ । भारतले नेपालप्रति गरेको अत्याचारलाई निबन्धकार भन्नुहुन्छ : "भारत नैतिकतालाई ख्याल राख्दै राजनैतिक तवरबाट नेपालको भूमि फिर्ता दे । नत्र समयको काल चक्रले तेरो साम्राज्य हालको भारतीय जनमानसले नै तोड्ने छन् र नेपालको भूभाग फिर्ता दिनेछन् (रिजाल, २०७४ : ९२) भनेर निबन्धकारले भारतको नैतिकतालाई पनि ख्याल गर्दै भारतलाई आफ्नो मर्यादामा रही हाम्रो नेपालको गुमेको भूमि फिर्ता माग्दै नेपाल प्रति सधैं भारतले कु–दृष्टि लगाउने, हडप्ने, कु–कार्य गरेकोमा भारतलाई यस निबन्ध मार्फत नेपालप्रति आफ्नो कु– दृष्टि नलगाउन आग्रह गर्दै चेतावनी समेत दिइएको पाइन्छ ।

**२) संम्वेदना**

निबन्धकारले उक्त निबन्धमा पूर्खाहरुको कश्मिरको श्रीनगरदेखि टिष्टासम्म नेपाली योद्धाको राष्ट्रि रक्त कणिका छरेका थिए । हिमाल पल्लोपट्टिदेखि गंगा नदीसम्म ढिडो, रोटी, गुन्द्रुक, भिरपाखाको साग र सिस्नुको खोलेले वचे बचाएको थियो यिनीहरुले आफ्नो ज्यानको आहुती दिएका थिए । यसरी पूर्खाहरुको राष्ट्रप्रेम प्रति उनी भावुक भएर श्रद्धा गरेको पाइन्छ भने आजका दलबल जितुवा, हरुवा, गुलामे, भारतनामे, भरुवा, सरुवा नेताहरु पुर्खाहरुको नामनिशान माटोमै मिलाउन तुल्य छन् । टिष्टा काँगडा, भूमि जीवित भए सिक्किम, भुटान, बङ्गलादेश, भारत, चिन र पाकिस्तान गरी छ वटा देश सिमावर्ती बन्ने थिए । विस्तारै विस्तारै भारतले नेपाललाई दुध दुहेझैं दुहुदै गइरहेको अवस्था प्रति यिनी दुःखीत हुँदै आफ्नो देशलाई जोगाउन र भारतलाई आफनो गुमेको भूमि फिर्ता दे भन्दै आफ्नो राष्ट्रवादी भावना उरालेको पाइन्छ भने निबन्धकारले यस्ता भनाइले उनमा रहेको राष्ट्र भक्तिको भावले पाठकलाई भावुक बन्न बाध्य गराउँदछ ।

**३) निजात्मकता**

हाम्रो देश नेपाललाई भारतको नजरबाट जोगाउनुपर्ने हाम्रा पूर्खाहरुले एक एक गरेर जोडेको कश्मिरको श्रीनगरदेखि टिष्टासम्म नेपाली योद्धाको रक्त कणिका छरिएको छ । हिमाल पल्लोपट्टि गङ्गा नदीसम्म ढिडो, रोटी, गुन्द्रुक, भिरपाखाको साग र सिस्नुको खोले खाएर आफ्नो ज्यान नेपालको लागि सुम्पिदिएका थिए भने वर्तमान अवस्थामा अर्काको धोतिको पछि लाग्ने हरुवा नेताहरु पुरानो सन्धी सम्झौता नै थाहा नपाउनेले वा थाहा पाएर पनि भारतको पक्षमा मौन वस्ने नेताहरु प्रधानमन्त्री शुशील कोइराला कर्णाली नदी सुम्पेर ढुक्क भएर बसे । यसरी देशभित्र नानाथरी चाक्लाबाजी खेल्ने नेताहरु भारतको चङ्गुलबाट कहिले मुक्त हुने जस्ता कुराहरुलाई आफ्नो शैलीमा अभिव्यक्त गरेको पाइन्छ । उनले भनेका छन् : "पूर्वीय दर्शन ऋगवेद, जन्मपूर्व नै नेपाल थियो । पूर्वका आसाम क्षेत्रका ५

प्रदेशले स्वतन्त्रता पाउनु पर्दछ । सिक्किमको स्वतन्त्रता फिर्ता गर्नुपर्दछ । भारतको नैतिकतालाई ख्याल गर्दै निबन्धकारले राजनैतिक तवरबाट नेपालको भूमि फिर्ता देऊ नभएर तेरो साम्राज्य तेरै भारतीय जनमानसले तोड्ने छन् र नेपाललाई फिर्ता दिनेछन" (रिजाल, २०७४ : ९२) भन्ने चेतावनीका साथ राष्ट्रवादी भावमा आफ्नो निजात्मक भाव उरालेको पाइन्छ ।

**४) उद्देश्य**

"हाम्रो भूमि फिर्ता दे" निबन्धमार्फत निबन्धकारले पाठकलाई ऐतिहासिक, राजनैतिक पृष्ठभूमिको ज्ञान गराउँदै हाम्रो छिमेकी राष्ट्र भारतले कसरी नेपाललाई फकाएरु फुलाएर आफ्नो जालमा फसाउँदैछन् र नेपालका नेताहरु पनि भारतको गुलाम कसरी बन्दैछन् भन्ने कुराको प्रस्तुती रहेको छ भने भारत सरकार मोदीको मुखमा राम राम बगलीमा छुरा गर्दै नेपाललाई गिराउने, नेपालको जग्गा जमिन हडप्ने तर्फ लागिरहन्छन् । यस्तो कुरा वर्तमान नेताहरु देख्दा पनि नदेख्ने झै गर्ने, पुर्खाहरुले त रगत पसिना एक गरेर देशलाई जोड्ने काम गऱ्यो तर वर्तमान अवस्थामा शासकवर्गहरु तथा नेताहरु जोड्ने भन्दा बढी तोड्ने काम गरीरहेको छ । शुशील कोइरालाले कर्णाली नदी सुम्पेर ढुक्क बसेजस्तै आजका नेतावर्गहरु भारतकै गुलाम बनिरहेको प्रति निबन्धकारले आफ्नो निबन्धमा व्यंग्य प्रहार गरेको पाइन्छ । यस निबन्धमार्फत निबन्धकारले भारतलाई नेपालको पूर्वका आसाम क्षेत्रका ५ प्रदेशले स्वतन्त्रता पाउनुपर्छ । सिक्किमको स्वतन्त्रता फिर्ता गर्नुपर्छ । भारतको पनि मर्यादालाई ख्याल राख्दै नेपालको भूमि फिर्ता दे । समयको कालचक्रले तेरो साम्राज्य हालको भारतीय जनमानसले नै तोड्ने छन् र नेपालको भूभाग फिर्ता दिनेछन् भन्ने चेतावनी दिदै भारतको शासकवर्गहरु प्रति आफ्नो भूमि फिर्ता दिन आग्रह गर्नु र नेपालको सबै नागरीक तथा शासकवर्गहरुले पूर्खाहरुको जोश जाँगर, सहास, बीरता र शुरतालाई हेरेर हामी आज पनि त्यसरी नै अगाडि बढ्दै राष्ट्रलाई संरक्षण गर्नुपर्छ भन्ने उद्देश्य यस निबन्धमा पाइन्छ ।

**५) संक्षिप्तता**

'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रहभित्रको "हाम्रो भूमि फिर्ता दे" निबन्ध सत्रौं अर्थात अन्तिम निबन्ध हो । यो निबन्ध लामाछोटा गरी एघार अनुच्छेद र पाँच पृष्ठमा फैलिएको छ । यस निबन्धको विषयवस्तु सटिक रुपमा नै प्रस्तुत गरीएको छ । नेपालको ऐतिहासिक तथा राजनैतिक विषयवस्तुलाई छ्यासमिस गर्दै निबन्धकारको देशप्रतीको आफ्नो प्रेम भावना सहित संक्षिप्त रुपमा प्रकट गरेको पाइन्छ ।

**६) भाषाशैली**

"हाम्रो भूमि फिर्ता दे" निबन्धको शीर्षक नै क्रान्तिकारी तथा आदेशात्मक रुपमा शीर्षक चयन गरीएको छ । इतिहास पल्टाएर हेर्दा हाम्रो पूर्खाहरुको वीरता र शुरताले कस्मिरको श्रीनगरदेखि टिष्टासम्म पुऱ्याएका थिए पछि सन्धि सम्झौता गरी भारतले ती भूमिहरु आफ्नो बनाए भने नेपालको वर्तमान अवस्थामा डरछेरुवा नेताहरुले भारतको मुखमा राम राम बगलीमा छुरा गर्ने बोलिले लोभिएर भनौं या डराएर शुशील कोइरालाले कर्णाली नदी सुम्पिएर ढुक्क भए यसरी भारतले नेपालको भूमि प्रति बारम्बार

आँखा गाडेर हत्याउन सफल हुँदै गरेकोमा निबन्धकार भारतको नैतिकतालाई ख्याल गर्दै राजनैतिक तवरबाट नेपालको भूमि फिर्ता दे नत्र समयको कालचक्रले तेरा साम्राज्य हालको भारतीय जनमानसले नै तोड्ने छन् र मेरो भूभाग फिर्ता दिनेछन भनेर निबन्धको शीर्षक अनुसार सार्थक पार्दै गर्भीलो बाणीको प्रहार गर्दै अन्त्य गरेको पाइन्छ । उक्त निबन्धमा भाषाशैलीलाई हेर्दा निबन्धमा तत्सम तत्भव र आगन्तुक शब्दको प्रयोग गरीएको छ जस्तै आगन्तुक शब्दहरुमा पर्सेन्ट, बृटिश आदि शब्दहरुको प्रयोग गरीएको छ भने "हुनुहार दैव नटार"(रिजाल, २०७४ : ८९) । जस्ता उखानको प्रयोग, विभिन्न प्रश्नात्मक वाक्यहरु जस्तै हिजो के–के गर्ने सम्झौता भए रे ? जस्ता वाक्यहरु रहेको यस निबन्ध सरल र सहज तथा बोधगम्य भाषाशैली तथा विम्ब तथा प्रतीकको प्रयोगले गर्दा निबन्ध उत्कृष्ट बनेको छ ।

निबन्धमा निबन्धकारले सरल र सहज तथा बोधगम्य भाषामा प्रतीकात्मक शैलीले निबन्धलाई सुन्दर बनाउने काम गरेको पाइन्छ ।

अतः निबन्धकारले यस सत्रौ तथा अन्तिम "हाम्रो भूमि फिर्ता दे" निबन्ध अन्तर्गत ऐतिहासिक तथा राजनैतिक विषयवस्तुलाई छ्यासमिस पार्दै आफ्नो निजात्मक अभिव्यक्तिहरुलाई प्रस्तुत गरेको पाइन्छ । उनले यस निबन्धमा भारतले नेपालप्रति गरेको व्यवहार र नेपालका जनतादेखि लिएर शासकवर्गहरु भारतमै परनिर्भरता भएको अर्काको देशको नेपाल गुलाम बन्न पुगेको प्रसङ्ग निकाल्दै नेपालको शासकवर्गहरु आफ्नो देश नेपालप्रति बफादार नरहेको आफ्नै दुनो सोझ्याउने प्रति लागेको डरछेरुवा नेतालाई भारतले सन्धि या फकाएर हुन्छकी, लोभ्याएर, धम्की दिएर हुन्छ नेपालको जमिन हड्प्ने र नेपाललाई कुनै न कुनै तरिकाबाट दुःखदिने प्रवृत्ति भारतमा रहेको हुँदा पनि अबुझ तथा अनदेखा गर्ने नेताहरुप्रति निबन्धकारले व्यङ्ग्य प्रहार गर्दै भारतको नैतिकतालाई ख्याल गर्दै राजनैतिक तवरबाट नेपालको गुमेको भूमि आफ्नो प्यारो देश फिर्ता दिन आदेश दिदै चेतावनी समेत दिएको पाइन्छ ।

**७) निष्कर्ष**

गायत्रीप्रसादका निबन्धहरुमा सामाजिक, आर्थिक, ऐतिहासिक, भौगोलिक विषयवस्तुहरुको मिसावट गरी उनका अधिकांश निबन्धहरु कही न कही गएर राष्ट्रिय राजनैतिक परिप्रेक्षसँग मेल खाने हुनाले यिनलाई राष्ट्रवादी लेखक हुन् भन्न सकिन्छ । क्रान्ति, चेतना र विद्रोहका भाकाहरुलाई व्यङ्ग्यात्मक तरिकाबाट निबन्धमा प्रस्तुत गर्नु उनको निबन्धगत विशेषता मान्न सकिन्छ भने रिजालका समग्र निबन्धहरुमा तत्भव नेपाली शब्दको बाहुल्यता पाइन्छ भने कतै कतै नेपाली तत्सम शब्दहरु र आगन्तुक शब्दहरुको प्रयोगका साथै प्राय सबै निबन्धहरुमा प्रश्नात्मक वाक्यहरु पनि छन् साथै सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

### ४.३.१८ गायत्रीप्रसाद रिजालका निबन्धात्मक विशेषताहरु

गायत्रीप्रसाद रिजालका 'के छ ! "प्रजातन्त्र"मा' (२०७४), निबन्ध सङ्ग्रहका आधारमा उनको निबन्धात्मक विशेषताहरु निम्नानुसार उल्लेख गरीएको छ ।

- राजनैतिक यथार्थता र विचारहरुको मिसावट गरी आफ्नो निजात्मक भनाइ प्रकट गर्ने निबन्धकार
- विचारात्मक निबन्धकार
- राजनैतिक, ऐतिहासिक निबन्धकार
- आफूले भोगेका देखेका र अनुभव गरेका विषयवस्तुलाई यथार्थ रुपमा वर्णन गर्ने निबन्धकार
- व्यङ्ग्य तथा घुमाउरो पाराले छेड हान्ने अथवा व्यङग्यात्मक निबन्धकार
- प्रगतीवादी निबन्धकार
- सरल र जटिल, बौद्धिक र तार्किक, कोमल र कठोर जस्ता मिश्रित भाषाशैलीको प्रयोग गर्ने निबन्धकार आदि ।

माथिका बुँदाका आधारमा गायत्रीप्रसाद रिजाल ऐतिहासिक, राजनैतिक चेत भएको यथार्थवादी, प्रगतीवादी र राष्ट्रप्रेमी निबन्धकार हुन भने उनका निबन्धगत भाषाशैलीलाई हेर्दा मध्यमस्तरका साथै ठाउँ ठाउँमा उच्च बौद्धिक भाषाको प्रयोग गरेता पनि अध्ययन गर्दा सहज सरल नै रहेको पाइन्छ भने यिनी नेपाली साहित्यका एक सफल र स्थापित निबन्धकार हुन् ।

### ४.३.१९ गायत्रीप्रसाद रिजालको नेपाली निबन्धको क्षेत्रमा स्थान

गायत्रीप्रसाद रिजाल विद्यालयको उमेरदेखि नै साहित्य क्षेत्रमा रुचि राख्ने यिनी वि.स. २०४७/०४८ सालमा "पुर्नजीवन" नामक उपन्यासको पाण्डुलिपी तयार गरेपछि उनले साहित्यिक सिर्जनाको पाटो सुरु भएको पाइन्छ । त्यसपछि उनले जनताका पक्षमा कविता सङ्ग्रह (२०६७), नमस्कार हजूर र भुखुण्डे ज्ञान खण्डकाव्य (२०६७), मातृवियोग कथासङ्ग्रह (२०६७), पतनको वेदना गीति काव्य ( २०७०), के छ प्रजातन्त्रमा निबन्ध सङ्ग्रह(२०७४) जस्ता विविध विधामा कलम चलाईसकेका यिनलाई नेपाली साहित्यको बहुमुखी प्रतिभाशाली व्यक्ति भन्न सकिन्छ ।

वि.स. २०५० को दशकदेखि साहित्यिक यात्रामा कलम चलाईसकेका, जीवनमा विभिन्न अनुभवहरु सङ्गालेर आफ्नो साहित्यमा प्रकट गर्ने यिनी पछिल्ला समयमा 'के छ, !"प्रजातन्त्र"मा' निबन्ध सङ्ग्रह वि.स. २०६९/०७० मा लेखन गरी २०७४ मा प्रकाशित गरेका थिए ।

नेपाली निबन्धको इतिहास पहिल्याउदै जाने हो भने गद्यसाहित्यको इतिहास खोतल्नु पर्ने हुन्छ । अन्य गद्य विधा झैं नेपाली निबन्धको पनि प्रारम्भ विन्दु वि.स. १८३१ मा प्रकाशित शक्तिबल्लव अर्यालको "महाभारत विराटपर्व" लाई मान्न सकिन्छ । त्यसैगरी वि.स. १८३१ को पृथ्वीनारायण शाहको "दिव्योपदेश" मा निबन्धगत प्रारम्भिक रुप देख्न सकिन्छ । यसरी प्राथमिक कालीन गद्य परम्परादेखि शुरु भएको नेपाली निबन्धको यात्रा त्यहीँदेखि फष्टाउँदै माध्यमिक काल हुँदै आधुनिक कालमा आएर

बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा जस्ता प्रतिभाशाली व्यक्तिहरुको आगमन पछि निबन्ध विधाले धेरै फड्को मारिसकेको पाइन्छ ।

यसरी नै वर्तमान समयमा आइपुग्दा विविध प्रवृति बोकेका निबन्धकारहरुको आगमन भइसकेका छन् । ती निबन्धकारहरु मध्ये वर्तमान समयमा निबन्ध विधा अर्न्तगत अर्को नयाँ जल्दोबल्दो साहित्यकार तथा निबन्धकार रिजाल आधुनिक नेपाली निबन्धको तेस्रो चरणको उपचरण वर्तमान समसामयिक धारा अन्तर्गतको नेपाली निबन्धकार हुन् ।

निबन्धकार गायत्रीप्रसाद रिजालको निबन्धसङ्ग्रहलाई हेर्दा उनका निबन्धहरु नेपाली निबन्ध क्षेत्रका पूर्ववर्ती केही निबन्धकारहरुका निबन्धहरुसँग तुलनीय रहेको पाइन्छ । पूर्ववर्ती निबन्धकार लक्ष्मीप्रसाद देवकोटासँग उनको निबन्ध केही मात्रामा मेल खाने खालको पाइन्छ । लक्ष्मीप्रसाद देवकोटा निजात्मक निबन्धकार हुन् । गायत्रीप्रसाद रिजाल पनि निजात्मक निबन्धकार हुन् । निबन्धकार देवकोटाको निबन्धमा सरल, माध्यम र उच्च पाठकको लागि मिश्रित भाषाशैली प्रयोग गरीएको छ । यस आधारमा गायत्रीप्रसाद रिजालको निबन्धमा पनि सरल, मध्यम र उच्च पाठकका लागि मिश्रित भाषाशैली प्रयोग गरेको पाइन्छ । भैरव अर्याल पनि निजात्मक र व्यङ्ग्यात्मक निबन्धकार हुन् । त्यसैगरी रिजालका निबन्नधमा पनि तत्कालिन राजनैतिक प्रवृत्तिहरुको व्यङ्ग्य गरेको पाइन्छ । भैरव अर्यालले उनका निबन्धमा हँसाउने र व्यङ्ग्य गर्ने मात्रै होइन समाजका अध्यारा पाटाका खोतल खातल गरी समाजसुधार तर्फको चासोमा पाठकलाई अभिप्रेरित गरीएको समेत पाइन्छ । यसरी नै रिजालका अधिकाँश निबन्धहरुमा पनि व्यङ्ग्य मात्रै नभएर समाज तथा राजनैतिक पक्षका विकृति–विसङ्गतिको खोतल खातल गरी समाज तथा देश सुधार तर्फका चासोमा पाठकलाई अभिप्रेरित गरीएको समेत पाइन्छ । रिजालका निबन्धमा भैरव अर्यालको निबन्धमा भएको गुण व्यङ्ग्य पाइन्छ । रिजालले समाज तथा राष्ट्रको राजनैतिक पक्षको चर्चा गर्दै व्यङ्ग्य प्रहार गरेको पाइन्छ भने अर्को पूर्ववर्ती निबन्धकार हृदयचन्द्र सिंह प्रधान प्रगतिवादी राजनीतिक चिन्तनबाट प्रभावित भएका निबन्धकार हुन । यिनी आफ्ना निबन्धहरुमा समाजको व्याप्त अत्याचार, अनाचा र अन्यायको विरोधमा शब्दयुद्धको घोषणा गर्ने यिनी सात साल अगाडिको राजनीतिक परिवेश र परिस्थितिमा उनले निबन्ध लेखन यात्रा शुरु गरेको हो । प्रधान समाजका अमिल्दा कुराहरुप्रति आक्रामक पाराले व्यङ्ग्य प्रहार गर्न पनि पुगेका यिनी प्रगतिवादी, समाजवादी चिन्तनबाट उत्प्रेरित सर्जक पनि हुन् । यिनले आफ्नो निबन्धहरु मार्फत गरीब, दुःखी शोषित, पीडित नेपाली जनताका पक्षमा वकालत मात्र गरेनन्, उनीहरुका हितका लागि समाज र सरकारलाई बाटो देखाउने समेत कार्य गरे । साथै तत्कालीन समाजमा व्याप्त कुसंस्कार र रुढीवादी विचारको पनि उनले आफ्नो निबन्धका माध्यमबाट कडा प्रतिरोध गरेको देखिन्छ । यसरी नै निबन्धकार प्रधानका निबन्धका आधारमा हेर्ने हो भने रिजालका निबन्ध र हृदयचन्द्रसिंह प्रधानका निबन्धमा केही विषयहरु मेल खाएको देखिन्छ । रिजाल पनि प्रगतिवादी राजनीतिक चिन्तनबाट प्रभावित भएको हुनाले उनका कृतिहरुमा त्यसको छाप पाइन्छ । रिजालका निबन्धहरुमा पनि समाज तथा राष्ट्रमा रहेको व्याप्त अत्याचार, अनाचार र अन्यायको विरोधमा शव्दयुद्धको घोषणा गरेको देखिन्छ । उनले २०१७ सालदेखि

यता भोगेका राजनैतिक परिवेश साथै २०६२/०६३ को जनआन्दोलन यी कुराहरुबाट प्रभावित भएर आफ्नो निबन्धमा थोरबहुत रुपमा नेपालको राजनैतिक घटनाहरुलाई छ्यासमिस पारी निबन्ध रचना गरेको पाइन्छ । यिनी देशका ठूला ठूला राजपण्डितहरु शासकवर्गहरुको प्रवृत्तिहरुको खोल उतारेर व्यङ्ग्य पनि गरेको पाइन्छ । यिनले पनि प्रधानले झैं आफ्नो निबन्धहरुमा शोषित पिडित नेपाली जनताका पक्षमा वकालत गरेका छन् । र जनता हितका लागि समाज र सरकारलाई बाटो देखाउने कार्य समेत गरेका छन् ।

यसरी रिजालको निबन्धमा पूर्ववर्ती निबन्धकार देवकोटा, भैरव आर्याल र हृदयचन्द्रसिंहको गुण यिनका निबन्धमा पाइन्छ । नेपाली निबन्धका क्षेत्रमा गायत्रीप्रसाद रिजाललाई आधुनिक कालका तेस्रो चरण अर्थात वर्तमानकालका समसामयिक प्रगतिवादी निबन्धकारका रुपमा राख्न सकिन्छ ।

यिनका निबन्धहरु समाज तथा राष्ट्रको व्याप्त विकृति–विसङ्गतिको भण्डाफोर गर्ने नेपाली राजनैतिक पक्षको विषयलाई खोतल खातल पारेर तिनीहरुको कमजोरी पक्ष केलाइदिने, राष्ट्रका कु–शासकवर्गहरुको प्रवृत्तिहरुलाई व्यङ्ग्यात्मक पाराले तिर हान्ने यिनी एक प्रगतिवादी, राजनैतिक चेतना भएको एक सशक्त बुहमुखी प्रतिभाशाली निबन्धकारका रुपमा राख्न सकिन्छ ।

□□□

# पाचौं परिच्छेद

## ५.१ उपसंहार तथा निष्कर्ष

वि.स. २०१९ साल वैशाख ९ गतेका दिन स्वर्गीय पिता मनोरथ रिजाल र माता गंगादेवी रिजालका दोस्रो सन्तानका रुपमा तत्कालिन मेची अञ्चल पाँचथर जिल्लाको आङ्साराङ्ग गाविस वडा नम्बर छ फाल्गुनन्द मेहेलबोटे पाँचथर हालको बसाई मिक्लाजुङ्ग गाउँपालिका वडा नम्बर १ उत्तरे बजारमा भएको हो । उनले गाउँकै श्री जयनारायण माध्यमिक विद्यालयबाट प्राथमिक तहदेखि माध्यमिक शिक्षा उत्तीर्ण गरेका हुन् । विद्यालय स्तरमै सामान्य साहित्यिक गतिविधिमा समावेश हुँदै उनले वि.स. २०५० को दशकदेखि साहित्यिक यात्रामा पाइला चालेका हुन् । गायत्रीप्रसाद रिजालले जीवनमा धेरै किसिमको अनुभव, अनुभूतिहरु सँगालो केही चाहि साहित्य क्षेत्रमा पनि प्रकट गरेको पाइन्छ । यिनी विभिन्न संघसंस्थामा सक्रिय रुपमा लागि पर्दै शिक्षण पेशालाई अँगाल्दै फूर्सदको समयमा साहित्य रचना गर्ने यिनी विनम्र, शिष्ट र उदार चरित्र तथा असल व्यक्तिमा हुनुपर्ने गुणले युक्त व्यक्ति छन् । उनी समाजमा अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, दमन गरी अकुत सम्पत्ति जोड्ने, नेपालका गलत राजनैतिक परिपाटी, जालझेल आदि गलत प्रवृत्ति उनलाई मन पर्दैन । त्यसैले यिनले यस्ता कुराहरुलाई आफ्नो साहित्यमा पनि चित्र कोरेको पाइन्छ । रिजाल नेपाली साहित्यमा कविता, कथा, खण्डकाव्य, गीतिकाव्य र निबन्ध जस्ता कृतिहरुमा कलम चलाउने बहुमुखी प्रतिभावान व्यक्तिका रुपमा रिजाललाई लिइन्छ । यिनले लेखनकार्यमा निरन्तर दिने इच्छा र चाहना प्रचुर मात्रामा भएपनि शिक्षण पेशा, पारिवारिक अवस्था र घरायसी कारणले गर्दा रिजाल उल्लेख्य रुपमा साहित्यमा संलग्नता गराउन नसक्नु उनको गुनासो रहेको छ । यिनी आफ्नो गाउँमै बसेर शिक्षण पेशालाई निरन्तरता दिदै विभिन्न संघसस्थामा आवद्ध हुँदै समाजका सेवामा आफूलाई संलग्न गराउँदै साहित्य लेखन र प्रकाशन गर्ने, समयको ख्याल गर्ने, सधैं सकारात्मक तरिकाले अगाडि बढ्ने यिनलाई सोझा र इमान्दार लेखक मान्न सकिन्छ । उनले हालै प्रकाशन गरेको पछिल्लो समयको कृति 'के छ ! "प्रजातन्त्र"मा' निबन्धसङ्ग्रह वि.स. २०६९ देखि २०७१ सम्मको समयमा पाण्डुलिपी तयार पारी प्रकाशन भने २०७४ मा गरेका यस निबन्ध सङ्ग्रहमा सत्र वटा निबन्ध रहेको पाइन्छ । उनका निबन्धहरुमा राजनैतिक विसङ्गति र विकृतिलाई भण्डाफोर गर्ने काम गरेको पाइन्छ । जसले आम नेपाली पाठक र जनतालाई सचेत गराउने काम पनि गरेको पाइन्छ ।

यस शोधपत्रको मुख्य विषयवस्तुका रुपमा "गायत्रीप्रसाद रिजालको निबन्धकारिताको अध्ययन" लाई लिइएको यसमा रिजालको व्यक्तित्व, आचरण, स्वभाव र सुझाव समेतलाई समेट्दै उनको 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्धसङ्ग्रहमा समाज, राष्ट्र तथा अन्तर्राष्ट्रिय राजनैतिक तथा समामजिक विकृति र विसङ्गतिलाई टिपिएको छ । नेपालको सामाजिक, राजनैतिक घटना, हत्या, हिँसा, आडम्बर, ढोङ, भ्रष्टाचार, एक राष्ट्रले अर्को राज्यको अधिकार हनन, विभिन्न राजनैतिक दल तथा शासकवर्गहरुको कु–प्रवृत्ति जस्ता कुराहरु आफ्नो निबन्धमार्फत राष्ट्र तथा अन्तर्राष्ट्रिय राजनैतिक, सामाजिक सुधारको

उद्घोष गर्दै समसामयिक युगले भोग्नु परेको अन्योलपूर्ण कुरा पनि यस निबन्धमा रहेको पाइन्छ । यसरी गायत्रीप्रसाद रिजाललाई सुधारवादी तथा राष्ट्रवादी, राष्ट्रप्रेमी निबन्धकार भन्न सकिन्छ ।

प्रस्तुत पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको रुपरेखा प्रस्तुत गरीएको छ । यस खण्डमा शोध शीर्षक, शोधप्रयोजन, विषय परिचय, समस्याकथन, शोधकार्यका उद्देश्य, पूर्वकार्यको समिक्षा, शोधकार्यको औचित्य महत्व र उपयोगीता, अध्ययन र विश्लेषण विधि, शोधकार्यको सीमाङ्कन, सामग्री संकलन विधि, शोधविधि, शोधपत्रको रुपरेखा सम्बन्धी विवरणहरु प्रस्तुत गरीएको छ ।

दोस्रो परिच्छेद अन्तर्गत गायत्रीप्रसाद रिजालको जीवनी र साहित्य यात्रा राखिएको छ । यस परिच्छेदमा गायत्री प्रसाद रिजालको जीवनी अध्ययन, उनको बाल्यकाल, स्वभाव, शिक्षा, प्राथमिक र माध्यमिक शिक्षा, उच्च शिक्षा, दाम्पत्य जीवन र पारिवारिक स्थिथि, जागिरका विभिन्न क्रम, आर्थिक अवस्था, विद्यार्थी जीवन, भ्रमण, अविष्मरणीय घटना तथा आवद्धता, लेखनको थालनी र प्रकाशित कृतिहरुको सूची, उनको बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्व, शारीरिक व्यक्तित्व र व्यक्तित्वका विभिन्न पाटाहरु, साहित्यकार व्यक्तित्व र साहित्येतर व्यक्तित्व, संस्थापक, संकलक र सम्पादन व्यक्तित्वका साथै यसै परिच्छेदमा गायत्रीप्रसाद रिजालको साहित्ययात्रा जस्ता कुराहरुको अध्ययन तथा वर्णन गरीएको छ ।

तेस्रो परिच्छेद अन्तर्गत निबन्धको सैद्धान्तिक परिचय तथा विकासक्रम राखिएको छ । यस परिच्छेद अन्तर्गत सर्वप्रथम निबन्धको सैद्धान्तिक परिचय दिइएको छ । त्यसपछि पृष्ठभूमि हुँदै निबन्धको विदागत परिचय, निबन्ध शब्दको व्युत्पत्ति, निबन्धको परिभाषा र निबन्धको तत्वहरुको वर्णन गरीएको छ । निबन्धको तत्वहरुमा विषय, सम्वेदना, निजात्मकता, उद्देश्य, लघु आयतन वा संक्षिप्तता, रचनाको शैलीलाई आधार मानिएको छ । र त्यसपछि निबन्धको वर्गीकरण गरीएको छ । निबन्धको वर्गीकरण दुई आधारमा गरीएको छ । १) विषयको आधारमा २) अभिव्यक्तिका आधारमा । विषयका आधारमा दुई भेद देखाइएका छन् अ) विषयनिष्ठ वा परात्मक निबन्ध आ) विषयनिष्ठ (व्यक्तिनिष्ठ) वा निजात्मक निबन्ध भने अभिव्यक्तिका आधारमा चार वर्गमा विभाजन गरीएको छ। १) वर्णनात्मक निबन्ध (२) विवरणान्मक निबन्ध ३) विचारात्मक निबन्ध ४) भावनात्मक निबन्ध । यसै परिच्छेदमा नेपाली निबन्धको विकासक्रमको वर्णन गरिएको छ ।

चौथो परिच्छेद अन्तर्गत गायत्रीप्रसाद रिजालको 'के छ ! "प्रजातन्त्र"मा'(२०७४), निबन्ध सङ्ग्रह भित्रको निबन्धहरुको अध्ययन र गायत्रीप्रसाद रिजालको निबन्ध क्षेत्रमा स्थान निर्धारण गरीएको छ । सर्वप्रथम यस परिच्छेदमा कृतिको परिचय दिइएको छ । 'के छ ! "प्रजातन्त्र"मा' निबन्ध सङ्ग्रह भित्रको निबन्धहरुको प्रकृतिलाई हेरेर वर्गीकरण गरीएको छ । सत्रवटा निबन्धहरु संग्रहित यस निबन्ध सङ्ग्रहका निबन्धहरु प्राय सबै विचारात्मक वा विचारमूलक (व्यङ्ग्यात्मक) रहेका छन् । यस परिच्छेदमा सत्र वटा निबन्धहरुलाई विषय, सम्वेदना, निजात्मकता, उद्देश्य, संक्षिप्तता (लघुआयतन) र रचना शैलीका आधारमा अध्ययन गरीएको छ । निबन्धहरु छ्यासमिस रुपमा समाजिक, आर्थिक, भौगोलिक, ऐतिहासिक र राजनैतिक विषयवस्तुमा आधारित रहेर यी विविध क्षेत्रमा देखिएका विकृति र

विसङ्गति प्रति निबन्धहरुमा निबन्धकारले सुनेका, देखेका, भोगेका र अनुभव गरेका नेपालका समाजिक, आर्थिक, भौगोलिक, ऐतिहासिक र राजनैतिक विषयवस्तुसँग थोरबहुत रुपमा आफ्नो विचारहरु थप्दै अतीतका घटनाहरु सम्झना गरी निबन्ध रचना गरेका छन् । नेपालको शासन व्यवस्थाको अन्योल, राजनैतिक गलत परिपाटीको यथार्थलाई सुधारको अपेक्षा गरीएको छ । विशेष गरी हाम्रो देशमा गलत शासन व्यवस्था र राजनीतिक क्षेत्रमा देखिएका विकृतिले गर्दा हाम्रो देश वर्तमान समयमा खोक्रो हुँदै गएकोमा निबन्धकार अत्यन्तै चिन्तित भएका छन् । यस निबन्धमा भाषा विचारात्मक, व्यङ्ग्यात्मक र वर्णनात्मक रहेको छ साथै यस सङ्ग्रहका निबन्धहरुमा सरल र जटिल, बौद्धिक र तार्किक जस्तो मिश्रित भाषाशैलीको प्रयोग गरीएको छ ।

पाँचौ परिच्छेदमा  उपसंहार तथा निष्कर्ष राखिएको छ । यस परिच्छेदमा प्रस्तावित सबै परिच्छेदमा गरीएको अध्ययन र विश्लेषण निष्कर्ष प्रस्तुत गरीएको छ । साथै भावी कार्यका लागि सम्भावित शोध शीर्षकहरु राखिएको छ । शोधपत्रको अन्त्यमा तयार पार्दा सन्दर्भ सामग्रीको रुपमा लिएका सन्दर्भ सामग्रीहरुको सूचि तयार गरीएको छ ।

"हुने विरुवाको चिल्लो पात" भने झै गायत्रीप्रसाद रिजाल विद्यालय पढ्दाको उमेरदेखि नै साहित्य क्षेत्रमा रुचि राख्ने यिनी वि.स. २०४७/०४८ सालमा पुर्नजीवन नामक उपन्यासको पाण्डुलिपी तयार गरेपछि उनले साहित्यिक सिर्जनाको पाटो शुरु गरेको पाइन्छ । त्यही समयदेखि यिनले विविध विधामा कलम चलाएको पाइन्छ । भने पछिल्लो समय अन्तिम चरणमा उनले 'के छ ! "प्रजातन्त्र"मा' भन्ने निबन्ध सङ्ग्रह वि.स. २०६९/०७० मा लेखन गरी २०७४ मा प्रकाशित गरेका हुन ।

गायत्रीप्रसाद रिजाल वर्तमान अवस्थाका एक जल्दोबल्दो अर्थात आधुनिक कालका निबन्धकार हुन । उनले 'के छ ! "प्रजातन्त्र"मा' निबन्ध सङ्ग्रहमा (१७) सत्रवटा निबन्धहरुको रचना गरेका छन् । उनले यस सत्र वटै निबन्धहरुमा राजनैतिक विषयवस्तलाई मूल आधार बनाइ त्यसमा ऐतिहासिक, भौगोलिक, सामाजिक विषयवस्तुलाई कहि कतै छ्यासमिस गर्दै निबन्धहरुको रचना गरेका छन् । यस निबन्धमा समाज, राष्ट्र तथा अन्तर्राष्ट्रिय सम्मको गलत राजनैतिक परिपाटी तथा राजनैतिक व्यवस्था तथा विकृति विसङ्गति, नेता तथा ठूला बडाहरुको कु–प्रवृत्ति उनीहरुले समाज तथा राष्ट्र प्रति देखाएका व्यवहारहरुलाई आफ्ना निबन्धहरुमा विभिन्न विम्ब, प्रतीक र आलङ्कारिक शब्दहरुको प्रयोग गरी व्यङ्ग्यात्मक ढङ्गले प्रहार गरेको पाइन्छ । साथै यस निबन्धमा उनले आफ्नो जीवनमा देखेका, सुनेका अनुभव गरेका अर्थात भोगेका कुराहरुलाई यथार्थ रुपमा चित्रण गर्ने यिनी यथार्थवादी प्रगतिवादी निबन्धकारका रुपमा चिन्छन् । यिनले समाजमा भएका गरीब, दिनदुःखी, सोझा साझा जनताहरुको जीवन हाम्रो नेपालको गलत शासन व्यवस्थाका कारण अझै पनि उक्सन नसकेको, जनताले वर्तमान समयसम्म पनि सुखले बाँच्न गाह्रो भएको, देशका शक्ति युवाहरु झन झन विदेशीन बाध्य भएको, नेपालमा रोजगारको अभाव, मन्त्रीमण्डल तथा शासकवर्गहरुको खिचातानी "जुन जोगी आएपनि कानै चिरेको" भने झै  जति नै पटक शासक वर्गहरु फेरिएपनि "चुच्चे ढुङ्गो उही टुङ्गो भएको" । राष्ट्र–राष्ट्र, नेता नेता, दल दल तथा समाजमा गलत शासन व्यवस्थाको कारण जन्मेका विच्यौलिया, घुस

भ्रष्टाचार, द्वन्द्व, खिचातानी प्रति निबन्धकार व्यङ्ग्य प्रहार गर्ने गर्दछन भने हाम्रो मुलुक आजसम्म पनि परनिर्भरतामा बाँचिरहेको, अर्काकै आशा र भरोसाका मुख ताक्ने, हाम्रो देश नेपाल स्वावलम्बन बन्न नसकेको प्रति निबन्धकार भावुक भएर दुःख प्रकट गर्ने यिनी एक सच्चा देश भक्तिको रुपमा यस निबन्ध मार्फत चिन्न सकिन्छ ।

निबन्धकार रिजाललाई आधुनिक निबन्ध, परम्परामा एक सिद्धहस्त व्यक्तित्व मानिन्छ । साथै भैरव अर्याल, हृदयचन्द्रसिंह प्रधानकै कोटीमा यिनको मुल्याङ्कन हुन सक्छ । रिजालका प्राय सबै निबन्धमा आफ्नै निजात्मक भाव पाइन्छ । उनले समाज तथा राष्ट्रको ठूला ठूला राजपण्डितहरु राजनेताहरु तथा दलबलहरुको आन्तरिक प्रवृतिको खोतलखातल गर्दै नेपालका गलत राजनैतिक पक्षहरुको कमी कमजोरी, राष्ट्र–राष्ट्र, नेता नेता, दल दलवीचको खिचातानीलाई आफ्नो निबन्धमा समावेश गरी छर्लङ्ग पारी व्यङ्ग्यको झटारोले हान्ने यिनलाई वर्तमान समसामयिक धाराका एक शशक्त प्रगतिवादी, यथार्थवादी निबन्धकार अन्तर्गत राख्न सकिन्छ भने यिनले आफ्नो निबन्धमा राजनैतिक, ऐतिहासिक विषयवस्तुलाई घुसाएर यसको गल्ती कमजोरी औल्याई व्यङ्ग्य प्रहार गरी सुधारको चाहना राख्ने यिनले नेपाली साहित्य तथा निबन्धका क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन् ।

प्रस्तुतिका दृष्टिले यिनका समग्र निबन्धहरु राजनीति तिर ढल्केको जस्तो देखिएता पनि उनको निबन्धले गहन समाज सुधारका फूल फूलाउन सफल देखिन्छ भने शैली शिल्पका दृष्टिले उनका समग्र निबन्धहरुमा तत्सम्, तद्भव, अभिधात्मक, आलङ्कारिक र आगन्तुक शब्द, विम्ब प्रतीकहरुको सजावट गरी निबन्धमा हुनुपर्ने सरल, सहज र बोधगम्य भाषाशैलीको बिम्बलाई छुट्टयाएको छैन भने समसामयिक सामाजिक ऐतिहासिक, राजनैतिक, भौगोलिक विषयवस्तुको मेल गरी एउटा पुष्प बाटिका सजाउन सक्नु उनको अभिष्ट शक्ति हो साथै सामाजिक, राजनैतिक, भौगोलिक समस्याहरुलाई आफ्ना निबन्धमा प्रष्टरुपमा देखाइ त्यसमा पुरै सुधार ल्याउनुपर्ने कुरा उनका समग्र निबन्धगत प्रवृत्ति रहेको छ ।

समग्रमा भन्नु पर्दा रिजालका निबन्धमा नेपालका शासन व्यवस्था, राजनैतिक परिपाटी, दल, नेता तथा राष्ट्रमा देखा परेका सम र विसम दुवै पक्षहरुको सचेत रुपमा प्रयोग गर्ने यिनले नेपालको गलत राजनैतिक, गलत शासन व्यवस्था परिपाटीलाई सुधार गर्दै सही मार्गदर्शन गरी सामाजिक, राजनैतिक पक्षहरुलाई सही मार्गमा अगाडि बढाउनु पर्ने उद्देश्य बोक्ने यिनी राजनैतिक चेत भएको एक सच्चा देश प्रेमीका रुपमा चिन्न सकिन्छ ।

□□□

**सम्भावित शोध शीर्षकहरु**

निबन्धकार गायत्रीप्रसाद रिजालद्धारा रचित कृतिहरुका बारेमा भविष्यमा अरु पनि अध्ययन अनुसन्धानका सम्भावनाहरु रहेका छन् । यस शोध पत्रमा सबै पक्षको विवेचना र विश्लेषण सम्भव छैन । अतः भविष्यमा यसको अरु शोध गर्ने शोधार्थीहरुका निम्ति विचारार्थ केही प्रस्ताव अघि सार्न उपयुक्त हुने ठानिएको छ । यसर्थ, गायत्रीप्रसाद रिजालका विभिन्न कृतिहरुका सन्दर्भमा निम्न लिखित सम्भावित शोधशीर्षकहरु रहेका छन् :

क) गायत्रीप्रसाद रिजालका काव्यकारिताको अध्ययन ।

ख) गायत्रीप्रसाद रिजालका खण्डकाव्यको अध्ययन ।

ग) गायत्रीप्रसाद रिजालका कथाकृतिको अध्ययन ।

घ) व्यङ्ग्यात्मक दृष्टिले गायत्रीप्रसाद रिजालका निबन्धहरुको अध्ययन ।

□□□

## सन्दर्भग्रन्थ सूची


- अधिकारी, रामलाल (१९७६), *नेपाली निबन्ध यात्रा,* दार्जिलिङ : नेपाली साहित्य संचारिका ।
- गौतम, देवी र लुइटेल, खगेन्द्रप्रसाद्र(२०५५), *नेपाली निबन्ध,* काठ्माडौं : नवीन प्रकाशन ।
- ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद, (२०६८), *नेपाली नाटक एकाङ्की र निबन्ध,* काठ्माडौं : एम के पब्लिसर्स एण्ड, डिष्ट्रिव्युटर्स ।
- न्यौपाने, श्रीराम (२०५९), *नेपाली नाटक एकाङ्की र निबन्ध* ते.स. काठ्माडौं : पैरवी प्रकाशन ।
- दाहाल, कृष्णप्रसाद (२०६७), *हृषीकेश उपाध्यायको निबन्धकारिताको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, नेपाली विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।
- बन्धु, चुडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठ्माडौं नेपाल : रत्न पुस्तक भण्डार ।
- पोखेल, बालकृष्ण र अन्य (सम्पा) (२०५२), *नेपाली बृहत शब्दकोश* काठ्माडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
- प्रधान प्रमोद, (२०६६), *नेपाली निबन्धको इतिहास,* रत्न पुस्तक भण्डार : काठमाडौं
- रिजाल, गायत्रीप्रसाद (२०७४), *के छ प्रजातन्त्रमा निबन्ध सङ्ग्रह,* न्यु प्रज्ञा प्रिन्टिङ प्रेस राजविराज : आफै ।
- रिजाल, गायत्रीप्रसाद (२०६७), *जनताका पक्षमा कविता सङ्ग्रह,* साझा अफसेट प्रेस, राजविराज : लेखक ।
- रिजाल, गायत्रीप्रसाद (२०६७), *नमस्कार हजुर भुखुण्डे ज्ञान,* खण्डकाव्य, साझा अफसेट प्रेस, राजविराजः लेखक ।
- रिजाल, गायत्रीप्रसाद (२०६७), *मातृवियोग कथा सङ्ग्रह,* साझाा अफसेट प्रेस, राजविराज : लेखक ।
- रिजाल, गायत्रीप्रसाद (२०७०), *पतनको वेदना, गीति काव्य,* राजविराज छ सप्तरीः लेखक ।
- लम्साल, रामचन्द्र र अन्य (२०६५), *नेपाली नाटक एकाङ्की र निबन्ध* भूँडीपूराण प्रकाशनः काठ्माडौं ।
- शर्मा, गोपीकृष्ण (२०५५), *नेपाली निबन्ध भाग –२,* काठ्माडौं : साझा प्रकाशन ।
- शर्मा, गोपीकृष्ण (२०५२), *नेपाली निबन्धको परिचय,* रत्नपुस्तक भण्डार भोटाहिटी, काठ्माडौं ।
- सुवेदी, तेजप्रसाद (२०७३), *गायत्रीप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नाकोत्तर शोधपत्र, नेपाली विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।
- सुवेदी, राजेन्द्र (२०५८), *स्रष्टा सृष्टि : द्रष्टा दृष्टि* तेस्रो संस्करणः साझा प्रकाशन ललितपुर ।

- सुवेदी, राजेन्द्र (२०६४), *सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण* दो.स., पाठ्यसामग्री पसल, काठ्माडौं ।
- सुवेदी, राजेन्द्र (२०५२), *स्नाकोत्तर नेपाली निबन्ध,* तेस्रो संस्करण पा.सा. पसल काठ्माडौं ।

## पत्रपत्रिका तथा एफ. एम.को सूची

इलाम एक्सप्रेस, राष्ट्रिय दैनिक, २०७२, वर्ष ५ अंक १८९ ।

कञ्चनजङ्घा एफ. एम., (२०६८), साहित्य सम्बन्धि अर्न्तवार्ता, बुधबारे, झापा ।